# परिच्छेद एक
# शोध प्रस्तावको ढाँचा

## १. शोधपत्रको परिचय

### १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक "विरही अधिकारीका काव्य कृतिको विश्लेषणात्मक अध्ययन" रहेको छ ।

### १.२ शोधार्थीको नामः ओमनाथ अधिकारी

### १.३ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.४ शोध समस्या

नेपाली साहित्यको उन्नयनमा पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्मका धेरै सर्जकहरूले एवम् नेपालबाहिरबाट पनि नेपाली साहित्यलाई माया गर्ने स्रष्टाहरूले नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान दिएका छन् । नेपाली साहित्यको उर्वर फाँटमा देखिएका प्रतिभाहरू मध्ये 'विरही' अधिकारी पनि एक हुन् । वि.सं. २०१२ साल साउन २८ गते नेपालको पूर्वी पहाडी जिल्ला धनकुटामा जन्मिएका 'विरही' ले विद्यार्थी अवस्थादेखि नै कविता लेखेको देखिन्छ । 'त्यही हो मेरो जन्मस्थल' कविता लिएर नेपाली साहित्यको क्षितिजमा झुल्किएका 'विरही' का हालसम्म 'मुटु रोपिएको कथा' (कविता सङ्ग्रह २०३८), 'विकृति र मान्छे' -कविता सङ्ग्रह २०५७), 'विसङ्गतिको क्षेप्यास्त्रः रक्सी महात्म्य' -खण्डकाव्य २०५७), 'प्रतिबिम्व बोल्छ'

(कथासङ्ग्रह २०५९) र गरीव -काव्य २०६२) जस्ता काव्य कृतिहरू प्रकाशित भएका छन् ।

नेपाली साहित्य सिर्जनामा अनवरत रूपमा क्रियाशील 'विरही'का बारेमा उनका कृतिका भूमिकामा सामान्य चर्चा भएको एवम् झापाली समालोचक अच्यूत घिमिरेले आफ्नो समालोचनात्मक ग्रन्थ 'झापाली स्रष्टा र साहित्य -वि.सं. २०६३), समालोचक गोपाल प्रसाद सङ्ग्रौलाले आफ्नो समालोचनात्मक ग्रन्थ । सर्जक र सिर्जनाः समीक्षकको तिर्सना (वि.स. २०६४) ले थोरै स्थान दिएका छन् । यसैगरी झापा जिल्लाका पत्रपत्रिकाहरू एवम् राष्ट्रिय स्तरका राष्ट्रिय दैनिक कान्तिपुर पत्रिकामा कवि 'विरही' अधिकारीका काव्य प्रवृत्ति एवम् व्यक्तित्वमाथि प्रकाश पारेका छन् । शोध कार्यका क्रममा मेची बहुमुखी क्याम्पस भद्रपुरका शोधार्थी यादवप्रसाद अधिकारीले आफ्नो स्नातककोत्तर तह द्वितीय वर्षको दसौं पत्र शोध प्रयोजनका लागि कवि 'विरही' अधिकारीको 'जीवनी, व्यक्तित्व र कृतित्व' -अप्रकाशित २०६२) को अध्ययन गरे भन्दा बढी अध्ययन भएको पाइदैन । त्यसैले उनका कविता कृतिको विश्लेषणात्मक अध्ययन हुन आवश्यक रहेकाले उनका कविताको युगीन सन्देश के हो ? उनका कवितामा के कस्ता सामाजिक सन्देश पाइन्छन् ? भन्ने विषयको निरुरूण हुन नसकेकाले यिनै समस्यामा केन्द्रित रहेर त्यसको विश्लेषण तर्फ यो शोध कार्य उन्मुख रहेको छ ।

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन्-

क) 'विरही' अधिकारीको परिचय दिन ।

ख) 'विरही' अधिकारीको कवितात्मक चरणलाई स्पष्ट पार्न ।

ग) 'विरही' का कवितात्मक प्रवृत्तिको अध्ययन गर्न ।

घ) 'विरही' को खण्डकाव्य काव्यको अध्ययन गर्न ।

ङ) 'विरही' को प्रतिबिम्ब बोल्छ, 'कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको सामान्य अध्ययन गर्ने ।

च) साहित्यकार ‘विरही’लाई अप्रकाशित उपन्यास ‘वारुदको गन्ध’ उपन्यासका आधारमा उपन्यासकारका रूपमा चिनाउन ।

छ) उनका अप्रकाशित कविताको सङ्क्षिप्त अध्ययन गर्न ।

ज) ‘विरही’ अधिकारीले नेपाली साहित्यमा दिएको योगदानको समीक्षा गर्न ।

## १.६ पूर्वकार्यको समीक्षा

आफ्नो किशोराअवस्थादेखि नै नेपाली साहित्यको भण्डार भर्न लागेका ‘विरही’ अधिकारीको साहित्यिक प्रतिभालाई एकमुष्ठ मूल्याङ्कन गर्न गाऱ्हो हुन्छ । नेपाली साहित्यका अमर सर्जकहरू मध्ये ‘विरही’ अधिकारीका बारेमा उनका क्रान्तिकारी एवम् प्रगतिशील काव्यहरूका भूमिकामा केही सान्दर्भिक समीक्षा भएको छ । त्यसैगरी झापाली स्थानीय साहित्यिक पत्रिकाहरूले महत्वका साथ कवि ‘विरही’ का व्यक्तित्व माथि प्रकाश पारेका छन् । समीक्षाका क्रममा नै ‘विरही’ का काव्यिक मान्यतालाई उजागर गर्दै राष्ट्रिय स्तरका पत्र पत्रिकाले महत्वपूर्ण स्थान दिएका छन् । ती विविधता भित्रै झापाली समालोचकहरूले पनि ‘विरही’ का बारेमा छोटो तर यथार्थ समीक्षा गरेका छन् । जुन भूमिका पत्र पत्रिकामा प्रकाशित समीक्षा र झापाली समालोचनाको सङ्क्षिप्त चर्चा यहाँ गरिन्छ ।

१.६.१ भवानी घिमिरेले ‘विकृति र मान्छे‘(कविता सङग्रह २०५७) को भूमिकामा ‘विरही समाजका शत्रुहरूका विरुद्धमा जनतामा चेतनाको वृद्धिगर्न र नयाँ समाज सिर्जनाका निम्ति तिनलाई उत्प्रेरित गर्न केही न केही सफल छन् भन्ने मलाई लागेको छ’ भनेका छन् ।

१.३.२ चूडामणिवाशिष्ठले ‘विकृति र मान्छे’ (कविता सङग्रह) को ‘मन्तव्य’ शीर्षकमा चर्चा गर्दै कवि ‘विरही’ का यस सङग्रहमा सङकलित कवितामा “ कवि आडम्बरी, दुराचारी,पाखण्डीहरूप्रति कतै अरिङ्गाल भएर खनिएका छन् । कतै बाध भएर झम्टेका छन्, कतै सिंह बनेर गर्जेका छन्, कतै अभाव, असन्तोष, निराश कुण्ठाभित्र पग्लेर बगेका छन्” भनेका छन् ।

१.६.३ साहित्यकार तथा पत्रकार पशुपति न्यौपाने 'निराश' ले प्रकाश पत्रिकाको वर्ष १८ अङ्क ४८ वर्ष २०५७ मङ्सिर २६ गतेको 'सिर्जनाभित्र कवि 'विरही' अधिकारी शीर्षकको छोटो लेखमा 'विरही' का कवितालाई यसरी टिप्पणी गरेका छन् 'उनका कविताले जीवनको वास्तविकतासँग मितेरी गाँस्छन्, उनका कविताले खरीको धुलोसँग, परिश्रमका पसिनासँग, भोक, शोक, पीडा र अभावसँग साइनो लगाएका छन् ।" भनेकाछन् ।

१.६.४ साहित्यकार तथा झापाबाट प्रकाशित हुने विवेचना दैनिक पत्रिकाका सम्पादक नकुल काजीले कान्तिपुर दैनिक (४ फागुन, २०५७) पत्रिकामा (झापाको साहित्यिक सक्रियता' शीर्षकमा 'विरही' को कवितालाई यसरी टिप्पणी गरेका छन्- "कवि विरहीका कविताहरूले जुन यथार्थको धरातलमा उभिएर विद्रोह बोलेका छन्, तिनले कविको कवितामा 'विरही' नभएर विद्रोही हुनुपर्ने हो" भनेका छन् ।

१.६.५ साहित्यकार डा. हृषीकेश उपाध्यायले झापाबाट प्रकाशित 'स्वाधीन संवाद' साप्ताहिक पत्रिकाको वर्ष १० अङ्क ३६, वर्ष १० अङ्क ३७, वर्ष १० अङ्क ४० र वर्ष १० अङ्क ४३ मा 'विकृति र मान्छे' कवितामा 'छोटो चिन्तन' शीर्षक सङग्रहभित्रका अधिकांश कविताका बारेमा चर्चा गरेका छन् । उनले धेरै हदसम्म यस सङ्ग्रहमा परेका कविताहरूले युग पीडाको प्रतिनिधित्व गरेका छन् र प्रशंसनीय भएका छन्" भनेका छन् ।

१.६.६ साहित्यकार विजय खरेलले झापाबाट प्रकाशित 'स्वाधीन संवाद' साप्ताहिक पत्रिकाको वर्ष ११ अङ्क २०, वर्ष ११ अङ्क २१, वर्ष ११ अङ्क २२ मा कवि विरही अधिकारीको 'विकृति र मान्छे भित्रको चिठी पढ्दा' शीर्षक राखेर 'छोरालाई चिठी साउदी अरेवियाबाट' कविताको बारेमा लामो चर्चा गरेका छन् । उनले उक्त कवितालाई 'विरही'का हालसम्मका उत्कृष्ट कविताका रूपमा चिनाएका छन् ।

१.६.७ साहित्यकार तथा विवेचना दैनिक पत्रिकाका सम्पादक नकुल काजीले कान्तिपुर दैनिक ( ४ फागुन २०५७) पत्रिकामा 'झापाको साहित्यिक सक्रियता' शीर्षकमा विसङ्गतिको

क्षेप्यास्त्र' काव्य सम्बन्धी यस्तो टिप्पणी गरेका हुन् "जाँड रक्सीको सर्वनास गरिरहेको वर्तमान सामाजिक संरचना अन्तर्गत जाँड रक्सीबाट प्रादुर्भाव हुने तमाम विकृति कलह र विचलनहरू इत्यादिलाई प्रमुख बनाएर कवि विरहीले विसङ्गतिको क्षेप्यास्त्र रचेका हुन् ।

१.६.८ नकुलकाजीले 'विसङ्गतिको क्षेप्यास्त्र' काव्यमा 'क्षेप्यास्त्रको यो अदम्य प्रक्षेपण' शीर्षकको भूमिकामा उक्त काव्य माथि टिप्पणी गर्दै काव्यले आफूमा ठूलो आहारिस जगाएको कुरा उल्लेख गरेका छन् । उनले यो काव्यका हरेक पङ्क्तिहरू रक्सीले ल्याएको विकृतिको उल्लेख गरेका छन् । उनले विरहीलाई शसक्त व्यङ्ग्यकारको रूपमा चित्रण गरेका छन् ।

१.६.९ साहित्यकार डा. हृषीकेश उपाध्यायले विरहीको 'इन्द्रेणी' काव्यमा लामो भूमिका मार्फत काव्यप्रति यस्तो टिप्पणी गरेका छन्- 'कवि विरही' अधिकारीको प्रकृतिपरक सौन्दर्यानुभूति र शष्दशैव्या र कल्पना प्रचुर भावधाराले उत्तरोत्तर साधनको अपेक्षा राखेको छ । यो कवि धर्मलाई साधक रूपले वरण गरेर आफ्ना अनुभूतिलाई शिल्पगत श्रृङ्गार पुऱ्याउदै गएमा 'विरही' को कवि व्यक्तित्वले यस परम्पराको कवि माधव घिमिरेको उत्तराधिकारीको रूपमा मात्र होइन, अझै शिल्पकारको उच्च स्थान ग्रहण गर्ने कुरा यो काव्यको थलानीले स्वतः सिद्ध गर्छ" भनेका छन् ।

१.६.१० मेची बहुमखी क्याम्पस भद्रपुरका उपप्राध्यापक तथा साहित्यकार चूडामणिवाशिष्ठले विवेचना दैनिक वर्ष १० अङ्क १४६, २०५९ फाल्गुण १ मा 'विरही' को 'प्रतिबिम्ब बोल्छ: एक समीक्षा' शीर्षकको लेखमा 'विरही' का कथागत प्रवृत्ति र समीक्षकको आँखामा पर्ने कसिङ्गरहरू समेत प्रस्तुत गरेका छन् । उनले 'विरही' का कथा प्रगतिवादी छन् । वर्तमानबाट असन्तुष्ट हुँदै एउटा सुनौलो भविष्यको निम्ति सङ्घर्षमा उत्रने साहस यस कथा सङ्ग्रहमा देखाइएको छ' भनेका छन् ।

१.६.११ मेची बहुमुखी क्याम्पस भद्रपुरका स्नातककोत्तर द्वितीय वर्षका शोधार्थी (वि.स. २०६२) यादवप्रसाद अधिकारीले 'विरही' अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' भन्ने -अप्रकाशित शोधपत्रमा 'विरही'को साहित्य र व्यक्तित्वलाई प्रकाश पारेका छन् ।

१.६.१२ मेची बहुमुखी क्याम्पस भद्रपुर झापाका उपप्राध्यापक चूडामणिवाशिष्ठले 'विरही' अधिकारीको 'गरिव' काव्यको -वि.सं. २०६२) भूमिकामा लामो समीक्षा गर्दै समष्टिमा "यो काव्य, अन्यायी, अत्याचारी, भ्रष्टाचारी शोषकहरूका विरुद्धमा गरीव, दुःखी, शोषित, पीडितहरूका पक्षमा उभिएको प्रगतिवादी काव्य हो । काव्य भित्रका वर्गीय विषमता, नारीप्रतिको दृष्टिकोण, परिवर्तनको उत्कट अभिलाषा, देशको विषम परिस्थितिप्रतिको चिन्ता, राष्ट्रियता आदिको मलजलमा प्रगतिवाद फष्टाएको छ र त्यो प्रगतिवाद भित्र देश प्रेमको गहिरो पानीछाप लगाइएको छ  जुन पानी छाप हल्का आँखाले देख्न सकिन्न । काव्यमा दीन दुःखीका रोदन क्रन्दन विलौना होइन असन्तोष, आक्रोश उम्लिएको छ" भनी लेखेका छन् ।

१.६.१३ 'विरही'को 'विकृति र मान्छे' को विश्लेषणात्मक लेख स्वतन्त्र जनआवाज राष्ट्रिय साप्ताहिक वर्ष १ अङ्क २१ मा महालक्ष्मी आचार्यले व्यापक चर्चा गरेका छन् ।

१.६.१४ साहित्यकार अमृतलाल श्रेष्ठले वर्ष १० अङ्क १४४ अन्तर्गत २०५९ माघ २८ गते प्रकाशित विवेचना दैनिकमा कथाकार विरही अधिकारीको 'प्रतिविम्व बोल्छ' लेखद्वारा महत्व दर्शाएका छन् ।

१.६.१५ साहित्यकार विष्णुकुमार भट्टराईले नयाँ कामना साप्ताहिक वर्ष १५ अङ्क ३२ मा 'विसङ्गति को क्षेप्यास्त्र' छन्दमा गाइएको रक्सीको दुर्गुण भनी विश्लेषण गरेका छन् ।

## १.७ शोधपत्रको औचित्य

साहित्य लेखनमा क्रियाशील 'विरही' अधिकारीको बारेमा पुस्तककै भूमिका र धेरै राष्ट्रिय पत्र पत्रिका एवम् झापाबाट प्रकाशित हुने दैनिक पत्रिकाले कवि 'विरही' का कविता माथि विश्लेषण गरेको पाइएको छ । यसै गरी शोधार्थी यादवप्रसाद अधिकारीले कवि विरही अधिकारीको 'जीवनी, व्यक्तित्व र कृतित्व' (अप्रकाशित कृति) शोध प्रस्तावको रूपमा लेख्नु भएको छ । यसले 'विरही' का जीवनी, व्यक्तित्व र उनका कृतित्व माथि प्रकाश पारिएता पनि कवितात्मक सूक्ष्म विश्लेषण हुन सकेको छैन । वि.स. २०६२ मा प्रकाशित 'गरीव'

काव्यलाई त त्यस शोधले समेट्न भ्याएन । तसर्थ 'विरही' अधिकारीका कविता कृतिको विश्लेषणात्मक अध्ययन गरेर आजका समवर्ती एवम् भोलिका उत्तरवर्ती साहित्यानुरागीहरूले कवि 'विरही' लाई नजिकबाट चिन्ने अवसर प्राप्त होस् भन्ने अपेक्षा सहित यो शोध तयार पार्नु नै यस शोधपत्रको औचित्य रहेको छ । साथै निम्न अपेक्षा सहित यो शोध पत्र तयार पारिएको छ ।

क. कवि 'विरही' अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य परिचय दिन ।

ख. कविताको सैद्धान्तिक परिचय दिन र 'विरही' का कविताकोा चर्चा गर्न ।

ग. कवि 'विरही' लाई खण्डकाव्यकार र उपन्यासकारका रूपमा चिनाउन ।

घ. कवि 'विरही' अधिकारीका साहित्यिक यात्राको चरण गत अध्ययन गरी कवि 'विरही' अधिकारीका कविता कृतिको समग्र मूल्याङ्कन गर्न ।

ङ. कवि 'विरही' का कविताको युगीन सन्देश तथा प्रगतिशील आवाज एवम् क्रान्ति चेतको सामयिक मूल्याङ्कन गर्न ।

## १.८ प्राक्कल्पना

प्राक्कल्पना निम्न विषयमा कवि 'विरही' अधिकारकि साहित्यिक प्रतिभालाई उजागर गर्ने प्रयास गरिएको छ ।

क. कवि 'विरही' अधिकारी नेपाली साहित्यका अमर साधक हुन् ।

ख. कवि 'विरही' का कवितामा युगको आवाज र झुपडीको रोदन अभिव्यक्त हुन्छ ।

ग. कवि 'विरही' सामाजिक समस्याबाट भागेर होइन ती समस्या र विसङ्गतिसँग डटेर त्यसका दाह्रा र नङ्ग्रा भत्काउन चाहन्छन् ।

## १.९. शोध सीमा

'विरही' अधिकारी झापाली साहित्यका मात्र नभएर राष्ट्रिय स्तरकै विशिष्ट र स्थापित स्रष्टा हुन् । त्यसैले उनका प्रकाशित कविता सङ्ग्रहरूमा सङ्कलित फुटकर कविताहरू एवम्, खण्डकाव्यको, प्राय फुटकर कविताहरूको साथै प्रकाशोन्मुख कविता र उपन्यासको अध्ययन विश्लेषण गरिएको छ । यस शोधपत्रमा 'विरही' को 'गरिब' काव्यको पनि अध्ययन विश्लेषण गर्ने शोध सीमा निधार्रण गरिएको छ ।

## १.१०. सामग्री सङ्कलन पद्धति र शोधविधि

यस शोधपत्रको सामग्री सङ्कलन पुस्तकाललीय विधिमा आधारित भई सम्बन्धित विषयवस्तुका प्राप्त पुस्तक र पत्रपत्रिकाहरूको अध्ययन गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । शोधनायकसँग प्रत्यक्ष रूपमा भेटघाट गरी आवश्यक जानकारी लिइएको छ । यस बाहेक उहाँसँग सम्बन्धित व्यक्ति, परिवार, उनका समकालीन व्यक्तित्वहरूका साथै विभिन्न विद्वान तथा समालोचकहरूसँग सोधपुछ गरी जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा प्रकाश पारिएको छ । उनका कविता कृतिको विश्लेषणात्मक अध्ययनमा भने तुलनात्मक एवम् प्रभावपरक समालोचनापद्धतिलाई अपनाएर विधागत तत्वका आधारमा शोधविधि तयार पारिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको संरचनालाई सङ्गठित र व्यवस्थित गर्न शीर्षक र उपशीर्षकमा निम्न परिच्छेदमा विभाजन गरिएको छ -

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : जीवनी, व्यक्तित्व, कृतित्वको अध्ययन

परिच्छेद तीन : कविताको सैद्वान्तिक परिचय र कवि ‘विरहीको साहित्यिक यात्रा प्रवृत्ति र कविताहरूको विश्लेषणत्मक अध्ययन

परिच्छेद चार : ‘विरही’ का खण्डकाव्य तथा कथाको अध्ययन विश्लेषण

परिच्छेद पाँच : उपसंहार एवम् निश्कर्ष

प्रस्तुत शोधपत्रमा, उपर्यक्त चार परिच्छेदहरूलाई विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

## २.१. जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

### २.१.१. जन्म र जन्मस्थान

नेपाली साहित्यमा कविता, उपन्यास, कथा विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी 'विरही' अधिकारीको जन्म वि.स २०११ श्रावण २८ गते शुक्रबारका दिन कोशी अञ्चल धनकुटा जिल्लाको चानुवा गाउँ विकास समितिमा भएको हो । उनका पिताको नाम खेम राज अधिकारी र माताको नाम विष्णु कुमारी अधिकारी हो ।[१]

### २.१.२. पुर्ख्यौली

'विरही' अधिकारीका आफ्ना पूर्खाहरू लामो समयदेखि चानुवामा बस्दै आएको बताउँछन् । उनका पुर्खाहरू पहाडी जिल्ला धनकुटाको प्राकृतिक सुरम्यताका साथै गर्मी र औलोको भय कम भएको खेती योग्य भूमिमा खेतीपाती तथा पशुपालन गर्दै आएको 'विरही' बताँउछन् । उनका बुबा पण्डित भएकाले टाढा-टाढा सम्म पुराण भन्न जान्थे ।[२] उनका बडिबा तथा काका पनि पण्डित भएको 'विरही' बताँउछन् । यसरी हेर्दा 'विरही' को परिवार शिक्षित परिवार भित्र पर्ने देखिन्छ ।

नेपाली सामाजमा ब्राहम्ण तथा क्षेत्रीहरूको बसोबासे एकै ठाँउमा भएको पाइदैन । सुखमय जीवनको खोजीमा 'विरही' को परिवार वि.स. २०२७ सालमा झापा जिल्लाको बैगुनधुरा गाँउ विकास समिति तत्कालीन महाभारा वडा नं ९ मा बासाइँसरी बसोबास गर्न थालेको हो[३]विरहीका माता पिता हालसम्म पनि जीवितनै रहेका छन् ।

---

[१].शोधनायकबाट प्राप्त जानकारी

[२]. पूर्ववत्

[३]. पूर्ववत

'विरहीका माता पिता अहिले विराटनगरको वरगाछी बसोबास गरिरहनु भएको छ । तत्कालीन समयमा शास्त्री पास गरेका उनका पितामा ईश्वरप्रति भक्तिभाव रहेको छ । उहाँका बुबा पनि पण्डित तथा साहित्यकार समेत भएको 'विरही' बताउँछन् । उनका 'ईश्वर भेट्ने बाटो' र 'आत्मा सुधार' नामक दुई कविता सङ्ग्रहहरू कृतिका रूपमा प्रकाशित छन् ।[४] 'विरहीका'का जेठा दाजुका परिवार लेटाङ -मोरङ), बुबा-आमा बरगाछी -विराटनगर) र विरही झापाकै पृथ्वीनगर गा.वि.स. मा बसोबास गर्छन्- भने विरहीका भाइ नोकरीमा काठमाण्डौमा बस्दछन् । वंश वृक्षका सम्बन्धमा सोधखोज गर्दा उनी यस्तो बताउँछन् ।[५]

| | | |
|---|---|---|
| हजुर बुबा | लक्ष्मीकान्त अधिकारी | |
| बाबु | खेमराज अधिकारी | |
| विरही दाजुभाइ क्रमशः | टीकाराम अधिकारी | |
| | विरही अधिकारी → | छोराहरू |
| | जीवन अधिकारी | निर्भीक, निर्माण |
| | चक्रपाणि अधिकारी | |

### २.१.३ बाल्यकाल

पहाडमा मध्यम वर्गीय परिवारमा जन्मेका 'विरही' का पिता शिक्षित भएकाले र माता विशाल हृदयकी धनी भएकाले 'विरही' को बाल्यकाल सुखसयलमा नै बितेको र आफ्ना पिता माताबाट वात्सल्य नै पाएको 'विरही' बताउँछन् ।[६] नेपालको पूर्वी पहाडी जिल्ला धनकुटाको रमणीय एवम् हरियाली प्राकृतिक वातावरणले भरिपूर्ण ठाउँ अरुण नदीको मनमोहक कलकल ध्वनि सुन्दै विद्यालय विदा भएका दिन फुर्सदको समयमा घाँस, दाउरा अनि वस्तु चराउँदै उनको जीवनको बाल्यकाल बितेको देखिन्छ ।

'विरही' बाल्यकालमा कम बोल्ने, नौला मानिससँग डराउने, लजाउने र भाग्ने स्वभावका थिए । तत्कालीन समय अनुसार पण्डित बाबुलाई औंशी र पूर्णिमामा सिदा लिन गाउँ जाने गरेको दिइएको घिउ, चामल, दाल, पैसा, दही मध्ये पैसाले भने उनीहरू चक्की,

---

[४].पूर्ववत् ।

[५].पूर्ववत् ।

[६].विरहीबाट जानकारी ।

मसी, मिठाई र भकुण्डो किनेर ल्याउने गदर्थे 'विरही'ले बाल्यकालमा नै बाबा, बडिबा र काकाहरूबाट अक्षर चिन्ने सुअवसर पाएका हुन् । त्यस समयमा शिक्षाको विकास अहिलेको जस्तो नभएकाले शुरुमा काठको पार्टीमा धूलो छरेर सिन्काले लेख्दै मेट्दै गरेको उनी बताउँछन् ।[७] सानै उमेरदेखि उनमा लोक कथा सुन्ने, गाउँने, देउसी, भैलो खेल्ने रुचि थियो । यसरी आफ्ना बालसखीहरूसँग गाउँ खाने कथा भन्दै विद्यालय र घरको आँगनमा झुम्राको गोल, कपर्दी, डन्डी बियो खेल्दै उनका् बाल्य जीवन बितेको देखिन्छ । उनका पीपल डाँडे दाइ -खड्ग बहादुर पौडेल), नेत्रबहादुर पौडेल आदि अत्यन्त मिलनसार बालसखीहरू भएको भावुक भएर 'विरही' बताउँछन् ।[८]

'विरही' विदाको दिन -दुई कक्षामा पढ्दा) दिदीसँग बस्तु चराउन जाँदा घर नजिकैको पाखामा खरको बुट्टो समातेर माथि उक्लन खोज्दा करिब १०० फिट अग्लो भीरबाट तल खसेका थिए । त्यसपछि उनको १२ घण्टासम्म होस् हराएको र इहलीला त्यसैबेला झण्डै अन्त्य भएको कुरा आमा-बुबा र अन्य देख्नेहरूले भनेको उनी बताउँछन् ।[९] उक्त घटनाले आफ्नो स्वास्थ्यमा अहिलेसम्म पनि असर भएको अनुभव उनी गर्दछन् ।

'विरही' को बाल्यकाल वि.सं. २०२६ देखि धनकुटाको चानुवालाई छोडेर झापामा वितेको पाइन्छ । उनी अध्ययनको क्रममा झापा बसाई सर्नुपरेको र त्यसपछिको सम्पूर्ण जीवन झापामै बिताउनु परे पनि आफूले बाल्यकालमा खेलेको त्यो चातुवाको रमणीय वातावरण आफ्नो हृदयबाट कहिल्यै टाढा नगएको बताउँछन् ।[१०]

### २.१.४ शिक्षा दीक्षा

'विरही'को शिक्षा दीक्षा उनी शिक्षित परिवारमा जन्मिएकाले उनको शिक्षा घरपरिवारबाटै भएको पाइन्छ ।[११] उनको अनौपचारिक शिक्षा घरबाटै भयो ।

---

७. पूर्ववत् ।

८. पूर्ववत् ।

९. 'विरही' सँगको भेटघाटबाट जानकारी ।

१०. पूर्ववत् ।

११. पूर्ववत् ।

बाल्यावस्थामा रामायणका श्लोकहरू कण्ठस्थ गर्ने विरहीको औपचारिक शिक्षा भने वि.सं. २०१८ साल देखि धनकुटाकै सरस्वती मिडिल अङ्ग्रेजी स्कूलबाट भएको हो ।[१२] उक्त विद्यालयका प्रधानाध्यापक नन्द किशोर खनालबाट भएको पाइन्छ भने कवि 'विरही' मा कविता अङ्कुरण गराउने काम सोही विद्यालयका शिक्षक गोविन्द ढुङ्गानाबाट प्राप्त गरेको विरही बताउँछन् ।[१३] 'विरही' आफू कक्षा ५ मा पढ्दा विद्यालयका शिक्षक शिवप्रसाद कोइरालाबाट कहिल्यै नबिर्सिने गरी यातना पाएको बताउँछन् ।[१४]

'विरही' वि.सं. २०२५ सालमा कक्षा सात उत्तीर्ण गरी वि.सं. २०३६ मा अध्ययनार्थ झापा सरेका हुन् । उनले झापाको वैगुन्धुरास्थित अमर मा.वि बाट कक्षा ८देखि अध्ययन गरी वि.सं. २०२८ सालमा प्रवेशिका परीक्षा  उत्तीर्ण गरेको पाइन्छ ।[१५]पढ्ने तीब्र अभिलाषा हुँदा हुँदै पनि विविध समस्याले पढ्न नपाएकोमा उनी दुःख व्यक्त गर्दै स्वाध्यनबाट अघि बढेको बताउँछन् ।

### २.१.५ संस्कार कर्महरु

कवि 'विरही' अधिकारीको न्वारन विविधव रूपमा भएको हो । हिन्दू संस्कार अनुसार न्वारन तथा अन्न प्रासन भएको पाइन्छ । कवि 'विरही' को चूडाकर्म पनि तिथि, नक्षत्र, बार, पक्ष मिलाएर चुडाकर्म गरिन्छ । चूडा कर्मलाई छेवर पनि भनिन्छ । 'विरही'को चूडाकर्म वि.सं. २०१५ मा आफ्नै मामाबाट कपाल मुण्डन गरी सम्पन्न भएको हो । हिन्दू धर्मको संस्कार अनुसार कवि 'विरही'को ब्रतबन्ध वा उपनयन परम्परित विधि अनुसार वि.सं. २०२३ मा एघार वर्ष प्रवेश गरेको अवस्थामा वैदिक मन्त्रोच्चारणका साथ पुरोहित श्री नन्दीकेशर खनालबाट सम्पन्न भयो भने उनले गायत्री मन्त्र आफ्नै हजुरबुबा लक्ष्मीकान्त अधिकारीबाट श्रवण गरेका कुरा 'विरही' कै भनाइबाट जानकारी हुन्छ ।

---

[१२]. पूर्ववत् ।

[१३]. पूर्ववत् ।

[१४]. पूर्ववत् ।

[१५]. पूर्ववत् ।

कवि 'विरही' को विवाह भने हिन्दूसंस्कार बमोजिम पिता पर्शुराम दाहाल र माता नीलकुमारी दाहालकी साहिली सुपुत्री सुमनाका साथमा वि.स.२०३३ साल फागुन २३ गतेका दिन सम्पन्न भएको विरहीकै भनाइबाट जानकारी हुन्छ ।

### २.१.६ युवा अवस्था

विरहीका युवा अवस्थामा शुरुका दिनहरू विद्यार्थी जीवनमा नै बिते उनी वि.स. २०२८ मा प्रवेशिका उत्तीर्ण गरेपछि भारतको विभिन्न ठाँउमा घुम्न थाले । उनी वि.स. २०३० मा आसाम -भारत) गएका र ६ महिना त्यहाँ रहेर घर फर्केको बताँउछन् । त्यसपछि वि.स २०३१ सालमा फेरि आसाम गएका विरहीको उक्त अवसरमा भारतका सिलाङ डिम्मापुर जस्ता विभिन्न स्थानमा भ्रमण गरी फर्केको बताए ।[१६] कही समय भारतमा बिताएका विरहीले स्वदेश फर्की वि.स. २०३३ सालमा विवाह पछि केही समय तरहरामा चिया पसल र होटल पनि गरेका हुन् [१७] उनी वि.स २०३६ मा व्यापार छाडी श्रीमतीका साथ झापा घरमा फर्किए । अर्थिक अवस्था कम्जोर भएका कारण रोजगारीमा हिडेका विरहीले २०३७ सालमा शिक्षण पेशामा प्रवेश गर्ने सु-अवसर प्राप्त गरे ।[१८] यस पछिको उनको युवा अवस्था शिक्षण पेशामा बितको पाइन्छ ।

### २.१.७. सन्तान

वि.स. २०३३ सालामा विवाह सम्पन्न भएपछि 'विरही'को दाम्पत्य जीवन चल्दै जाँदा 'विरही' र सुमना अधिकारीका जेठा छोरा निर्भीक अधिकारी र कान्छा छोरा निर्माण अधिकारी जन्मन्छन् । वि.स. २०३६ देखि दुबै दम्पत्ति शिक्षण पेशामा संलग्न रहनु परेकाले दुबै छोराको शिक्षादी क्षामा राम्रो हेरचाह पुगेको देखिन्छ । हाल जेठा छोरा बी.बी.एस.पास. गरेर वेदमाया निरौलाको साथमा दाम्पत्य जीवनमा बाँधिएका छन् । यसरी हेर्दा अहिले कवि 'विरही' नाति निश्चल दाहालको हजुरबुबा बनि सक्नु भएको छ । कान्छा छोरा निर्माण भने एम.एस्सी प्रथम श्रेणीमा उत्तीर्ण गरेर कतारको प्रतिरिन्त कम्पनीमा कार्यरत छन् ।[१९]

---

[१६]. 'विरही' सँगको भेटवार्ताबाट प्राप्त जानकारी

[१७]. पूर्ववत

[१८]. पूर्ववत

[१९]. 'विरही' की श्रीमती सुमनाबाट प्राप्त जानकारी

'विरही' को दुबै दम्पत्ती शिक्षित भएकोले सानो परिवारको मर्मलाई दुबैले स्वीकारेको देखिन्छ । दुबै दम्पत्ती शिक्षण पेशामा संलग्न रहँदा र छोराहरू अध्ययनको क्रममा बाहिर रहँदा पनि रित्तो घरलाई हेरचाह गर्ने कुनै कामदार घरमा राखेको पाइन्न ।[२०]

## २.१.८. शिक्षण कार्य

वि.स. २०२८ सालमा प्रवेशिका गरेका 'विरही' नौ वर्षको अन्तराल सम्म बेरोजगार भारतका विभिन्न ठाँउमा बरालिन पुग्छन् उनको जीवनमा आर्थिक समस्याले धेरै उतार चढाव ल्याएको देखिन्छ । लामो समयसम्म भौंतारिदा वि.स. २०३६ साल जेष्ठ २७ गते बल्ल उनले जिल्ला शिक्षा कार्यालय झापाबाट शिक्षण कार्यको लागि नियुक्ति पाए ।[२१] सर्वप्रथम उनले श्री सिँचाइ प्राथमिक विद्यालय झापामा शिक्षण कार्य गर्ने अवसर पाए । उनको जागिरे जीवन निरन्तर रूपमा वि.स. २०५४ सम्म अघि बढेको देखिन्छ । शिक्षण पेशाको न्यून वेतनले आर्थिक अवस्थाको सुधार नहुने देखेर २०५५ सालमा वेतलवी विदालिई विदेश तर्फ लागेको उनी बताँउछन् । साउदी अरेबियाको बाफिलो मरुभूमि र नेपाली प्रति त्यहाँ गरिने अमानवीय व्यवहारबाट चिन्तित भई २३ महिनाको छोटो साउदी बसाइबाट पुनः नेपाल फर्केर उनी शिक्षण कार्यमा संलग्न भएका हन्।[२२]

'विरही' विद्यार्थी जीवन देखि नै मर्क्सवादी बिचारबाट प्रभावित भएका हुन् ।[२३] यस कारणले शिक्षण पेशामा रहँदा तत्कालीन पञ्चायती शासकका मतियारहरूले प्रजातन्त्र पछिका दिनमा पनि शासकका मतियारहरूले पटक-पटक गरी उनलाई विभिन्न विद्यालयहरूमा सरूवा गरेर दुःख दिएको 'विरही' बताँउछन् [२४] 'विरही'का जानकारीका आधारमा सरूवा गरिएका विद्यालयहरूलाई तल दिइएको छ ।

१. वि.स. २०४८ सालमा सिंचाई प्राथमिक विद्यालयबाट दीपक प्राथमिक विद्यालय पृथ्वीनगर वडा नं. ३ मा प्रधानध्यापक बनाएर ।

---

[२०]. पूर्ववत

[२१].'विरही' बाट प्राप्त जानकारी

[२२]. पूर्ववत

[२३]. पूर्ववत

[२४].पूर्ववत

२. वि.स.२०४८ मा नै दीपक प्राथमिक विद्यालय पृथ्वीनगर वडा नं. ३ बाट  सगरमाथा प्राथमिक विद्यालय पृथ्वीनगर वडा नं. ५ मा ।

३. वि.स २०४९ सालमा सगरमाथा प्राथमिक विद्यालय पृथ्वी नगरबाट जनता प्रा.वि बालुबाडी वडा नं. २ मा प्र.अ बनाएर ।

४. वि.स २०५० सालमा जनता प्रा.वि. बालुबाडीबाट सगरमाथा मा ।

५. वि.स. २०५१ सालमा सगरमाथा प्रा.वि. पृथ्वी नगरबाट पुनः सिँचाइ प्रा.वि. पृथ्वी नगर मा यो अवधि वि.स. २०५९ सम्म कायम रहने ।

'विरही' आफ्नो शिक्षण कार्यका अवसरमा बैचारिक कारणले विभिन्न विद्यालयहरूमा सरुवा गराइएको बताँउछन् । बिरामीका कारणले वि.स. २०५८ मा शिक्षक पदबाट राजीनामा दिइ उनी साहित्य तर्फ उन्मुख रहेका छन् । उनले दिएको राजीनामा २०५९ सालमा जिल्ला शिक्षा कार्यलय झपाबाट स्वीकृत भएको हो ।[२५] हाल उनी आफू शिक्षक पेशाबाट अलग रही श्रीमतीको जागिरमा आश्रित भई साहित्य साधनामा तल्लीन देखिन्छन् ।

## २.१.८. राजनीतिक विचारधारा

'विरही' का बाबु पण्डित भए पनि धनकुटाको पहाडी गाउँमा थोरै जग्गा धेरै छोराछोरी भएका कारणले जीवन धान्न कठिन परेको थाहा पाइन्छ । धनकुटा छाडेर झापामा बसाई सरेपछि तराईको रहन सहन, राजनीतिक चहल पहल, झापा अन्दोलन जस्ता कुराले 'विरही' को परिवारमा पनि प्रभाव नपारी रहन सकेन ।[२६] विरही मा कक्षामा पढ्दा अमर मा.वि बैगुनधुराका शिक्षक दधिराम आचार्यबाट मार्क्सबादी विचारको बीजोरोपण भएको हो ।[२७]  दधिराम आर्चायबाट मार्क्सवादी चेतना पाएपछि शिक्षकसँग बसेर अन्य विद्यार्थीहरू खाली समयमा देशको राजनीतिक परिस्थितिका साथै अन्तर्राष्ट्रिय परिस्थितिको अनि कम्युनिष्ट पार्टीका महान बिचारक मर्क्स, लेनिन र माओ बिचार सम्बन्धी छलफल हुन्थ्यो ।[२८] यसै समय देखि 'विरही' कम्युनिष्ट बिचारबाट प्रेरित भएका हुन् ।[२९]त्यस

---

२५. पूर्ववत

२६. विरहीबाट प्राप्त जानकारी

२७. पूर्ववत

२८. पूर्ववत

२९. पूर्ववत

समयमा 'विरही' ले दधिराम आचार्य र नेत्रबन्धु पौडेलबाट कम्युनिष्ट पार्टी र विद्यार्थी सङ्गठन सँग सम्बन्धित पुस्तक तथा पत्र पत्रिकाहरू ल्याएर पढ्न शुरू गरेका हुन् ।[३०] उनीले आफूले विद्यार्थी जीवनमा नै अनेरास्ववियूको सदस्यता लिएको बताउँछन् । 'विरही' मा झापा आन्दोलनको प्रभावले कप्युनिष्ट राजनीतिप्रति आकर्षण बढेको देखिन्छ ।

मार्क्सबादी ज्ञान विना समाजलाई आमूल परिवर्तन तर्फ डोऱ्याउन असम्भव देख्ने 'विरही' मार्क्सवादी बिचारले आफूलाई सरल मिलनसार अनुशासित, साहसी, राष्ट्रवादी बन्ने प्रेरणा मिलेको बताउँछन् । देश र जनताको मुक्तिको एक मात्रअस्त्र मार्क्सबाद नै भएको उनको बिचार छ ।[३१] नेपालका सम्पूर्ण कम्युनिष्ट बिचारधारा राख्ने नेता तथा कार्यकर्ता एक भएर मात्र देश र जनताको मुक्ति हुन्छ भन्ने ठहर उनको देखिन्छ ।[३२] देश र जनताका लागि लड्ने जनता टुक्रा टुक्रामा विभाजित भएर फुटेकोमा उनी आफूलाई स्वतन्त्र कम्युनिष्ट भन्न रुचाएता पनि वर्तमान समयमा उहाँ एकीकृत नेकपा माओवदी पार्टीप्रति आस्था राख्नु हुन्छ । उनी देश र जनताका लागि बोल्ने प्रगतिशील साहित्य सिर्जना गर्दै समाजलाई परिवर्तन गर्ने कुरा प्रगट गर्दछन् ।[३३]

### २.१.१०. सम्मान, पुरस्कार र सम्बद्धता

'विरही' कसैको सम्मान र पुरस्कारका भोका साहित्यकार होइनन् । साहित्यको सेवा गर्दै साहित्य मार्फत समाजका समस्याहरूलाई उजागर गर्ने गरी सुधारको चाहना राख्ने साहित्यकारका रूपमा अगाडि आएका छन् । उनी साहित्य सिर्जनाको क्षेत्रमा पनि एकाधिकार रहेको बताँउछन् ।[३४] उनी कसैसँग आशाको भीख माग्न चाहाँदैनन् । आजको साहित्यिक दुनियाँमा विभिन्न सङ्घ-संस्थाहरू निर्माण भएका छन् । उत्कृष्ट साहित्यकारहरूलाई पुरस्कार र सम्मान गर्ने नाममा त्यस्ता सङ्घसंस्थाहरू नातावाद

---

[३०]. पूर्ववत

[३१]. पूर्ववत

[३२]. पूर्ववत

[३३]. पूर्ववत

[३४]. पूर्ववत

कृपावादको जालोमा फँसेका छन्  भन्दछन् 'विरही' ।[३५] विचारका आधारमा साहित्यकारहरू माथि विविध लाञ्छना र आरोप लगाउने गरिन्छ । यस्तो परिवेशमा पनि समाजका विकृति र विसङ्गतिलाई चिरफार गर्दै समाज परिवर्तनको पक्षमा सँधै लागिरहने विचार 'विरही' को रहेको छ ।[३६]

नेपाली साहित्यको क्षेत्रमा लगातार रूपले कलम चलाउने साहित्यकार 'विरही' अधिकारीलाई साहित्यको सेवा गरे बापत वि.स. २०५३ मा देवकोटा स्मृति प्रतिष्ठान भद्रपुरले दोसल्ला ओढाएर सम्मान गरेको छ ।[३७] त्यसै गरी किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल संरक्षण समितिबाट प्रशंसा पत्र प्रदान गरिएको छ । त्यस भन्दा अरु विभिन्न कार्यक्रममा भाग लिए बापत प्रमाण-पत्रहरू प्राप्त छन् । त्यस बाहेक ठूला पुरस्कार हात नलागेको उनी बताउँछन् । हाल उनी प्रगतिशील लेखक संघ सँग सम्बद्धता राख्दछन् । हाल उनी सीमाना सिर्जनशील समाजको अध्यक्ष छन् । त्यसै गरी देवकोटा स्मृति भवन भद्रपुरका सल्लाहकार, सिहंदेवी पुस्तकालयको सल्लाहकार, साहित्यकला सङ्गम पृथ्वीनगरको सल्लाहकार, दृष्टि त्रैमासिक (नेत्रहीन सङ्घले प्रकाशित गर्ने पत्रिका) का सल्लाहकार, यात्रा द्वैमासिकका सल्लाहकार, पृथ्वी समाज सेवा सल्लाहाकार, किचकबध संरक्षण समितिको आजीवन सदस्य, पृथ्वीनगर मा.वि. सञ्चालक समितिको संयोजक जस्ता पदमा रहेर काम गर्दै गरेको विरही बताउँछन् ।[३८]

### २.१.११. प्रेरणा र प्रभाव

संसारका जति पनि चर्चित ठूल्ठूला दार्शनिक नेता, कलाकार, वैज्ञानिकका साथै साहित्यकार जो सुकैले पनि कोही न कोहीबाट प्रेरणा पाएका हुन्छन् ।  मानवको दिमागले शून्यबाट ज्ञान प्राप्त गर्न सक्दैन । कसैलाई प्रेरणा दिने प्रकृति हुन्छ भने कसैलाई आफू जन्मेको हुर्केको समाज हुन्छ । समाजमा जन्मेर समाजलाई अगाडि बढाउने विद्वानहरू हरतरहले सक्रिय हुन्छन् । समाजलाई आफ्नो प्रभाव छाडेर जाने महानमावनहरूको भावी

---

३५. 'विरही' बाट जानकारी

३६. पूर्ववत

३७. पूर्ववत

३८. पूर्ववत

पिँढीमा ठूलो प्रभाव परेको हुन्छ । जस्तो ग्रीक दार्शनिकहरू सोक्रेटस, प्लेटो र अरस्तु गुरू शिष्य परम्परामा गुरूको प्रभाव शिष्यमा परेको देखिन्छ ।

'विरही' को जीवनमा पनि समाज आफ्नो वरिपरिको प्राकृतिक वातावरणको प्रभाव नपरिरहन सकेन । उनको साहित्यमा प्रेरणा र प्रभाव धनकुटा सरस्वती मिडिल स्कूलका शिक्षक गोबिन्द ढुङ्गनाको परेको देखिन्छ । ढुङ्गनाको चारपाते क्लब मा त्यस समयमा प्रत्येक शुक्रबार कविता लेखेर सुनाउनु पर्दथ्यो । त्यहाँ साहित्य सम्बन्धी सरसल्लाह र सुझव पनि पाउने गरेकाले 'विरही' को बाल्यचेतनामा त्यसको गहिरो प्रभाव परेको देखिन्छ । ढुङ्गाना साहित्यमा चासो राख्ने व्यक्ति भएकाले उनी विद्यार्थी हरूलाई साहित्य तर्फ उन्मुख गराउँथे ।[३९] 'विरही' को पारिवारिक वातावरण अर्थात आफ्ना पिता नै शिक्षित र साहित्य तर्फ रुचि राख्ने भएकाले पिताको प्रभाव उनको जीवनमा परेको छ ।[४०] 'विरही' झापाको बैगुनधुरामा कक्षा ८ मा अध्ययन गर्दा अमर मा.वि.का शिक्षक दधिराम आचार्यको प्रेरणा र प्रभाव पनि साहित्यिक जीवनमा महत्व पूर्ण देखिन्छ । 'विरही' आफ्नो जीवनमा मार्क्स, लेनिन र माओको बिचारबाट ज्यादै प्रभावित छन् ।[४१] 'विरही'को साहित्यिक जीवनमा धनकुटाको प्राकृतिक वातावरण, अरुण नदीको कलकल ध्वनि, नेपालका पहाड, झरना पाखाभरि फूलेको लालीगुराँसको मनोरम दृश्य, चौर खोल्सा, नदीनाला, झापाको समतल भूमि, नेपाली भाषा, संस्कृति, नेपाली जाति आदि सम्पूर्ण कुराहरू नै प्रेरणाका स्रोत बनेका छन् ।[४२] उनको जीवनमा विकृति र विसङ्गतिले अपाङग बनाएको समाजको प्रभाव पनि कम रहेको छैन । उनले आफ्नो जीवनमा जे जति सिके, जाने ती प्रायः तत्कालीन परिस्थितिबाट उत्पन्न राम्रा घटनाहरूबाट नै प्रेरणा र प्रभाव ग्रहण गरेको उनी बताँउछन् ।

विद्यालय स्तरीय पढाइ सिध्याएर आर्थिक समस्याका कारणले 'विरही' भारतको डिब्रुगढको डिगबोइ भन्ने ठाँउमा ३ महिना बसेर फेरि घर फर्कन पुग्छन् ।[४३] उनी पुनः २०३१ सालमा सोही ठाँउमा गएर मामाघरमा बस्न थाल्छन् । सो अवसरमा त्यहाँ कवि

---

३९. पूर्ववत

४०.पूर्ववत

४१. 'विरही' बाट प्राप्त जानकारी

४२. पूर्ववत

४३. पूर्ववत

सम्मेलन हुन्छ । सो अवसरमा त्यहाँ उनको साहित्यकार हरिभक्त कटुवालसँग भेट हुन पुग्छ ।[४४] त्यहाँ उनले कटुवालको 'भित्री मान्छे बोल्न खोज्छ' नामक कृति पढ्ने अवसर पाए । हरि भक्त कटुवालसँगको भेटले उनमा साहित्यकार बन्ने प्रेरणा बनेको देखिन्छ ।[४५] उनको जीवनमा प्रगतिशील लेखक संघका श्यामप्रसाद शर्मा, निनु चापागाई, खगेन्द्र सङ्ग्रौला लगायतका प्रगतिशील सहित्यकारहरूको प्रेरणा र प्रभाव पनि कम छैन ।[४६] जसले कविमा प्रगतिवादी बिचार र कवितत्वकसँगसँगै हुर्कदै आजको अवस्थासम्म आइपुगेको कुरा उनको जीवन चक्रबाट थाहा हुन्छ ।

## २.१.१२ आर्थिक अवस्था

यो संसार विचित्रको छ । यहाँ कोही अथाह सम्पत्तिका मालिक छन् भने कोही विधाका पारखी । सम्पत्तिका मालिकहरू विश्वमा जति भए पनि विद्वानका सामु निहुरिन बाध्य हुन्छन् । आजको स्वार्थी युगमा मान्छे तँछाडमछाड गरेर सम्पत्ति कमाएर ऐस आराम पूर्ण जीवन विताउन चाहन्छन् । यस्तो परिवेशमा पनि कलाका पारखीहरूले निस्वार्थ ढङ्गले आफ्नो सीपलाई लगातार अगाडि बढाइ रहेका हुन्छन् । विश्वका चर्चित साहित्यकारहरू पश्चिममा होमर देखि लिएर अङ्ग्रेजी कवि मिल्टन, सेक्सपियर, फ्रान्सेली उपन्यासकार बाल्जाक, रुसी साहित्यकार टाल्सटाय, गोर्की, चेखब र नेपाली साहित्यकार लक्ष्मीप्रसाद देवकोटा यी सबै सम्पत्तिका गरिब र विद्याका धनी व्यक्तित्व देखिन्छन् । विश्वको परिदृश्यलाई नियाल्दा यो सत्यता नै नेपालीसाहित्यकारहरूको र 'विरही' को आर्थिक अवस्थामा पनि देखिन्छ । धनकुटाको मध्यम वर्गीय परिवारमा जन्मिएका 'विरही' को जीवनको विहानी सुखद नै देखिन्छ । धनकुटाबाट झापाको बसाइँसँगै उनको परिवार आर्थिक चपेटामा परेको देखिन्छ । वैगुनधुराको चार विघा दश कट्टा अनुत्पादक जमिनले परिवार धान्न कठिन परेको कुरा 'विरही' बताउँछन् ।[४७]अहिले आएर भने यो जमिनलाई समेत बेचेर यो परिवार छुटफुट भएर बसेको देखिन्छ । अहिले 'विरही' का आमा बाबुसँग विराटनगरको बरगाछीमा दश धुर जग्गामा एउटा घर मात्र बाँकी छ भने जेठा दाजुको परिवारसँग लेटाङमा एक घर रहेको छ । 'विरही' को

---

[४४]. 'विरही' सँगको भेट वार्ताबाट प्राप्त जानकारी

[४५]. पूर्ववत

[४६]. पूर्ववत

[४७].शोधनायकसँगको भेटवार्ताबाट प्राप्त जानकारी ।

परिवारसँग भने पृथ्वीनगरमा दश कट्टा जमिन एक काठको टाँढे घर मात्र छ । उनका दुई भाइहरू भने रोजगारको क्रममा काठमाण्डौं गएर बसेका छन् ।[४८] 'विरही' र उनकी श्रीमती दुवै वि.सं. २०३७ सालदेखि शिक्षण पेशामा संलग्न रहेकाले उनको परिवारमा दाल भात-डुकुको समस्या भने परेको देखिन्न । 'विरही' आफूले आफ्नो पैतृक सम्पत्ति अलिकति पनि नपाएकोमा निकै चिन्तित छन् । पितासँग अंश माग्दा नपाएको गुनासो उनको रहेको छ ।[४९]उनको परिवार पैतृक सम्पत्ति विहीन भएको तर आफूले कमाएको जायजेथालाई समेत उनले कुशलता पूर्वक चलाउनुको सट्टा विरहीले पेन्सन अवधि नै नपुगी शिक्षण पेशाबाट राजीनामा दिएकाले आर्थिक अवस्था डामाडोल भएर गएको हो ।[५०] आफ्नो घरको आर्थिक अवस्थामा सुधार आउन नसकेपछि बेतलबीमा जागिर छोडेर विदेशिन पुगेका 'विरही' छोटो समयमा नै स्वदेश फर्कन पुग्छन् ।[५१] हाल विरामीका कारणले उनले शिक्षण पेशालाई छाडिदिएका छन् । खालि श्रीमतीको जागिरले दिनको रु३७०।- को जागिरले जीवन धान्दै आएका 'विरही' अहिले आएर भने दुवै छोरा वैदेशिक रोजगारमा भएका कारणले औषधि उपचार गर्न घर खर्च चलाउन केही सहज भएको बताउँछन् । मधुमेहको रोगबाट पीडित भएका उनी अबका दिनका नेपाली साहित्यको सेवा गर्ने बताउँछन् ।[५२]हाल उनीसँग आफूले सिर्जेका कृतिका प्रकाशन गर्ने तयारीमा लागेको र त्यसमा आफ्ना छोराहरूले सहयोग गर्ने कुरामा विश्वास लिन्छन् ।[५३]

## २.१.१३ यात्रा र रूचि

यस संसारमा सफलताको चुलीमा पुग्ने जति पनि व्यक्तित्वहरू छन् । तिनीहरूले आफ्नो जीवनमा यात्रालाई महत्व दिएको पाइन्छ । साहित्यकारहरू पनि यस कुराबाट पृथक रहन सक्दैनन् । साहित्यकारहरूको 'भावुक' कल्पनाशील एवम् कोमल हृदयलाई स्वदेश तथा विदेशको भ्रमणले अत्यधिक प्रभाव पार्ने गर्छ । साहित्यकारहरू विन्दुमा सिन्धु भेट्छन् । विश्वको

---

[४८]. पूर्ववत् ।

[४९]. पूर्ववत् ।

[५०]. सुमनाबाट प्राप्त जानकारी ।

[५१]. पूर्ववत् ।

[५२]. शोधनायकबाट प्राप्त जानकारी ।

[५३]. पूर्ववत् ।

मानचित्रलाई एकै हरफमा देखाउन सक्छन् । यात्राले भावुक हृदयमा मानव जातिको विभिन्न धर्म, सम्प्रदाय, रहन सहन रीतिरिवाज, भेष भूषाका साथै विश्व प्रकृतिलाई अवलोकन गर्नु पर्ने देखिन्छ । साहित्यकार सँधै सानो घेरामा नबसी विशालताको खोजीमा हिंड्ने भएकाले यात्रा उसका लागि महत्वपूर्ण देखिन्छ । यात्राका क्रममा आफूले अनुभूति गरेका कुरालाई साहित्यकारले साहित्यमा कलात्मक ढङ्गले व्यक्त गर्ने गर्दछन ।

धनकुटाको पहाडी भू-भाग स्वाच्छ वातावरण, अरुण नदीको कलकल आवाज चराहरूको चिरविर र हरियाली वनजङ्गलमा बस्तु हेर्दै र घाँस दाउरा अनि पाठशाला जाँदै बाल्य जीवन विताएका, 'विरही' ले पनि संसारका केही देशहरूको अवलोकन गर्ने अवसर पाएको देखिन्छ । मान्छेलाई संसार हेर्ने इच्छा अवश्य हुन्छ तर त्यसका पछाडि विविध समस्या पहाड भएर उभिदिन्छन् । यात्राको लागि मूलरूपमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । 'विरही' को जीवन पनि आर्थिक समस्याले चिथोरेको हुँदा उनको यात्राको रुचिमा बाधा पुगेको देखिन्छ ।[५४] तापनि 'विरही' ले आफ्नो इच्छालाई मूर्तरूप दिन आफ्नो जन्म जिल्ला धनकुटाका गाउँ गाउँ डुल्ने मौका पाएका थिए । जिल्ला धनकाुटाका मनोहर प्राकृतिक दृश्यले आफूलाई अत्यन्त प्रभावित पारेको 'विरही' वताउँछन् । धनकुटा बाहेक उनले नेपालका इलाम, झापा, काठमाण्डौ, भोजपुर, शङखुवासभा आदि ठाउँ र भारतका विभिन्न स्थान र साउदीको भ्रमण गरेका छन् । यी यात्राले 'विरही' मा राष्ट्रियताको भाव जागृत भएको देखिन्छ । उनको जीवनमा छोटो यात्राहरूले पनि सफल साहित्यकार बन्न सहयोग पुऱ्याएको देखिन्छ ।

### २.१.१४. प्रौढ अवस्था

'विरही' को प्रौढ अवस्था शिक्षण पेशाबाट नै व्ययतीत हुँदै गएको देखिन्छ । उनको जीवन आर्थिक समस्याले जलि नै रहेको हुँदा प्रौढ अवस्था त्यति सुखद देखिदैन । लामो समयसम्मको निम्न वेतनको नोकरी, पैसाको खोजमा भौतारिनु आदि जस्ता कुराले हाल उनको पारिवारिक वातावरण केही खलवलिएकाले 'विरही' ज्यादै चिन्तित देखिए पनि अहिले छोराहरूको उच्च शिक्षा अध्ययन पश्चात प्रतिष्ठित कम्पनीहरूमा वैदेशिक रोजगारमा रहेका

---

[५४] पूर्ववत

आर्थिक समस्या छैन तर आर्थिक समस्या टरे पनि मधु मेह रोगले पीडित 'विरही' इन्जेक्सन लिएर बसेका देखिन्छन् ।

सिर्जनाका दृष्टिले युवा अवस्था भन्दा उनको प्रौढ अवस्था नै बढी सफल देखिन्छ । हाल उनी शारीरिक रूपमा निकै कमजोर देखिन्छन् । उनको पारिवारिक वातावरण खल्लो जस्तो देखिन्छ । उनी प्रौढ अवस्थामा पुग्दा पनि साहित्य सिर्जना तर्फ लल्लीन सामाजिक संघ संस्थाहरूमा संलग्न रही लगनशीलता पूर्वक कार्य गरिरहेकै देखिन्छन् । नेपाली समाजमा देखिएका विकृति,विसङ्गति, समसामयिक राजनीतिक, आर्थिक पक्षलाई साहित्यमार्फत उजागर गर्न जोसिलो भावना उनमा झन् झन तीव्र भएर आएको देखिन्छ ।

## २.२ विरही' अधिकारीको व्यक्तित्व

### २.२.१. भौतिक व्यक्तित्व र स्वभाव

'विरही' अधिकारीको शारीरिक बनावट ठीक्क सुहाँदिलो देखिन्छ । पहिला निकै मोटाएका 'विरही' अहिले आएर मधुमेह रोगका कारणले कमजोर र दुब्ला छन् । उनी घरमा साधारण लुङ्गी, भेष्ट र चप्पलमा बस्छन् भने कतै घुम्न जाँदा सर्ट, पेन्ट, स्वेटर र जुत्तामा देखिन्छन् । 'विरही'को ठूलो इच्छा साहित्यिक रचना र अध्ययन हो । उनी शिष्ट, विनम्र र विनयशील छन् । शारीरिक साजसज्जामा ध्यान दिने गर्दछन् । सबैसँग शिष्ट व्यवहार गर्ने 'विरही' मुसुक्क हाँसेर मात्र बोल्छन् । उनी विहान छिटै उठ्ने, नहाउने, गाईको स्याहार गर्ने गर्छन् भने फुसर्दका समयमा प्राकृतिक वातावरणलाई नियाल्ने, साथी भाइसँग दुःख, सुखका कुरा गर्ने, सानालाई माया गर्ने, ठूलालाई आदर गर्ने व्यक्ति हुन् ।

'विरही' स्वाभिमानसँग बाँच्न चाहन्छन् । उनी शासक, सत्ताको चाकरी गर्न चाहदैनन् । उनको ठूलो धर्म भनेको सत्यको पक्षमा दृढता पूर्वक उभिनु हो । नेपाली जनताको पीर व्यथा, पीडा र छट्पटीलाई कवितामा गाउने भएकाले 'विरही' साहित्यिक उपनाम आफै जुराएको बताउने 'विरही' साँच्चै अरुका विरहमा दुःखी बन्छन् ।

### २.२.२ आन्तरिक व्यक्तित्व

'विरही' अधिकारीका आन्तरिक व्यक्तित्वको निर्माणमा पूर्वीय तथा पाश्चात्य स्रष्टा एवम् द्रष्टा नेपाली साहित्यका स्रष्टा एवम् द्रष्टा, विश्व सन्दर्भ, आफू बाँचेको युग, प्राकृतिक

वातावरण, नेपाली समाजका आर्थिक, सामाजिक तथा नैतिक मूल्य मान्यता, आफ्नै पारिवारिक स्थितिले उनको आन्तरिक व्यक्तित्वलाई प्रभाव पारेको छ । उनको बाह्य व्यक्तित्व भन्दा आन्तरिक व्यक्तित्व सूर्यको किरण झैं छन् । छुल्ल भएर सरल र सहज रुरूमा छरिएको छ । उनका आन्तरिक व्यक्तित्वमा, एकान्त प्रेम, गम्भीर स्वभाव एवम् मृदुभाषीता रहेका छन् ।

### २.२.२.१ साहित्यिक व्यक्तित्व

'विरही' नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभाका रूपमा अगाडि आएका छन् । उनले कथा, कविता, उपन्यास, नाटक, गीत जस्ता विधाहरूमा कलम चलाएका छन् ।[५५] विद्यार्थी जीवनदेखि नै कविता लेखेको बताउँने 'विरही' का वि.स. २०३३ भन्दा अगाडिका लेख रचनाहरू प्राप्त हुन सकेका छैनन् । उनको औपचारिक साहित्य सिर्जनाको थालनी भने मेरो 'जन्मस्थान' (२०३३) कविता कृतिबाट शुरु भएको हो । जुन कविता कुमार बहादुर श्रेष्ठको सम्पादकत्वमा विराटनगरबाट प्रकाशित कोसेली प्रकाशनबाट पहिलोपटक प्रकाशित भएको हो ।[५६] यसरी अघि बढेको 'विरही'को साहित्यिक व्यक्तित्व वि.सं. २०३८ मा 'मुटु रोपिएको कथा' नाम कविता सङ्ग्रह प्रकाशित गर्न सफल भएको देखिन्छ ।

'विरही' का साहित्यिक व्यक्तित्वलाई पहिलो कविता सङ्ग्रहले नै सुस्पष्ट रूपमा ल्याएको छ । समसामयिक, राजनीतिक, आर्थिक, धार्मिक क्षेत्रका विषयवस्तुलाई उनका कविताले समेटेका छन् । राष्ट्रप्रेम, प्रकृति चित्रण तथा अग्रजहरूप्रति सम्मान गरिएका उनका कविताहरूबाट प्रगतिशील तथा प्रगतिकामी रनकको टाढैबाट गन्ध आउँछ ।

'विरही'को साहित्यिक व्यक्तित्व हालसम्म आइपुग्दा तीन कविता सङ्ग्रह, 'मुटु रेटिएको कथा' (कविता सङ्ग्रह), 'इन्द्रेणी' (प्रकृति काव्य), 'विसङ्गतिको क्षेप्यास्त्र' (रक्सी महात्म्यः खण्डकाव्य आकारका रचना कृति), 'प्रतिबिम्ब बोल्छ' (कथा सङ्ग्रह) 'गरिब' काव्य (२०६२) 'अब रुदैनन् रातहरू' (नाटकः अप्रकाशित), 'बारुदको गन्ध' (उपन्यास अप्रकाशित) र केही गीतहरू पनि रचना गरेर नेपाली साहित्यको फाँटमा फक्रिसकेको देखिन्छ ।

---

[५५]. 'विरही' बाट प्राप्त जानकारी ।

[५६]. पूर्ववत् ।

यस बाहेक उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूबाट प्रकाशित भएका छन् ।[५७] 'विवेचना'दैनिक (झापाबाट प्रकाशित) 'स्वाधीन संवाद' (झापाबाट प्रकाशित), 'समिधा' (झापाबाट प्रकाशित), 'व्लाष्ट टाइम्स' दैनिक (धरानबाट प्रकाशित) आदि । यी बाहेक 'प्रकाश' र 'कान्तिपुर' पत्रिकाबाट पनि उनका कृति सम्बन्धी समालोचकीय टिप्पणीहरू प्रकाशित भइसकेका देखिन्छन् । विभिन्न साहित्यिक संस्थाहरूसँग सम्बद्ध 'विरही' जिल्ला र जिल्ला बाहिरका साहित्यिक कार्यक्रमहरूमा उत्साहका साथ सहभागी हुने गरेका छन् । यसरी 'विरही' नेपाली साहित्यका विधामा कलम चलाएर साहित्यिक व्यक्तित्वको रूपमा स्थापित भइसकेका छन् ।

'विरही' अधिकारी नेपाली साहित्यमा मूलरूपमा कवि व्यक्तित्व हुन् । चौध-पन्ध्र वर्षको कलिलो उमेरदेखि नै कविता लेख्न शुरु गर्ने अधिकारीको 'मेरो जन्मस्थल' पहिलो प्राप्त र प्रकाशित कविता हो । उनका वि.सं. २०३३ देखि वि.स. २०३८ सम्मका फुटकर कविताहरूको सङ्ग्रह 'मुटु रोपिएको कथा' (२०३८) नै पहिलो पुस्तककार कृति हो । उनको वि.सं. २०३९ देखि वि.सं. २०५७ सम्मका फुटकर कविताहरूको सङ्ग्रह 'विकृति र मान्छे' कविता सङ्ग्रह (२०५७) दोस्रो कविता सङ्ग्रहका रूपमा रहेको छ । 'विरही को कवि व्यक्तित्व गतिशील रहेका कारण त्यस यताका फुटकर कविताहरूको सङ्ग्रह 'तिमी स्वास्नी हुनुको अर्थ (प्रकाशोमुख) अवस्थामा रहेको छ ।[५८]

'विरही' अधिकारी नेपाली कविताको फाँटमा फुटकर कविताका रचनाकार मात्र नभएर विसङ्गतिको क्षेप्यास्त्र (रक्सी महात्म्यः व्यङ्ग्य काव्य), 'इन्द्रेणी' (प्रकृतिकाव्य वि.सं. २०५७ सालको प्रकाशन) र 'गरिव' (काव्यः २०६२) जस्ता कृतिको सिर्जनाले कविताको मझौला यात्रा समेत हिडिसकेका कविका रूपमा स्थापित भइसकेका छन् । यसरी 'विरही'ले मुक्तक, फुटकर कवितादेखि कविताको मझौला रूपसम्मको यात्रामा सफलता पाइसकेका छन् । उनका कविता तथा काव्य कृतिहरूले उनलाई कवि व्यक्तित्वको रूपमा अगाडि ल्याएका छन् । उनका प्रकाशित कृतिहरूलाई हेर्दा उनका कविताको भावभूमि निकै फराकिलो देखापर्दछ । सानै उमेरदेखि कविताको पृष्ठभूमि तयार पार्दै अगाडि बढेका 'विरही' ले हालसम्मको यात्रामा गद्य र

---

५७. पूर्ववत् ।

५८. 'विरही'बाट प्राप्त जानकारी ।

पद्य दुवै लयमा कविता कृतिहरू रचना गरेका छन् । उनको कवि व्यक्तित्व नैसाहित्यिक व्यक्तित्वको रूपमा शसक्त ढङ्गले अगाडि देखा परेको छ ।

कवि 'विरही' को 'मुटु रोपिएको कथा' कविता सङ्ग्रहलाई हेर्दा यसमा उनका अभ्यासकालीन कविताहरू सङ्ग्रहित छन् । यस भित्रका कविताहरू पाँच पङ्क्तिका मुक्तक देखि लिएर बहत्तर पङ्क्तिसम्म भएका कविताहरू रहेका छन् । यस सङ्ग्रहका कविताहरूमा ह्रस्व र दीर्घका नियमहरूको त्यति पालना भएको छैन । कविताहरूमा विषयवस्तु र भावलाई एउटै धागोमा उन्न सकेको पाइदैन तर पनि यी कविताहरूले कविका व्यङ्ग्य र विद्रोहका तथा आशा र निराशाका स्वरहरू देशभक्तिको भावना, प्राकृतिक दृश्यको चित्रण, प्रगतिशील विचारको विजारोपण भने राम्ररी नै भएको देखिन्छ । 'विकृति र मान्छे' कविता सङ्ग्रह (२०५७) सम्म आइपुग्दा कवि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसम्म चियाउन पुगेका छन् । उनको व्यङ्ग्य धर्मिता झन् तिखारिएर अगाडि बढेको छ । समसामयिक विसङ्गत परिस्थितिप्रति आक्रोशित भई कतै अरिङगल झैं खनिएका छन् भने कतै निराशाका कुण्ठाहरू ओकलेका छन् ।

'विरही' को 'विसङ्गतिको क्षेप्यास्त्र' (रक्सी महात्म्यः २०५७) ले त उनलाई नेपाली कविताको फाँटमा एक शसक्त व्यङ्ग्यकारको रूपमा चिनाएको छ । आजको सम्पूर्ण विश्वमा रक्सीले भित्र्याएको विकृतिले मानव समुदायमा ल्याएको विसङ्गतिलाई अत्यन्तै मार्मिक ढङ्गले व्यङ्ग्यको प्रक्षेपण यस काव्यमा कविले गरेका छन् ।

'विरही' को अर्को कविता कृति इन्द्रेणी (प्रकृति काव्य) हो । यसमा उनले प्रकृतिमा रहेका सौम्य र सुरम्य दृश्यलाई अत्यन्तै सुन्दर रूपमा चित्रण गरेका छन् । शुद्ध प्रकृति 'इन्द्रेणीको' कलात्मक चित्रण गरिएको यो कृति प्रकृति चित्रणका दृष्टिले निकै उत्कृष्ट रहेको छ । आत्मपरक शैलीमा प्रस्तुत गरिएको यस काव्यमा 'विरही' को अनुभूतिले व्यापकता पाएको छ । प्रकृतिलाई आलम्बन बनाएर रचना गरिएको यो कृति 'ऋतु विचार' पछिको महत्वपूर्ण कृतिका रूपमा अगाडि आएको छ । इन्द्रेणीलाई कलात्मकताका साथ चित्रण गरिएको छ । यो कृतिमा 'विरही' का अनुभूतिहरूले सूक्ष्मता छुनाका साथै यसलाई उनले यथार्थको धरातलमा उभ्याएका छन् ।

'विरही' को 'गरिब' (काव्यः २०६२) र प्रकाशोन्मुख अवस्थामा रहेको 'तिमी स्वास्नी हुनुको अर्थ' (कविता सङ्ग्रह) मा पनि उनले नेपाली समाजमा व्याप्त रहेको विकृति र

विसङ्गतिलाई नै विषयवस्तु बनाएका छन् । उनी यथार्थ ढङ्गले समसामयिक परिवेशको चित्रण गर्दै सुधारको चाहना राख्दछन् । उनमा देखिएको विद्रोही भावना र व्यङ्ग्यको झटारो ती कृतिहरूमा पनि शसक्त ढङ्गले आएका छन् । विरहीको 'तिमी स्वास्नी हुनुको अर्थ' प्रकाशोन्मुख अवस्थामा रहेको कविता सङ्ग्रह भित्रको 'तिहार अलपत्र परेको छ' कविता उनको हालसम्मको उत्कृष्ट कविता रहेको छ ।[५९] जुन झापाबाट प्रकाशित 'विवेचना' दैनिक वर्ष १० अङ्क ५७ मा २०५९ कार्तिक १४ गते प्रकाशित भएको हो । गोपालप्रसाद रिमाललाई 'आमाको सपना' भूपि शेरचनलाई 'घुम्ने मेच माथिको अन्धो मान्छे' कविताले नेपाली साहित्यमा चर्चाको शिखरमा पुऱ्याएझैं 'विरही'लाई 'तिहार अलपत्र परेको छ' कविताले शिखर चढाएको छ र नेपाली साहित्यमा जीवत बनाएको छ ।[६०]

यसरी कवि 'विरही' को अनुभूति दिनानुदिन परिष्कृत समय सान्दर्भिक भएर अगाडि बढेको छ । समसामयिक यथार्थ परिस्थितिलाई समेटेर समाजलाई एक कदम अगाडि बढाउन उनका कविता कृतिहरू तम्सिएका छन् । आधुनिक नेपाली कविताको अद्यावधि उत्तरार्ध चरण अन्तर्गत प्रयोगवादी धारा (२०१७-२०२९) र समसामयिक धारा (२०३० देखि २०४६) को रूपमा विकास भएपनि यस समयमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धारा क्रमिक रूपमा अगाडि बढेको छ ।[६१] 'विरही' का कविताहरूको अध्ययन गर्दा उनका कवितालाई स्वच्छन्दतावादी-प्रगतिवादी तथा यथार्थवादी धाराभित्र राखेर अध्ययन गर्न सकिन्छ । उनको कवि व्यक्तित्वलाई स्वच्छन्दतावादी-प्रगतिवादी तथा यथार्थवादी कवि व्यक्तित्वका रूपमा राखेर अध्ययन गर्न सकिन्छ ।

नेपाली साहित्यका क्षेत्रमा 'विरही' सफल कथाकारको रूपमा अगाडि आएका छन् । उनका कथाहरू 'विवेचना', समिधा आदि पत्रिकाहरूमा प्रकाशित भएका छन् । विभिन्न पत्रिकाहरूमा प्रकाशित र अप्रकाशित रूपमा रहेका कथाहरूको सङ्ग्रह 'प्रतिविम्व बोल्छ' (२०५९) प्रकाशित भएको छ । जसले 'विरही'लाई कथाकार व्यक्तित्वका रूपमा अगाडि ल्याएको छ । झापा प्रगतिशील लेखक सङ्घका उपाध्यक्ष के.पी. ढकालले लामो भूमिका दिएको उक्त

---

[५९]. कवि डिल्ली नेपालसँग भेटवार्ताबाट प्राप्त जानकारी ।

[६०]. पूर्ववत् ।

[६१]. पूर्ववत् ।

सङ्ग्रह भित्र लामा, छोटा गरेर जम्मा १९ वटा कथाहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहलाईं पाठक सामु ल्याउने काम सिंहदेवी पुस्तकालयले गरेको छ ।

नेपाली साहित्यको आख्यान तर्फको पहिलो पुस्तककार कृतिको रूपमा आएको विरहीको यस सङ्ग्रह भित्रका कथाहरूले नेपाल तथा अन्तर्राष्ट्रिय परिवेशलाई विषय वस्तुमा समेटेको देखिन्छ । खास गरेर यी कथाहरूले नेपाली समाज भित्रका अन्धविश्वासका तगाराहरू, विकृति र विसङ्गतिहरूलाई नै यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । नेपाली समाजमा प्रचलित जातपातका भेद, बोक्सी, डाइनी, गरिबीका रुखमुनि बाँचेका नेपालीहरूको कारुणिकता जस्ता कुरालाई उनका कथाले शसक्त ढङ्गले उठाएका छन् । भ्रष्टाचार, चेलीबेटीको बेचविखन, लोपोन्मुख संस्कृति आदि जस्ता कुराले नेपालीहरूलाई घाटमा पुऱ्याउन लागेको प्रसङ्ग कथामा आएका छन् । समाजमा प्रचलित नराम्रा पक्षलाई पन्छाएर स्वस्थ्य र समतामूलक समाजको निमार्णमा लाग्नु पर्ने सन्देश कथाकारले दिएका छन् । प्रगतिशीलता तर्फ उनका कथाको उद्देश्य गरिबी र अशिक्षाले पिल्सिएको नेपाली समाजलाई रूपान्तरण गर्नु रहेको देखिन्छ ।

'विरही' का कथाहरूले नेपाली समाजमा रहेका चालचलन रीतिरिवाज, सङ्गति-विसङ्गति, राम्रा-नराम्रा, पक्ष विपक्ष, दुःख-सुख, आरोह-अवरोह, शोषण-दमनको साथै अन्तर्राष्ट्रिय स्तरमा देखापरेका आर्थिक, सामाजिक, राजनीतिक आदि समस्यालाई देखाउने जर्मको गरेका छन् । यो सङ्ग्रहको प्रकाशनले 'विरही'को साहित्यिक व्यक्तित्वलाई सफल कथाकार व्यक्तित्वका रूपमा सुस्पष्ट पारेको छ ।

'विरही' अधिकारी उपन्यासकार व्यक्तित्वको रूपमा पनि अगाडि आएका छन् । उनको एकमात्र प्रकाशोन्मुख अवस्थामा रहेको 'वारुदको गन्ध' उपन्यासले उक्त कुराको पुष्टि गर्दछ । उनले यस उपन्यासमा नेपालको इतिहासमा घटेका छिन्ताङ हत्याकाण्ड, बौका भोडा, रमाइलो भोडा, सुखानी हत्याकाण्ड आदि घटनालाई विषयवस्तु बनाएका छन् । उपन्यासमा जनमत सङ्गह, २०४६ को जनआन्दोलन र त्यसपछिका सामाजिक तथा राजनीतिक परिवेशलाई पनि उपन्यासको विषयवस्तु छानिएको छ । तत्कालीन समयमा घटेको कारुणिक घटना, गरिबी, शोषण, अन्याय, अत्याचार अशिक्षा हत्या जस्ता कुरालाई उपन्यासले छलर्ङ्ग पारेको छ । निम्नवर्गीय नेपाली जनताले गाउँका सामन्ती, मुखिया, टाठा-बाठा र तिनका चम्चेहरूबाट भोग्नु परेको पीडालाई 'विरही'ले मार्मिक रूपमा चित्रण गरेका छन् । उनले सत्ताका पहरेदारहरूबाट हुने गरेका नरसंहारकारी दानवीय व्यवहारलाई उदाङ्गो पारेका छन् ।

'विरही'ले गरिब नेपालीहरूले भोग्नु परेका पीडालाई गाँसबासका टीठ लाग्दा समस्या, त्यसको प्राप्तिका लागि भएका सङ्घर्ष, त्यसलाई तुषरापात गरेर हिड्ने सरकारी निरङ्कुशता, जनताले भोग्नु परेको सन्त्रासपूर्ण परिस्थितिलाई मार्मिक ढङ्गले उठाएका छन् । जस्तासुकै दमनका नीतिले पनि जनतामा आएको जागरुकतालाई दबाउन सक्दैन । जनताको मुक्ति आन्दोलन निरन्तर अघि बढी रहने करालाई उपन्यासमा देखाएका छन् । उपन्यासले 'विरही'मा रहेको व्यङ्ग्य धार्मिता, यथार्थता र प्रगतिशील विचारलाई सुरक्षित राखेको छ । 'विरही'मा रहेको क्रान्ति चेतना तथा युग चेतना उपन्यासमा झन् खारिएर अगाडि आएको छ । उपन्यासमा प्रगतिशील पात्रको निरन्तर प्रगति तर्फको उन्मुखताले प्रगतिशीलतालाई बचाएको छ । 'वारुदको गन्ध' उपन्यासले 'विरही'लाई उपन्यासकार व्यक्तित्वको रूपमा स्थापित गरेको छ ।

'विरही' अधिकारीको साहित्यिक व्यक्तित्व नाटककार व्यक्तित्वको रूपमा पनि अगाडि बढेको देखिन्छ । उनको जीवन नै बडो नाटकीय देखिन्छ । विद्यार्थी जीवनबाट नै मार्क्सवादी विचारबाट प्रभावित 'विरही' को जीवनमा धेरै उताव चढाव आएको देखिन्छ । शिक्षण कार्यमा रहँदा विभिन्न स्थानका विद्यालयमा सरुवा, आर्थिक अवस्था सुधार्ने चाहनाले त्यसको खोजीमा विदेसिनु, असन्तुष्ट भएर चाँडै स्वदेश फर्कनु जस्ता कुराले उनको जीवन नाटकीय भएको कुरालाई देखाउँछ । उनको प्रकाशोन्मुख अवस्थामा रहेको 'अब रुँदैनन् रातहरू' शीर्षकको नाट्यकृतिले उनलाई नाटककार व्यक्तित्वको रूपमा अगाडि ल्याएको छ । 'विरही'को नाटकले आफ्नो विषयवस्तु नेपाली समाजमा व्याप्त विकृति, विसङ्गतिलाई बनाएको छ । समाजमा रहेको यर्थाथतालाई प्रस्तुत गर्दै असत्माथि सत्को जीतलाई देखाएर उनले नाटक तथा पात्रहरूलाई गतिशील तुल्याएका छन् । उनले नाटकमा समसामयिक नेपाली समाजको चित्रण यथार्थ ढङ्गले प्रस्तुत गर्दै इमान्दार र न्यायको पक्षपातीको विजयलाई देखाएका छन् । नाटकले 'विरही' को प्रंगतिवादी प्रवृत्तिलाई सुरक्षित राख्दै सामाजिक कुप्रवृत्तिप्रतिको व्यङ्ग्य धर्मितालाई पछ्याएकै छ । यस कृतिले नेपाली साहित्यमा 'विरही'लाई नाटककार व्यक्तित्वको रूपमा अगाडि ल्याएको छ ।

### २.२.२.२ शिक्षक वा जागिरे व्यक्तित्व

'विरही' अधिकारीको जीवन भोगाइको लामो समय शिक्षण पेशामा रही बितेको देखिन्छ ।उनको जीवन वि.सं. २०३७-२०५९ सम्मको २३ महिने साउदी बसाइको अवधिलाई

छोडेर शिक्षणपेशामा नै बितेको देखिन्छ ।[६२]जागिरे जीवनमा पञ्चायती शासकको आँखामा कसिङ्गर भएर निष्काशन गरिएका 'विरही' सम्बन्धित निकायमा भनसुन गरेर पुनः बहाली भएका छन् ।[६३]उनी जागिरे जीवनमा रहँदा आफ्नो कार्यप्रति इमान्दार, मिलनसार मित्र, विद्यार्थीका प्रिय शिक्षक हुन् ।[६४] विद्यार्थी र साथीहरूका असल व्यक्तित्वकारूपमा चिनिन्छन् ।[६५]उनमा रहेको मिलनसरिता, मिष्टभाषी, स्पष्टवादी,स्वाभिमानी,स्वाध्ययनशीलताले शिक्षक व्यक्तित्व उच्च रहेको छ ।[६६] हाल आफ्नो रोगी शरीर र स्वतन्त्र रही साहित्यको सेवा गर्ने भावनाका कारण शिक्षण पेसामा नरहे तापनि आफू सो पेशाबाट सन्तुष्ट रहेको उनी बताउँछन् । यसरी हेर्दा उनको शिक्षक वा जागिरे व्यक्तित्व उच्च रहेको देखिन्छ ।

### २.२.२.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । समाजमा आपसमा मिलेर बस्नु मानिसको कर्तव्य पनि हो । सो भावना 'विरही' मा पनि प्रवल रहेको पाइन्छ । उनी लामो समयसम्म शिक्षण पेशामा संलग्न रहेका र प्रगतिशील विचार राख्ने भएकाले समाजमा लोकप्रिय छन् । उनी गाउँका भोज-भतेर, विवाह, ब्रतबन्ध सांस्कृतिक कार्यक्रम मरण पुराण आदि जस्ता कार्यक्रमहरूमा सक्रियताका साथ सरिक हुन्छन् ।पञ्चायती व्यवस्थाताका 'विरही' मार्क्सवादी प्रचार प्रसार गर्ने तर्फ लागेका भए पनि वि.सं. २०४६ मा प्रजातन्त्रको आगमनपछि देश र जनताका समस्याप्रति कसैले चासो नदेखाएकाले स्वतन्त्र रहेर जीवन बिताउन थालेका छन् ।[६७] समाजमा हरेक क्रियाकलापमा संलग्न रहने 'विरही' सत्यवादी, निर्भीक, सरल र इमान्दार सामाजिक व्यक्तित्वका रूपमा चिनिन्छन् । समाजका सबै वर्ग र तहका मानिससँग समान व्यवहार गर्ने 'विरही' सबैसँग तपाईको आदरले बोलेको पाइन्छ । उनी घरबाट बाहिर निस्कँदा सबैसँग हाँसेर बोल्ने, ठूलालाई सम्मान गर्ने सामाजिक व्यक्तित्वका रूपमा देखिन्छन् । उनी गरिब जनताको मुक्तिका लागि साहित्य सिर्जना गर्ने एक विद्रोही स्वभावका व्यक्तित्व हुन् । यसबाहेक

---

[६२]. 'विरही' अधिकारीबाट प्राप्त जानकारी ।

[६३]. पूर्ववत् ।

[६४]. घिमिरे रामप्रसाद- शिक्षक श्री सिंचाइ प्रा.वि. पृथ्वीनगर झापाबाट प्राप्त जानकारी ।

[६५]. पूर्ववत् ।

[६६]. पूर्ववत् ।

[६७]. पूर्ववर्त ।

'विरही'लाई सामाजिक व्यक्तित्वका रूपमा स्थापित गराउने निम्न सङ्घ-संस्थामा रहेको सम्बद्धताले देखाएको छ ।[६८]

क. सङ्गम युवा परिवार पृथ्वीनगर झापा (प्रमुख सल्लाहकार)

ख. सिंहदेवी पुस्तकालय पृथ्वीनगर झापा (सल्लाहकार)

ग. प्रगतिशील लेखक सङ्घ झापा २०५९ देखि २०६२ सम्म (उपाध्यक्ष)

घ. देवकोटा स्मृति भवन भद्रपुर वि.सं. २०५८ देखि (सचिव)

ङ. पृथ्वी सेवा समाज पृथ्वीनगर । (सल्लाहकार)

च. गोपाल चन्द्र स्मृति प्रतिष्ठान झापा महेशपुर (संस्थापक सदस्य)

छ. साहित्यिक सङ्घ संस्था समन्वय समिति झापा (सदस्य)

ज. जिज्ञासा साहित्य प्रतिष्ठान पृथ्वीनगर (अध्यक्ष)

झ. सीमाना सिर्जनशील समाज झापाको अध्यक्ष (वि.स. २०६५ माघबाट)

ञ. देवकोटा स्मृति भवन भद्रपुर झापाको सल्लाहकार वि.सं. २०६६ देखि ।

ट. सिंहदेवी पुस्तकालयको (सल्लाहकार)

ठ. साहित्य कला सङ्गम पृथ्वीनगरको (सल्लाहकार)

ड. दृष्टि त्रैमासिक (अपाङ्ग सङ्घ तथा नेत्रहीन सङ्घले प्रकाशित गर्ने पत्रिकाका ( सल्लाहकार (झापाबाट प्रकाशित)

ढ. यात्रा द्वैमासिक (सल्लाहकार)

ण. किचक वध संरक्षण समितिको (आजीवन सदस्य)

प. पृथ्वीनगर ५ स्थित मा.वि. सञ्चालक समितिको (अध्यक्ष) वि.स. २०६७ पौष देखि ।

उल्लेखित सङ्घ संस्था बाहेक 'विरही' विभिन्न सङ्घ संस्थामा रहेर काम गर्दैछन् । जसले उनको सामाजिक व्यक्तित्वलाई उच्च बनाउदै दिनप्रतिदिन उचाइ तर्फ लम्काउँदै गरेका देखिन्छ।

[६८]. पूर्ववत् ।

# परिच्छेदतीन

## कविताको सैद्धान्तिक परिचय र कवि 'विरही'को साहित्यिक यात्रा र कविताहरूको विश्लेषणात्मक अध्ययनः

### ३.१ कविताको परिचय

साहित्यका प्रमुख चार विधा कविता, आख्यान (कथा र उपन्यास)  नाटक र निबन्ध मध्ये कविता एउटा सर्वप्राचीन प्रमुख विधा हो । कविता विधाका बारेमा पूर्वीय तथा पाश्चात्य दुवैतिर प्रशस्त चर्चा भएको पाइन्छ । पूर्वीय साहित्य शास्त्रमा काव्य शब्दको व्युत्पत्ति कवि शब्दमा य(व्यत्) प्रत्यय लागेर भएको हो । यसले कविद्वारा गरिएको रचना अथवा कविको सिर्जना अथवा कविद्वारा सम्पन्न कार्य भन्ने अर्थ बुझाउँछ ।

पूर्वीय साहित्यमा काव्यको समानार्थीका रूपमा लिइएको कविता शब्दको व्युत्पत्ति कवि शब्दमा त (तल्) र आ (टाप्) अर्थात् कवि+ताबाट भएको हो । कविले रचनाकारलाई तथा ताले कविको रचनालाई बुझाउँछ । यस व्युपत्ति अनुसार कविताको तात्पर्य कविद्वारा सिर्जित रचना विशेष वा कविको कर्म भन्ने हुन्छ ।

यसरी हेर्दा पूर्वीय साहित्यमा काव्य, कविता र कवि शब्द परस्पर सम्बन्धित देखिन्छन् । कविद्वारा काव्य/कविताको सिर्जना गरिने हुँदा कवितालाई कवि कर्म वा कवि सिर्जित रचना तथा कविलाई सर्जक मानिन्छ ।[६९]

पश्चिमी साहित्य शास्त्रमा कवितालाई Poetry भनिन्छ । Poetry शब्दको व्यत्पत्ति Poet शब्दबाट भएको हो । Poet शब्दले कवि अर्थात कविताको रचना गर्ने व्यक्ति भन्ने अर्थ दिन्छ । Poet बाट निर्मित Poetry शब्दको अर्थ कविद्वारा सिर्जित पद्यात्मक रचना वा कवि

---

[६९]. डा. लुइटेल खगेन्द्र प्रसाद -नेपाली काव्य समालोचना पैरवी प्रकाशन ।

कर्म भन्ने अर्थ दिन्छ । पाश्चात्य साहित्यमा Poetry लाई Poem पनि भनिन्छ । Poem शब्दले पनि Poetry ले झैं कविद्वारा सिर्जित पद्यात्मक रचना वा कवि कर्म भन्ने अर्थ दिन्छ । यसरी हेर्दा पाश्चात्य साहित्यमा Poetry, Poem र Poet शब्दका बीचमा अन्योन्याश्रित सम्बन्ध देखिन्छ । यिनमा 'Poet (कवि) ले रचनाकारलाई तथा Poetry र Poem (कविता/काव्य) ले कविको कृति सिर्जना वा रचयिता बुझाउँछ ।'[७०]

पूर्वीय साहित्यको कवि र पश्चिमी साहित्यको Poet तथा पूर्वीय साहित्यको कविता/काव्य र पश्चिमी साहित्यको Poetry/Poem शब्द पर्यायवाचीका रूपमा देखिन्छन् । कवि वा Poet ले रचनाकार तथा कविता/काव्य वा Poetry/Poem ले रचनालाई बुझाउँछ । यसर्थ पूर्व र पश्चिम दुवैतिर यिनले दिने अर्थ पनि प्रायः समान रहेको देखिन्छ ।

## ३.२ कविताको परिभाषा

साहित्यका कुनैपनि विधालाई स्पष्ट परिभाषा गरी चिनाउन निकै कठिन हुन्छ । समयक्रममा भइरहने विधागत विकास एवम् स्वरूपगत परिवर्तनका कारण हरेक विधाका परिभाषामा प्रायः परिवर्तन आउँछ । पूर्वीय तथा पाश्चात्य साहित्यका विभिन्न विद्वानहरूले प्राचीनकालदेखि नै कवितालाई चिनाउने क्रममा यस सम्बन्धी अवधारणाहरू अगि सार्दै आएको पाइन्छ । कवितालाई चिनाउनका लागि पूर्व तथा पश्चिमका विभिन्न विद्वानहरूद्वारा अभिव्यक्त गरिएका कविता सम्बन्धी अवधारणाहरूको अध्ययन गर्नु आवश्यक छ । पूर्वीय चिन्तकहरूमा संस्कृत तथा नेपाली विद्वानहरूका साथै पाश्चात्य विद्वानहरूका अवधारणाहरूको समग्र अध्ययन गरिसकेपछि मात्र कविताको स्पष्ट पहिचान गराउन सकिने हुनाले पूर्वीय र पश्चिमी साहित्य चिन्तक तथा समालोचकहरूद्वारा विभिन्न समयमा अभिव्यक्ति कविता सम्बन्धी केही अवधारणाहरू यसरी अघि सार्न सकिन्छ ।

### ३.२.१ संस्कृत साहित्यमा कविताको परिभाषा

संस्कृत साहित्यशास्त्रीहरूले प्राचीनकालदेखि सिङ्गो साहित्यका अर्थमा काव्य शब्दको प्रयोग गरी यसलाई चिनाउने क्रममा काव्य परिभाषा नभनी काव्य लक्षण वा काव्य स्वरूप भनेर आफ्ना आफ्ना धारणाहरू अघि सारेका छन् । संस्कृतमा स्पष्टतः कविता नै नभनेर कसैले

---

[७०]. पूर्ववत् ।

पनि परिभाषा गरेको नपाईले हुँदा काव्य वा साहित्यकै सन्दर्भबाट साहित्यको एउटा प्रमुख विधा रहेकाले विभिन्न समयका संस्कृत साहित्याचार्यहरूद्वारा अघि सारिएका काव्य सम्बन्धी प्रमुख केही अवधारणाहरू तल प्रस्तुत गरिन्छ।

भामहः शब्द र अर्थको सहभाव काव्य हो।[७१]

रुद्रटः शब्द र अर्थ नै काव्य हो।[७२]

मम्मटः दोष रहित र गुण सहित शब्दार्थ कही कही अलङ्कार रहित भएपनि काव्य हो।[७३]

विश्वनाथः रसात्मक वाक्य काव्य हो।[७४]

जगन्नाथः रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो।[७५]

उल्लेखित परिभाषा भित्र कविता पनि पर्ने हुँदा अर्थात् साहित्यको एउटा प्रमुख विधा कविता पनि भएकाले साहित्यकै सन्दर्भबाट भए पनि कविताका लक्षण र स्वरूप केलाउन आचार्यहरूले दिएको अवधारणाबाट कुनै न कुनै रूपमा सहयोग पुगेको देखिन्छ।

### ३.२.२ नेपाली साहित्यमा कविताको परिभाषा

नेपाली साहित्यका कवि, समालोचकहरूले पनि कविताको परिभाषा गरेका छन्- ती मध्ये प्रमुख परिभाषाहरू प्रस्तुत गरिन्छः

लक्ष्मीप्रसाद देवकोटा - कविता कोमलवनिता रसयति रसिकं रसेन सम्मिलिता।[७६]

यदुनाथ खनाल - कविता उत्तेजित मनोभावको प्रकाशन हो।[७७]

बालकृष्णसम - कविता भावनाको वौद्धिक कोमलता हो।[७८]

पारसमणि प्रधान - कवि कविता होस्, कविता कवि होस्

---

[७१]. डा. लुइटेल खगेन्द्रप्रसाद- नेपाली काव्य समालोचना पैरवी प्रकाशन पृष्ठ २।

[७२]. पूर्ववत्।

[७३]. पूर्ववत्।

[७४]. पूर्ववत्।

[७५]. पूर्ववत्।

[७६]. पूर्ववत्।

[७७]. पूर्ववत्।

[७८]. पूर्ववत्।

कविता तब पो हुन्छ ।

शब्द थुपारीकन के हुन्छ ?

भाक भए पो हुन्छ ।[७९]

केदारमान व्यथित - तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाय पक्रेर भावुकता चढेको नै कविता हो ।[८०]

उपर्युक्त परिभाषाहरूलाई हेर्दा संस्कृत र पश्चिमका झैं नेपाली परिभाषाकारहरूका कुनै एउटै परिभाषाले कविताको समग्र स्वरूप संरचनालाई चिनाउन नसकेको अवस्थामा यी प्रत्येक परिभाषामा युगीन प्रतिनिधित्व र कुनै न कुनै प्रकारको विशिष्टता पाइन्छ ।

### ३.२.३ पश्चिमी साहित्यमा कविताको परिभाषा

पाश्चात्य साहित्यमा पनि कवि, समालोचक एवम् चिन्तकहरूले प्राचीनकालदेखि नै कवितालाई विविध सन्दर्भमा परिभाषित गरेका छन् । पश्चिमी विद्वानहरूद्वारा समयक्रममा प्रस्तुत गरिएका कविताका विभिन्न परिभाषाहरू मध्ये केही चर्चित परिभाषाहरू यहाँ प्रस्तुत गरिएको छ:

विलियम वर्ड्स्वर्थ: शान्त क्षणमा सञ्चित अनुभवहरूबाट उत्पन्न प्रवल मनोभावनाको स्वतः स्फूर्त प्रवाह कविता हो ।[८१]

सेमुअल टेलर कलरिज: विज्ञान जस्तो सत्यको नभएर आनन्दको अनुभूति गराउन तात्कालिक उद्देश्य भएको रचना कविता हो ।[८२]

पर्सी विसी शेली: कविता कल्पनाको अभिव्यक्ति हो ।[८३]

टमस कार्लाइल: साङ्गीतिक विचारलाई कविता भनिन्छ ।[८४]

एड्गर एलेन पो: सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।[८५]

[७९]. पूर्ववत् ।

[८०]. पूर्ववत् ।

[८१]. पूर्ववत् ।

[८२]. पूर्ववत् ।

[८३]. पूर्ववत् ।

[८४]. पूर्ववत् ।

पश्चिमी विद्वानहरूका अवस्थामा संस्कृत साहित्यमा जस्तो समग्र साहित्यका लक्षण वा परिभाषाका रूपमा नभई कविता विशेष मै सीमित भएकाले पूर्वमा झैं पश्चिममा समग्र साहित्यका सन्दर्भबाटै कविताको परिभाषा खोज्नु पर्ने अवस्था छैन । अधिकांश विद्वानका परिभाषाहरू कविता विधामै केन्द्रित छन् तर ती परिभाषाले आफ्ना युगका वा परिष्कारवादी युग,स्वच्छन्दतावादी युग जस्ता विशिष्ट पक्षहरूमध्ये कल्पना/संवेग/मनोवेग/भावना वा विचार, लय वा सङ्गीत भाषिक अभिव्यक्तिगत विशिष्टता आदिलाई समन्वित गरेर समग्रमा कवितलाई चिनाउन सकिन्छ ।

संरचनागत ढङ्गले संस्कृतका, नेपालीका अङ्ग्रेजी वा पश्चिमी विद्वानले दिएका कविताको परिभाषाभित्र प्रमुख अभिलक्षणहरू निम्न लिखित देखा पर्दछन्:

१. कविता भाव, विचार वा घटनाको अभिव्यक्ति हो ।

२. कविता विशिष्ट लयात्मक हुन्छ ।

३. कविता विशिष्ट भाषिक, विधान हो ।

४. कविता विशिष्ट संरचना हो ।

## ३.२.४ कविताको वर्गीकरण

कविताका अनेक परिभाषा पाइए जस्तै यसका प्रकारमा पनि विविधता र अनेक रूपता पाइन्छ । प्राचीनकालदेखि नै पूर्व र पश्चिम दुवै तिरका काव्य शास्त्रीहरूले कवितालाई विभिन्न ढङ्गले वर्गीकरण गरेका छन् । ती प्रमुख वर्गीकरणलाई यसरी प्रस्तुत गरिएको छ ।

## ३.२.५ कविताको परम्परित वर्गीकरण

कवितलाई पूर्व र पश्चिमका विभिन्न विज्ञानहरूले अनेक प्रकारले वर्गीकरण गरेका छन् ।

**३.२.६** पूर्वीय साहित्यमा कविताको वर्गीकरण-संस्कृतमा साहित्य/काव्यलाई विभिन्न आचार्यहरूले अनेक आधारमा वर्गीकरण गरेको पाइन्छ । समग्रमा संस्कृतका आचार्यहरूले गरेको वर्गीकरण यस प्रकार छ-

---

[८५]. पूर्ववत् ।

**१. मुक्तक**

प्रभाव उत्पन्न गर्न सक्ने स्वतन्त्र एक एक श्लोकमा रचित कृतिलाई मुक्तक भनिन्छ। एउटै छन्दमा वाक्यार्थ समाप्त भएको श्लोक मुक्तक हो। पूर्वीय साहित्यमा स्फूट वा फूटकरमा युग्मक, कलापक, कुलक जस्ता कविता भेदको पनि चर्चा गरेको पाइन्छ।

**२. खण्डकाव्य**

कुनै एउटा निश्चित घटना वा भागको वर्णन भएको वा महाकाव्यका कतिपय लक्षणले युक्त प्रबन्ध काव्यलाई खण्डकाव्य भनिन्छ।[८६]

**३. महाकाव्य**

सर्गमा बाँधिएको, महान चरित्रसँग सम्बन्धित, सद्वंश, क्षत्रीय, धीरोदात्तगुण युक्त नायक भएको, इतिहास वा अन्यत्रबाट कथा वस्तु लिइएको, सज्जनमा आश्रित, ग्राम्य शब्द रहित, अलङ्कारले य्क्त पञ्चसन्धिले युक्त, सज्जनको आदर र दृष्टको निन्दा गरिएको, शैल, स्वर्ग, आग्रम, वन, वृक्ष, उद्यान, तलाउ, समुद्र, सूर्यास्त, सन्ध्या, रात्रि, युवा युवतीका क्रीडा, श्रृङ्गार, रति उत्सव, सिकार, यज्ञ-युद्ध-यात्रा विवाह, पुत्र प्राप्ति आदिको समग्र वर्णन भएको चतुवर्ग फल प्राप्तिको उद्देश्य, सबे रसको प्रयोग गरिएको, प्रसिद्धिले युक्त नायक भएको, शान्त, वीर र श्रृङ्गार रस्मध्ये एउटाअङ्गीरस र अन्य अङ्गरस हुने, प्रत्येक सर्गमा एउटै छन्द र सर्गान्तमा छन्द परिवर्तन हुने, नायकका नामबाट महाकाव्यको नामकरण गरिएको हुनुपर्ने जस्ता विशेषता हुनुपर्ने विशद् काव्य नै महाकाव्य हो। [८७]

**४.कोष काव्य**

परस्पर स्वतन्त्र अस्तित्व भएका वा एक अर्काको अपेक्षा नराख्ने श्लोक भएका काव्यलाई कोष काव्य भनिन्छ।

नेपाली काव्यमा उपर्युक्त कविता प्रकार बाहेक छुट्टै विशिष्ट प्रकारका रूपमा विदेशबाट आयात भएको हाइकु पनि रहेको छ।

---

[८६]. डा. लुईटेल, खगेन्द्रप्रसाद नेपाली काव्य समालोचना पैरवी प्रकाशनः पृष्ठ -२।

[८७]. पूर्ववत्।

## ३.३ पश्चिमी साहित्यमा कविताको वर्गीकरण

**१. महाकाव्य (Epic)**

'यो योद्धा वा वीरहरूका कार्यमा आधारित कथावस्तु, चरित्र, परिवेश आदिको वृहत प्रस्तुती भएको लामो आख्यानात्मक कविता हो । महाकाव्यमा पहिले किंवदन्ती, पुराण, लोककथा, इतिहास आदिसँग सम्बन्धित विषयवस्तु र अतिमानवीय एवम् शक्तिशाली नायकको प्रयोग पाइए पनि यसमापछि क्रमशः विविधतायुक्त प्रयोग पाइन्छ । महाकाव्य मुख्यतया रचनाकार अज्ञात भएको र श्रुति परम्परामा आधारित तथा साहित्यिक र कलात्मक महाकाव्य गरी दुई प्रकारको हुन्छ ।'[८८]

**२. प्रगीत(Lyric)**

कविको व्यैयक्तिक भावना वा विचारको संक्षिप्त प्रस्तुति भएको फुटकर कवितालाई प्रगीत वा प्रगीतात्मक कविता भनिन्छ, त्यो भावनात्मक, विषयगत, लयात्मक, काल्पनिक, वर्णनात्मक र चिन्तनमूलक हुन्छ । यो मुख्य गरी सात प्रकारका हुन्छन् ।

**(क)** **चतुर्दशवदः** लघु गुरुका पाँच चरणमा आवद्ध विशेषत चौध हरफको निश्चित स्वरूप वा संरचना भएको प्रगीतात्मक कवितालाई चतुर्दशपदी भनिन्छ ।

**(ख)** **सम्बोधन गीतः** व्यक्ति वा वस्तुलाई सम्बोधन गरी शुरु गरिने उदात्त भावना वा विचारयुक्त रचनालाई सम्बोधन गीत भनिन्छ । सम्बोधन गीत सम्बोधनात्मक, श्लोकमय, गेय, व्याख्यात्मक तथा भाव र शैलीमा औपचारिकताको अनुभूति हुने पूर्ण आकृतिको प्रगीतात्मक कविता हो ।

**(ग)** **गाधा (Ballad):** ल्याटिनमा यसको अर्थ नाच्नु भएपनि कुनै कथालाई सङ्गीत र नृत्यका साथमा प्रस्तुत गरिने रचनालाई गाथा भनिन्छ ।

**(घ)** **अनुकान्त पद्य(blank verse)**: लघु र गुरुका पाँच चरणमा अन्त्यानुप्रास विहीन ढङ्गले रचित कवितालाई अनुकान्त पद्य भनिन्छ ।

**(ङ)** **शोकगीत** **(elegy):** कुनै प्रियजन, आफन्तको मृत्युमा शोक व्यक्त गरिएको वा शोकाकूल गनस्थितिको प्रतिविम्ब भएको कवितालाई शोकगीत भनिन्छ । मर्न लागेको व्यक्ति, युद्ध, प्रेमवियोग जस्ता विषयमा पनि शोकगीतको रचना गरेको पाइन्छ ।

**(च) गीत (Song):** सङ्गीतमा आबद्ध गर्न सकिने तथा साङ्गीतिक साधन सहित वा रहित गाउन सकिने रचनालाई गीत भनिन्छ ।

---

[८८]. पूर्ववत् ।

**(छ) भजन (Lyrin):** ईश्वर वा वीरको प्रार्थना वा स्तुति/प्रशंसा गरिएको धार्मिक गीतलाई भजन भनिन्छ ।

### ३. छन्दमुक्त कविता (Prose Poem):

परम्परित छन्द, नियमित आघात पङ्क्ति वा श्लोक सङ्ख्या आदिमा नबाँधिई सहज स्वभाविक र स्वतः स्फूर्त छन्द, आघातलय र अनियमित पङक्ति योजनामा आबद्ध गद्य कवितालाई छन्द मुक्त कविता भनिन्छ । यो सामान्य गद्यको जस्तो लगातार वितरण नभई लामा छोटा अनियमित पृथक् पृथक् पङ्क्तिमा संरक्षित स्वतः लयोत्पादन हुने कविता हो । यसमा छन्द र अनुप्रासको नियोजित आयोजना नभएपनि लयात्मक र गेय गुणले युक्त छन्दोबद्ध भन्दा भिन्न रूप, ढाँचा, रूप वा संरचना भएको प्रयोगात्मक ढङ्गले ठोस/मूर्त, दृश्य आदि प्रकारका समेत रचना गर्न सकिने आधुनिक कविता हो ।

## ३.४कविताको आधुनिक वर्गीकरण

स्वयम्मा पूर्ण जीवन्त, सर्वनिष्ठ एउटा सिङ्गो संरचना तथा साहित्यको एउटा स्वतन्त्र र महत्वपूर्ण विधा मानिने कविताका संरचनात्मक प्रकार, कविता संरचनाका प्रकार वा कविताका प्रकार भन्नाले एउटै कुरालाई जनाउँछ कविताको संरचना, कविताको संरचनात्मक प्रकार वा कविताका प्रकारलाई आधुनिक ढङ्गमा निम्नलिखित तीन भागमा वर्गीकरण गरिन्छ ।

१. प्रगीतात्मक कविता

२. आख्यात्मक कविता

३. नाटकीय कविता

### १. प्रगीतात्मक कविता (Lyrical Poetry)

प्रगीतात्मक कविता भनेको संक्षिप्त विषयगत कथन, विशिष्ट कल्पना,श्रुतिमधुर, प्रभाव पार्ने खालको अभिव्यक्ति भएको रचनालाई जनाउँछ, प्रगीतात्मक कविता भनेको प्रायः लघु आयाममा कवि स्वयम्का वा अन्य व्यक्ति विशेषका वैयक्तिक आचरण, अनुभूति एवम् विचारहरूको अभिव्यक्ति गरिएको रचना हो । कविका भावना र विचारलाई आख्यान निरपेक्ष ढङ्गले संक्षेपमा अभिव्यक्ति गरिएको प्रायः छोटो कवितालाई प्रगीतात्मक कविता भनिन्छ ।

२. आख्यानात्मक कविता (Narrative Poem)

आख्यानले गद्य र पद्यमा लेखिएको कथात्मक सानो र ठूलो आयामको रचनालाई जनाउँछ । कथाकथन, चरित्र, परिवेश आदिको वर्णन विवरण भएको रचना पनि आख्यान भित्रै पर्छ । कथा भन्नु वा कुनै परिस्थिति एवम् घटनाको अन्वितिमूलक वर्णन गर्नु आख्यान हो । गद्य वा पद्यमा लेख्न सकिने आख्यान कल्पित वा सत्य घटनामा आधारित हुन सक्छ । आख्यात्मक संरचनामा आवद्ध कवितामा कथावस्तु, चरित्र, परिवेश आदिको विस्तृत एवम् व्यापक वर्णन हुन्छ । यसको कथावस्तु परम्परित प्रसिद्ध घटनामा आधारित वा कविकल्पित जुनसुकै विषय पनि हुनसक्छ । लामो संरचनामा आवद्ध आख्यात्मक कवितामा विषयवस्तु, सहभागी र परिवेशगत विविधता, कथात्मकता वा समाख्यानात्मकता, वर्णनात्मकता, प्रतिनिधि मूलकता आङ्गिक पूर्णता, घटनावलीगत अधिकता आदि निजी पहिचान वा विशेषताहरू पाइन्छन् ।

३. नाटकीय कविता (Dramatic Poetry)

सामान्य दैनिक जनजीवनमा घटित घटना वा कार्य व्यापारलाई अभिनयका साथ पात्रद्वारा रङ्गमञ्चमा प्रस्तुत गरिने सहित्यको दृश्य प्रकार नाटक हो । प्रगीतात्मक र आख्यानात्मक भन्दा भिन्न कविताको अर्को प्रकारलाई नाटकीय कविता भनिन्छ । नाटकीय कविताको सिर्जना गर्दा नाटकीय  धर्मको निर्वाहमा विशेष ध्यान दिइएको पाइए पनि यो कविता नाटक नभएर नाटकीय रूपमा लेखिएको कविता हो । नाटकीय कविताको वक्ता विशेषतः कवि स्वयम् नभएर कल्पित वा ऐतिहासिक पात्र भए पनि त्यसमा प्रस्तुत व्यक्तिमा कवि व्यक्तित्व प्रक्षेपित भएको हुन्छ र यसबाट व्यक्ति सन्दर्भ र परिस्थितिको प्रतिनिधित्व हुन सक्छ । नाटकीय कवितामा नाटकमा झैं संवादात्मक अभिव्यक्ति तथा निरन्तर रूपमा सङ्घर्षको सिर्जना गर्ने परस्पर विरोधी पक्ष वा अनुकूल-प्रतिकूल व्यक्ति, समाज, परिस्थिति तथा भावहरूका बीचमा हुने द्वन्द्व र कार्य व्यापार अपरिहार्य हुन्छ ।

## ३.५ कविताका संरचक घटकहरू

कुनै पनि कृतिलाई स्वरूपगत पूर्णता प्रदान गर्ने वा अस्तित्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने आवश्यक अङ्ग वा अवयवहरू नै त्यसका संरचक घटक वा तत्वहरू हुन् । विभिन्न

घटकहरूको पारस्परिक संयोजन र मेलबाट नै कृतिको सिङ्गो संरचना निर्माण भई त्यसले स्पष्ट अस्तित्व र आकार प्राप्त गर्छ । साहित्यको छुट्टाछुट्टै विधालाई निर्माण गर्ने निश्चित संरचक घटकहरू हुन्छन् ।

विशिष्ट लयात्मक अभिव्यक्ति मानिने संरचक घटकहरूका बारेमा पूर्व र पश्चिममा विभिन्न मत भिन्नताहरू पाइन्छन् । पूर्वीय साहित्य शास्त्रमा रसः ध्वनि, रीति, वक्रोक्ति, अलङ्कार आदिलाई काव्यतत्व मानी तिनमध्ये रीति, अलङ्कार आदिलाई बाह्य तत्व तथा रस ध्वनि आदि अनुभूतिजन्य पक्षलाई आन्तरिक तत्व भनेको पाइन्छ । त्यस्तै गरी पश्चिमी काव्य जगत्मा विषयवस्तु, भाषा शैली, छन्द, लय, बिम्ब, प्रतीक आदिलाई कविताका तत्वका रूपमा लिइएको देखिन्छ । पूर्व र पश्चिम दुवै तर्फका अध्ययन गरी समग्रमा भन्नु पर्दा कविताका संरचक घटकहरू वा आवश्यक तत्वहरू निम्नलिखित देखा पर्छन् ।

### ३.५.१ वस्तु

वस्तु जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तत्व हो । वस्तु विना कृतिको संरचना हुँदैन । कवितामा भाव वा विचार, आख्यात्मक कवितामा घटना, प्रसङग वा कथानक र नाटकीय कवितामा कार्य व्यापार वा द्वन्द्वका रूपमा वस्तुको उपस्थिति रहन्छ ।

### ३.५.२. भाव र विचार

भाव र विचार कविताको मूल वस्तु वा मूल कथ्य हो । कवितामा प्रयुक्त मूल विषयवस्तु सिर्जनाको मूल आधार यही हो । काव्य, सिर्जनाका लागि संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म मानवीय स्वभाव, अनुभूति, तात्कालिक यथार्थ वस्तुस्थिति आदि ग्रहण गर्न सकिन्छ । कविताको विषयवस्तु, त्यसको विचार वा प्रमुख भाव हो र यो नैतिक, औपदेशिक, भावात्मक, रागात्मक सौन्दर्यमूलक आदि जे पनि हुन सक्छ । यही विषयवस्तुको चयनगत स्वतन्त्रता र असीमताका कारण कवितामा पनि अनेकरूपता र विविधता पाइन्छ । कविलाई जीवन भोगाइका क्रममा जुन वस्तुले उत्प्रेरित गर्छ, त्यसै विषयमा उसले कविता सिर्जना गर्छ ।

### ३.५.३. कथानक

आख्यात्मक कृतिमा पाठकलाई ध्यानाकर्षित गर्न तथा रुचि एवम् संशय जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अन्तः सम्बन्धलाई कथानक भनिन्छ। लेखकले कृतिमा इच्छित प्रभाव प्राप्त गर्नका लागि सावधानी पूर्वक गरिएको घटनाहरूको विन्यास नै कथानक हो । कृतिको सुरुदेखि अन्त्यसम्म फैलिएर रहने कथानकले रचनाकारका वैचारिक अवधारणाको प्रस्तुततिलाई समेत जनाउँछ । कार्यव्यापारको योजना मानिने कथानकले कालक्रममा श्रृङ्खलित घटनाको विस्तालाई पनि बुझाउँछ । कृतिमा घटनावलीको योजना, रूपरेखा वा ढाँचालाई कथानक भनिन्छ। पाठकलाई उत्सुकता र संशय पैदा गराउने खालका घटना प्रसङ्ग र चरित्रको सङ्गठनलाई पनि कथानक भनिन्छ।

पश्चिमी विद्वान् एरिस्टोटल लगायतका विभिन्न विद्वानहरूले कृतिमा कथानकलाई सर्वोपरि महत्व दिएको पाइन्छ । एरिस्टोटलले कथानकलाई अतिशय नियममा आबद्ध गरेको देखिन्छ । तर अहिलेका कतिपय रचनाहरू कथानक विहीन भई चरित्र प्रधान रूपमा समेत देखापरेको पाइन्छ। यसरी अहिले कथानकलाई भन्दा चरित्रलाई बढी महत्व दिएको पाइए पनि कथानकको आवश्यकता र महत्वलाई पूरै नकार्न भने सकिएको छैन।

### ३.५.४ द्वन्द्व

परस्पर विरोधी दुई व्यक्ति, शक्ति वा परिस्थितिका बीचमा हुने सङ्घर्षलाई द्वन्द्व भनिन्छ । विशेष गरी नाटकीय र आख्यानात्मक कृतिका सहभागीहरू वा तिनका खास विरोधीहरूका बीचमा उत्पन्न परिस्थितिजन्य तनावलाई द्वन्द्व भनिन्छ। घटना विशेषमा संलग्न सहभागीहरूका बीचमा देखापर्ने सङ्घर्ष नै द्वन्द्व हो । यसलाई विशेषतः नाटकीय संरचनामा कार्यव्यापारको निर्धारण गर्ने आधारभूत तत्व मानिन्छ।

द्वन्द्वात्मक घटनाहरूले कथानकको निर्माण गर्दछन् । यसको निर्णायक विन्दु चरम हुन्छ। द्वन्द्व व्यक्ति व्यक्तिका बीचमा, व्यक्ति र समाज वा परिवेशका बीचमा, व्यक्ति र प्रकृति वा भौतिक जगत्का बीचमा, व्यक्ति र समाज वा परिवेशका बीचमा, व्यक्ति र प्रकृति वा भौतिक जगत्का बीचमा व्यक्ति र परिस्थितिका बीचमा तथा एउटै व्यक्ति विपरीत भाव वा विचारका वीचमा हुनसक्छ। यो जसजसका बीचमा भएपनि स्वाभाविक र विश्वसनीय रूपमा हुनुपर्छ।

### ३.५.५. सहभागी

साहित्यिक कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव जनावर तथा निर्जीव वस्तुहरू पनि हुनसक्छन् । साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न व्यक्ति/नामहरूलाई नै सहभागी भनिन्छ । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ ।

प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले कवितामा विभिन्न प्रकारका सहभागीहरूको प्रयोग पाइएतापनि प्रगीतात्मक कवितामा स्वैच्छिक रूपमा र अन्य दुईमा अनिवार्य रूपमा सहभागी आवश्यक हुन्छन् । आख्यानात्माक कृतिमा सहभागीहरू घटनासँग सम्बन्धित भएर आउँछन्, तर नाटकीय कृतिमा वार्तालाप तथा संवादका माध्यमबाट सहभागिता र तिनको भूमिका निर्धारित हुन्छ । यसमा पात्रको सहभागिता र तिनको भूमिका निर्धारित हुन्छ । यसमा पात्रको सहभागिता, भूमिका तथा संवादलाई सङ्गतिमूलक र स्वाभाविक रूपमा प्रस्तुत गरी वस्तुलाई गतिशील तुल्याइन्छ ।

### ३.५.६. परिवेश

साहित्यिक कृतिको कथानक र सहभागीका लागि सामान्य पृष्ठभूमि प्रदान गर्ने वा कार्यव्यापार सम्पन्न हुने स्थान वा घटनास्थल, ऐतिहासिक समय वा कथाकाल र सामाजिक पर्यावरणको संयोजनलाई नै परिवेश भनिन्छ । परिवेशले रहनसहन चालचलन, रीतिथिति, व्यवहार, प्राकृतिक, प्राकृतिक पृष्ठभूमि, वातावरणलाई बुझाउँछ । समस्त पर्यावरण समाविष्ट परिवेश अन्तर्गत स्थानीय रङ्ग वा आञ्चलिकता पनि समाहित हुन्छ ।

परिवेश भित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तुति हुनसक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न कुराहरू पैदा गर्न सक्ने सन्दर्भहरू पनि परिवेश भित्रै पर्दछन् । यस दृष्टिबाट हेर्दा परिवेशले निकै व्यापक अर्थ समेटेको देखिन्छ । प्रगीतात्मक, आख्यात्मक, नाटकीय संरचना भएका तीनै खाले कविता कृतिमा कुनै न कुनै रूपले केही न केही अंशमा परिवेश चित्रित भएकै हुन्छ । यो कतै सिधै वर्णित हुन्छ । ती तीनै खाले कृतिमा परिवेशले वस्तु र सहभागीको निर्माण गर्छ ।

प्रगीतात्मक संरचना भएको कवितामा परिवेशको वर्णन सापेक्षित रूपमा कम वा भाव सापेक्ष हुन्छ भने अन्य संरचना भएका कृतिमा यसको वर्णन व्यापक र विस्तृत हुन्छ ।

### ३.५.७ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिकै लागि रचिन्छन् । निरुद्देश्य वा निष्प्रयोजन कुनै पनि कृतिको रचना गरिएमा त्यो सार्थक नभई निरर्थक कार्य हुन्छ ।

काव्य लेखनको उद्देश्य वा प्रयोजनका बारेमा पूर्वमा भरतमुनिदेखि पश्चिममा प्लेटोदेखिका विद्वानहरूले विशेष महत्वका साथ चर्चा गरवेका छन् । दुवैतिरका विभिन्न विद्वानहरूद्वारा प्रस्तुत गरिएका काव्य धारणा सम्बन्धी प्रयोजन उस्तै उस्तै देखिन्छन् । पूर्वमा लेखकका दृष्टिबाट यश वा कीर्ति र आनन्दानुभूति तथा पाठकका दृष्टिबाट शिक्षा र आनन्दाभूति वा रसानुभूति प्रमुख प्रयोजना मानिन्छन् भने पश्चिममा लेखकका दृष्टिबाट आनन्द प्राप्ति, नीति सापेक्ष, आनन्द तथा पाठकका दृष्टिबाट आनन्द, लोकभङ्गल र शिक्षा प्रमुख प्रयोजनका रूपमा रहेका छन् ।

कविता लेखनका प्रमुख उद्देश्यहरू पनि पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूका मतमा मनोरञ्जन, शिक्षा आनन्द, लोककल्याण, यथार्थताको अभिव्यक्ति देखिन्छन् ।

### ३.५.८ दृष्टिविन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा पद्धतिलाई दृष्टिविन्दु भनिन्छ । सामान्यतया हेराइको कोण वा परिपेक्ष्यलाई जनाउने दृष्टिविन्दु कृतिको प्रस्तुती करणसँग सम्बन्धित संरचक घटक हो । कृतिकारको स्थितिलाई बुझाउने दृष्टिविन्दुले कृतिका सहभागी, कार्य व्यापार, परिवेश उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ ।

यसले कृतिलाई ठोस आकृति वा संरचनागत पूर्णता प्रदान गर्न तथा कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन मदत पुऱ्याउँछ ।

कवितमा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु उपस्थित गर्ने तरिका नै दृष्टिविन्दु हो । कृतिमा प्रथम वा तृतीय पुरुष मध्ये कुन सहभागीको केन्द्रीयतामा वस्तुको प्रस्तुति गरिएको छ र वस्तुसँग त्यसको के कस्तो सम्बन्ध छ भन्ने कुराको जानकारी दृष्टिविन्दुबाटै हुन्छ । समग्रमा दृष्टिविन्दु मूलतः प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् ।

(क) प्रथम पुरुष दृष्टिविन्दुः कृतिका समाख्याता म, हामी पात्रका माध्यमबाट समाख्यान गरिएका वा कथा भनिएमा त्यो प्रथम पुरुष दृष्टिविन्दु हुन्छ । समाख्याता प्रथम पुरुषवाचाी म, हामी भएकै कारण यसलाई प्रथम पुरुष दृष्टिविन्दु भनिएको हो । समाख्याता आख्यान भित्रै रहने हुनाले प्रथम पुरुष दृष्टिविन्दुलाई आन्तरिक, अन्तरङ्ग वा सहभागी दृष्टिविन्दु पनि भनिन्छ ।

(ख) तृतीय पुरुष दृष्टिविन्दुः कृतिको समाख्याता ऊ, त्यो, तिनी, उनी वा कुनै नामधारी पात्रका माध्यमबाट समाख्यान गरिएमा वा कथा भनिएमा त्यो तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । समाख्यानका लागि तृतीय पुरुषात्मक पात्रको प्रयोग गरिएका कारण यसलाई तृतीय पुरुष दृष्टिविन्दु मानिसको हो । यस दृष्टिविन्दुमा समाख्याता वा कथावाचक कृतिभित्र नरहेर कृतिबाहिर रहने हुँदा यसलाई बाह्य बहिरङ्ग वा असहभागी दृष्टिविन्दु पनि भनिन्छ ।

### ३.५.८ भाषाशैलीय विन्यास

सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने कामलाई विन्यास भनिन्छ । सुहाउँदिलो रूपले मिलाएर व्यवस्थित गर्ने वा योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषाशैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषा शैलीय विन्यास भनिन्छ । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका कविता कृतिमा भाषा शैलीय विन्यास अन्तर्गत आउने यी सबै एकाइहरूको व्यवस्थापन विभिन्न ढङ्गले गरिएको हुन्छ ।

## १. भाषा

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावभिव्यक्तिको सर्वप्रथम र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । कवितालाई साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगले विविधताका आधारमा विधागत विभेद जन्मन्छ । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाका माध्यमबाटै गरिए पनि कविता र अन्य गद्यविधामा प्रयोग गरिने भाषामा भिन्नता रहन्छ । शुद्ध गद्यमा भाषाको स्थूल र न्यून लयात्मक रूपको प्रयोग गरिन्छ । गद्यमा प्रयुक्त भाषा क्रमबद्ध रूपले प्रवाहित हुन्छ । गद्यमा सामान्यतया सोझो अभिव्यक्ति र व्याकरण सम्मत भाषाको प्रयोग हुन्छ भने पद्यमा विशिष्ट अभिव्यक्ति र विचलन युक्त भाषिक प्रयोग हुन्छ । गद्यको भाषा शुष्क रकठोर हुन्छ । तर कवितात्मक भाषा विशिष्ट गुणात्मक लयात्मक गुणले ओतप्रोत गद्यात्मक वा पद्यात्मक खालको सरस र सुकोमल हुन्छ ।

अन्य विधाका तुलनामा कविताको भाषा कलात्मक लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त सुगठित, गतिहीन हुनाका साथै कवितामा उच्च पयुक्तिकै प्राधान्य रहन्छ ।

## २. शैली

भाषा र शैलीका बीचमा अन्योन्यश्रित सम्बन्ध रहेको हुन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । गद्य वा पद्यमा गरिने अभिव्यक्तिको ढाँचागत अभिलक्षणलाई शैली भनिन्छ । कुनै पनि भनाइ वा काम गराइको तरिका शैली हो । कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको कृति लेखिने तरिका वा लेखकले आफ्ना भाव वा विचारलाई पाठक सामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई जनाउँछ । साहित्य सिर्जनाको अपरिहार्य संरचक घटकको एकाइ मानिने शैलीलाई भाषासँग सम्बद्ध विविध पक्षहरूको प्रयोग शंशक्ति, सुसङ्गति, एकान्विति, संरचनागत विविधता, वैचारिक श्रृङ्खलाको व्यवस्थापन र गति शैलीलाई विषयवस्तु प्रस्तुतिको ढङ्ग वा तरिका, चयन तथा संयोजन, विचलन, वैयक्तिक, भाषिक एवम् वैचारिक वैशिष्ट्य, काव्य सौन्दर्य, वितरण, कथ्य र रूप, भाषा, अर्थ, अभिव्यक्ति कौशल, व्यक्तित्व, पोशाक, व्यैक्तिक गुण आदि अनेक रूपले परिभाषित गरिएको पाइन्छ । सामान्य अर्थमा बुझ्दा साहित्यिक सन्दर्भमा भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका नै शैली हो ।

भाषिक एकाइको सौन्दर्यमूलक विन्यासद्वारा गरिने लेखकीय अभिव्यक्तिको विशिष्ट ढाँचालाई शैली भनिन्छ । लेखकले आफ्ना कृतिमा के कस्ता शब्द, वाक्य आदि भाषिक एकाइको चयन तथा के कसरी तिनको विन्यास गरी आफ्ना भाव वा विचार अभिव्यक्त गरेको छ । यीनै कराको ज्ञान शैलीको अध्ययनबाट ज्ञात हुन्छ ।

शैली व्यक्तिगत, सार्वजानिक, कृतिगत, परिस्थितिगत, औपचारिक, अनौपचारिक, आलङ्कारिक, अनलङ्कृत, कलात्मक, व्यष्टिमूलक, समष्टिमूलक वैज्ञानिक, वर्णनात्मक, विवरणात्मक, मूल्याङ्कनात्मक प्रचारात्मक, आत्मीय, वार्तालापीय, लेख्य, कथ्य, युगीन आदि हुन सक्दछन् । शैली कविताको आन्तारिक भाव सम्प्रेषित गर्ने मुख्य वस्तु हो ।

## ३. बिम्ब

बिम्ब भनेको सीमित अर्थमा बुझ्दा कुनै दृश्य चित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ । बिम्ब इन्द्रियजन्य अनुभूतिसँग सम्बद्ध भाषिक स्वरूप हो । साहित्यिक सन्दर्भमा पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने प्रायः दृश्यमान प्रभावलाई बुझाउँछ । कला र साहित्य दुवै क्षेत्रमा दृष्टिकोण वा विचारका अर्थमा पनि प्रयुक्त हुन सक्ने बिम्बले कलाकार र लेखकद्वारा प्रस्तुत विविध दृष्टिकोण वा विचारलाई समेत बुझाउँछ ।

इन्द्रियजन्य अनुभूतिको शाब्दिक प्रतिनिधित्व गर्ने तथा एक वा एक भन्दा बढी इन्द्रियद्वारा अनुभव गर्न सकिने वस्तुलाई बिम्ब भनिन्छ । यसले पाठकलाई पहिलेदेखि नै ज्ञात भएका अनुभूतिहरूको स्मरण गराउँछ । कविताको महत्वपूर्ण तत्व मानिने बिम्ब गहन एवम् भावनात्मक जटिल अनुभवहरू सम्प्रेषित गर्ने साधन हो ।

## ४. प्रतीक

कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । व्यापक अर्थमा कुनै चिजलाई सङ्केतित गर्ने जुनसुकै वस्तुलाई प्रतीक भनिन्छ । यस अर्थमा सबै शब्दहरू प्रतीक हुने । कुनै खास समुदायमा दृश्य वा शाब्दिक रूपमा कुनै वस्तुको प्रतिनिधित्व

गर्ने चिन्हलाई प्रतीक मानिन्छ । साहित्यमा चाहि कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शब्द वा पद समूहका लागि मात्र प्रतकि शब्दको प्रयोग गरिन्छ ।

प्रचलित शाब्दिक अर्थ भन्दा भिन्न वा अन्य अर्थलाई जनाउने दृश्यवस्तु वा कार्य व्यापार नै प्रतीक हुन् । प्रतीकहरू परम्परा, चालचलन, सभ्यता, संस्कृति, संस्कार एवम् नव निमार्णद्वारा निर्धारित हुन्छन् । राष्ट्रिय झण्डा देख्दा राष्ट्रियता वा देशभक्तिको भावना जागृत हुनु, कालो बिरालाले बाटो काट्दा साइत (भाग्य) बिग्रनु, काग कराउँदा शुभ वा अशुभ समाचार पाइनु, दूध वा दही भेट्दा यात्रामा साइत पर्नु आदि प्रतीक हुन् ।

बिम्ब र प्रतीकका बीचमा अन्तर देखिए तापनि यी दुई सर्वथा भिन्न र विरोधी होइनन् । विभिन्न रचनाहरूमा प्रयुक्त बिम्ब नै अधिक प्रोगको कारण प्रतीक बन्न पुगेको पनि देखिन्छ । यति हुँदाहुँदै पनि वास्तवमा बिम्ब र प्रतीक एउटै नभएर भिन्न कुरा हुन र यिनको उद्देश्य पनि फरक हुन्छ । प्रयोग क्षेत्रगत अनन्लता र विविधताका आधारमा प्रतीकलाई अनेक प्रकारका विभाजन गरिएको पाइए तापनि यसलाई परम्परिक र नव निर्मित गर मुख्य दुई प्रकारमा विभाजन गर्नु उपयुक्त हुन्छ ।

**(क) परम्परित प्रतीक**

पहिलेदेखि नै कुनै न कुनै रूपले विशिष्ट अर्थ धारणा गरी दैनिक जनजीवनमा भिजिसकेका प्रतीकलाई परम्परित प्रतीक भनिन्छ । यस्ता प्रतीकलाई सार्वजानिक वा सार्विक प्रतीक पनि मानिन्छ । परम्परित प्रतीकहरू प्रायः प्राचीन इतिहास, संस्कृति, धर्म, पुराण आदिमा प्रचलित हुन्छन् । जस्तै- छेपारो, सर्प, कालो विरालो आदिले बाटो काट्नु, काग कराउनु, सपनामा भैंसीले लखेट्नु आदिले अपसकुन जनाउँछन् भने गुलाफले सौन्दर्य, तराजुले न्याय, सिंहले बल वा साहस, परेवाले शान्ति, ढुकुरले प्रेम आदिलाई सङ्केत गर्दछन् । यसै गरी मुजुरलाई सौन्दर्यप्रतिको घमण्ड चीललाई साहसिक कार्य, सूर्योदयलाई जन्म तथा उन्नति, सूर्यास्तलाई मृत्यु वा आत्मसमर्पण एवम् अधोगति, अवनतिलाई जनाउँछ । यस प्रकारका प्रतीकहरू पहिलेदेखि नै लोक व्यवहारमा प्रचलित भइसकेकाले यिनलाई परम्परित प्रती मानिएको हो ।

### (ख) नवनिर्मित प्रतीक

साहित्यकार वा कवि विशेषद्वारा निर्मित प्रतीकलाई नवनिर्मित भनिन्छ । व्यक्ति विशेषद्वारा निर्मित हुने हुँदा यस्ता प्रतीकलई निजी र वैयक्तिक प्रतीक पनि भन्न सकिन्छ ।साहित्यिक कलाका क्षेत्रमा प्रयुक्त निजी वा वैयक्तिक प्रतकिहरू सन्दर्भ, परिवेश, संस्कृति, भाषिक प्रयोग आदिको वैविध्यका कारण व्यक्ति पिच्छे फरक फरक हुन सक्ने भएकाले ती निकै जटिल वा दुर्वोध्यि हुन सक्छन् र तिनको व्याख्या विश्लेषण गरी अर्थ्याउन कठिन हुन्छ । यो वैयक्तितक प्रतीक प्रयोगको सीमा हो । कतिपय कवितामा परम्परित प्रतीकलाई नवीन ढङ्गमा प्रयोग गरिएको पनि पाइन्छ । यस्तै प्रयोग गराइ कतिपय अभिप्रायमूलक र सार्थक हुन्छ भने कतिपय चाहिँ निरर्थक हुन्छ ।

प्रतीक प्रयोगको सबभन्दा उर्वर क्षेत्र कविता मानिन्छ । कवितामा समाज, कला संस्कृति, प्रकृति, धर्म, पुराण, इतिहास, भूगोल, राजनीति शास्त्र, दर्शन, साहित्य, विज्ञान आदि अनेक क्षेत्रका प्रतीकहरूको प्रयोग मिथकीय एवम् स्वैर कल्पनात्मक रूपले समेत गर्न सकिन्छ । कवितामा विन्यस्त प्रतीकहरूले कवितालाई कलात्मक, रागात्मक, संवेदनशील तुल्याउनाका साथै विशिष्ट अर्थ प्रदान गर्दछन् ।

### ३.५.१० लय

लय शब्दले गहन एकाग्रता, तन्मयता, विलयन सङ्गीतमा स्वरको आरोह अवरोहको विशेषक्रम, प्रवाह आदि अर्थ बोध गराउँछ । सङ्गीत र काव्यको प्राणतत्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइन्छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँछ । कवितामा वितरीत पङ्तियोजना वा वाक्यीय ढाँचाले लयोत्पादन गर्नाका साथै कविताको अर्थलाई पनि विशिष्टता प्रदान गर्दछ ।

ध्वनिको उच्चारण गर्दा उत्पादन हुने सङ्गीतिक आरोह अवरोह नै लय हो । ध्वनि ढाँचाका समान एकारहरूको नियमित वा प्रायः नियमित पुनरावृत्तिबाट लयोत्यादन हुन्छ । कवितामा लय विशेषतः छान्दिक ढाँचामा निर्भर गर्दछ । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ । कवितालाई अन्य गद्य विधाबाट पृथक तुल्याउने र तिनका बीचमा विभेदक रेखा कोर्ने काम लयले नै गर्दछ । छन्दविना कविता सिर्जना गर्न सकिए पनि

लय विना त कविताको कल्पना गर्न पनि सकिन्न । त्यसैले लयलाई कविताको विन्यास तहको अपरिहार्य र आधारभूत प्राविधिक तत्व वा घटक भनिन्छ ।

## १. छन्द

अक्षर, अक्षर सङ्ख्या एवम् क्रमशः मात्रा, गणना, यति, गति आदिसँग सम्बन्ध विशिष्ट नियमद्वारा नियोजित एवम् अनुशासित पद्य रचनालाई छन्द भनिन्छ । छन्दले अक्षर मात्रा, यति, गति, आवृत्ति आदिको गणना गरी रचिने पद्यात्मक रूप वा विशिष्ट वाक्यवृत्तलाई पनि जनाउँछ । यसले कविताको भाव र लयलाई नियमबद्ध गर्छ । निश्चित सङ्ख्याका अक्षर मात्रा, गति, यति, लय, स्वर आदिको समन्वित रूप छन्दले कवितालाई लयात्मक तुल्याउने एउटा प्रमुख साधन हो ।

छन्दमा रचित कविता निश्चित नियममा आवद्ध हुन्छ भने पद्यमा यस्तो नियमको बन्देज रहन्न काव्यको सौन्दर्यमूलक अलङ्कार समेत मानिने छन्दले कवितालाई नियमबद्ध गर्न, श्रुतिमधुर एवम् साङ्गीतिक तुल्याउन तथा काव्यात्मक अनुभूतिलाई तीव्र र सशक्त पार्न सहयोग पुऱ्याउँछ र यसलाई मूलतः पद्यको विशेषता मानिन्छ ।

छन्दोबद्ध रचना प्रायः श्लोक वा पद्यमा संरचित हुन्छ । निश्चित अक्षर वा मात्राको गणना गरी नियमबद्ध रूपमा लेखिएका चार पाउको समष्टिलाई एक श्लोक वा एक पटक भनिन्छ । चार पाउको एक श्लोकलाई पद्य व वृत्त भनिन्छ । संसकृत छन्द शास्त्रमा श्लोक वा पद्यलाई वृत्त र जाति गरी दुई भागमा बाँडेको पाइन्छ श्लोकका प्रत्येक चरणमा अक्षर वा वर्णको गणना गरी छन्दको प्रत्येक चरणमा अक्षर वा वर्णको गणना गरी छन्दको निर्धारण गरिनेलाई वृत्त र श्लोकका प्रत्येक चरणमा मात्राको गणना गरी छन्दको निर्धारण गरिनेलाई गति भनिन्छ । छन्दलाई मूलतः शास्त्रीय छन्द लोक छन्द र मुक्त छन्द गरी तीन भागमा विभाजित गर्न सकिन्छ । शास्त्रीय छन्द अन्तर्गत वार्णिक र मात्रिक छन्द पर्दछन् भने मुक्त छन्द अन्तर्गत गद्य कविता पर्दछ । लोक छन्द अन्तर्गत झ्याउरे, बालुन, सवाई, सङ्गिनी, सेलो, मालसिरी आदि पर्दछन् भने मुक्त छन्द अन्तर्गत गद्य कविता पर्दछ । शास्त्रीय छन्द र लोक छन्द धेरै पहिलेदेखि प्रचलित अवधारणा हुन् भने मुक्त छन्द निकै पछिदेखि विकसित भएको मान्यता हो ।

## २. अलङ्कार

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो । सुन चाँदीका गहनाले मानव शरीरको शोभा बढाउँछ भने भाषाको गहना मानिने अलङकारले साहित्य (कविता)को सौन्दर्य बढाउँछ । कवितामा अलङ्कारहरूको विशिष्ट भूमिका रहन्छ । यसले कवितालाई लयात्मक तुल्याउन र भाव सौन्दर्यको अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ । यसका साथै अलङ्कारले कवितालाई चमत्कृत, सौन्दर्यपूर्ण, आकर्षक र प्रभावशाली तुल्याउने काम गर्छ । काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार भनिन्छ । हार आदि आभूषणले मानिसका शरीरका कण्ठ आदि अङ्गलाई सौन्दर्यबर्द्धक तुल्यास झैं शब्द र अर्थका अस्थिर धर्म मानिने उपमावि अलङ्कारहरूले काव्यकावे शोभा वा सौन्दर्य बढाउँछन् । यसर्थ मानिसका कटक, कुण्डल आदि आभूषण जस्तै शब्द र अर्थको अलङ्कारलाई काव्यको आभूषण मानिन्छ ।

कवितामा लयोत्पादन गर्न अलङ्कारले महत्वपूर्ण भूमिका खेल्दछ । अलङ्कारका प्रमुख दुई भेद मध्ये शब्दालङ्कारले कवितामा बाह्यलय पैदा गर्छ भने अर्थालिङ्कारले आन्तरिक लय पैदा गर्छ । छन्दोबद्ध वा छन्दयुक्त कवितामा लयोत्पादन गर्न र लयलाई सौन्दर्यमूलक तुल्याउन शब्दलङ्कारको प्रमुख भेद अनुप्रास अलङ्कारको विशेष भूमिका रहन्छ । साहित्य सिद्धान्त अनुसार पद वा पदावली भित्र समान ध्वनि भएका एक वा अनेक वर्णको बारम्बार पुनराबृत्ति हुने शब्दालङ्कारको एउटा प्रमुख भेदलाई अनुप्रास लाटानुप्रास, अन्त्यानुप्रास आदि भेदहरू मध्ये कवितालाई लयात्मक तुल्याउन अन्त्यानुप्रासको उल्लेखनीय भूमिका रहन्छ । कवितालाई सुशोभित गर्ने र लयात्मक तुल्याउन सहयोग पुऱ्याउने अनुप्रासको आयोजना पद्य कवितामा नियोजित रूपमा गरिन्छ भने गद्य कवितामा यसको विन्यास सहज, स्वाभाविक र स्वतः स्फूर्त रूपमा हुन्छ ।

माथि प्रस्तुत गरिएका कविताका संरचक घटकहरूले कवितालाई पूर्ण, जीवन्त र स्वनिष्ठ संरचना प्रदान गर्दछन् । कवितालाई अस्तित्व प्रदान गर्ने समग्र संरचक घटकहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## ३.६'विरही' अधिकारीको साहित्यिक यात्रा, प्रवृत्तिहरू र कृतित्वको अध्ययन

### ३.६.१ साहित्यिक यात्रा

### १. चरण विभाजन

विद्यार्थी जीवनदेखि नै साहित्यप्रति विशेष रुचि राख्ने 'विरही'का वि.सं. २०३३ भन्दा अघिका कविताहरू संरक्षण हुन नसकेको उनीसँग भेटवार्ताबाट थाहा पाइन्छ । बाल्यकालदेखि नै कविता लेखनतर्फ उन्मुख 'विरही'ले आजका दिनसम्म पनि लेखन कार्यलाई निरन्तरता दिइरहेका छन् । उनको साहित्यिक यात्रा वि.सं. २०३३ मा 'मेरो जन्मस्थल' कविताबाट नै औपचारिक लेखनको शुरुवात भएको पाइन्छ । त्यस पछिका कविताहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित हुँदै आएका देखिन्छन् । उनका ती फुटकर कविताहरू 'मुटु रोपिएको कथा' (कविता सङ्ग्रहः २०३८) मा सङ्ग्रहित छन् । यसरी कविता विधाबाट साहित्यिक यात्रा शुरु गरेका 'विरही'का साहित्यिक यात्राले तीन दशक भन्दा लामो समय (लगभग-३५ वर्ष) पूरा गरिसकेका छन् । कमजोर आर्थिक अवस्थाले शिक्षण पेशामा लागेका 'विरही'ले साहित्य लेखनको अभिरुचिलाई पनिसँगै लिएर हिँडेका छन् । उनको साहित्यिक यात्रालाई अध्ययन गर्दा प्रकाशित कविता सङ्ग्रह, कविताको मझौंला रूप र आख्यान तर्फको अग्रसरतालाई आधार बनाइएको छ । साहित्यका विभिन्न विधामा कलम चलाउने 'विरही' नेपाली साहित्यको भण्डार भर्ने अमर साधक हुन् । उनको साहित्यिक यात्राले विभिन्न चरण एवम् मोड पार गर्दै आएका छन् । 'विरही' को साहित्यिक यात्रालाई विभाजन गर्दा प्रकाशित रचनालाई पहिलो आधार मान्न सकिन्छ । यस समयावधिको उनको सर्जक व्यक्तित्व कविता, उपन्यास नाटक जस्ता विधामा विस्तारित भएको छ । उनको साहित्यिक यात्रालाई चरण विभाजन गर्दा अभ्यास तथा रचना प्रकाशन, सङ्ग्रह प्रकाशन, भाषाशैली, विधागत विस्तार, लेखन प्रौढता तथा उर्वरतालाई आधार मान्दा मोटामोटी रूपमा तीन चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण (वि.सं. २०३३-२०३८)

(ख) द्वितीय चरण (वि.सं. २०३९-२०५७)

(ग) तृतीय चरण (वि.सं. २०५८ देखि अहिलेसम्म)

**(क) प्रथम चरण (२०३३-२०३८)**

'विरही'को साहित्यिक यात्रा कविता विधाबाट शुरु भएको पाइन्छ । उनलाई बाल्यकालदेखि नै साहित्यप्रति मोह रहेको उनीसँगको कुराकानीबाट ज्ञात हुन्छ । केही फुटकर कविता लेखे पनि वि.स. २०३३ भन्दा अधिका कुनै पनि रचना आफूसँग सुरक्षित नरहेको 'विरही' बताउँछन् । उनको वि.स. २०३३ मा प्रकाशित 'मेरो जन्मस्थल' कविताबाटै 'विरही'को साहित्य यात्रा शुरु भएको हो । 'विरही' का प्रथम चरणमा (वि.सं. २०३८ सम्म) रचिएका कविताहरू अभ्यासकालीन देखिन्छन् । यस चरणमा लेखिएका कविताहरू 'मुटु रोपिएको कथा' मा सङ्कलित छन् । यस कविता सङ्ग्रहमा जम्मा ४१ वटा कविताहरू सङ्ग्रहित छन् । यी सबै कविताहरूगद्य लयमा रचिएको पाइन्छ । भाषा शैलीका दृष्टिले सरल एवम् सुबोध्य छन् । तत्सम शब्दको अधिकता पाइन्छ । वर्णविन्यासमा कमजोरी छ । कविताले एउटै भाव प्रवाहित गर्न सकेको र्छैन । तर पनि कविताले प्रगतिशील स्वर, राष्ट्रप्रेम, जातिप्रेम, व्यङ्ग्य, प्रकृति चित्रण एवम् क्रान्ति चेतलाई प्रखर रूपमा उठाएको छ ।

कविताको अङ्कुरणकालीन साहित्यिक यात्राको प्रथम चरणले नै 'विरही' को साहित्यिक यात्राको सन्झ्यालबाट चियाउने काम गरेको हो । विहानीले दिउँसोलाई देखाउँछ भने झैं उनी भविष्यमा एक सफल साहित्यकार बन्ने सङ्केत यस चरणमा पाइन्छ । यस कविता सङ्ग्रह भित्रका कविताले नेपाली जनताका पीर, व्यथा, निराशा र पीडाहरूको आवाजले यस कविता सङ्ग्रहलाई उच्च बनाएको छ ।

### (ख) द्वितीय चरण (वि.स. २०३९-२०५७)

कवि 'विरही' को साहित्यिक यात्राको द्वितीय चरण वि.सं. २०३९ देखि २०५७ सम्मलाई मान्न सकिन्छ । वि.सं. २०५७ मा प्रकाशित 'विकृति र मान्छे' 'विसङ्गतिको क्षेप्यास्त्र' (रक्सी महात्मय) 'इन्द्रेणी' (प्रकृति काव्य) ले दोस्रो चरणलाई छुटयाउने काम गरेका छन् । प्रथम चरणमा 'विरही' मूलतः मुक्तक र फुटकर कविता लेखनमा सक्रिय देखिन्छन् । उनी गद्य कविताबाटै साहित्यिक यात्राको शुरुवात गर्दछन् । दोस्रो चरणमा आइपुग्दा 'विरही' भाव भाषाशैली, लय संरचना आदिमा खारिएर देखापरेका छन् । उनले यस चरणमा कविताको मझौंला रूपको यात्रा पनि पूरा गरेका छन् । एकातिर कविता सामाजिक विकृति विसङगतिलाई चिर्ने धारिला अस्त्र भएका छन् भने अर्कातिर प्रकृतिको चित्रणमा त्यत्तिकै अगाडि आएका छन् । यो चरण विरहीको सङ्ख्यात्मक र गुणात्मक दृष्टिले पनि पहिलो भन्दा निकै उर्वर रहेको छ । यस चरणका कविताहरू मुक्तकदेखि फुटकर हुँदै खण्डकाव्यको आयामसम्म फैलिएका छन् । यो

चरणमा उनले गद्य र पद्य दुवै लयमा कविता लेखेका छन् । प्रजातन्त्रको प्राप्ति र त्यसको दुरूप्रयोगले उनको हृदय छिया छिया बनेको देखिन्छ । यहाँ अग्रजहरूको अपहेलना गरिएको, रोजगार नपाएर सयौं नेपाली विदेशीको पाउ मोल्न संसारका धेरै देशमा गएर दुःखपूर्ण जीवन बिताउन विवश भएको कारुणिकतालाई 'विकृति र मान्छे' भित्रका कविताहरूले मार्मिक रूपमा चित्रण गरेका छन् । यस चरणका 'विरही'का उत्कृष्ट फुटकर कविताहरूमा 'आँसुको श्रद्धाञ्जली', 'विकृति र मान्छे' 'सगरमाथा साक्षी बक्नुपर्छ', 'छोरालाई चिठ्ठी साउदी अरेबियाबाट', 'बहिनीलाई चिठ्ठी', 'नेपाल आमा' आदि रहेका छन् । उनको जीवनको हालसम्मको ठूलो उपलब्धि 'विसङ्गतिको क्षेप्यास्त्र' (रक्सी महात्म्य) नै हो । यसले रक्सीको दुनियाँमा ठूलो हलचल मच्चाउनुको साथै सामाजिक विकृतिप्रति तीखो व्यङ्ग्यवाण प्रहार गरेको छ । 'विरही' व्यङ्ग्य विद्रोही कवि मात्र होइनन् । प्रकृति चित्रणको मनमोहकतामा हराउने प्रकृति प्रेमी कवि पनि हुन् भन्ने कुराको पुष्टि उनको 'इन्द्रेणी' (प्रकृति काव्य) ले पुष्टि गरेको छ । यो प्रकृतिकाव्य पनि कवि 'विरही'को यसै चरणको प्राप्ति हो ।

**(ग)तृतीय चरण (२०५८ देखि अहिलेसम्म)**

'विरही' अधिकारीको साहित्य यात्राको तेस्रो चरणमा आख्यानकार व्यक्तित्वको रूपमा देखा परेको छ । उनको एकमात्र प्रकाशनोन्मुख उपन्यास 'बारुदको गन्ध' रहेको छ । यसमा उपन्यासकार 'विरही'ले नेपालको पञ्चायतकालीन काल रात्रिमा घटेका छिन्ताङ हत्याकाण्ड पिश्कर हत्याकाण्ड, रमाइलो झोडाकाण्ड आदिमा नेपाली जनता माथि गरिएको दमनको स्पष्ट रूपरेखा यस उपन्यासमा कोरिएको छ। त्यसै गरी यस चरणमा उनको 'प्रतिबिम्ब बोल्छ' (कथा सङ्ग्रह) प्रकाशित भएको छ । यस कथा भित्र १९ वटा कथाहरू सङ्कलित रहेका छन् । तत्कालीन प्रगतिशील लेखक संघका उपाध्यक्ष के.पी. ढकालले 'बोलीमा लोली मिलाउँदा' शीर्षक दिएर सङ्ग्रहको कथा सङ्ग्रहको सार खिच्ने काम गरेका छन् । यस कथामा कथाकार 'विरही' ले आफ्नो प्रगतिशील स्वरलाई नै उजागर गरेका छन् । यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरूले सामाजिक अन्धविश्वास, गरिबी जस्ता कुराहरू कुप्रवृत्ति, कुसंस्कारलाई जोड दिइएको छ । यो उनको कथा यात्राको पहिलो चरण हो ।

'विरही' अधिकारीको साहित्यिक यात्राको तेस्रो चरण आख्यान तर्फ लम्केको छ । समाजका असामाजिक पक्ष माथि उनले कथारूपी धारिला हतियार प्रहार गरेका छन् । उनको

साहित्य यात्राले वर्तमान समयमा पनि विश्राम लिएको छैन । आगतमा चौथो चरणका रूपमा पनि अध्ययन गर्न सकिन्छ ।

### ३.६.२ कवि 'विरही' का काव्य प्रवृत्तिहरु

वि.सं. २०३३ भन्दा अघि देखि नै नेपाली साहित्यको सेवामा समर्पित विरहीले अहिलेसम्ममा साढे तीन दशक समय साहित्यिक उन्नयनमा बिताइ सकेका छन् । नेपाली साहित्यको सेवा यात्राको पूर्वार्ध चरणमा कविता लेखन तर्फ आकृष्ट देखिएका 'विरही' को साहित्यिक उत्तरार्ध चरणमा उनको कलम आख्यान तर्फ पनि सल्बलाएको देखिन्छ । जसको ज्वलन्त उदाहरण 'प्रतिबिम्ब बोल्छ । (कथा सङ्ग्रह) र बारुदको गन्ध (अप्रकाशित उपन्यास) रहेका छन् । उनको साहित्यिक प्रवृत्तिलाई समग्र उनका कृतिगत आधारमा नै हेर्नु पर्ने हुन्छ । जसमा मूल प्रवृत्तिहरूलाई मात्र यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

### १. सामाजिकता

कुनैपनि साहित्यकार सामाजिक परिवेश भन्दा बाहिर जान सक्दैन किनकि ऊ पनि समाज भित्रकै एउटा सदस्य हो । कवि 'विरही' का कविताले नेपाली समाज भित्र रहेका गरिबी, शोषण, अशिक्षा, अन्धविश्वासलाई उखेलेर त्यसका स्थानमा नयाँ मूल्य र मान्यताको एवम् न्याय प्रेमी, समानता मूलक समाजको बस्ती बसाउँन चाहन्छन् । उनका कवितामा नारी समस्या, राजनीतिमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, स्वाभिमानी नेपालीले विदेशमा भोग्नु परेका अथाह पीडा, खाडी देशमा नेपाली नारीले व्यतीत गर्नु परेका क्रन्दनका विषयमा कविले आफ्नो लेखनीलाई बेजोड रूपमा उठाएका छन् । उनका यस्ता कविताहरूमा 'मुटु रेटिएको कथा' 'अन्धकारमा हराएको इतिहास', 'एक अभिषप्तता भित्र यौटी बहुलाही', 'भित्तामा टाँगिएको तस्वीर', 'यहाँ यौटा मानवता रुन्छ', 'विकृति र मान्छे', 'म मन्दिरको पूँजारी हुँ', 'म बटुवा' आदि फुटकर कविता र विसङ्गतिको क्षेप्यास्त्र', खण्डकाव्यले नेपाली समाजको जीवन्त तस्वीर खिचेका छन् । उनी मानव मात्रलाई वर्गीय समानताको दृष्टिले हेर्दछन् । नेपाली समाजको वास्तविक चित्र खिच्ने शसक्त हस्ताक्षर कवि 'विरही'ले नेपाली समाजको कथा व्यथा देखाएकाले उनी सामाजिक कवि हुन् । त्यसैले उनका कवितामा सामाजिकता पाइन्छ ।

### २. प्रगतिशील चिन्तन

कवि 'विरीही' अधिकारीको अर्को महत्वपूर्ण विशेषता भनेको प्रगतिशील चिन्तन हो । विद्यार्थी जीवनदेखि नै असमानताका विरुद्धमा आक्रोश व्यक्त गर्ने कवि माक्सवाद, लेनिनवाद तथा माओ विचार धारा्बाट प्रभावित बनेका देखिन्छन् । समाजका आर्थिक, सांस्कृतिक, धार्मिक, राजनीतिक आदि क्षेत्रमा देखिएका गलत प्रवृत्तिमाथि उनी खनिएका छन् । असमान (असमान) आर्थिक अवस्था, शिक्षाकोा अभाव जस्ता पक्षमाथि औला ठड्याउदै समतामूलक समाजको स्थापना गर्न उनी हतारिएका छन् । बोल्ने, लेख्ने, खाने, पढ्ने जस्ता उच्च वर्गले निम्न वर्गलाई गरेको अन्याय, अत्याचारप्रति चिन्तित बन्दै समान अधिकारका लागि लड्न कवि 'विरही' तल्लीन छन् । उनी गाँस, बास खोसिएका सर्वहारा वर्गका पक्षमा तथा चुसाहा वर्गका विरुद्धमा अरिङ्गाल बनी खनिन्छन् । श्रमजीवी मानिस भोकै मर्नुपर्ने तर भ्रष्टचारीहरू अजीर्णताले मर्ने असमानताप्रति कविको रोष छ । आजको वैज्ञानिक युगमा नेपाली जनता धामी झाँक्री, बोक्सीको अन्धविश्वासमा देवी देवता पूजा गर्दै अन्ध विश्वासमा बाँचिरहेका छन् । यस्ता अन्ध विश्वासपूर्ण संस्कारको जरै उखेल्नु पर्ने कविको आग्रह छ । निम्नवर्गीय नेपाली जनताले भोगेका दुःख, कष्ट, अन्याय, अत्याचारको अन्त्य क्रान्तिबाट मात्र सम्भव छ भन्दै निम्नस्तरका जनतालाई क्रान्तिको आह्वान गरेका छन् ।

उनका प्रगतिशील स्वर बोकेका कविताहरमा 'विकृति र मान्छे', 'युवाहरूप्रति सन्देश', 'छोरालाई चिठ्ठी साउदी अरेबियाबाट', 'स्वाभिमान', 'नव वर्ष', 'मुटु रेटिएको कथा', 'मेरो कामना', 'शान्तिवाद एक स्थिति', जस्ता कवितामा प्रगतिशील स्वर अभिव्यक्त भएको पाइन्छ । उनका कवितालाई हेर्दा उनी न्यायपूर्ण समाजको स्थापनाका लड्ने कलमी योद्धा हुन् । आर्थिक असमानता, वर्गीय विभेदता, धार्मिक तथा सांस्कृतिक आडम्बर जस्ता नराम्रा पक्षमाथि जाइलाग्ने र सुन्दर समतामूलक समाजको स्थापना गर्न उनका कृतिले महत्वपूर्ण भूमिका निर्वाह गरेकाले उनको एक महत्वपूर्ण प्रवृत्ति हो । उनका काव्यमा प्रगतिशीलताको उद्बोधनको अभिव्यक्ति पाइन्छ ।

## ३. व्यङ्ग्य विद्रोही स्वभाव

'विरही' अधिकारीका काव्य प्रवृत्तिहरू मध्ये व्यङ्ग्य विद्रोही स्वभाव एक महत्वपूर्ण प्रवृत्ति हो । उनका रचनामा कतै न कतै व्यङ्ग्यात्मकता रहेको हुन्छ । उनी नाममा 'विरही' भए पनि साहित्यमा विद्रोही भएर उत्रिएका छन् । समाजमा जरो गाडेर बसेका थोत्रा आडम्बरहरूप्रति व्यङ्ग्यको झटारो प्रहार गर्दै 'विरही' राँको बालेर ध्वस्त पार्न अग्रसर

देखिन्छन् । 'मुटु रोपिएको कथा' कविता सङ्ग्रहबाटै पलाएको 'विरही'को व्यङ्ग्य धर्मिता 'विकृति र मान्छे','कविता सङ्ग्रह र विसङ्गतिको क्षेप्यास्त्र' मा आइपुगेरेर सशक्त बनेको छ । 'विसङ्गतिको क्षेप्यास्त्र' मा आएको व्यङ्ग्य प्रहारलाई नकुलकाजीले कान्तिपुर दैनिक (४ फागुन २०५७) मा 'झापाको साहित्यिक सक्रियता' शीर्षकमा यसरी टिप्पणी गरेको छन् । "काव्यको हरेक पङ्तिमा पाइने जीवन्त व्यङ्ग्य प्रहार हेर्दा यस्तो लाग्दछ मानौं कविले आफ्नै हार्दिक अनुभूति शब्दमा उतारेका छन् ।"[८९]

उक्त काव्यकै क्षेप्यास्त्रको यो अदम्य प्रक्षेपणको भूमिकामा नकुलकाजीले 'विरही' मा रहेको व्यङ्ग्य प्रवृत्तिलाई यसरी टिप्पणी गरेका छन्- 'वाफ रे वाफ ! रक्सीको दुनियाँमाथि यो क्षेप्यास्त्रको यो भयानक प्रक्षेपण ! म के व्यङ्ग्य लेख्दो रहेछु व्यङ्ग्य त यो पो हो ।'[९०]'विरही' अधिकारी आफ्ना कवितामा समाजका आर्थिक राजनैतिक धार्मिक, सांस्कृतिक, शैक्षिक हरेक फाँटमा देखिएका विकृति र विसङ्गतिप्रति सङ्ग्रह भरि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएका छन् अनि तिनीहरूप्रति विद्रोह सल्काउन अगाडि बढेका छन् । उनका 'विकृति र मान्छे', 'कविता ठप्प रोकिन्छ', 'मानव अधिकार', 'विसङ्गति, 'लाटो मान्छे जस्तै छ यो कविता', 'म मन्दिरको पुजारी हुँ', 'यस्तै छ मेरो इतिहास', 'भित्तामा टाँगिएको तस्वीर', 'मूल', 'यौटा अभिषप्तता भित्र यौटी बहुलाही', 'अन्धकारमा हराएको इतिहास', परिस्थिति, 'मलाई हेरेर हाँस्नेहरू' आदि जस्ता कविताहरूले समसामयिक मानव समाजमा रहेका हरेक पक्षका कमजोरीप्रति व्यङ्ग्यात्मक भावहरू आएकाले उनको व्यङ्ग्य तथा विद्रोही स्वभाव महत्वपूर्ण प्रवृत्ति हो भन्न सकिन्छ ।

## ४. राष्ट्र प्रेम

कवि 'विरही' को अर्को काव्य प्रवृत्ति राष्ट्र प्रेम हो । उनका कविताहरू राष्ट्र प्रेमको भावनाले ओतप्रोत भएका छन् । कवितपय कवितामा कवि राष्ट्रभावको गान गाएर खशी भएका छन् भने कुनै कवितामा राष्ट्र र जनतामाथि भएका बाह्य आक्रमणको प्रतिकारमा डटेर लड्न समेत आग्रह गरेका छन् । आफ्नो राष्ट्रमाथि हाँक दिइएको, सिमानाका खम्बा सारिएको, साना साना निहुँमा धावा बोलिएको सन्दर्भलाई राष्ट्रभक्त नेपाल आमाका सपूतहरूले मूक दर्शक बनेर बस्न नहुने तर्क कविले दिएका छन् । 'वम र बारुदले प्रतिकार गर्न नसके पनि शब्दरूपी वाण

[८९]. नकुल काजी पूर्ववत् ।

[९०]. पूर्ववत् ।

यस्तो अवस्थामा देशको स्वाधीनताको रक्षा गर्ने अठोट उमार्न कवि आग्रह गर्छन् । नेपाललाई घृणा र व्यङ्ग्य गर्नेप्रति कविको रोष छ । उनी वैदेशिक रोजगारीका लागि साउदी अरब पुग्दा रचिएका कविताले त उनलाई नेपाल आमाको स्नेहिलो काख सम्भाएर रुवाएको छ ।

उनका 'छोरालाई चिठी साउदी अरेवियाबाट', 'मेरो देश', 'नेपाल आमा', 'मेरो जन्मस्थल', 'म नेपाली', 'यो देश मेरो पनि हो', 'लाटो' आदि कवितामा राष्ट्रप्रेमका भावना निथ्रुक्क भएर भिजेका छन् ।

## ५. प्रकृति चित्रण

प्रकृति चित्रण कवि 'विरही' को महत्वपूर्ण विशेषता हो । कविको शैशवकालदेखि नै आफ्नो जन्मस्थल धनकुटाका हरियारी वनजङ्गल, चराहरूको चिरबिर, अरुण नदीको कलकल ध्वनि कहिल्यै नमेटिने गरी छाप लागेको आभास हुन्छ । देशका धेरै ठाउँमा घुमेर प्राकृतिक दृश्यको अवलोकन गरेका कवि 'विरही'ले त्यसलाई आफ्ना रचनाका सुन्दर ढङ्गले उतारेका छन् । उनको 'मेरो जन्मस्थल', 'रोइरहेकी प्रकृति', 'नेपाल आमा', 'मेरो देश' आदि कवितामा प्रकृति चित्रण मनमोहक ढङ्गले गरिएको छ । उनको 'इन्द्रेणी' खण्डकाव्य त प्रकृति काव्य नै हो । यस काव्यमा राष्ट्रिय प्रकृतिको चित्रण गरेर नेपाललाई विश्वकै वगैंचाको रूपमा चिनाउने प्रयास गरेका छन् । यहाँका हिमाल, नदीनाला, खोला पहरा, छहरा, छाँगा, पशुपक्षी वनजङ्गल, धानका फाँटहरू आदि पक्षलाई कविले जीवन्तरूपले कवितामा उतारेका छन् । उनको काव्यमा प्रकृति चित्रणको प्रभाव कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि देवकोटा, कवि माधव घिमिरे आदिको प्रभाव रहेको अनुभूति हुन्छ ।

कवि 'विरही' प्रकृति चित्रणको शसक्त कवि भएकाले प्रकृति चित्रण गर्दै 'इन्द्रेणी' काव्यको दुई 'शब्द' शीर्षक भूमिकामा साहित्यकार डा. हृषीकेश उपाध्यायले यस्तो चित्रण गरेका छन् । यसरी प्रकृति चित्रणका पूजारी कवि 'विरही'को प्रकृतिकाव्य पूरै आफ्नो कलेवरभरि प्रकृतिसँग बोलेको छ, हाँसेको छ, खेलेको छ, प्रकृतिलाई अङ्कमाल गरेर अपूर्व आनन्द विभोर भएर भावा तिरेकको उत्ताल तलङ्गमा पौडिन पुगेको छ । अनन्तोगत्वा कवि माधव घिमिरेको प्रकृति चित्रणको अनुयायी बन्न पुगेको हो कि भन्ने भान पार्न पनि पछि परेका छैनन् ।

यसरी 'विरही' का काव्य प्रकृतिलाई नियाल्दा प्रकृति चित्रण महत्वपूर्ण प्रवृत्तिका रूपमा देखा पर्छ ।

## ६. क्रान्ति चेतना

'विरही' अधिकारीका धेरै कविताहरूले उनमा रहेको क्रान्ति चेतनालाई उजागर गरेका छन् । उनले वि.सं. २०४६ को जनआन्दोलन भन्दा अगाडिका कविताहरूमा प्रजातन्त्रका लागि क्रान्तिको आह्वान गरेका छन् । २०४६ सालको परिवर्तन पछि पनि जनताका समस्या जस्ताको तस्तै रहेका प्रजातन्त्रका नाममा भ्रष्टाचार, नातावाद, कृपावाद मौलाएकोले कवि जनताको सच्चा प्रजातन्त्रको आह्वान गर्छन् । जुन क्रान्तिले आमूल परिवर्तनको ढोका खोलिदिन्छ, त्यस्तो क्रान्ति ल्याउनू पर्छ भन्ने कविको आग्रह छ । उनका 'मुटु रोपिएको कथा' कविता सङ्ग्रह भित्रका 'यहाँ युद्ध हुन्छ रे', 'म', 'शान्तिवाद एक स्थिति' र 'विकृति र मान्छे', 'छोरालाई चिठी साउदी अरेवियाबाट' आदि कविताहरूमा क्रान्ति चेत सल्बलाएको छ । कविको क्रान्ति चेतना प्रकट भएका कविताका केही पङ्क्तिहरू यस्ता रहेका छन्:

'खबरदार'
रगतको मूल्य खोसिएला
निरङ्कुशताको कठालो समातेर पछार्नु ।
आँसु झारेर पलायनताको बाटो हिडौंला
निर्भीक भएर सफलताको लक्ष्यमा डट्नु
तिम्रो अभिवादन रोगाएको देशलाई होस्
नाङ्गो परिवेशलाई होस् ।[९१]

मार्क्सवादी दर्शनलाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा शिरोधार्य गर्ने 'विरही' मार्क्सवादी अस्त्रले पुरानो राज्य सत्तालाई फालेर नयाँ समतामूलक न्यायप्रेमी समाजको स्थापनाका लागि साहित्यिक अस्त्र लिएर जुट्छन् ।

## ७. जाति प्रेम

[९१]. अधिकारी विरही: विकृति र मान्छे पृष्ट ६० ।

'विरही' अधिकारीका कविताहरूमा जाति प्रेमका भावहरू पनि आएका छन् । उनले आफ्ना कवितामा जातीय गुणगान गाएइका छन् । जातीय स्वाभिमान एवम् वीरताको गाथा गाउनु कवि 'विरही' को काव्यगत प्रवृत्ति हो । नेपाली जातिले विदेशका कुना कुनामा दुःख पाएको स्थितिले कविको हृदय रोएको छ । आज हजारौं नेपाली रोग, भोक र शोकको शिकार बनेका छन् । तिनको पीडा बुझिदिने कसले ? अनि आफू आफैंमा हानाहान गरी वाद र प्रणालीका नाममा युद्ध छेडेका छन् । कविलाई यस घट्नाले पनि दुःखी बनाएको छ । जे होस् यही भावले उनका 'हृदय जलेको छ' फाटेको छ, कविता मार्फत व्यक्त हुन पुगको छ ।

## ८. नैराश्यता

'विरही'का कवितामा नैराश्यता पनि पाइन्छ । लड्दा लड्दै थाकेको योद्धामा झैं जनाताका समस्या समाधान होइन झन् मुस्लो बनेर जाँदा, देश र जनता माथि खतरा बढ्दा, प्रजातन्त्रका नाममा बन्दूकको किनबेच गरिन्छ । न्याय प्रेमीलाई बन्दुकले सत्कार गरिन्छ । उनका यस्ता नैराश्यपूर्ण कविताहरूमा 'यौटा पत्र, अन्तिम स्मरण', 'जिन्दगी', 'व्यक्तित्व', चिहान भित्रको मान्छे', 'हत्यारा', युद्धको विभीषिकाबाट', 'यथार्थता', 'समय', 'म देश दुःखेर बाँचेको छु', 'म मृत्यु ओढेर निदाउँछु' आदि कविताहरूमा निराशाका वेदना र कुण्ठाहरू पोखिएका छन् । त्यसैले नैराश्यता पनि उनको काव्यगत प्रवृत्ति हो ।

## ९. अग्रजहरूको सम्झना गर्नु

'विरही' का कुनै कविताहरूले अग्रजप्रति श्रद्धाञ्जली चढाएका छन् । उनका आँसुका श्रद्धाञ्जली 'सगरमाथा साक्षी बक्नु पर्छ', 'नेपाली भाषा र भानुभक्त जस्ता कवितहरूमा हाम्रा वीर योद्धाहरू' शान्तिका अग्रदूत बुद्धको सम्झना गरिएको छ ।

## १० लयगत प्रवृत्ति

'विरही' अधिकारी आधुनिक कवि हुन् । उनी एउटा सफल कवि भएकाले उनले गद्य र पद्य दुवै लयलाई कवितमा भित्र्याएका छन् । उनका अधिकांश फुटकर कविता गद्यमा रचना भएका छन् भने केही फुटकर कविता र दुई खण्डकाव्यहरू पद्यमा रचना भएका छन् । पद्यमा उनले शार्दुलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप जस्ता वर्णमात्रिक छन्द लहरीलाई प्रयोग गरेका छन् । भने गद्य कवितालाई अत्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास जस्ता शब्द अलङ्कारको

प्रयोगले लयात्मक बनाएका छन् । यसरी गद्य तथा पद्य दुवै क्षेत्रमा कविता रचना गर्नु र लयविधानमा ध्यान दिनु पनि कविको विशेषता हो ।

### ११. शिल्पगत प्रवृत्ति

कविता तथा काव्यलाई सफल बनाउन 'विरही'ले शिल्प सज्जामा पनि होसियारी अपनाएका छन् । कवितामा शब्द तथा अर्थ दुवै अलङ्कारको प्रयोग बिम्ब र प्रतीकको समुचित प्रयोग गर्नु लामामा ९६ र छोटामा ५ पङ्तिसम्मका फुटकर कविता र मुक्तकको रचना गर्नु तत्सम 'तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गर्नु आन्तरिक र वाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरेर कविता रचना गर्नु, भाषालाई परिष्कृत र परिमार्जित गर्दै जानु जस्ता 'विरही'का शिल्पगत प्रवृत्ति हुन् ।

## ३.६.३ 'मुटु रेटिएको कथा' कविता सङ्ग्रह भित्रका कविताहरूको अध्ययन

मुटु रेटिएको कथा कवि 'विरही' अधिकारीको पहिलो कृति (वि.सं. २०३८) हो । वि.स. २०३३-२०३८ बीचका कविताहरू यसमा सङ्कलित छन् । यस चरणका कविताहरू उनका कविताको प्रादुर्भाव एवम् अङ्कुरणकालीन आभ्यासिक कविताहरू हुन्, तापनि मूल प्रवृत्तिका आधारमा यस सङ्ग्रहमा सङ्कलित कविताहरूलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

### ३.६.३.१ 'विरही' का कविताहरुको वर्गीकरण र अध्ययन

(क). राष्ट्रप्रेमले भरिएका कविताहरू

(ख) स्वतन्त्रताको चाहना राखिएका कविताहरू

(ग) सामाजिक यथार्थतालाई उजागर गरिएका कविताहरू

(घ) क्रान्ति चेतना भएका कविताहरू

(ङ) व्यङ्ग्य विद्रोही स्वभावका कविताहरू

(च) जीवनका निराशावादी भाव बोकेका कविताहरू

## (क) राष्ट्र प्रेमले भरिएका कविताहरू

'विरही' का मुटु रेटिएको कथा कविता सङ्ग्रह भित्र राष्ट्रप्रेमले भरिएका कविताहरू पनि सङ्ग्रहित छन् । यस प्रकृतिका कविताहरूमा कविले नेपालको प्राकृतिक सुन्दरता, पूर्वजहरूले गरेका योगदानको कदर, नेपाल र नेपालीप्रति विदेशीहरूले गाड्ने आँखाप्रति, औंलो ठड्याउने काम गरेका छन् । 'विरही'का यस्ता कवितामा 'मेरो जन्मस्थल', 'यो देश मेरो पनि हो', 'नेपाल आमा','मेरो कामना' आदि रहेका छन् ।

## १. 'मेरो जन्मस्थल'

यस कवितामा कवि 'विरही'ले आफ्नो मन भरि राष्ट्रियताको भाव पोखदै नेपाल आमाका महान सपूत, सपुत्रीहरू जनक, बुद्ध, भृकुटी, बलभद्र, अमर र भीमसेन थापालाई श्रद्धा शब्द व्यक्त गरेका छन् । साथै नेपालका सीमा रक्षकका रूपमा रहेका कञ्चनजङ्घा हिमालको वर्णन अनि हिमाल र नेपालीकै प्राण प्रवाहका रूपमा रहेका कोशी र मेचीलाई पनि कविले भूलेका छैनन् । नेपालको सार्वभौमिकता र संस्कृतिका पक्षमा पनि कवि बोलेका छन् ।

'बुद्ध, जनक, सीता र भृकुटी
बलभद्र, अमर र भिमसेन
बरिष्ठ, मानव, मानव हृदय उत्थान स्थल
यै हो मेरो पनि जन्मस्थल'[९२]

यस कवितामा लामा-छोटा संरचनाका गरी जम्मा १५ पङ्तिहरू रहेका छन् । आत्मलापीय कथन पद्धतिमा संरचित यस कवितामा प्रथम पुरुषात्मक शैली पाइनाले आन्तरिक दृष्टिविन्दु पाइन्छ । कविताको अधिकांश भागमा अनुप्रासमयता पाउन सकिन्छ ।

## २. 'यो देश मेरो पनि हो'

यस कवितामा कविको राष्ट्र प्रेमीभावना यथेष्ठ रूपमा छताछुल्ल भएर जतातते पोखिएको छ । यस कवितामा केही पहुँचवाला मानिसको हात रहेको, नेपालका प्राकृतिक सम्पदा पनि तिनैले बेचेको प्रतिकविको रोष छ । यहाँका माटो, ढुङ्गा, वन-जङ्गल, खोलानाला, धर्म संस्कृति सबै नेपालीका साझा सम्पत्ति हुन् । हिमालको चिसो हावा प्रत्येकको श्वासमा मिसिएको छ भन्दै राष्ट्र प्रेमको भाव यसरी पोखेका छन् ।

[९२]. अधिकारी 'विरही' मुटु रेटिएको कथा (कविता सङ्ग्रहः २०३८) पृष्ठ -३ ।

यहाँको उर्वर भूमिको प्रत्येक कणकणमा

आफ्नै पसिनाले सिंचेको छु ।

ए ? मान्छेहरू हो,

यो देश मेरो पनि हो,[९३]

यसरी कवितामा देशका लागि कर्मठ रूपले काम गर्ने कर्मठ नेपालीहरू नै ठूलाबडाहरूबाट ठगिएका छन् भन्ने भाव व्यक्त भएको छ ।

यो कविता प्रथम पुरुष कथन पद्धतिका ढाँचामा संरचित छ । गद्य लयका २० पङ्क्ति पुञ्जहरूलाई अन्त्यानुप्रास योजनाले लयात्मक बनाएको छ ।

## ३. म नेपाली

राष्ट्र प्रेमले भरिएको यस कवितामा सम्पूर्ण नेपालीहरूले व्यक्तिगत स्वार्थलाई त्यागेर राष्ट्र निर्माणको महान कार्यमा जुट्नु पर्छ भन्ने भाव व्यक्त भएको छ । हाम्रो राष्ट्र, राष्ट्रियता र संस्कृतिको रक्षा गर्न एकताबद्ध भएर लाग्नुपर्छ भन्ने भाव यहाँ प्रकाशित छ-

विश्वलाई वीरत्वको हाँक दिएर

आफ्नै संस्कृतिको संरक्षणमा

कुकृत्यलाई पखाल्दै

भञ्ज्याङको चौतारीबाट

सभ्यताको विगूल बजाएर बाँचेको

म नेपाली ।[९४]

लामा-छोटा असमान आयामका १० पङ्त्तिसम्म विस्तारित यो कविता गद्य लयमा संरचित छ । प्रथम पुरुष कथन पद्धतिका ढाँचामा रचना गरिएको यस कविताले सम्पूर्ण नेपालीको प्रतिनिधित्व गरेको छ । कविता, सरल, सरस एवम् शीर्षक सार्थक देखिन्छ ।

## ४. 'मेरो छाती'

यस कवितामा 'विरही' अधिकारीले आफ्ना राष्ट्रप्रेमका भावहरू छताछुल्ल पोखेका छन् । आफ्ना सन्तति जन्माउँदा आमाले अनेक सपना देखेकी हुन्छिन् । सन्ततिले एकातिर आमाको

---

[९३]. पूर्ववत्: पृष्ठ -६२ ।

[९४]. पूर्ववत्: पृष्ठ -५३ ।

सपना पूरा गर्ने, अठोट लिनु छ भने अर्कातिर आफ्ना सन्ततिको उज्जवल भविष्य कोरिदिने सङ्कल्प बोक्नु छ । विश्वमा वीर गोर्खालीका नामले चिनिएका नेपालीलाई विश्वलाई चिनाउनु छ । यसै भावलाई अभिव्यक्त गर्दै कविले यसरी पोखेको छन्-

यही छाती जसमा आमाको सपनाको
जाल हानिएको
मायालुको मुटु बाँधिएको छ
छोरीको आशीर्वादहरू
र छोराको भाग्य हाँगिएको छ ।[९५]

यसरी यस कविताको राष्ट्रको भविष्य उज्जवल बनाउँदै भावी पिंढीको लागि निश्चित बाटो कोरिदिनु पर्छ भन्ने विचार कविको छ ।

यस कवितामा लामा-छोटा गरी जम्मा २४ पङ्क्तिपुञ्जहरू रहेका छन् । आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको यो कविता गद्य लयमा संरचित छ । कुनै कुनै अन्त्यानुप्रास मिलेको यस कवितामा आद्यानु प्रास र मध्यानुप्रास समेत धेरै ठाउँमा मिलेको पाइन्छ ।

## ५. 'मरो कामना'

यस कवितामा नेपाल र नेपालीको दीर्घायुको कामना प्रस्तुत गरिएको छ । यस कवितामा नेपालीहरू परिश्रमी बनेर देश विकासमा लागिरहुन्, सिर्जनाका मूल फुटाउन, हातमा हात र काँधमा काँध मिलाएर लक्ष्य प्राप्तिको बाटो तर्फ लागून भन्ने कामना गर्दै जटिल मोड, घुम्ती र क्षितिजहरू पार गर्न सकून् । नेपाल र नेपालीको महानता विश्वभरि फैलियोस् भनेर उन्नतिको कामना गरिएको छ-

'मेरा भोलिका सन्तानहरू
उर्वर भूमिमा हिमस्रोतले रसाएर
आदर्शताको पाठले
महान बनेर जाउन'[९६]

---

[९५]. पूर्ववत्: पृष्ठ -३६ ।

[९६]. पूर्ववत्: पृष्ठ -५६ ।

यसरी कविता भरि नै नेपाल र नेपालीको सुन्दर भविष्यको कामना गरिएको छ । नेपालीहरूको इज्जत प्रतिष्ठा विश्वभरि फैलियोस् भन्ने कविको विचार छ । यस कवितामा लामा-छोटा गरेर २१ पङ्क्तिहरू रहेका छन् । कविता गद्य लयमा संरचित छ । कवितामा आन्तारिक अनुप्रासीयता पाइन्छ । विषयवस्तु र शीर्षक बीच सामञ्जस्यता पाइनाले तथा कवितामा नेपाल र नेपालीको सुन्दर भविष्यको कामना गरिएकाले 'मेरो कामना' शीर्षक सार्थक छ ।

## (ख) स्वतन्त्रताको चाहना राखिएका कविताहरू

'विरही'को यस सङ्ग्रह भित्र स्वतन्त्रताको चाहना राखिएका कविताहरू पनि सङ्ग्रहित छन् । मानिस स्वभावैले स्वतन्त्र जीवन बिताउन चाहन्छ । यसले जीवनमा स्वतन्त्रताको उपयोग गर्न नपाएमा ऊ भित्र भित्रै छट्पटिन्छ । ऊ आफ्ना अधिकार प्राप्तिका लागि सँधै लड्न चाहन्छ । स्वतन्त्रता र स्वाधीनता प्राप्तिका लागि ऊ लड्न चाहन्छ । यस सङ्ग्रहभित्र 'अनभिज्ञ युगको माग', 'जिन्दगीको यथार्थता' आदि कविता यस किसिमका छन् ।

## १. अनभिज्ञ मानव युगको माग

यो कविता स्वतन्त्रताको पक्षमा लेखिएको कविता हो । कविले यो कविता सङ्ग्रह प्रकाशित गराउँदा देशमा निरङ्कुश पुञ्चायती व्यवस्था रहेकाले पञ्चायती व्यवस्थाका समयमा नेपाली जनताले कुनै पनि अधिकार नपाएको, स्वतन्त्रता जन्मसिद्ध अधिकार भएकाले जनताले न्यायपूर्ण आवाज बोल्न पाउनु पर्ने आग्रह गरिएको छ साथै पञ्चायतको पाशविक दमनको अन्त्यका लागि सबै जनता एकजुट भई उठ्न आग्रंह गरिएको छ । यसै तथ्यलाई अघि सार्दै कवि भन्छन्-

'आजको परिस्थिति
समयको मागलाई व्यक्त गर्छ
तर चुपचाप लाग भनेर नभनि देऊ
युगको दैलोबाट चिहाएर बोल्न देऊ
केवल बोल्न देऊ ।'[९७]

[९७]. पूर्ववत्: पृष्ठ -२६ ।

यसरी कवितामा मानिसले युग अनुसार आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बोल्न पाउने अधिकार माथि कसैले रोक्न पाउँदैनन् । कविता आन्तरिक दृष्टिविन्दुमा संरचित छ । कवितामा लामा-छोटा आयामका जम्मा २८ पङ्क्ति पुञ्जहरू रहेका छन् । कविताको विषय वस्तुलाई समेटिएकाले शीर्षक सार्थक छ ।

## २. जीन्दगीका यथार्थता

यो कवितामा कविको स्वतन्त्रताप्रतिको चाहना व्यक्त भएको छ । मानिस आफ्नो जीवन सँधै खुशी र आनन्दमा बिताउन चाहन्छ । यदि मासिका इच्छा माथि विभिन्न विध्न बाधा आउँछन् भने ऊ सहेर बस्न सक्दैन । त्यस्ता नराम्रा प्रवृत्तिप्रति ऊ जुध्न चाहन्छ । तर वर्तमान समयमा इमान्दारले धोका पाएको, चोरहरू सत्ताका नाइके भएका छन् । त्यसैले न्यायपूर्ण जीवनको स्थापनाका लागि समर्पित हुनु नै जीवनको बुझाइ हो । अत्याचारका विरुद्ध लड्न मान्छे तयार रहनु पर्छ भन्ने विचार कविताका निम्न हरपले प्रस्तुत गरेका छन्:-

'परिस्थितिको आकस्मिक बङ्गाराले
जब चपाउँछ सिङ्गै जिन्दगी
सक्दैन निश्च्ल बनिदिन
सक्दैन खुशीले बाँचि दिन ।'[९८]

## (ग) सामाजिक यथार्थतालाई उजागर गरिएका कविताहरू

कवि 'विरही'का यस सङ्ग्रह भित्र नेपाली समाजलाई यथार्थ परक ढङ्गले उजागर गरिएका कविताहरू पनि सङ्कलित छन् । यस प्रवृत्तिका कवितामा उनले निम्न वर्गीय समाजलाई कविताको परिवेश बनाइएको छ । नेपाली दीनहीन अवस्थाका मानिसले भोग्नु परेका तीतो यथार्थलाई यी कविताले प्रस्तुत गरेका छन् । यस प्रवृत्तिका कवितामा 'मुटु रोपिएको कथा' 'यौटा बूढो' आदि रहेका छन् ।

## १. 'मुटु रेटिएको कथा'

यस कविताले नेपाली जनजीवनको यथार्थताको धरातलमा उभिएर गरिबीले सताइएको गाइनेको कारुणिक जीवनको चित्रण गरिएको छ । कवितामा गाँस, बाँस र कपाँसको समस्याले

---

[९८]. पूर्ववत्: पृष्ठ -५८ ।

पहाडका उकाली, ओराली अनि तराईका बस्ती-बस्तीमा सारङ्गीको धूनसँगै गीतका माध्यमबाट गाइनेले पोखेका आर्तनादहरू विषय वस्तुका रूपमा आएका छन् । अनेक कष्ट सहेर दुनियाँलाई आफ्नो कथा सुनाउँदै धेरैका घर दैलामा पुगेको गाइनेले केवल तिरस्कार मात्र पाएको तीतो कथा कविताले प्रस्तुत गरेको छ। यही भावलाई कवि यसरी व्यक्त गर्छन्-

'प्रत्येकको सङ्घारमा बसेर
आत्म प्रदर्शन गराएको कथा भन्छ
फुटपाथहरू मध्य सडकहरू
र ठूला ठूला चप्लेटी ढुङ्गाहरूमा
बास बसेको कथा भन्छ
भीखको सट्टा
सारङ्गी रेटेको मिहिनेतको सट्टा
तिरस्कार केवल तिरस्कार पाएको कथा भन्छ ।'[९९]

हाम्रो लोक संस्कृतिलाई बचाउदै हिड्ने गाइनेको परिश्रमको फल शून्य रहने यथार्थतालाई कविताले प्रस्तुत गरेको छ। नेपाली समाजमा रहेका यस्ता विकृतिप्रति कवि ज्यादै चिन्तित छन् । जम्मा ३५ पङ्क्तिपुञ्ज रहेको यस कवितामा कतै क्रमिक र कतै वैकल्पिक अन्त्यानुप्रासको योजना रहेको छ। कविताको भाषा शैली सरल र सरस छ। बाह्य दृष्टिविन्दुमा संरचित यस कवितामा विषयवस्तु र शीर्षक बीच घनिष्ठ सम्बन्ध रहेकाले शीर्षक सार्थक छ।

## २. यौटा बूढो

यस कवितामा जीवन भरि भारी बोक्दा पनि आर्थिक अवस्थामा सुधार नआएको एउटा बूढाको कारुणिक अवस्थालाई चित्रण गरिएको छ। कवितामा रात दिन झरी बादलका समयमा पनि भारी बोक्न विवश बूढाको तालुका रौं झरेका छन् । गाला चाउरी परिसक्दा पनि आर्थिक अवस्था झन् झन् बिग्रिएको बूढाका कथन व्यक्त भएका छन् । के गर्मी, के जाडो, के उकाली, के ओराली जस्तोसुकै परिस्थितिमा पनि भारी बोक्नै पर्ने यथार्थलाई कविताले स्वीकारेको छ । कवितामा आजका वैज्ञानिक युगमा पनि भारी बोकेरै जीवन निर्वाह गर्नुपर्ने दीनहीन

---

[९९]. पूर्ववत्: पृष्ठ -१ ।

नेपालीहरूको दिन चर्चालाई कविले बूढाको माध्यमबाट प्रस्तुत गरेका छन् । कविको भावभिव्यक्ति यस्तो छ-

'वर्षौंदेखि भारीले किचेका नीला डामहरू
अनि सुम्सुम्याउँछ पहाडी शीतले
हृदय भित्रका वेदनाहरू
यसरी नै ।'[१००]

गरिब भरियाको जीवनको अन्तिम अवस्थासम्म पनि भारी बोक्नु पर्ने गरिब नेपालीहरूको तीतो तर यथार्थ स्थितिलाई यस कविताले देखाएको छ ।

यस कवितामा लामा छोटा आयामका गरी जम्मा ३२ पङ्क्तिपुञ्जमा फैलिएको छ । बाह्य दृष्टि विन्दुमा संरचित यो कविता गद्य लयमा रचना गरिएको छ । कवितामा बूढो समग्र दीन-हीन नेपालीहरूको प्रतिनिधि पात्रका रूपमा आएको छ । कविता भन्नु नै बूढाले भोगेको दुःख हो, जुन कविताले समेटेकाले शीषर्क सार्थक छ ।

## (घ) क्रान्ति चेतना भएका कविताहरू

कवि 'विरही' अधिकारीका 'मुटु रेटिएको कथा' कविता सङ्ग्रह भित्र क्रान्ति चेतना भएका वा क्रान्ति भावले ओतप्रोत भएका कविताहरू पनि रहेका छन् । यस्ता कविताहरूले तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थामा जनतामाथि हुने गरेका अन्याय अत्याचारका विरुद्धमा लागेर न्यायपूर्ण समाजको स्थापना गर्न सम्पूर्ण न्यायप्रेमी देशभक्त जनताहरूलाई आह्वान गरिएको छ । नेपाली समाजमा देखिएका विकृति, विसङ्गति, निरङ्कुश शासन व्यवस्थाका विरुद्धमा क्रान्तिको राँको सल्काएर प्रजातन्त्र ल्याउन अग्रसर कविता यस प्रवृत्तिमा पर्दछन् । 'विरही' का 'यहाँ युद्ध हुन्छ रे', 'म', 'शान्तिवाद एक स्थिति' आदि कविताहरू क्रान्ति चेतना भएका कोटि भित्र पर्दछन् ।

## १. 'यहाँ युद्ध हुन्छ रे'

यस कवितामा कविले पञ्चायती व्यवस्थामा परिवर्तन गर्नुपर्ने भाव व्यक्त गरेका छन् । कवितामा देश र जनताको मुक्तिका लागि सम्पूर्ण पक्षहरू मिलेर क्रान्तिको तयारी गर्नुपर्ने

[१००].पूर्ववत्: पृष्ठ -१५ ।

आह्वान पाइन्छ । यसका लागि युवा, तन्नेरी, किसान, मजदूर, कर्मचारी लगायत साराका सारा हातमा हात र काँधमा काँध मिलाई निरङ्कुशताका विरुद्धमा अघि बढेर विजयका झण्डाहरू फहराउने छन् भन्ने भाव व्यक्त भएको छ ।

युद्धका समयमा वम र बारुदको विस्फोटन हुन सक्छ । तिनले कति अत्याचारीको ज्यान लिन सक्छ । त्यस्ता कुराको वास्ता नगरी एकता वद्ध भएर युद्ध क्षेत्रमा जानुपर्ने क्रान्तिकारी भाव व्यक्त गर्दै कवि कवितामा लेख्छन्-

'वीर योद्धाहरू
बलिष्ठ पाखुराहरू
बारुदले पूर्ण बन्दुकहरू बोकेर
यहाँ अगाडि घोषणा भैसकेको छ रे
युगले आह्वान गरिसक्यो रे ।'[१०१]

यस कवितामा सुरुमा युद्धको ज्वाला दन्कन लागि सकेको कुराको सङ्केत गरिएको छ । कविले २०३३-२०३८ का बीचमा लेखेको यस कवितामा तत्कालीन पञ्चायती व्यवस्थाका विरुद्धमा सम्पूर्ण जनतालाई युद्धका लागि आह्वान गरेका छन् । कवितामा लामा-छोटा आयामका जम्मा २६ पङ्तिहरू रहेका छन् । कविताको परिवेशले युद्धको सङ्केत गरेको छ । त्यसैले कविताको शीर्षक र विषय वस्तुका बीच घनिष्ट सम्बन्ध रहेको छ ।

## २ 'म'

क्रान्तिकारी भाव व्यक्त भएको यो कविता 'म' पात्रको माध्यमबाट प्रस्तुत भएको छ । कवितामा 'म' 'शिशिरको वृक्ष, मरुभूमिको वालुवा, ग्रीष्मको सूर्य, श्रमिक, परमाणु शक्ति, प्राणी, अग्निको ज्वाला, युगको जागृत मानिस आदिको प्रतीकको रूप आएको छ । 'म' पात्रले तत्कालीन परिवेशमा निरङ्कुश शासनले गरेका ताण्डव नृत्यबाट आहत बनेर सङ्घर्षमा उत्रन आह्वान गरेको कुरा कवितामा व्यक्त भएको छ । 'म' परमाणु शक्ति भएर पड्कन अनि अग्निको ज्वाला भएर निरङ्कुशताका विरुद्ध जाइलाग्ने भएको छ । कवितामा 'म' गाउँ वस्तीहरूलाई जागृत गराउन चाहन्छ । क्रान्तिको उभार ल्याउन चाहने 'म' तत्कालीन शासकद्वारा जनतामाथि गरिएको कुकृत्यका विरुद्धमा लाग्ने प्रण गर्दै 'म' भन्छ-

१०१. पूर्ववत्: पृष्ठ -३२ ।

'हिजो भोडामा गोलीले
भुटिएका
हजारौं सुकुम्बासीहरू
मानव आत्माहरूलाई सम्भें
बज्र बनेर विस्फोट हुन लागेको
एक परमाणु शक्ति हुँ म ।'[१०२]

कवितामा निर्दोष र निमुखा जनतामाथि दमनको नीति लिने तत्कालीन सरकारको विरुद्धमा क्रान्तिको उभार ल्याउने एक चेतनशील व्यक्तिका रूपमा 'म' आएको छ ।

प्रथम पुरुषात्मक आत्मालापीय कथन पद्धति ढाँचामा संरचित यो एउटा गद्य कविता हो । लामा-छोटा आयामका जम्मा २१ पङ्तिमा विस्तारित यस कवितामा उपमेय र उपमाका बीच अभेद सम्बन्ध देखाएर कविले रूपक अलङ्कारको सफल प्रयोग गरेका छन् । कवितामा सरल भाषा शैलीको प्रयोग गर्नुका साथै कतै क्रमिक कतै अन्त्यानुप्रास योजनाले कवितालाई सरल र लयात्मक बनाएको छ । कविताको शीर्षक 'म' कविता भरि आएको छ । यो कविताको समाख्याता 'म' कवि नै स्वयं हुनु र कवितामा उनले आफ्नो समाज परिवर्तन गर्न प्रवल चाहनालाई कविता मार्फत प्रस्तुत गरेका छन् ।

## ३. शान्तिवाद एक स्थिति

यस कवितामा विज्ञानले गरेको विध्वंश अनि मान्छे-मान्छेका बीचमा भएका भैं-भगडा, मारामार जस्ता कुरालाई देखाउँदै संसारमा अब क्रान्तिको भेल आउने कुराको सङ्केत गरिएको छ । यस क्रान्तिले संसार बद्ल्ने छ, पूराना मूल्य र मान्यताहरू धुजा-धुजा भएर च्यातिने छन् भन्ने भाव कवितामा आएको छ । कवितामा गान्धीको शान्तिवाद आजका समस्या समाधान गर्न नसक्ने भएकाले त्यसको सट्टा जनमुक्तिको आन्दोलनको लहर अगाडि बढेको कुरालाई देखाइएको छ । यहाँ क्रान्तिको भेलमा कति सहिद बन्छन् भने कति बेघरबार हुन्छन् भन्दै न्याय र समानताका लागि अब शान्तिको नारा होइन, क्रान्तिको नारा होइन क्रान्तिको उभार ल्याउनु पर्ने भाव कवितामा यसरी आएको छ-

'वीराङ्गनाहरूको आलो रगत

[१०२]. पूर्ववत्: पृष्ठ -३८ ।

हरेक भित्तामा छापिन्छ

सृष्टि बदलिन्छ ।'[१०३]

त्यसै गरी कवितामा शान्तिको सट्टा क्रान्तिको आमन्त्रण यसरी गरिएको छः

'होसियार

यहाँ क्रान्तिले भूकम्प जन्माउँछ

शान्ति त विध्वंसताको अवशेष भैदिन्छ

तसर्थ,

शान्तिका नारामा बाँच्दैनौ

ए मान्छेहरू हो ।'[१०४]

यहाँ कविका क्रान्तिकारी विचारहरू ज्वार भाटा बनेर आएका छन् । शान्तिको नाम जपेर जनता माथि मन परी गर्ने प्रवृत्तिको विरोधमा क्रान्तिको उभार बढेर सगरमाथा झैं उचाइमा पुग्ने कुराको सङ्केत कवितामा आएको छ ।

लामा छोटा आयामका जम्मा २६ पङ्तिहरूमा विस्तारित यस कवितामा पृथ्वी, सृष्टि, शान्ति, संसार आदि तत्सम शब्दहरूको प्रयोग भएका छन् तर पनि नेपाली बोलचालका शब्दहरूको प्रयोगले कवितालार्य सरल र सरस बनाएको छ । कवितामा कतै क्रमिक र कतै वैकल्पिक अन्त्यानुप्रास योजना रहेको छ । जसले गद्य कवितलाई लयात्मक बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

## (ङ) व्यङ्ग्य विद्रोही स्वभावमा कविताहरू

'विरही' अधिकारीको 'मुटु रेटिएको कथा' कविता सङ्ग्रह भित्र धेरै कविताहरू व्यङ्ग्य स्वभावका छन् । यस्ता कविताहरूले नेपाली समाजमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक फाँटमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको झटारो हानेका छन् ।

यस कविता सङ्ग्रह भित्र 'मलाई हेरेर हाँस्नेहरू', 'अन्धकारमा हराएको इतिहास', 'एक अभिषप्तता भित्र यौटी बहुलाही', 'यहाँ यौटा मानवता रुन्छ', 'यहाँ विक्री भै दिन्छ', 'भित्तामा

[१०३]. पूर्ववत्: पृष्ठ -४२ ।

[१०४]. पूर्ववत्: पृष्ठ -४२ ।

टाँसिएको तस्वीर', 'जिन्दगीको जीर्णता आन्तरिक अस्तित्व 'भूल', 'एक टुक्रा', आदि व्यङ्ग्य विद्रोही स्वभावका छन् ।

## १. मलाई हेरेर हाँस्नेहरू

यो 'विरही' को पहिलो कविता सङ्ग्रह 'मुटु रेटिएको कथा' (कविता सङ्ग्रहः २०३८) मा सङ्ग्रहित कविता हो । यस कवितामा लामा-छोटा गरी २९ पङ्क्तिहरू रहेका छन् । यो कविको आभ्यासकालीन कविता हो ।

यस कविताले अर्काको कुरूपता र असफलतामा रमाउने मानवरूपी दानवप्रति तीक्ष्ण व्यङ्ग्य गरेको छ । समाजका सबै मानिस प्रकृतिका सन्तति हुन् । यहाँ सबै मानिस सम्पन्न छैनन् । कोही धनी छन् त कोही गरिब पनि छन् । भौतिक रूपमा आफूलाई सम्पत्तिको मालिक हुँ भन्ने दम्भीहरूले इमान्दार र गरिबप्रति कुभावले हेर्छन् । त्यस्तो व्यवहारको यस कविताले निन्दा गरेको छ । कविताले आफ्नो मौलिक सभ्यता र संस्कृतिलाई भूलेर अर्काको संस्कृतिमा रमेका युवा र युवतीलाई व्यङ्ग्य गर्दै मानवीयताको खाँचोलाई औल्याएको छ ।

कविताले सृष्टिको सुन्दर रचनालाई उपेक्षा गरी फोस्रा ढर्रामा रमाउनेलाई व्यङ्ग्य गरिएको छ । आजको मानवीय समाज विभिन्न वर्ग र तहमा विभाजित छ । त्यसैले यहाँ धनीले गरिबलाई, राम्राले नराम्रालाई, सफलले असफललाई गरिएको भेदभावप्रति व्यङ्ग्य गर्दै कवि भन्दछन्-

'के सृष्टि सुन्दरतामा मात्र सीमित हो र ?
युग र परिस्थितिको वर्णन गर्छौं भने
आजको युग के चरित्रहीन अपराध
र असत्यमा मात्र सीमित हो ?[१०५]

यसरी यस कविताले मानवता हृदयबाट रित्याउदै गएको तथा समग्र युगप्रति नै व्यङ्ग्य प्रकट गरिएको यस कवितामा तत्सम शब्द प्रयोग पाइन्छ । लामा छोटा गरी २९ पङ्क्ति पुञ्जमा संरचित यस कवितामा प्रथम पुरुषीय कथन ढाँचा पाइन्छ भने आन्तरिक दृष्टि विन्दुमा कविता संरचित छ । अनुप्रासको पालना भने उचित तवरले भएको पाइन्न ।

---

[१०५]. पूर्ववत्: पृष्ठ -१० ।

## २. अन्धकारमा हराएको इतिहास

नेपाली समाजमा रहेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न रचना गरिएको यस कविताले साँचो इतिहासको अभाव रहेको कुरालाई देखाइएको छ । इतिहास ठूलावडाको मात्र लेखिन्छ । देश र जनताको पक्षमा काम गर्ने मानिसको इतिहास अन्धकारमा हराएको कुरा कवितामा पाइन्छ । यहाँ पतिको हत्या गरेर पत्नी बलात्कार गर्नेहरूको कुकृत्यलाई ढाकछोप गरेर इतिहास लेखिएको छ । तसर्थ सत्य इतिहासलाई अन्धकारले ढाकेको सङ्केत कविले गर्दै यस्ता भनाइ कवितामा राखेका छन्-

> 'महाजनबाको मझेरीमा त्यो धनेको चिहान बनिंदा
> धनेकी स्वास्नी, महाजनको खुट्टामा छाँद हालेर रुँदा ।
> महाजनबाले आफ्नो कोठामा लगेर
> उसको सतीत्व लुटेको तस्वीर
> यही अन्धकारको छाती भित्र कोरिएको छ ।'[१०६]

गद्य लयमा संरचित यस कवितामा लामा-छोटा गरी ३७ पङ्क्तिहरू रहेका छन् । बिम्ब र प्रतीक प्रयोग भएको यस कवितामा वर्ण विन्यास गत त्रुटि पाइन्छ । यति भएतापनि विषयवस्तु र शीर्षकबीच तादात्मयता पाइनाले शीर्षक सार्थक छ ।

## ३. यहाँ यौटा मानवता रुन्छ

यस कवितामा मान्छेले भोग्नु परेका दुःखद परिस्थितिलाई देखाइएको छ । मान्छेका समस्या अनगिन्ती छन् । उसलाई जताततैबाट असफलता हात लागेको छ । मान्छेले सारा प्राकृतिक सौन्दर्यता मासेको छ । पशुपक्षीका बास उठाएको छ । प्राकृतिक विनाश गरेको छ । जसका कारणले आफ्नो अस्तित्व माथि नै प्रश्न चिन्ह खडा भएको कुरालाई कविताले देखाएको छ । मान्छे समस्याको पर्खाल भित्र कैद छ । रोग, भोक, शोकको शिकार बनेको मान्छे आक्रान्त बनेर रोएर बस्न विवश भएको कुरालाई कविताले यसरी प्रस्तुत गरेको छ-

> 'तर यहाँका प्रत्येक उज्याला दिनहरूमा
> यहाँ यौटा मानवता रुन्छ ।'[१०७]

---

[१०६]. पूर्ववत्: पृष्ठ -१८ ।

[१०७]. पूर्ववत्: पृष्ठ -३५ ।

यसरी आजको मान्छेले मान्छे भएर बाँच्न नपाएको र रातदिन रोदन, क्रन्दनमा जीवन व्यतीत गर्नुपरेको कुरालाई देखाइएको छ ।

गद्य लयमा संरचित यस कवितामा कतै क्रमिक र कतै वैकल्पिक अन्त्यानुप्रासले लयात्मकता ल्याएको छ । बाह्य दृष्टिविन्दुमा संरचित यस कविताको भाषाशैली सरल छ । कविताको शीर्षक सार्थक छ । कवितामा केही तत्सम शब्दहरूको प्रयोग भए पनि वर्ण विन्यासगत त्रुटि पाइन्छ ।

## ४. 'यहाँ बिक्री भै दिन्छ'

आजको घृणित, नीच र स्वार्थी संसारप्रति व्यङ्ग्य गरिएको यस कवितामा मान्छे-मान्छे बीचका किनबेच तथा सत्यको हार र असत्यको राजलाई देखाइएको छ । मान्छेले बाँच्नका लागि आफ्नो विवेकलाई बेच्नु परेको छ । यौवन र जीवन बेच्नु परेको छ । त्यसैले मानवको जीवन खाद्य वस्तु जस्तै आलु, चामल, तेल र दाल जस्तै क्रय विक्रयको साधन बनेको छ । यस्तो विकृतिप्रति कवि ज्यादै चिन्तित देखिएका छन् । कवितामा आफ्नो जिन्दगी बेचेर बाँच्नु पर्ने मान्छेको बाध्यात्मक परिस्थितिलाई कविले यसरी व्यक्त गरेका छन्-

'यहाँ मानवत्व विक्री भै दिन्छ
यहाँ यौवन विक्री भै दिन्छ
कृति घृणित छ संसार
यहाँ प्रत्येक जिन्दगीहरू
विक्री भैदिन्छ ।'[१०८]

कविताले मान्छे-मान्छे बीच देखिएका विभेदलाई देखाएको छ । समाजमा सत्यलाई लुकाएर असत्यले अड्डा जमाएको छ । यो अति छोटो फुटकर कविता हो । यस कवितामा जम्मा ११ पङ्क्तिपुञ्ज रहेका छन् । गद्य लयमा संरचित यस कविताले सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गर्न सफल रहेको छ ।

## ५. 'एक अभिषप्तता भित्र यौटी बहुलाही'

---

[१०८]. पूर्ववत्: पृष्ठ -३४ ।

नेपाली समाज भित्र रहेका विकृतिलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको यस कवितामा एउटी बहुलाहीले भोगेको दुःखद जीवनको चित्रलाई सामाजिक एवम् आर्थिक पीडाले बहुला झैं बन्न विवश आजका सभ्य हुँ भन्ने मान्छेहरूले बहुलाउनुको कारण खोज्नुको सट्टा, माया र ममता दिनुको सट्टा घृणाको भावले हेरेका तर मौका परेका खण्डमा काम वासनाको परिपूर्ति गर्ने जस्ता अमानवीय र नीच प्रवृत्तिप्रति व्यङ्ग्यका शब्द प्रहार गर्नु नै यस कविताको मर्म हो । आजको मानव समाजमा दुर्जनको विरोध र सज्जनको पक्ष लिएमा सजायको भागी बनिनु पर्ने तीतो यथार्थ कोट्याउँदै कविता मार्फत यसरी शब्द पोखेका छन्-

'मेरो प्रेम पाएर
उसले मलाई भन्नेछ
मेरो हृदय स्पर्शी अनुरोधले
उसको कलेजो भिजाउनेछ
सायद उसले मुक्त वेदनाले निस्सासिएर
अश्रु बुँदहरू खसाउने छ ।'[१०९]

कवितामा बहुलाउनुको कारण के हो ? भन्ने रहस्य नबुझी ऊप्रति गरिएका घृणित व्यवहारले मानिसलाई पशुको दाँजोमा ओरालेका कुरा कवि व्यक्त गर्दछन् । यस कविताले मान्छेको अनुभूति नगरी पशु तुल्य बाँच्नु परेको विवश मानिसको अवस्थालाई देखाएका छन् ।

जम्मा ५८ पङ्क्तिपुञ्जमा संरचित यस कविताले तृतीय पुरुषात्मक कथन पद्धति ढाँचा अङ्गालेको छ । कविताको मूल कथ्य बहुलाहीको विवशलाई प्रस्तुत गर्नु रहेको छ त्यसैले शीर्षक सार्थक छ ।

## ६. भित्तामा टाँसिएका तस्वीर

यस कविताको शीर्षकको तस्वीर सिङ्गो नेपाली समाज हो । जहाँ रुढिग्रस्त अन्ध परम्परा जरो गाडेर बसेको छ । समाज सामाजिक, धार्मिक, राजनीतिक हरेक क्षेत्रमा कङ्गाल भइसकेर पनि बाहिरी आवरणलाई रङ्ग्याएर यथार्थलाई छोपेर, धराप भएर बसिरहेको कुरालाई कविताले प्रष्ट्याएको छ । यहाँका  लठेत शासकहरू, धर्मका नाइकेहरू जनतालाई ठगेर पुरानो

---

१०९. पूर्ववत्: पृष्ठ -२१ ।

खिया लागेको व्यवस्थालाई टिकाउन लागि परेको यथार्थता पनि यहाँ देखाइन्छ । यी प्रसङ्गलई उजागर गर्दै कवि अगाडि लेख्दछन्-

'यो एक तस्वीर हो
जो वर्षौंदेखि यहाँ स्थित छ
धुँवाले रङ्गिएर, ध्वाँसोले पोतिएर
्मकाइसकेर, फाटिसकेर
धमिराले खाइसकेर
रङ्ग उडिसकेर पनि
यो पूर्ववत् आकृति भइ
रहिरहेछ ।'[११०]

कविताले अन्धविश्वासपूर्ण, धार्मिक आडम्बर जात पात, धनी, गरिब आदि जस्ता कुप्रवृत्तिहरूले समाजलाई खाएर जीवन बनाएर बसेका छन् जसलाई हटाउन अझै पनि प्रयास नभएकोमा कवि चिन्तित छन् ।

बाह्य दृष्टिविन्दुमा संरचित, गद्य कविता 'भित्तामा टाँसिएको तस्वीर' प्रतीकात्मक कविता हो । लामा छोटा आयमले युक्त यस कवितामा १९ पङ्क्तिपुञ्ज रहेका छन् । कविताको शीर्षक प्रतीकात्मक रहेपनि विषय वस्तुसँग घनिष्ठ सम्बन्ध रहेकाले शीर्षक सार्थक छ ।

## ७. जिन्दगीको जीर्णता आन्तरिक अस्तित्व

यस कवितामा कविले समाजमा गरिब दुःखी, इमान्दारहरू माथि ठूला बडाहरूले आफू खुशी राज गरेको कुरालाई व्यक्त गरेका छन् । गरिब, दुःखीहरूको अस्तित्व नभएको कुरालाई देखाउन कविले जीवनलाई पेरुङ्गो भित्रको जीवनसँग तुलना गरेका छन् । जसलाई हकवालाहरूले आफू खुशी बेच्न सक्छन् । जिन्दगीको अस्तित्व नै नरहेपछि त्यस्तो जिन्दगी सधै अर्कोकै हितका लागि समर्पित हुन्छ भन्ने कुरालाई कवि यसरी व्यक्त गर्दछन्-

'जव परिस्थितिका वङ्गाराले चपाउन खोज्छ
यस्तै रहेछ जिन्दगी
जलहारीले निचोरेर

---

[११०]. पूर्ववत्: पृष्ठ -२८ ।

निष्काम स्पन्दन

अटाइ नअटाई पेरुङ्गोमा खाँदेर

खङ्ग्रङग भएर सम्पूर्णता सुक्दछ ।'[१११]

यसरी कवितामा आजको परिस्थितिमा सच्चा र इमान्दारहरूको अस्तित्व हराउँदै गएको कुरालाई कविले प्रस्तुत गरेका छन् ।

यो कविता गद्य लयमा संरचित छ । यस भित्र लामा-छोटा गरी जम्मा २१ पङ्क्तिपुञ्जहरू रहेका छन् । 'जिन्दगी' शब्द कवितामा ५ पटकसम्म पुनरावृत्ति भएको छ । कविता भरि नै सर्वसाधारणहरू फटाहाले विछ्याएको जालमा परेर बाँच्न विवश रहेको कुरालाई देखाइएको छ । भाषा शैली सरल, सरस रहेको छ । कविताको विषयवस्तुलाई शीर्षकले समेट्न सफल रहेको छ ।

## ८. 'एक टुक्रा'

यो मुक्तक हो । यसमा जम्मा ७ पङ्क्तिहरू रहेका छन् । यो मुक्तकले नेपाली समाजमा रहेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक झटारो प्रहार गरेको छ । यहाँका ठूला-ठूलाहरू इमान्दार सर्वसाधारणले गरेका प्रगति र उन्नतिमाथि सधैं डाहा गर्छन् । यस्ता लोभी पापीहरूले समाजलाई खाएका छन् । यसै सन्दर्भलाई उपहास गर्दै कवि लेख्छन्-

'मैले पिएको सङ्लो पानीमा पनि

यस दुनियाँले रक्सी भन्ने गरेको छ ।'[११२]

यस सत्यलाई लुकाएर झूट्को खेती गर्ने समाजका वकम्फूसेहरूलाई मुक्तकले तीखो व्यङ्ग्यवाणले हानेको छ । आन्तारिक दृष्टिविन्दु रहेको यस मुक्तकको भाषा शैली सरल र शीर्षक सार्थक छ ।

## ९. भूल

यो पनि 'विरही' को मुक्तक हो । यो जम्मा ८ पङ्क्तिमा फैलिएको छ । यस मुक्तकले नेपाली समाज भित्र रहेका विकृति र विसङ्गतिलाई प्रष्ट्याउने काम गरेको छ । एक थरी मानिस ऐस-आराममा रमाउने गर्छन् भने अर्का थरि रातदिन पसिना बगाएर पनि चुसाहा

---

[१११]. पूर्ववत्: पृष्ठ -५१ ।

[११२]. पूर्ववत्: पृष्ठ -५ ।

वर्गको मारमा परेका छन् । उच्च वर्गले जतिसुकै अत्याचार गरेपनि त्यो अनुभूतिसम्म नगर्ने धनीवर्गप्रति व्यङ्ग्य गारिएको छ । समाज रक्सीको पोखरीमा डुब्दा पनि आफूलाई भलाद्मी ठान्ने मानवीय प्रवृत्तिप्रति पनि कविताले व्यङ्ग्यवाण ताकेको छ । यसैलाई स्पष्ट पार्दा कवि अघि भन्छन्-

'विवशता भित्र सधै पिउँदा पिउँदा
चपाइसकेको छ रक्सीले उसलाई
तर पनि किन किन
ऊ आफूलाई जँड्याहा सम्भन्दैन ।'[११३]

आठ हरफे पङ्क्तिपुञ्जमा संरचित यस 'भूल' मुक्तकको दृष्टिविन्दु भने बाह्य रहेको छ । तृतीय पुरुषात्मक ढाँचामा संरचित यस मुक्तकको शीर्षक सार्थक छ ।

## (च) जीवनका निराशावादी भाव बोकेका कविताहरू

'विरही'का यो कविता सङ्ग्रह भित्र समेटिएका कतिपय जीवनका निराशावादी भाव बोकेका कविताहरू पनि छन् ।

जीवन भोगाइका यात्रामा सफलताको सट्टा सधैं असफलता मात्र हात लागेपछि, प्रगति र उन्नतिका ढोकाहरूमा भोटे ताल्चा लागेपछि, इच्छा, आकाङ्क्षा, सबै मरेर बाँच्ने, आशाहरू सकिएरपछि मान्छे कराउँछ, उफ्रिन्छ र छटपटाउँछ र मृत्युउन्मुख हुन्छ, कवितामा 'विरही'ले निराशा र कुण्ठाहरू कविता मार्फत पोखेका छन् । यो सङ्ग्रहका यस्ता कविताहरूमा 'यौटा पत्र अन्तिम स्मरण', 'व्यक्तित्व', 'चिहान भित्रको मान्छे', 'अस्त व्यस्तता भित्र बाँचेको तिम्रो जीवन', जिन्दगीको बास र गाँस बोकेर हिँड्दा' जिन्दगी उपहास जस्ता कविताहरूले जीवनका निराशावादी भाव बोकेका छन् ।

## १. यौटा पत्र अन्तिम स्मरण

यस कविताले स्वदेशमा रोजगार नपाई नेपालीहरूले पराइ देशमा भाडामा सिपाही भएर जानुपरेको कारुणिक चित्र खिचेको छ । विदेशी भूमिमा शत्रुसँग लड्दा गोली लागि अस्पतालको गन्धे विछ्यौनाबाट आफ्नी जीवन सङ्गिनीलाई लेखेको अन्तिम पत्र नै कविताको

---

[११३]. पूर्ववत्: पृष्ठ -२५ ।

विषयवस्तु रहेको छ । आफ्नो देशर परिवारप्रतिको जिम्मेदारी बहन गर्न नसकेको, आशा र भरोसा सबै मरिसकेका, अब केही गर्न नसकेको, अब भौतिक शरीर समेत अर्काको माटोमा ढल्न लागेकाले उसको त्यो नै अन्तिम पत्र भएको छ ।

यसरी यस कविताले आफ्नो देश र जनताको निम्ति केही गर्ने इच्छा हुँदाहुँदै पनि नेपालीहरू पैसाकै निम्ति विदेश जानु पर्ने, मर्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरेको छ । कवितामा अस्पतालको शैयाबाट वेदनाका आँसु झार्दै लाहुरेले पोखेका निराशाका स्वरहरू यस्ता छन्-

'त्यसैले यो मेरो अन्तिम पत्र हो
म जाँदै छु टाढा धेरै टाढा
जहाँ यस्तो दुनियाँ छ
तिम्रा पुकारहरू त्यहाँ पुग्न सक्दैनन् ।'[११४]

यसरी नेपाली छोराले विदेशी युद्धभूमिमा पुरोडास बन्नु परेको मार्मिकता यस कवितामा छाएको छ । पति, छोरा घर फिर्लान् भन्ने झिनो आशाको त्यान्द्रो चुँडिने विवशता यहाँ पाइन्छ ।गरिबका आँखामा अभाव र शोकका आँसु सँधैं छचछल्कने कटु सत्यलाई यस कविताले स्वीकारेको छ ।

कवितामा लामा-छोटा आयाम गरी जम्म ७२ पङ्क्ति पूञ्जहरू रहेका छन् । कवितालाई अन्त्यानुप्रासीयताले लयात्मक बनाएको छ । कविताको शीर्षक कयौं नेपालीका पीडासँग मेल खाने भएकाले सार्थक छ ।

## २. व्यक्तित्व

यस कवितामा कविले जीवनका नैराश्यपूर्ण भावहरू पोखेका छन् । कवितामा 'म' सम्पूर्ण नेपालीहरूको शोषित, पीडित पात्रको प्रतीकका रूपमा आएको छ । कवितामा कतै 'म' लाई कतै जरा सुकेको र बोक्रा उक्लिसकेको, हाँगा सुकिसकेको वृक्षका रूपमा उभ्याइएको छ भने कतै वन्चरो र खुर्पाको खजनाको रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी एकदिन खरानी बन्नु पर्ने दाउराको रूपमा उल्लेख गरिएको छ ।

---

[११४]. पूर्ववत्: पृष्ठ -६ ।

यसरी हेर्दा जिउने आशाहरू मरिसकेको, अर्काकै स्वार्थका लागि प्रयोग हुने व्यक्तिका रूपमा यहाँ 'म' पात्र आएको छ । आफ्नो भन्नु संसारमा केही नभएका गरिब, शोषित, नेपालीहरूको प्रतिनिधित्व 'म' पात्रले कवितामा गरेको छ । आजको विकसित मानव सभ्यतामा पनि त्यस्ता मान्छेहरू छन् जसको जीवनको कुनै मूल्य छैन । उसले सँधैं अर्काकै निम्ति गर्नु र मर्नु पर्ने स्थिति रहेको कुरालाई कविताले प्रस्तुत गरेको छ । कवितामा 'म' पात्र निर्जीव र आत्मविहीन दाउरे जस्तै रहेको कुरालाई कविताका यी पङ्तिहरूले पुष्टि गरेका छन् ।

'म त्यो वृक्ष हुँ
जसले एक दिन
खरानी बन्नु पर्छ
किनकि म दाउरा हुँ
केवल दाउरा ।'[११५]

यस कविता लामा छोटा आयामका २८ पङ्क्ति पुञ्जमा फैलिएको छ । गद्यलयमा संरचित यो कविता आन्तरिक दृष्टिविन्दुमा लेखिएको छ । 'म'लाई वृक्ष र दाउरा उपमासँग आभेद सम्बन्ध देखाएर रूपक अलङ्कारको व्यवस्था गरिएको छ । कविताको विषयवस्तुले 'म' को व्यक्तित्वलाई देखाएकाले शीर्षक 'व्यक्तित्व' सार्थक रहेको छ ।

## ३. चिहानभित्रको मान्छे

नेपाललाई चिहान र नेपालीलाई त्यसभित्रको मान्छेको प्रतीकको रूपमा यस कवितामा प्रस्तुत गरिएको छ । वीर नेपाली योद्धाहरूले परापूर्वकालदेखि जोगाइराखेको हाम्रो राष्ट्र र राष्ट्रियता वर्तमानमा आएर खतरामा पर्न लागेको कुरा कवितामा देखाइएको छ । 'छिमेकी' मुलुकहरूसाम्राज्यवादीहरूको अधीनमा पर्दा पनि आफ्नो अस्तित्वलाई जोगाई राख्न सफल भएका वीर सपूतहरूप्रति कवितामा आदर भाव व्यक्त गरिएको छ तर अहिले आएर हामी विदेशीले सीमा मिच्दा, हाम्रा नदी-नाला अर्काका हातमा पर्दा पनि बोल्न नसक्ने अवस्थामा पुगकोमा कवि चिन्ता प्रकट गर्दछन् । यस्तो संवेदनशील अवस्थामा पनि मुखमा बुजो लगाएर बस्नुपर्ने परिस्थितिप्रति सङ्केत गर्दै कवि भन्छन्

'उसलाई थाहा छ

११५. पूर्ववतः पृष्ठ ४०

सुगौलीको सन्धि
कोतपर्व जस्ता पूर्व
थाहा छ उसलाई
रगतले लतपतिएको अक्षर
र थाहा छ चोक्टा-चोक्टा बनाएर
स्याल र गिद्धले लुछेको महान् मानवता
यी सबै फटाफट भन्न चाहन्छ ऊ
तर अफसोस-विवशताको कमारो बनेर
भन्न सक्दैन उसले ।'[११६]

यसरी नेपाली राष्ट्रियता दिनानुदिन खतरामा पर्दै गएको छ । त्यसको विरोध गर्ने कसैको आँट छैन । यदि बोलेको खण्डमा आफ्नो अस्तित्व गुम्न सक्ने भएकाले जिउँदो लाश भएर बाँच्न विवश भएका निराशापूर्ण भाव कवितामा पोखिएको छ ।

कविता गद्य लयमा संरचित छ । यस भित्र लामा-छोटा गरी जम्मा ६२ पङ्क्तिहरू रहेका छन् । कतै कतै अन्त्यानुप्रास, कतै अद्यानुप्रास योजनाले कवितालाई अन्तर्लयमा उनेको छ । कविताको शीर्षक प्रतीकात्मक रूपमा आएको छ । नेपाल र नेपालीको प्रतीकका रूपमा चिहान र त्यस भित्रको मान्छे आएपनि कविताको विषय वस्तुलाई शीर्षकले समेटेको छ ।

## ४.जिन्दगीको बाँस र गाँस बोकेर हिड्दा

यस कवितामा रात दिन भारी बोकेर हड्डी मकाइसक्दा पनि समस्याहरू झन-झन-विकराल बन्दै गएपछि बाँच्ने आशा हराएको भरियाको जीवनको टर्रो यथार्थलाई प्रस्तुत गरिएको छ । के हिउँदे, के वर्षा सँधै भारी बोकेर उसको मस्तिष्क ह्रास भइसकेको छ । टाउको खुइलिसकेको छ । आँखा धमिलिकेका छन् र जोश जाँगर मरिसक्दा पनि जीवनका बाटाहरू झन् झन् विकट भएर अगाडि तेर्सिएपछि बाँच्नु भन्दा मर्नु नै निको भन्दै भरियाले वेदनाका आँसु कवितामा चुहाएको छ । उसका गरिबी दिन दिनै चुलिदै जाँदा, निर्मित चौतारी भत्किसक्दा, टेक्ने तोक्मा र बोक्ने ढाकर खिइसक्दा पनि जीवन झन् जटिल बन्दै गएपछि

११६. पूर्ववत्: पृष्ठ ४४

जीवनबाट हार खाएको भरियाको तीतो तर सत्य कथा व्यथा कवितामा यसरी हृदय विदारक भएर आएको छ। जसलाई कविले यसरी व्यक्त गरेका छन्-

'अब त सक्दिन
जिन्दगीको बास बोक्न
सँधै सधैंको गाँस बोक्न
परिस्थितिको थास बोक्न।'[११७]

यो कविता प्रथम पुरुष कथन पद्धतिका ढाँचामा संरचित छ। कविता गद्य लयमा रचना भएपनि अन्त्यानुप्रासको राम्रो व्यवस्थाले सङ्गीतमय बनेको छ। कवितामा लामा छोटा आयमका जम्मा ३२ पङ्क्तिहरू रहेका छन्। कविताको विषयवस्तु र शीर्षक बीच तालमेल पाइनाले शीर्षक सार्थक छ।

## ५. दुई टुक्रा

यसमा शीर्षक अनुसारर्क दुई टुक्रा रहेका छन्। पहिलो टुक्रामा ५ पङ्क्ति र दोस्रो टुक्रामा ४ पङ्क्ति गरेर यो मुक्तकमा जम्मा ९ हरफ पाइन्छन्। यहाँ असफलता नै असफलताले भरिएर वेदनाका आँशु पिउँदै बाँच्नु परेको निराशापूर्ण भाव व्यक्त गरिएको छ। यस्तो अत्यासपूर्ण जीवन बाँच्नु भन्दा बरु मर्न सजिलो हुन्छ भन्दै कविले आफ्नो जीवन बचाइलाई कविले धिक्कारेका छन्। उनी अगाडि लेख्छन्-

धिक्कार छ यहाँ बाँच्नु
गरिबीका प्रत्येक सुस्केराले रङ्गिएर
साथी यहाँ किन पो बाँच्नु छ र।
आर्तनाद र रोदनका घुट्काहरू पिएर।[११८]

यो मुक्तक प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छ। मुक्तकको समाख्याता 'म' हो। भाषा सरल र सरस रहेको यस मुक्तकमा वैकल्पिक अन्त्यानुप्रास योजना छ। शीर्षक अनुरूप नै दुई टुक्रा रहेकाले यस मुक्तकमा आन्तरिक, जलन्पीडा, छटपटी र वेदनाहरू चुलिएका छन्।

---

११७. पूर्ववत् पृष्ठ -६५।
११८. पूर्ववत् पृष्ठ -२०।

## ६. 'जिन्दगी'

यस मुक्तकमा कविले जिन्दगीलाई अत्यन्तै टीठ लाग्दो, लज्जास्पद र क्षणिक भएको देखाएका छन् । जिन्दगीलाई कविले डढेलोले खाएको वन, भीख माग्नेले गाएको मङ्गल, वेश्याले लगाएको प्रीत अनि सूर्यले सुकाउन लागेको शीतसँग तुलना गरेका छन् । जिन्दगी एक दिन अवश्य मृत्युको मुखमा पर्ने भएकाले यो व्यर्थ भएको कुरा व्यक्त गरेका छन् । जिन्दगीलाई कविले हारै-हारको थुप्रोको रूपमा कवितामा प्रस्तुत गर्दै कवि यसो भन्दछन्-

'डढेलोले खाइसकेको जङ्गल जस्तै
यौटा भिख माग्नेले गाएको मङ्गल जस्तै
मेरो जिन्दगी ।'[११९]

जम्मा ७ पङ्क्तिमा विस्तारित यस मुक्तकमा अन्त्यानुप्रासको सुन्दर योजना रहेको छ । मुक्तकले मानव जीवनलाई जीर्ण र अस्थिर देखाएको छ । कविको उत्कृष्ट अनुभूतिको अभिव्यक्ति यसले देखाएकाले शीर्षक सार्थक छ ।

## ७.एक चोइटा

जीवनको निराशावादी भाव बोकेका यस मुक्तकमा बाँच्नु किन र साथी भन्दै साथीलाई सम्बोधन गरिएको छ । यस मुक्तकको समाजमा छाएको विकृति र त्यसले निम्त्याएको विसङ्गत परिस्थितिलाई देखाइएको छ । यस्तो परिस्थितिमा मान्छेले भोग्नु परेको तीतो यथार्थलाई मुक्तकले प्रस्तुत गर्दै यस्तो आशय व्यक्त गरेको

'बाँच्नु किन र यहाँ
वरिपरि चिहानै चिहान छन् भने ?
कसैको जिन्दगी कसैको खेलौना हो भने,
साथी किन बाँच्नु र यहाँ
मुटुको रगत पनि अर्कैले चुसिदिन्छ भने ।'[१२०]

यसरी निराशापूर्ण जीवन बँचाइको भाव यस मुक्तकमा आएको छ । जम्मा ५ पङ्क्तिमा संरचित यस मुक्तकको भाषाशैली शीर्षक र भाव बीच सामज्जस्यता पाइन्छ ।

---

[११९]. पूर्ववत्: पृष्ट -१४ ।
[१२०]. पूर्ववत्: पृष्ठ -१३ ।

## ८. मुक्तक

यो मुक्तकको विषय वस्तु प्रेम प्रसङ्ग रहेकको छ । कविले यसमा वासनात्मक वा मांसल प्रेम भन्दा अन्तिम प्रेमका पक्षमा आवाज उठाएका छन् । प्रेम लेनदेनको विषय होइन । प्रेममा त्याग, उत्सर्ग र बलिदानी रहनु पर्छ भन्ने कविको विचार छ । यसै सन्दर्भलाई प्रष्ट पार्दै बोक्रे शारीरिक प्रेमलाई प्रेमप्रति नै निराशा प्रकट गर्दै कवि अगाडि लेख्दछन्-

'वासनापूर्ण प्रेमलाई के प्रेम भन्ने र ?
जसको मुटूको गहिरामा वास छैन भने ।'[१२१]

मुक्तकमा प्रेम भनेको हृदयको गहिराइसम्म पुगेको हुनुपर्छ । क्षणिक प्रेमले भविष्यमा विछोडको पीडामा तड्पाउन सक्छ । ७ पङ्क्तिपुञ्जमा संरचित यो मुक्तक सरल सरल हुनाका साथै बोध गम्य छ ।

## ९. हत्यारा

यस कवितामा पाशविक युगको विशेषताहरूलाई देखाइएको छ । कवितामा आफूले गरेका हत्या र कुकृत्यका कारण जेलमा बसेको एउटा हत्याराको माध्यमबाट बर्वर युगका नराम्रा पक्षप्रति सङ्केत गरिएको छ । कवितामा आजको मान्छे अत्यन्त नीच भएको छ । ऊ मौका परेका खण्डमा आमा बुबा, दिदी, बहिनी, दाजु भाइ, साथी जो कोहीको पनि हत्या गर्नपछि पर्दैन । उसलाई श्रीमतीको नग्नता, भाइ बहिनीका अशिक्षाको वास्तै छैन । कवितामा हत्याराले यसरी वर्वराएको छ-

'कवि धिक्कार छ संसार
सयौं वर्ष पुरानो
मेरो इतिहास पो शुरु भएछ ।'[१२२]

यस कवितामा असमान आयामका जम्मा २५ पङ्क्तिपुञ्जहरू रहेका छन् । कविता जम्मा तीन भागमा विभाजित छ । कवितामा प्रत्येक भागमा क्रमशः १२,५ र ८ पङ्क्तिहरू रहेका छन् । कवितामा विम्व र प्रतीक योजनाका साथै कतै-कतै अन्त्यानुप्रास योजना रहेको छ ।

---

[१२१]. पूर्ववत्: पृष्ठ -६३ ।
[१२२]. पूर्ववत्: पृष्ठ -४८ ।

प्रयोगवादी अभ्यास पाइने यस कवितामा संरचना भने भाँचेको पाइन्छ । शीर्षक प्रतीकात्मक रहेको छ । कविता बाह्य दृष्टिविन्दुमा संरचित रहेको छ ।

## १०. परिस्थिति

यसमा कविले जीवनको विवशतामाथि प्रष्ट  पारेका छन् । एउटा जरै सित पल्टिएको रुखका जराहरू जस्तै जीवन पनि कुरूप छ । जीवन परिस्थितिको दास हो । जीवन भूकम्पका झड्काले हल्लिन सक्छ भन्दै कवि लेख्छन्-

'भूकम्पको थर्थराहटमा हल्लिएको
बुढो रुख जस्तै
परिस्थितिले हल्लाइ दिन खोज्छ ।[१२३]

१२ पङ्क्तिपुञ्जमा विस्तारित यो कविता गद्य लयमा संरचित छ । आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको यस कवितामा कविले आफ्नै यथार्थतालाई व्यक्त गरेका छन् । शीर्षक सार्थक छ ।

## ११. उपहास

यस कवितामा कविले नेपाली वीरहरूको नाम लिएर हामी बाँचेका छौं तर तिनको आर्दशतालाई पालना गर्न सकेका छैनौं भन्ने भाव व्यक्त भएको छ । आज वीरका छातीमा टेकेर गिद्धले राज गरेका छन् । यो देख्दा कविलाई आफैंप्रति उपहास भएको अनुभूति भएको छ । आजको अग्रजको सम्मानका सट्टा तिनकै मृत शैंया माथि लड्नु परेको चर्चा  गर्दै कवि लेख्छन्-

'आज त्यही चिहान माथि
त्यही मृत शैंया माथि
आफ्नै जिन्दगीलाई पल्टाएर
म बाँच्ने गर्व गरिरहेको छु ।'[ज्ञद्द]

लामा-छोटा आयमका गरी २२ पङ्क्तिपुञ्जमा संरचित यस कवितामा कविले नेपाली जातिको अतीतलाई चियाउने काम गरेका छन् । कविता गद्य लयमा संरचित छ । विषयवस्तु र शीर्षक बीच तालमेल रहेकाले शीर्षक सार्थक छ ।

---

[१२३].पूर्ववत्: पृष्ठ -१७ ।
[१२४].पूर्ववत्: पृष्ठ -३० ।

### १२. यौटा पागल

यस कवितामा कविले एउटा निरुद्देश्य हिंडेको पागलको चर्चा गरेका छन् । पागल मौन छ, अटल स्थिर धरती जस्तै छ । झोक्राउनु, चिच्याउनु, एकोहोरिनु, निर्जीवझैं पल्टनु पागलका प्रवृत्ति बनेका छन् । उसका भावना, इच्छा र आकांक्षा लुटिएका छन् । पागल इतिहासको अपूर्णतालाई सम्झेर रुन्छ । केही खोज्छ, केही प्राप्तिका लागि तर शून्यतामा निस्सासिन्छ भन्दै कवि अघि लेख्छन्-

'केही खोज्छ हराए झैं
कैले प्रतीत हुन्छ उ डराए झैं
दौडन्छ, रोकिन्छ
शुन्यतामा निसास्सिए झैं
उ पागल
साँच्चै उ पागल ।'[१२५]

लामा-छोटा गरी २० पङक्तिपुञ्जमा संरचित यस कविताले जीवन निस्सार र शून्यताको गतिमा गुज्रिरहेको पक्षलाई उजागर गरेका छन् । गद्य लयमा संरचित यस कवितामा विषयवस्तु र शीर्षकबीच तालमेल रहेकाले शीर्षक सार्थक छ ।

## ३.६.४ कवि 'विरही' मुटु रेटिएको कथा (२०३८) कविता सङ्ग्रह भित्र रहेका अन्य फुटकर कविताहरूको संक्षिप्त चर्चा यहाँ गरिन्छ ।

### ३.६.४.१ एक मुक्तक

सात हरफमा संरचित यस मुक्तकमा कविले सूर्यको एक चोइटा टुक्रिएर फेरि पृथ्वीमा झऱ्यो भने समुद्र र महासागर मिलेर संसार डुबाइदियो भने कविलाई डर लाग्ने भएकाले उनी कतै प्रेयसीको गालालाई गुलाफ संम्झिएर भमराले चुम्बन नगरोस् भन्ने चाहन्छन् । अन्त्यानुप्रास युक्त यस मुक्तकले श्रृङ्गारिक भाव पोखेको छ ।

### ३.६.४.२ अतीत

५ पङ्क्तिपुञ्जमा संरचित कवि विरहीले अतीतको दुःखद घात प्रतिघातको स्मरणले हृदयलाई चस्स घोचेको कुरा व्यक्त गरेका छन् ।

---

[१२५]. पूर्ववत्: पृष्ठ -५० ।

### ३.६.४.३ तिमी

६ पङ्क्तिपुञ्जमा संरचित यस कविताले आफ्नी प्रेयसीलाई वसन्तको छाहारीमा बस्न आग्रह गर्दै आफै मरुभूमिको तातोमा निदाउने स्मरण गर्छन् । प्रेयसीले चन्द्रमाको ज्योतिमा श्वास फेर म औंशीको अँध्यारोमा आराम लिन्छु भन्दै तिमी सागर बन म त्यसकै गहिराइमा डुब्छु भन्ने भाव व्यक्त गरेका छन् । श्रृङ्गारिक संयोगमा लेखिएको यो कविताको दृष्टिविन्दु आन्तरिक रहेको छ ।

### ३.६.४.४ वर्तमान

सात पङ्क्तिपुञ्जमा संरचित यस कवितामा कविले ज्यूँदै यथार्थता देखिएको, कुरूप समयले आज भोलिका सङ्कीर्णतासँगै जीवनका एक एक पृष्ठहरू देखाइ दिएको तथ्य अघि सारेका छन् । कविता तृतीय पुरुषात्मक दृष्टि विन्दुमा गद्य लयमा संरचित छ ।

### ३.६.४.५ अस्तव्यस्तता भित्र बाँचेको तिम्रो जीवन

२० वटा लामा-छोटा आयाममा संरचित यस कवितामा कविले आजको संत्रासपूर्ण वातावरणमा बाँचेको मान्छेको जीवनको चर्चा गरेका छन् । आजको तिम्रो जीवन कसैबाट कामवासनाबाट लुटिएको छ । तिमी सामाजिक कुसंस्कार बन्धनले बाँधिएको छौं । आफ्नो मृदुनयनलाई पनि कसैको जीर्ण मुटुसँग गाँस्नु परेको तिमीले साँच्चै अस्त-व्यस्त जीवन बाँचेका छौं भन्ने भाव कविले व्यक्त गरेका छन् । अन्त्यानुप्रासीय यो कविता गद्य लयमा संरचित छ ।

## ३.७ 'विकृति र मान्छे', कविता सङ्ग्रहको अध्ययन

### ३.७.१ परिचय

'विरही' अधिकारीको 'विकृति र मान्छे' कविता सङ्ग्रह वि.सं. २०५७ मा प्रकाशित दोस्रो कविता सङ्ग्रह हो । पहिलो सङ्ग्रहका कविताका तुलनामा यस सङ्ग्रहका कवितामा परिष्कृत र परिमार्जित भाषा शैलीको प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहमा मुक्तक र फुटकर कविता गरी जम्मा ४९ शीर्षकका कविताहरू सङ्ग्रहित छन् ।

यस सङ्ग्रहका कवितामा कविका भावहरू सफलताको शिखर तर्फ लम्केका छन् ॥ नेपाली समाजमा रहेका अन्याय अत्याचार, शोषण, दमन, गरिबी, दुःख कष्ट पीडा जस्ता

कुराका विरुद्धमा पहिलो कविता सङ्ग्रहका तुलनाबाटै अङ्कुराएका उनका विशेषताहरू यसमा आएर झन् जीवन्त बनेका छन् । यस सङ्ग्रहका कविताहरूमा कविले समाजका सम्पूर्ण उल्टा पक्षहरूलाई व्यङ्ग्य प्रहार गर्नुका साथै आशा र निराशाका अभिव्यक्ति समेत पोखेको पाइन्छ । खास गरी नेपालमा प्रजातन्त्रको आगमनपछि जनताका समस्याहरू जस्ताको तस्तै रहेका, अशान्तिले र महङ्गीले जनताको ढाड भाँचेको, राष्ट्र र राष्ट्रियता झन् खतरामा परेको, धर्म र संस्कृतिको ह्रास हुँदै गएको, प्रजातन्त्रमा घुस खोरी र तस्करहरू बढेको, देशको प्राकृतिक सौन्दर्यता नष्टभएको देखाउन कविता सक्षम बनेका छन् । त्यस्ता विकृतिप्रति राँको बाल्न कविले आह्वान गरेका छन् । बेरोजगारीले देशलाई जर्जर अवस्थामा पुऱ्याएको, प्रजातन्त्रमा घूस खोरी र तस्करहरू बढेको प्रसङ्गलाई कविले व्यक्त गरेका छन् । यस कविता सङ्ग्रहको भूमिकामा साहित्यकार भवानी घिमिरेले र मन्तव्यमा प्राध्यापक चूडामणि वाशिष्टले यसरी टिप्पणी गरेका छन्-

"'विरही' अधिकारीका कविताहरू यही कविता आन्दोलनका अंश हुन् । सम्पूर्ण विव्याँटाहरूका विरुद्ध लड्न उनका कविताका अक्षरहरूका अस्त्र जस्तै हुन् ।"[१२६]

घिमिरे फेरि टिप्पणी गर्दछन्- 'उनका अक्षर अस्त्रहरू भुत्ते छैनन् । यी अर्थवान्, शसक्त र प्रभावशाली बनेका छन्, धेरै अर्थमा र धेरै ठाउँ यो कविता पुस्तकमा ।'[१२७]

प्रस्तुत कवितामा कवि आडम्बरी, दुराचारी पाखण्डीहरूप्रति कतै अरिङ्गाल भएर खनिएका छन् । कतै बाघ भएर झम्टेका छन् । कतै सिंह बनेर गर्जेका र कतै अभाव असन्तोष, निराशा, कुण्ठा भित्र पग्लेर बगेका छन् ।

'विरही' का यस सङ्ग्रह भित्रका कविताहरू विभिन्न प्रवृत्तिका देखिन्छन् तापनि मूल प्रवृत्तिका आधारमा मात्र निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ ।

### ३.७.२ 'विरही' को 'विकृति र मान्छे' कविता सङ्ग्रहका कविताहरुको वर्गीकरण र अध्ययन

(क) अग्रजहरूको सम्झना गराउने कविताहरू

(ख) व्यङ्ग्य विद्रोही स्वभावका कविताहरू

(ग) क्रान्ति चेतना भएका कविताहरू

(घ) जीवनका आशावादी रहर बोकेका कविताहरू

---

[१२६]. घिमिरे भवानी 'भूमिका' विकृति र मान्छे (२०५७) प्रकाशिका सुमना अधिकारी ।

[१२७]. घिमिरे भवानी -पूर्ववत् ।

(ङ) जीवनका निराशावादी भाव बोकेका कविताहरू

(च) राष्ट्र प्रेमले भरिएका कविताहरू

(छ) अन्य समसामयिकतामा आधारित कविताहरू

## (क) अग्रजहरूको सम्झना गराउने कविताहरू

'विरही' का कतिपय कविताहरूले अग्रजहरूको सम्झना गराउँदै देश र प्रजातन्त्र, भाषा र संस्कृतिको संरक्षण गर्न जस्तोसुकै मूल्य चुकाउन पछि पर्न नहुने कुराको सन्देश दिएका छन् । यस्ता कविताहरूमा 'आँसुको श्रद्धाञ्जली', 'सगरमाथा साक्षा बक्नु पर्छ', 'शहीद', 'नेपाली भाषा र भानुभक्त' आदि रहेका छन् ।

## १. आँसुको श्रद्धाञ्जली

नेपाली साहित्यका विलक्षण प्रतिभाका धनी महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्झना गर्दै यस कवितामा उनीप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । यस कवितामा कविले देवकोटाले भोगेको कारुणिक जीवनको चित्र प्रस्तुत गरेका छन् । कविले नेपाली साहित्यलाई अमूल्य कृतिहरू दिएर विश्व सामु चिनाउने, विश्वस्तरकै उत्कृष्ट साहित्यकारसँग दाँजिन सक्ने देवकोटालाई तत्कालीन नेपाली समाजले न्याय नगरेको कुरा उठाएका छन् । देवकोटाको जीवन अभाव पीडा र अनेक कष्टमा बितेको, सम्मान र पुरस्कारको साटो पागलको संज्ञा दिइएको तीतो यथार्थ प्रस्तुत गरेका छन् । देवकोटालाई नेपालीहरूले चिन्न नसकेकोमा सम्झना गर्दै कवि लेख्छन्-

'ऊ त गरीबीको तप्त बगरमा
बाफिएर पोलिएर मऱ्यो
टुक्रिएर मऱ्यो
कच्याक कुचुक्क भएर मऱ्यो
राष्ट्रले बोक्नै नसकेको ऊ
कसरी बोक्नु र ?
सिङ्गै संसार थियो ।'[१२८]

---

[१२८]. अधिकारी विरहीः विकृति र मान्छेः पूर्ववत् पृष्ठः १०-११ ।

हृदयबाट नै महाकवि देवकोटाप्रति हार्दिक श्रद्धाञ्जली दिदै नेपाली साहित्यका दिग्दर्शक, विद्वान, वीर सपूत मान्दै उनीप्रति आँसुको श्रद्धाञ्जली मात्र दिन सकिएको कुरालाई कवि यसरी स्वीकार गर्दछन्-

श्रद्धाञ्जली तिमीलाई
अञ्जुलीभरि फूल लिएर होइन
आँसुको श्रद्धाञ्जली
केवल दुई थोपा आँसुको श्रद्धाञ्जली ।'[१२९]

गद्य लयमा संरचित, तृतीय पुरुष कथन पद्धतिका ढाँचामा लेखिएको यस कविताको रचना वि.स. २०५१ मा भएको हो । कवितामा कतै-कतै अन्त्यानुप्रासका साथै रूपक अलङ्कारको प्रयोग भएको छ । देवकोटाप्रति भावपूर्ण श्रद्धाञ्जली गरिएकाले कविताको शीर्षक र विषयवस्तु बीच समन्वय पाइन्छ ।

## २. सगरमाथा साक्षी बक्नुपर्छ

यस कवितामा सगरमाथाको सफल आरोहणपछि फर्कने क्रममा बाटोमा दिवंगत हुन पुगेकी प्रथम सफल महिला आरोही, नेपाल आमाकी साहसी छोरी पासाङ ल्हामूको मृत्युको खबरले आहात बनेको कविले उनको अमरत्वका लागि श्रद्धाञ्जली अर्पण गरेका छन् । पासाङ्को मृत्यु स्वाभाविक वा नियतपूर्ण के हो ऊ यसबारेमा सगरमाथाले सत्य बोल्नु पर्छ भन्दै कवि अघि लेख्छन्-

'स्वयम् सगरमाथाले जवाफ दिन सक्नुपर्छ
पासाङ ज्यूँदैछन् भन्न सक्नु पर्छ
फेरि आउँछिन् भन्न सक्नु पर्छ
अजेय साहसकी मेरी दिदीलाई
अमरत्वको शब्द श्रद्धाञ्जली बाहेक
मैले त के दिन सक्छु र ।'[१३०]

पासाङले सगरमाथा झैं उच्च जीवन बाँचेकी छन् । उनको मृत्यु, वीरताको मृत्यु हो । पहाड भन्दा गर्‍हौं र सगर भन्दा विशाल मृत्युवरण गर्ने पासाङ नेपाल आमाकी असल छोरी हुन् । यो

---

१२९. पूर्ववत्: पृष्ठ -११ ।

१३०. पूर्ववत्: पृष्ठ -१९ ।

कविता गद्य लयमा छ । कविताका धेरै पङ्क्तिहरूमा अन्त्यानुप्रास मिलेको छ । कविताको विषयवस्तु र शीर्षकबीच समन्वय पाइनाले शीर्षक सार्थक छ । लामा छोटा ७३ पङ्क्तिपुञ्जमा संरचित यो कविता वि.सं. २०५२।५।२ मा रचिएको हो ।

## ३. नेपाली भाषा र भानुभक्त

प्रस्तुत कवितामा भाषाको माध्यमबाट साहित्य सिर्जना गरेर सम्पूर्ण नेपाली जातिलाई एकताको सूत्रमा गाँसेको कुरा नै मूल भावको रूपमा रहेको छ । भाषा मानव जीवनको प्राण, एकताको सूत्र, अभिव्यक्तिको साधक, अमूल्य गहना, राष्ट्र र राष्ट्रियताको गरिमा झल्काउने फूल, सभ्यताको मूल र संसारको सबैभन्दा ठूलो सम्पत्ति र शाक्तिका रूपमा कवितामा देखाइएको छ । भानुभक्त भाषिक एकताका प्रतीकका रूपमा रहेको तथ्य जाहेर गर्दै नेपाली साहित्यका अमर साधक आदिकवि आचार्यलाई सबै नेपालीले सम्झनु पर्ने भाव कवितामा यसरी व्यक्त भएको छ-

भानु सात्विक भाष्यसाधक ठूला साहित्यका अग्रणी
हुन् प्यारा कवि भानुभक्त जगका श्रद्धेय शिरोमणि
थियो जर्जर युग तैपनि गरे साहित्यको सृजन
हे ! आदिकवि भानुभक्त तिमीमा गर्छौं सधैं सम्झना ।'[१३१]

शार्दूलविक्रीडित छन्दमा संरचित यस कवितालाई रूपक र उपमा अलङ्कारको सफल प्रयोगले उत्कृष्ट तुल्याएको छ । कविताको भाषाशैली सरल र सरस छ । कवितालाई रूपक र उपमा अलङ्कारको सफल प्रयोगले उत्कृष्ट तुल्याएको छ । गरुदेव, संसार दिव्योदेशक आदि तत्सम शब्दहरूको प्रयोग भएपनि बोलचालका तत्भव शब्दको बाहुल्यताले कवितलाई मिठासपूर्ण तुल्याएको छ । यस कविताको विषयवस्तु अनुकूलको शीर्षक चयन गरिएकाले शीर्षक सार्थक रहेको छ । यो कविता वि.सं. २०५३।०३।२५ मा रचिएको एघार अनुच्छेद संरचित छ ।

## ४. शहीद

यस कवितामा देश र जनताको मुक्तिका लागि साम्राज्यवादी, विस्तारवादी र निरङ्कुशतन्त्रका विरुद्धमा लड्दा जीवन गुमाउन पुगेका शहीदको गुणको कदर गरिएको छ ।

---

[१३१].पूर्ववत्: पृष्ठ -७० ।

कवितामा शहीदमा रहेको राष्ट्रप्रेम र जातिप्रेमका भावहरू छताछुल्ल भएर पोखिएका छन । प्रजातन्त्रको सुनौलो विहानी ल्याउन शहीदले प्राण समेत उत्सर्ग गरेका छन् । यी महान सपूतहरू युग युगसम्म बाँच्न सकून भन्ने भाव प्रकट भएका कविताहरू यसरी बाँलेका छन्-

"पूँजीवादले उन्मत्त युद्धवादीहरू
उपनिवेशको सङ्गीन बोकेर
अराष्ट्रवादी भावनाले प्रेरित भएर
राष्ट्रलाई चिथोर्दा
पहरेदार भएर उभिएको
सङ्घर्ष शील अस्तित्व हो शहीद ।"[१३२]

कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । कवितामा असमान आयामका जम्मा ३५ पङ्क्तिहरू रहेका छन् । गद्य लयमा संरचित यस कवितामा अधिकांश पङ्क्तिहरूमा अन्त्यानुप्रासको व्यवस्था रहेको छ । कविताको विषयवस्तु अनुसार कै शीर्षक राखिएकाले शीर्षक सार्थक रहेको छ । यस कविताको रचनाकाल वि.सं. २०५२।०४।०८ रहेको छ ।

## (ख) व्यङ्ग्य विद्रोही स्वभावका कविता

'विरही' अधिकारीको 'विकृति र मान्छे' भित्रका धेरै कविताहरू व्यङ्ग्य विद्रोही स्वभावका छन् । समाजमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गर्दै विद्रोहका लागि अग्रसर हुनु यस्ता कविताको विशेषता हो । उनका 'प्रजातन्त्र', 'यस्तै छ मेरो इतिहास', 'लाटो', 'खोइ कसलाई दिऊँ शुभकामना', 'अनि मलाई आफ्नै देश कहाली लाग्छ' लगायत अन्य कविताहरू व्यङ्ग्य तथा विद्रोही स्वभावका छन् ।

### १. प्रजातन्त्र

'विरही' ले यो कविता वैदेशिक रोजगारको खोजीमा साउदी अरबमा बस्दा ई.स. २७।१०।१९९८ मा रचना गरेका हुन् । प्रस्तुत कवितामा नेपालमा प्रजातन्त्रको आगमन र प्रजातन्त्रमा जनताले भोग्नु परेका पीडालाई व्यङ्ग्यात्मक अभिव्यक्ति प्रस्तुत गरिएको छ । प्रजातन्त्र आएपछि जनताले सुख, शान्ति पाउने कुरा सपनामा विलीन भएको, जनताको गाँस,

---

[१३२]. पूर्ववत्: पृष्ठ -४८ ।

बाँस, उठेको, भ्रष्टाचार बढेको, नेताले अकूत सम्पत्ति कमाएको, देश अधोगतिको खाडल तर्फ लागेको कविको ठहरमा यस्तो अभिव्यक्ति दिएका छन्-

'निर्धा निमुखालाई दबाएर
अहमन्यताले पूर्ण
म सामन्तीहरूको गरिखाने बाटो प्रजातन्त्र ।'[१३३]

गद्य लयमा संरचित यस कवितामा वैकल्पिक अन्त्यानुप्रासको व्यवस्था सहित ३३ पङ्क्ति पुञ्ज रहेका छन् । कवितामा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । कविता वर्तमान विसङ्गतिलाई व्यङ्ग्य गर्न सफल छ । प्रजातन्त्र भन्ने शब्दको धेरै पटक पुनरावृत्ति भएको छ ।

## २. यस्तै छ मेरो इतिहास

लामा-छोटा आयामका ६२ पङ्क्तिमा वि.स.२०५२।०८।१८ मा संरचित प्रस्तुत कवितामा कविले इतिहासलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यस कवितामा विशेषतः सुगौली सन्धिले घाइते पारेको नेपालीहरूको हृदयमा कुनै पनि शासकहरूले मलम पट्टि गर्न नसकेको, विशाल हिमाली राज्य विखण्डित भएको तर सत्ताका लागि उल्टै कोतपर्व, भण्डारखाल पर्व, अलौ पर्व रचिएको, प्रजातन्त्र प्राप्तिको आन्दोलनमा शासकले धेरैका रगत पिएका नेपाली जनता सदैव निरङ्कुशताकै पिञ्जरामा कोचिनु परेको तथ्य उजागर गर्दै २००७, २०१७, २०३६ एवम् २०४६ का आन्दोलनले नेपाली जनतालाई झुक्याएको कविको ठहर छ । जनताको रगतमा होली खेलेर मस्त बनेका नेताले राष्ट्रियताको संरक्षण त होइन बरु देशको अस्मिता बेचेका छन् भन्दै कवि यस्तो सत्यनिष्ठता व्यक्त गर्दछन्-

'पुनः कोत पर्वको अनुवाद भएर
प्रजातन्त्र आयो
बेमेल, अनमेल लिएर आयो
भोका कागहरू कराइरहेछन्
इतिहासका पन्नाहरू
अझै डराइ रहेका छन् ।'[१३४]

---

[१३३]. पूर्ववत्: पृष्ठ -४७ ।

[१३४]. पूर्ववत्: पृष्ठ -३७ ।

यसरी कविले नेपाली इतिहास नै सत्ताको खेलले भरिएको छ, जनता कुशासनको शिकार बनेका छन् । रोग भोक र अशिक्षाले नेपाली समाज आक्रान्त बनेको छ । कवितामा वैकल्पिक अन्त्यानुप्रास पाइने यस कवितमा सरल र सरस भाषा शैलीको प्रयोग भएको छ। कवितामा शीर्षक र विषय वस्तुका बीच मेला रहेकाले शीर्षक सार्थक छ ।

## ३. 'लाटो'

कवितामा नेपाली जातीय स्वाभिमान, राष्ट्रियता र प्रजातन्त्रको लागि लड्दै आएका नेपाली जनताले भोग्नु परेका दुःख, पीडालाई व्यङ्ग्यात्मक ढङ्ग्यले प्रस्तुत गर्दै देशको अस्मिता बचाउन हामीलाई कठिन परेको, जनताले जहिल्यै शास्ती भोग्नु परेको, जनता जहिल्यै शास्ती भोग्नु परेको, जनता केवल नेतालाई सत्तामा पुऱ्याउिने शासक बनेका तर तिनै नेताले जनतालाई अनेक प्रलोभन देखाएर लाटो, बनाएको व्यङ्ग्यात्मक प्रस्तुति यहाँ पाइन्छ । जनताको रगतमा होली खेल्ने शासकप्रति कविले यसरी शब्द प्रहार गरेका छन्-

"उसको इसाराले भन्छ
संविधान काँच घर जस्तो छ
संसद नाच घर जस्तो छ
रगत र पसिना 'डिनर' जस्तो छ ।"[१३५]

नेताले विवेकका आधारमा होइन नातावाद, कृपावादलाई आधार बनाएर देश लुटेको आक्रोश कविले पोखेका छन् । यो कविता वि.स.२०५२।०५।११ मा रचित देखिन्छ ।

तृतीय पुरुष कथन पद्धतिका ढाँचामा रचना गरिएको यस कवितामा कविले नेपाली, सामाजिक तथा आर्थिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गरेका छन् । कविता लामा-छोटा आयम गरी ३३ पङ्क्तिपुञ्जमा फैलिएको छ ।

## ४. खोई कसलाई दिउँ शुभकामना

नव वर्ष वि.स. २०५३ को अवसरमा लेखेको यो कविता २९ पङ्क्तिपुञ्जमा संरचित छ । कवितामा शुभकामना दिन सकिने ठाउँ नेपालमा कविले कतै पाएका छैनन् । आजका शुभकामना पाउने लाखौं युवा युवती नशालु पदार्थको सेवन र व्यभिचारमा फसेका छन् । राजनीतिक नेता जनताको रगत र पसिनामा पौडी खेल्दै गरेका कुरालाई कविले

[१३५]. पूर्ववत्: पृष्ठ -२७ ।

कवितामा व्यक्त गरेका छन् । त्यस्ता देश खाने व्वाँसाहरूलाई शुभकामना दिएमा पाप लाग्ने कवि बताउँछन् । प्राकृतिक सौन्दर्यतालाई त शुभकामना दिनै नपर्ने धारणा त कविको रहेकै छ । शुभकामना दिने ठाउँ कतै नभएको कुरालाई यसरी व्यक्त गर्दछन्-

'खोइ कसलाई दिऊँ शुभकामना
राजनीनिक नेताहरूलाई दिऊँ
आफैलाई पाप लाग्छ
मन्त्री र भरौंटेहरूलाई दिउँ
देशको श्राप लाग्छ
नव वर्षलाई दिऊँ उस्तै छ
पोहोरको अनुहार दुरुस्तै छ ।'[१३६]

यसरी कविले शुभकामना दिने ठाउँ नै नपाएर व्यङ्ग्यात्मक रूपमा परिस्थितिलाई नै शुभकामना दिएका छन् ।

## ५. अनि मलाई आफ्नै देश कहाली लाग्छ

प्रतीकात्मक संरचनामा संरचित यो कविता 'विरही' ले साउदी अरबमा रहँदा ई.स. १९९८।०९।१८ मा रचना गरेका हुन् । कविता असमान आयाम भएका २७ पङ्क्तिमा फैलिएको छ ।

यस कवितामा नेपालमा बहुदलीय व्यवस्था आए पनि रूप नफेरिएको र उराठ लाग्दो परिस्थितिलाई व्यङ्ग्यात्मक रूपले प्रहार गरिएको छ । कविले जनताका अधिकार दिनप्रतिदिन खोसिदै गएका, ऐनकानुन जनताका पक्षमा नरहेका, सानालई ऐन र ठूलालाई चैन भन्ने उखान यस कविताले चरितार्थ गर्दछ । देश रोग, भोक र शोकमा डुबेको छ । निहत्था जनताको दिन दहाडै हत्या भएको छ । यस्तो अवस्थामा पनि नेपाली जनता काँतर बनेर बस्न नहुने, मस्त निद्रामा सुत्ने अवस्थामा नरहेको भन्दै आफ्नो चिन्तित अभिव्यक्ति यसरी बोल्छन्-

"जहाँ सधैं शिशिर देखिन्छ
रुख नाङ्गिदै पातहरू छैनन्
मिसायल त होइन
भरुवा बन्दुक उठाउने

[१३६]. पूर्ववत्: पृष्ठ -५८ ।

प्रवल हातहरू छैनन् ।"[१३७]

प्रथम पुरुषात्मक आत्मालाप कथन पद्धतिमा संरचित यस कवितामा आन्तरिक दृष्टि विन्दु सल्बलाएको छ । कविता अन्त्यानुप्रासीयताको लयमा बहेको छ । देशलाई रसातलको खाडलमा धकेल्ने तत्वहरूप्रति व्यङ्ग्य गरिएको यस कविताको शीर्षक र विषय वस्तुका बीच घनिष्ठ सम्बन्ध रहेकाले शीर्षक सार्थक छ ।

## ६. मान्छे जस्तै छ यो कविता

कवितामा मान्छे-मान्छेका बीचमा धन, धर्म, शिक्षा जात, रोग आदि जस्ता कुरामा भिन्न भए जस्तै कवितामा पनि भिन्नता भएको कुरालाई कविले प्रस्तुत गरेका छन् । आजको मानिस विवेकहीन भएर मानव विनाशका लागि कम, बन्दूक बोकेर हिंडेको छ । उसले मानवता विर्सिएको छ । आजको मान्छेले मनुष्यत्व गुमाएर आफ्नै बहिनीको अस्मिता लुट्न पछि परेको छैन् । यस्तो अशान्ति र अराजकताको ज्वालामा कविता पनि मुछिएको छ भन्दै कवि लेख्छन्-

'हरफहरू मिल्नु पर्ने पट्टक्कै नमिलेका
कतै गाडँ निस्केका
कतै घाँड निस्केका
निर्बस्त्र बाँचेको
परिस्थितिले धेरै ठाउँ भाँचेका
मृत्युले सकी  नसकी साँचेका
दुरुस्तै मान्छे जस्तै छ यो कविता ।[१३८]

लामा-छोटा गरी ४९ पङ्क्तिपुञ्जमा वि.सं. २०५२।०३।२९ मा संरचित यो कविता गद्य लयमा संरचित छ । यस कविताले मान्छे र कविता बीच समानता देखाउँदै समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यवाण प्रहार गरिएको छ । प्रनीतात्मक संरचनामा संरचित कविताको भाषा शैली सरल छ । शीर्षक पुनरावृत्ति भएको कविता खण्डमा पाइन्छ । उपमा अलङ्कारको प्रयोग छ ।

---

[१३७]. पूर्ववत्: पृष्ठ -५३ ।

[१३८]. पूर्ववत्: पृष्ठ -३४ ।

## ७. रोइरहेकी प्रकृति

असमान आयाममा ३७ पङ्क्ति पुञ्जमा संरचित यो कविता गद्य लयमा छ । कवितामा प्राकृतिक सौन्दर्यतामा आएको ह्रासले सम्पूर्ण जीवन र जगत्मा नराम्रो असर पारेको कुरा कविले व्यक्त गरेका छन् ।

यस कवितामा वन विनाश, जनसङ्ख्याको बृद्धि, मानिसको लोभी, दूराचारी प्रवृत्ति, वातावरण प्रदूषण, सहरीकरण त्यसले ल्याएको दुर्गन्ध जस्ता कुराले प्रकृतिमाथि अतिक्रमण भएको छ । यस्ता सभ्यताका नाममा प्रकृतिमाथि निर्मम प्रहार गरेर प्रकृतिलाई रोदनमा तड्पाउने तर आफ्नै आयु छोट्याउने कुरालाई कविले यसरी पोख्छन्-

सभ्यताको कालो घुम्टो ओढेर
प्रगतिको आहुतिमा चरु बनेर होमिएको
महान् मानवलाई सोध
मान्छे यो सबै के भएको हो भनेर ।[१३९]

आक्रमणले आफैंलाई नै ध्वस्त पार्न लागेको गम्भीर विषयवस्तु आएको छ । कवितामा प्रतीक, प्रकृति, दुर्गन्ध आदि तत्समजन्य शब्दहरू यस कवितामा आएका छन् । कविताको शीर्षक र विषयवस्तुका बीच सामञ्स्यता पाइनाले शीर्षक सार्थक छ । यस कविताको रचनाकाल वि.सं. २०५२।०४।०४ हो

## ८. 'म मन्दिरको पुजारी हुँ'

लामा छोटा आयामका जम्मा २९ पङ्क्तिपुञ्जमा फैलिएको यो कविता डिग्बोइ आसामुमा रहँदा वि.सं. २०४७५।४ रचेका हुन् । यस कवितामा आफूले गरेका गल्ती र कमजोरीबाट मुक्ति पाउन नैवेद्य र भेटी बोकेर मन्दिर धाउने, भेटी, उपहार र राम्रा केटीको प्रतीक्षमा बसेको पुजारीप्रति व्यङ्व्ग्य प्रहार गर्न यो कविता सफल छ ।

यस कवितामा पाषाणरूपी मन्दिर धाउने, पापी र दुराचारी सर्वभ्रष्ट नै मन्दिर जानमा अग्रस्थानमा रहेको कविको ठहर छ । मन्दिरमा पाप सँधै लुकेको हुन्छ र धर्म झुकेको हुन्छ भन्दै कवि लेख्छनः-

[१३९]. पूर्ववत्: पृष्ठ -४१ ।

'यो मन्दिर यहाँ पाप लुकिरहन्छ
धर्म झुकिरहन्छ
पुजारी ढुकिरहन्छ ।'[१४०]

यसरी मन्दिर धाउँदा पाप मोचन नहुने वरु त्यसका सट्टा मानवीय सेवामा लाग्नु पर्ने सन्देश यहाँ पाइन्छ । कविता गद्य लयमा रचना गरिएको छ । कवितालाई अनुप्रासीयताले कवितामा अन्तर्लय पाइन्छ । कविताको मूल विषय वस्तु र शीर्षक वीच तालमेल रहेकाले शीर्षक सार्थक छ ।

## ९. 'कविता ठप्प रोकिन्छ' ।

यो कविता 'विरही' ले साउदी अरबमा रहँदा वि.सं. २०५५।०६।१५ मालेखेका हुन् । असमान आयामका ३३ पङ्क्ति पुञ्जसम्म फैलिएको 'विरही'को यस कविताले मानव समाजमा ।रहेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । यस कवितामा मान्छेमा मानवता हराएको प्रसङ्गलाई कविताले व्यक्त गरेका छन् ।

मानिस आज कतै शरणर्थी वनेर भोक एवं रोगले ग्रसित बन्दै ताता बगरमा पिल्सिएर बाँच्न बाध्य हुनु परेको छ । मान्छेले स्वतन्त्रता पूर्वक बाँच्न पाउने अधिकार धुतिएका छन् भन्ने कुरा कवितामा यसरी आएको छः-

'ढाकर भरि वारुद बोकेरपड्कँदै-पड्कँदै
वस्तीहरू नाङ्गा बनाउँदै
ऊ सिकार खेल्छ
लाश गन्हाउन थाले पछि
कविता ठप्प रोकिन्छ ।'[१४१]

यसरी यस कवितामा जनइच्छाको ढोकामा भोटे ताल्चा मारिए पछि कविका कविता पनि बन्द हुन्छ । समसामयिक नेपाली परिवेशमा प्रगतिवादी स्वर सुसेलिएको यस कवितामा कविता ठप्प रोकिएको केन्द्रीय कथ्यलाई कविताको शीर्षकले समेटेको छ । भाषा शैली सरल र सरस छ ।

---

१४०. पूर्ववत्: पृष्ठ -३६ ।
१४१. पूर्ववत्: पृष्ठ -१४ ।

## १०. भिखारी

यस कवितामा असमान आयामका जम्मा ३८ पङ्क्तिहरू रहेका छन् । तृतीय पुरुष कथन ढाँचामा कविता संरचित छ । कविताले आजको विकसित संसार र विकसित मानव सभ्यतामा गाँस, वासको समस्याले दुनियाँको दैलो -दैलोमा मागी हिंडने भिखारीको कारुणिक जीवनको चित्र प्रस्तुच गरेको छ । यस्तो परिस्थितिमा पनि भिखारी बनाउन विवश पार्ने मानव समाजलाई कविताले व्यङग्य प्रस्तुत गरेको छ ।

'भिखारी' कविका विचारमा ईश्वरको अंश हो  तर त्यो दीन-हीन भिखारी प्रति नेपाली समाज उपेक्षले हेर्छ । तिरस्कारमा बाँचेको भिखारीले भोग्नु परेका कारुणिक कथालाई कविताले समेटेको छ । आजको विश्व परिवेशमा दीन-हीन मान्छेले भोग्नु परेका समस्या समाधान गर्न गाउँ गाउँ पुग्दा ऊ प्रति गरिएको तिरस्कारलाई कविले यसरी व्यक्त गरेका छन्ः-

'कहीं' विवेकको साङ्लो चुडाएर
कुकुरले झम्टन्छ, टोक्न खोज्छ,
कही 'दयाको साङ्लो चुँडाएर
तिरस्कारले झम्टन्छ र पाइतालाहरू
रोक्न खोज्छ
भोक हुँडलिन्छ र रिगाँटा लाग्छ
मानौ ममताका आभासहरू छैनन् ।'[१४२]

यो कविता गद्य लयमा संरचित छ । कवितामा पीडा, दृष्टि, वीभत्स, पाण्डित्य आदि शब्दको प्रयोग पाइन्छ । कविताको केन्द्रीय मर्मलाई शीर्षकले समेटेको छ । यो कविताको रचनाकाल वि.सं. २०५२।०४।०४ देखिन्छ ।

## ११. 'मानव अधिकार'

यो कविता पनि कविले बैदेशिक रोजगारीका क्रममा साउदी अरवमा रहँदा वि.स. २०५५।१०।३ मा रचना गरेका हुन् । कवितामा ५ अनुच्छेदहरू रहेका छन् । प्रत्येक

---

[१४२]. पूर्ववत् पृष्ठ -४२ ।

अनुच्छेदमा क्रमशः२,३,४,४,३ पङ्क्तिहरू हरेका छन् । 'मानव अधिकार' शीर्षकको यो कवितामा विश्वमा शान्ति-सुरक्षा, हत्या, आतङ्क, गरिबी, अशिक्षा जस्ता समस्यालाई समाधान गर्न खोजिएका सङ्घ संस्थाले जनताका समस्या समाधान गर्न नसकेको कविको ठहर छ ।

कवितामा निर्दोष मानिसको हत्य, जताततै अत्यचार गरिरहेको, कमजोर राष्ट्रमा पसेर शक्तिशाली राष्ट्रले आफू मनलागी हतियारको किन वेच गरेको, कमजोर राष्ट्रमाथि आक्रमण गरिंदा पनि मानव अधिकारीहरूले चूँ सम्म बोल्न नसकेको कुरालाई कवि यसरी व्यक्त गर्दछन्ः-

'जिब्रोमा घाउ छ रे
बोले दुख्छ
यसर्थ चुपचाप बसिरहन्छ ।'[१४३]

गद्यमा रचना गरिएको यस कविताको भाषा शैली सरल छ । मानव अधिकारले अत्याचारीका विरुद्धमा र निर्धाको पक्षमा बोल्न नसकेकाले कविताको मर्मलाई शीर्षकले समेटेकाले शीर्षक सार्थक छ ।

## १२.विसंगति

पृथ्वीनगर झापामा आफ्नै निवासमा बसेर वि.स. २०५२ तिर रचिएको यो कवितामा जम्मा ४ अनुच्छेद रहेका छन् । प्रत्येक अनुच्छेदमा क्रमशः ४,४,४ र ५ पङ्क्ति देखिन्छन् । शीर्षक नै विसङ्गति रहेकाले यो कविताले नेपाली समाजप्रति व्यङ्ग्य गरेको छ । कवितामा उल्लिखित सन्दर्भ अनुसार कविले जताततै बेवारिसे बालकको जन्म हुनु, वलात्कारका घट्नाहरू तीव्र भएर जानु, महिला हिंसा बढ्नु जस्ता विषयलाई यस कविताले आफ्नो कथ्य क्षेत्र बनाएको छ । समाजमा महिला माथि भएका अन्याय र अत्याचारलाई देखाउँदै कवि यस्तो लेख्छन् ।

सानी भाइटीकामा
माइत आउन नपाउँदा

---

[१४३]. पूर्ववत्ः पृष्ठ -१६ ।

झुण्डिएर मरीछ

शरीर भरि घाउ विनाका

नीला-नीला डाम मात्र थिए रे ![१४४]

यसरी समाज नै विसङ्गतिको गुजुल्टो भित्र गाँठो परेको छ। कविताका अनुच्छेद पृथक रहेपनि समग्रमा एउटै भाव सिञ्चित गरेकाले शीर्षकले विषयवस्तुलाई समेटेको छ।

## (ग) क्रान्ति चेतना भएका कविताहरू

'विरही' विद्यार्थी अवस्थादेखि नै मार्क्सवादी विचारबाट प्रेरित थिए। त्यो प्रगतिवादी स्वर उनका कवितामा प्रभाव परेको देखिन्छ । उनले आफ्नो जीवनको लामो समयसम्म निरङ्कु पञ्चायती शासनका बिताएका कारणले सधै बहुदलीय प्रजातन्त्रको प्राप्तिपछि पनि देश र जनतामा समस्या जस्ताको तस्तै रहेकाले 'विरही' कविताको माध्यमबाट समाजमा क्रान्तिको छाप सल्काउन चाहन्छन् । उनका 'प्रजातान्त्रिक यृद्ध', 'युवाहरूप्रति सन्देश', 'प्रजातन्त्रको अवस्था', 'बहिनीलाई चिठ्ठी', 'विकृति र मान्छे', 'छोरीलाई चिठ्ठी साउदी अरेबियाबाट', जस्ता कविताहरूले देश र जनताको मुक्तिका लागि क्रान्तिको सङ्खघोष गरेका छन् ।

## १. प्रजातान्त्रिक युद्ध

वि.सं. २०४६ मा प्रजातन्त्रको प्राप्तिपछि पनि जनताका हक र अधिकारहरू शासकहरूले आफ्नै पञ्जाभित्र राखेकाले अब न्यायप्रेमी, युवा,विद्यार्थी, शिक्षक, कर्मचारी सम्पूर्ण तह र तप्काका मानिसहरू मिलेर पूर्ण प्रजातन्त्र प्राप्तिका लागि एक जुट उठ्न कविको आग्रह छ।

प्रजातन्त्रको उपयोग सीमित मान्छेले मात्र गरेकोले नेपाली जनताका समस्या झन् विकराल बन्दै गएका हुनाले योद्धाहरूले युद्धको आह्वान गरिसकेको विचार कविले व्यक्त गरेका छन्। युद्धले निश्चित लक्ष्य प्राप्त गरेपछि मात्र रोकिनु पर्ने र यस युद्धमा सारा शोषित, पीडित मानिस ज्यान अर्पेर लागेको विचार कवितामा यसरी पोखिएको छ-

आकाश घुम्म छ

काला वादलको उद्वेग वर्षाद बन्न सक्छ

---

१४४. पूर्ववत्: पृष्ठ -२४ ।

डुङ्गाहरू बढनु पर्छ
कुशल प्रदर्शक माझीहरू
होशियारी चढ्नु पर्छ ।[१४५]

गद्य लयमा रचना गरिएको यो कवितामा साङ्गीतात्मकता पाइन्छ । बिम्व र प्रतीकको प्रचुर प्रयोग गरिएको यस कविताको भाषाशैली सरल र सरस छ । मूल कथ्यलाई कविताको विषयले छोएकाले शीर्षक सार्थक छ ।७४ पङ्क्ति पुञ्जमा संरचित यस कविताको रचाना वि.स. २०५५।१०।१९ मा भएको देखिन्छ ।

## २. युवाहरूप्रति सन्देश

यो कविता कविले डिग्बोइ लक्ष्मी पथार आसाममा रहँदा वि.स. २०४६।४।१८ मा रचित गद्य लयमा संरचित कविता हो । कवितामा कविको भाव, क्रान्तिकारी चेतनामा मुछिएर आएको छ । यस कवितामा देश र जनताको उज्वल भविष्य निर्माणका लागि युवाहरूले जस्तोसुकै असजिला परिस्थितिहरूसँग जुधेर भएपनि कर्मठ हातहरूलाई देश विकासमा लगाउन पर्ने, राष्ट्र र राष्ट्रियता संरक्षणका लागि सचेत बन्नु पर्ने सन्देश कविले दिएका छन् । इतिहासलाई साक्षी राखेर काम गर्नुपर्ने नत्र भविष्यले सराप्ने कुरालाई कवितामा राख्दै महान कार्यमा लाग्न आमन्त्रण गरेर कवि लेख्छन्-

नाङ्गा ठाउँहरूको भोक तिम्रो शत्रु हो
उजाड गाउँहरूको शोक तिम्रो शत्रु हो

कवितामा कवि आमाको सतीत्व लुट्न नदिन, बहिनीको अस्मिता चपाउन नदिन, नाङ्गा ठाउँका भोकका विरुद्धमा लड्न, उजाड गाउँहरूको शोकसँग लड्न आग्रह गरेका छन् । कवि अघि लेख्छन्-

'आमाको सतीत्व लुटिनु तिम्रो मृत्यु हो
बैनीको अस्मिता चपाइनु तिम्रो मृत्यु हो
देश चाउरिँदा र निन्याउरिँदा
रगतको भेटी चाहिन्छ  दिनुपर्छ ।'[१४६]

१४५. पूर्ववत्: पृष्ठ -२५।
१४६. पूर्ववत्: पृष्ठ -१७ ।

यस कविता भरि कविले देश र जनताको भविष्य निर्माणको साँचो युवाहरूको हातमा रहेको कुरा व्यक्त गर्दै देश बचाएर मुक्तिको बिहानी ल्याउन आग्रह गरेका छन् । कविताको कथ्य र शीर्षक बीच समन्वय पाइनाले शीर्षक सार्थक छ । यो कविता लामा छोटा ३५ पङ्क्ति पुञ्जमा संरचित छ ।

## ३. प्रजातन्त्रको अवस्था

शास्त्रीय छन्दको अनुशरण गरी वर्णमात्रिक छन्द अन्तर्गतको शाईल विक्रीडित छन्दमा रचना गरिएको यस कवितामा ७ श्लोकमा २८ पङ्क्तिहरू रहेका छन् ।

वि.सं. २०४६ मा आएको प्रजातन्त्रले सारा जनताको भावना बुझ्न नसकेको, प्रजातन्त्र चर्का नारा र कागजमा सीमित रहेकोप्रति कविको खेद छ । प्रजातन्त्रमा पनि चेलीबेटी बेचिएका नदीनाला बेचिएका छन् । नेपालका धार्मिक, जातीय समस्या यथावत् अवस्थामा रहेको भन्दै अधिकार प्राप्तिका लागि लड्न कवि यसरी गर्दछन्-

पुस्तौदेखि बनेर शोषित अझै आँखा नखुल्नु किन?
सारा ती अधिकार सुम्पी अरुमा बाँच्नु कति दुःखमा
मान्छे भैकन बाँच्न क्रुरनीतिको तोडौं सबै बन्धन
अत्याचार, नृशंसता, दमन यी हुन्नन् प्रजातन्त्रमा[१४७]

यसरी दास बन्नु नेपालीको रहर होइन, बाध्यताको उपज हो । त्यसैले अधिकार दयाको भिक्षा होइन, लडेर लिइने वस्तु हो भन्दै कविले दानवरूपी प्रजातन्त्रको अर्थ नरहेको विचार पोखेका छन् ।

यस कवितालाई पद्य लयमा रचिएको छ । कविताको भाषाशैली सरल र सरस छ । कवितामा कविले प्रजातन्त्रका नाममा टाठा बाठाले गरेको अमानवीय व्यवहारलाई उजागर गरेका छन् । क्रान्तिकारी भावले कविता जीवन्त बनेको छ ।

## ४. बहिनीलाई चिठी

यो कविता असमान आयामका ७२ पङ्क्तिपुञ्जमा संरचित छ । कवितामा दशैंमा माइत आउन नपाएकी बहिनीलाई दाजुले लेखेको चिठी विषयवस्तु रहेको छ ।

---

[१४७].पूर्ववत्ः पृष्ठ १७

यस कवितामा पितृसत्तात्मक नेपाली समाजमा परापूर्वकालदेखि नै नारीहरूले दुःखपूर्ण जीवन बिताउन विवश रहेकोप्रति तीतो यथार्थलाई कविले प्रस्तुत गरेका छन् । नेपालमा प्रजातन्त्र आगमनपछि पनि नारीमाथि गरिने भेदभाव एवम् अन्याय उस्तै रहेको, नारीलाई सस्तो उपभोग्य वस्तुका रूपमा लिइएको, सन्तान उत्पादन गर्ने सामग्री ठानिएकोप्रति कविको खेद छ । नारी मुक्ति संस्था बनेका, नारी अधिकारका बारेमा सञ्चार माध्यमले जति नै भने पनि अवस्था विकराल रहेको कविको गुनासो छ । नारी माथि हुने विभेद, अन्याय, अत्याचार, शोषण, दमन एवम् ज्वलनलाई जरैदेखि उखेलेर फाल्ने प्रण गर्दै कवि बहिनीलाई चिठी मार्फत यस्तो विचार अघि राख्दछन्-

'नारी मुक्तिको लागि राष्ट्रभरि छरिनु पर्छ ।
अन्यायको विरुद्ध लडेर
नयाँ संसारको निर्माण गरिनु पर्छ ।
त्यसैले स्नेही बैनी,
एक पल्ट युद्धको घोषणा गरिनु पर्छ ।'[१४८]

यसरी कवितामा कविले बहिनीलाई सम्पूर्ण नारी जातिको प्रतीकका रूपमा उभ्याएर युगौदेखि थला परेको नारी स्वतन्त्रतालाई जन्माउन युद्धको अपरिहार्यता भएकाले युद्धको आह्वान गर्न बहिनीलाई चिठ्ठी मार्फत उर्जा थप्ने काम गरेका छन् । गद्य लयमा संरचित यस कवितामा सरल भाषाशैलीको प्रयोग भएको छ । कवितामा बिम्ब र प्रतीक प्रयोग भएतापनि अस्पष्ट देखिँदैन । धेरै ठाउँमा अन्त्यानुप्रासको अवस्था रहेको यस कविताको केन्द्रीय कथ्य र शीर्षकका बीच घनिष्ठ सम्बन्ध रहेकाले शीर्षक सार्थक रहेको छ । जुही साहित्यिक त्रैमासिकमा समेत प्रकाशित यस कविताको रचना वि.स. २०५३ पौष हो ।

## ५. विकृति र मानछे

यो कविता कविले वैदेशिक रोजगारमा गएको बेला वि.स. २०५५।०७।१ मा रचना गरेका हुन् । कविता लामा-छोटा आयाम भएका ५९ पङ्क्तिसम्म विस्तारित रहेको छ । कविता सङ्ग्रहको नाम नै कविले यही कविताको शीर्षकबाट राखेका छन् । यस कविता सङ्ग्रहको उत्कृष्ट कविताको रूपमा यो कविता रहेको छ ।

[१४८].पूर्ववत्: पृष्ठ -३२ ।

यस कवितामा नेपाली समाजमा रहेका विकृति र विसङ्गतिलाई देखाउँदै त्यसको अन्त्यको लागि युद्धको अनिवार्यताको सङ्केत गरेको पाइन्छ । नेपाली समाजमा भएका हत्या, आतङ्क, शोषण, दमन जस्ता कुराहलाई कविले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । वेवारिसे बालकको जन्म, दाजुद्वारा बहिनी बलात्कृत, भाइले भाइको हत्या, मन्दिरको पूजारी नै मूर्ति चोर पहुँचवाला नै सत्ताका हकवाला, प्रकृति माथिको आक्रमण, शिक्षा दीक्षाको अभाव, जस्ता कुराले सिङ्गो राष्ट्रलाई सिङ्गै खाएकाले त्यस्तो विषम परिस्थितिको अन्त्यका लागि पीडित जनताले युद्ध गर्नुपर्ने सन्देश कविले दिएका छन् -

'म क्रान्ति पर्खन्छु, मुक्ति पर्खन्छु
म रात पिउँदै पिउँदै निल्न नसकेपछि
अड्किएपछि म युद्ध पर्खन्छु, हो म
युद्ध पर्खन्छु ।'[१४९]

कवि न्याय प्राप्तिका लागि एवम् सच्चा प्रजातन्त्रको बिहानी ल्याउनका लागि युद्धको तयारी थाल्नु पर्ने विचार व्यक्त गर्दछन् ।

आन्तरिक दृष्टि विन्दुमा संरचित यो गद्य कविता हो । कविताको भाषा शैली अन्यको तुलनामा केही जटिल जस्तो लाग्ने यस कवितामा धेरै ठाउँमा अन्त्यानुप्रासीयता पाइन्छ । मूल कथ्यले मानवका विकृतिलाई औंल्याएकाले शीर्षक सार्थक छ ।

## ६. नव वर्ष

'विरही' को यो कविता सर्वप्रथम 'यथार्थ कुरा' पाक्षिक वर्ष १ अङ्क ७ (२०५३/१/५) मा प्रकाशित भएको हो । कविता समान आयामका २० पङ्क्तिपुञ्जहरू ५ श्लोकमा विभाजित भएका छन् । कविता उपजाति छन्दमा रचना भएपनि छन्द मिलेको छैन । कवितामा प्रत्येक वसन्तमा आउने नयाँ वर्षलाई बिहानको लालीकिरणसँग हत्या, आतङ्क, रोग, भोक लगायत सारा समस्या समाधानार्थ आउन आह्वान गरिएको छ ।

यस कवितामा नयाँ वर्षलाई नाङ्गालाई बस्त्र, भोकालाई अन्न, अन्यायलाई अस्त्र लिएर आउन कविले आह्वान गरेका छन् । नयाँ वर्षलाई सारा पृथ्वीलाई हँसाउन नयाँ कानुन र

---

[१४९]. पूर्ववत्: पृष्ठ -१२ ।

वीरत्वको श्वास लिएर आउन भनिएको छ । नयाँ वर्षलाई सारा नेपालीका समस्यालाई समाधान गर्न आफू आउँदा सद्भावको बीउ लिएर आउन आग्रह गरिएको छ । स्वच्छ, न्यायपूर्ण, समानता मूलक समाज निर्माणमा नयाँ वर्षले सफलता पाओस् भन्दै कवि लेख्छन्-

'वीरत्वको श्वास लिएर आऊ
सच्चाइको वास लिएर आऊ
कानून नौलो अब ल्याउनु है
हाँस्दै धरामा तिमी आउनु है ।'[१५०]

यसरी नव वर्ष कवितामा नेपालीका तमाम् समस्या समाधान गर्न सक्ने शक्ति नव वर्षले ल्याउन सकोस् भन्ने भाव व्यक्त भएको छ । अन्त्यानुप्रासको व्यवस्था रहदै पद्यात्मकताले सङ्गीतमय बनाइएको यो कविता शीर्षक 'नव वर्ष' सार्थक पाइन्छ ।

## ७. छोरालाई चिठ्ठी साउदी अरेबियाबाट

यो कविता 'विरही' ले साउदी अरबमा रहँदा ई. स. १९९८।०५।०५ मा रचेका हुन् । गद्य लयमा संरचित यो कविता असमान आयामका ९६ पङ्क्तिपुञ्जसम्म विस्तार भएको देखिन्छ । सङ्ग्रह भित्रकै उत्कृष्ट लामो यो कविता बाबुले साउदी अरबबाट आफ्नो छोरालाई लेखेको पत्र नै कविताको विषय वस्तु रहेको छ ।

यस कवितामा विदेशिएका बाबुले स्वदेशमा बसेको छोरालाई राष्ट्र, राष्ट्रियता, स्वधर्म, स्वसंस्कृतिको संरक्षणका लागि सधैं तयार रहन भनिएको छ । नेपाली जनतालाई इतिहासले धोका दिएको स्मरण गराउँदै जनताका अधिकार रक्षाका लागि सर्वदा सचेत रहन आग्रह गरिएको छ । परिवर्तनका पक्षमा हिंड्दा कसैले अवरोध सिर्जना गर्छ भने त्यसका विरुद्ध एक ढिक्का बन्न कवितामा आग्रह गरिएको छ । आफ्नो राष्ट्रमाथि आइपरेका समस्या समाधान गर्न रगत दिनु परेपनि पछि नपर्न भन्दै कवि भन्दछन्-

खबरदार !
'रगतको मूल्य खोसिएला !
निरंकुशताको कठालो समातेर पछार्नु
आँशु झारेर पलायनताको बाटो हिंडौला

---

[१५०]. पूर्ववत्: पृष्ठ -७६ ।

निर्भिक बनेर सफलताको लक्ष्यमा डट्नु
तिम्रो अभिवादन रोगाएको देशलाई होस्
नाङ्गो परिवेशलाई होस् ।'[१५१]

कवितामा छोरालाई विश्व परिवेशलाई नियाल्दै होशियारी साथ देश, प्रजातन्त्र र जनताको हक अधिकारको रक्षामा लाग्न चिठ्ठी मार्फत भनिएको छ । कविता गद्य लयमा रचना गरिएको छ । कविताको भाषाशैली सरल र सरस रहेको छ । कविताको मूल विषवस्तु बमोजिमकै शीर्षक चयन गरिएको हुँदा शीर्षक सार्थक रहेको छ । यो कविको साहित्य यात्राको सफल कविता हो ।

## ८. स्वाभिमान

यस कवितामा 'म' भनेर सम्पूर्ण नेपालीप्रति सङ्केत गरिएको छ । कवितामा आफ्नो परिश्रममा विश्वास राख्ने नेपालीहरू जस्तै दुःखलाई पनि पचाउन सक्छन् । एकताका पक्षपाती नेपाली नेपालप्रति गिद्धे दृष्टि लगाउँनेसँग लड्न तत्पर रहन्छन् । दासता, अन्याय, अत्याचार, सामन्ती क्रूरताका विरुद्धमा बम, बन्दूक र बारुद भएर पड्कन पनि पछि पर्दैनन तर स्वाभिमानी नेपालीहरूले आज अशिक्षा, रोग, भोकमा तड्पिनु परेको विवशता कवितामा प्रकट भएको छ । यसरी राष्ट्र, राष्ट्रियता र जनताको सधैं प्रगति र उन्नतिको चाहना राख्ने नेपालीहरू विभिन्न किसिमका अवसर र अधिकारबाट वञ्चित भएकाले त्यसको प्राप्तिका लागि युद्धको बाटो रोज्नु पर्ने विचार कवि यसरी पोख्दछन् ।

'म बन्दुक बनि बाँच्छु दासता जुर्मराउँदा
म आगो बनी सल्कन्छु भोकले तिर्मिराउँदा
म अन्यायीहरूमाथि विध्वंशात्मक बन्दछु
सामन्ती क्रूरताभित्र तातो बारुद बन्दछु ।'[१५२]

पद्यलयमा संरचित योकविता ४/४ पङ्क्ति भएका ४ श्लोकसम्म विस्तारित छ । प्रथम पुरुष कथन पद्धतिका ढाँचामा रचना गरिएको यो कवितामा प्रत्येक २/२ पङ्क्तिमा अन्त्यानुप्रासको व्यवस्था रहेको छ । 'स्वाभिमान' ले अन्याय र अत्याचारको विरुद्धमा लड्ने स्वभावलाई सङ्केत गरेको छ र कविताको विषयवस्तु पनि सोही बमोजिमको भएकाले शीर्षक

---

[१५१]. पूर्ववत् पृष्ठ -५९ ।
[१५२]. पूर्ववत् पृष्ठ -७५ ।

सार्थक छ । यो कविता पनि साउदी अरबमा रहँदा कविले ई.स. १९९९।०५।११ मा रचना गरेको देखिन्छ ।

## (घ) जीवनको आशावादी रहर बोकेका कविताहरू

'विरही' का कविताहरूमा जीवनको आशावादी रहर बोकेका कविताहरू पनि 'विकृति र मान्छे' कविता सङ्ग्रह भित्र सङ्ग्रहित भएका छन् । जस्तै विपत्तिहरू अगाडि आइपरे पनि त्यससँग सङ्घर्ष गर्दै अगाडि बढ्ने आशा बोकेका कविताहरूमा 'यात्रा दुखिरहन्छ यसरी नै', 'विगत र वर्तमान् शिक्षक' आदि रहेका छन् ।

## १. यात्रा दुखिरहन्छ यसरी नै

यस कवितामा लामा-छोटा गरी जम्मा ७८ पाउ रहेका छन् । 'विकृति र मान्छे' भित्रका केही लामा कविता भित्र पर्ने यो कवितामा मान्छेको जीवन भोगाइलाई यात्राका रूपमा प्रस्तुत गरिएको छ ।

यस कवितामा मान्छेको जीवन एक यात्रा हो । जीवन भोगाइका क्रममा मान्छेले जस्तासुकै विकट परिस्थिति आइपरे पनि जीवन रूपी यात्रालाई लगातार अगाडि बढाइरहनु पर्छ भन्ने भाव कविले व्यक्त गरेका छन् । जीवनरूपी यात्रा कहिले सरल र कहिले जटिल मोडमा पुग्न सक्छ । कहिले सफलता र कहिले असफलतामा गुज्रिन सक्छ ता पनि जीवन यात्रा हो, यसलाई गन्तब्यमा पुऱ्याउनु पर्छ भन्दै कवि अघि लेख्छन्-

'तर यात्रा हो
खुट्टाले पीडा बोले पनि
रक्ताम्मे भएर बेदना खोले पनि
यात्रा हो अघि बढ्नु पर्छ ।
भञ्ज्याङ नआइजेलसम्म
उकाली चढ्नु पर्छ ।'[१५३]

यसरी कवितामा जीवन भोगाइका क्रममा आफ्ना इच्छा र आकाङ्क्षालाई जीवन्त बनाउनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । कवितालाई अनुप्रासीयताले लयात्मक बनाएको छ ।

---

[१५३]पूर्ववत्: पृष्ठ -२९ ।

कविता गद्यमा रचना भएको छ । बिम्व योजनाले समेत भरिपूर्ण यस कवितामा तत्सम जन्य शब्दहरू रक्तचाप, नग्न, गीत, पीडा, आकाश, श्रद्धा, भेटी आदि शब्दको प्रयोग भएपनि कविता सरल छ । मानव जीवनलाई यात्राका क्रममा हेरिएकाले कविताको शीर्षक सार्थक छ । यो कविता वि.स. २०५२।०५।०३ मा रचिएको देखिन्छ ।

## २. म बटुवा

झाबाट प्रकाशित हिजो आज दैनिकमा प्रकाशित यो कवितामा एउटा बटुवाको भोग्नु परेका कारुणिक जीवनको सजीव चित्र उतारिएको छ । कवितामा आजको संसारमा विवेक हराएको छ । मानवता माटामा मिलेको छ । बटुवाको जीवन अत्यन्तै कष्टप्रद बनेको छ । लक्ष बिना बटुवा बाँचिरहेछ । भोको पेटले कठिन यात्रा पूरा गर्नुपर्ने दृढताका पक्षमा कविता उभिएको छ । जीवनवादी बटुवाप्रति सहानुभूति राख्दै स्वार्थी संसारलाई उदाङ्गो बनाउन निम्न पङ्क्ति पर्याप्त देखिन्छन-

म त बटुवा
चौतारीका बिसौनीहरूमा
घरिघरी जिन्दगीलाई बिसाउँदै
आफैंदेखि तसदै
बलीको बोको झैं
आफूलाई आफैंलाई पर्सदै
महराको खोजमा
भयावह जङ्गलसँगसँगै [१५४]

यसरी अनिश्चित भविष्य बोकेर, आफैसँगै तसदै हिड्ने बटुवाको निरुद्देश्य यात्रा नै यस कवितामो मर्म कविता लामा-छोटा आयामका जम्मा ४१ पङ्क्तिपुञ्जसम्म फैलिएको छ । गद्य लयमा संरचित यस कवितामा धेरै पङ्क्तिहरूमा अन्त्यानुप्रासीयता रहेको छ । साथै अन्तर अनुप्रासीयताले कवितालाई लयात्मक बनाएको छ । प्रथम पुरुष कथन पद्धतिमा संरचित यस कविताको भाषाशैली मध्यम किसिमको छ । कवि 'म' का माध्यमबाट बोलेका छन । कविताको विषयवस्तु अनुसारकै शीर्षक चयन गरिएकाले शीर्षक सार्थक छ । यो कविता २०५५।०४।२८।०५ मा रचना भएको देखिन्छ ।

---

[१५४].पूर्ववत्: पृष्ठ -६२ ।

## ३. विगत र वर्तमान

लामा-छोटा आयमका २७ पङ्क्तिपुञ्जमा विस्तारित यस कविताले हाम्रा वीर नेपालीहरूको सम्झना गर्दै आफ्ना आफन्त गुमाएर पनि बाँच्न विवश बाध्यात्मक परिस्थितिको सिर्जना भएको कुरालाई कविले प्रस्तुत गरेका छन् ।

यस कवितामा विश्व थर्काउने नेपाली वीरहरू कोही फक्ल्याण्ड, कोही सोमानिया, कोही बोस्नियाको युद्धमा मरेका छन् । कसैले प्रजातन्त्र प्राप्तिको युद्धमा मरेका छन् ।त्यसै गरी नेपाली चेलीको अस्मिता मुम्मईका कोठीले लुट्दैछ । यस्तै विवशतालाई कविले यसरी आफ्ना भाव व्यक्त गरेका छन्-

एक्लै छु
पहिराले उवारेको बुट्टा जस्तै
घरवारहीन भुइँफुट्टा जस्तै ।'[१५५]

आफ्ना सारा सहारा गुमे पनि मान्छेले बाँच्ने आशा छोड्दैनभन्ने भाव व्यक्त गर्दै अतीतदेखि वर्तमानसम्म नेपालीले भोगेको तिक्तता कविताको विषय बनेर आएकाले कविताको शीर्षक सार्थक छ । यो कविता वि.सं. २०५२।०४।०४ मा रचना भएको देखिन्छ ।

## ४. शिक्षक

लामा-छोटा गरी जम्मा ३५ पङ्क्तिपुञ्जमा संरचित यस कविताले लामो समयसम्म शिक्षण पेशामा लागेर केश फूलिसक्दा पनि अझैं देश बनाउने आशा बोकेका शिक्षकको जीवनलाई प्रस्तुत गरिएको छ  । यस कवितामा कविले शिक्षकहरूलाई सत्य बोल्ने, विद्यार्थी राष्ट्रको सुन्दर भविष्यको लागि आफ्नो स्वार्थलाई पन्छाएर अरुकै हितमा तल्लीन, कलिला मस्तिष्कमा चेतनाको ज्योति छर्ने, जीवन भरि सँधै जाँगरिलो भएर काम गर्ने, समाजका विकृति र विसङ्गतिलाई पन्छाउन चाहने, ज्ञानको श्रोत र देशको महान सपूतका रूपमा शिक्षकलाई चिनाएका छन् । बूढ्याईं र गरिबीले ढाके पनि सिङ्गो देश उठाउने विश्वास लिएको शिक्षकको चरित्रलाई कविले यसरी चिनाएका छन्-

'केश पाकेर झरिसक्दा पनि
अनुहारमा मुझा परिसक्दा पनि
सिङ्गै राष्ट्र उठाउने विश्वास बोकेर कुर्लन्छ

[१५५].पूर्ववत्: पृष्ठ -३१ ।

राष्ट्रलाई रगतको भेटी चढाएको गर्वमा

छातीभरि स्वाभिमान उर्लन्छ ।'[१५६]

शिक्षकको महानता, त्याग, तपस्या र वलिदानलाई प्रष्ट पार्नु नै कविताको केन्द्रीय भाव हो । शीर्षक अनुसार नै विषयवस्तुको चयन गरिएकाले शीर्षक सार्थक छ । कविता वि.स. २०५२।०८।२२ मा रचना भएको पाइन्छ ।

## (ङ) जीवनको निराशावादी भाव बोकेका कविताहरू

'विरही' का 'विकृति र मान्छे' कविता सङ्ग्रह भित्र समेटिएका कविताहरूमा जीवनका निराशावादी स्वर बोकेका कविताहरू पनि रहेका छन् । ती कविताहरूमा 'जिन्दगी', 'युद्धको विभीषिकाबाट', 'यथार्थता', 'समय', 'म', 'देश दुःखेर बाँचेको छु', 'म मृत्यु आढेर निदाउँछु' आदि रहेका छन् ।

## १. 'जिन्दगी'

गद्य लयमा रचना गरिएको यस कवितामा कविले जीवन भोगाइमा आइपरेका कठिनाइहरू समाधान हुन नसकेर थच्किएको आजको मान्छेका कारुणिक व्यथालाई व्यक्त गरेका छन् ।

यस कवितामा मानिसको जीवनमा जताततैबाट काँडाले घोचिएको छ । उसका जिउने बाटाहरू सबै बन्द भएका छन् । उसलाई वरिपरिबाट समस्यै समस्याले घेरेका छन् तर समाधान गर्न सकिने अवस्था पनि रहेका छैनन्समाधान गर्न सकिने अवस्था पनि नरहेकाले मान्छेका बाँच्ने आशाहरू हराउँदै गएको तीतो यथार्थतालाई कविले व्यक्त गरेका छन् । जिन्दगी चेपिएको, थिचिएको छ, प्रगतिका ढोकाहरू सबै बन्द भएका छन् भन्दै जिन्दगीलाई राख्ने ठाउँ कतै नभएको कुरालाई कवि यसरी व्यक्त गर्छन्-

खोइ कहाँ दुख्छ भनौं र  दुख्ने ठाउँ नै छैन् ।

भाग्दै-भाग्दै कही गएर लुंकिदिऊँ ! लुक्ने ठाउँ नै छैन ।

त्यसो भए, जिन्दगीको भारी बिसाइ दिऊँ कतै,

चप्लेटी नै छैन चौतारीनै छैन ।'[१५७]

---

[१५६]. पूर्ववत्: पृष्ठ -२२ ।

यसरी यस कवितामा वर्तमान युगमा मान्छेका बाच्ने रहर हुँदा हुँदै पनि जिउने क्रम कठिन बन्दै जानाले नैराश्यताको खाडल तर्फ खसेर उकुसमुकुस बन्नु परेको विचार कवितामा आएको छ । प्रथम पुरुष कथन पद्धति ढाँचामा संरचित कविवद्ध प्रौढोक्ति पाइने यस कवितामा आन्तरिक दृष्टिविन्दु पाइन्छ । नैराश्यतापूर्ण जीवनमा भावहरू कवितामा आएकाले शीर्षक सार्थक छ । ३६ पङ्क्ति पुञ्जमा संरचित यस कविताको रचनावधि वि.स. २०५२।०४।२६ रहेको देखिन्छ ।

## २. युद्धको विभीषिकाबाट

वैदेशिक रोजगारीका लागि साउदी अरब पुगेका समयमा ई. स. १९९८।११।१७ मा रचिएको यो कविता ४२ पङक्तिपुञ्जमा विस्तारित छ । कवितामा आर्थिक समस्याले ग्रस्त भएकाले विदेशिएको एउटा लाहुरेको कथा व्यथालाई कविताले विषय-वस्तु बनाएको छ ।

यस कवितामा आफ्नो परिवारको गाँस-वाँस र कपासका लागि विदेशिएको लाहुरेका निराशापूर्ण भावहरू व्यक्त भएकाछन् । विदेशी स्वार्थका लागि लडेको लाहुरे, उसले बगाएको रगतको कुनै मूल्य नै नभएको जित हार शून्यतामा विलाएको कुरालाई कविले यरी लेखेका छन्-

म दिग्विजयी बनेर के गरुँ
अर्कैको पहरेदार,
अर्कैको खबरदार,
म लाहुरे
युद्धको विभीषिकाबाट
घरायसी जिन्दगीको
के परिभाषा दिऊँ ।[१५८]

देशमा जिजीविषाको विकल्प नभएर पेट रक्षाका लागि विदेश पुगेको लाहुरेका कथा व्यथा यहाँ पाइन्छ । अर्काको निम्ति लडिदिनु पर्ने, जितिदिनु पर्ने वा हार्नुपर्ने जे भएपनि अर्काकै निम्ति हुने निराशापूर्ण भावहरू कवितामा जतातत्तै पोखिएका छन । कविता प्रथम पुरुष कथन

---

[१५७]. पूर्ववत्: पृष्ठ -१८ ।

[१५८]. पूर्ववतः पृष्ठ ४९

पद्धति ढाँचामा ंरचित छ । कविताको भाषाशैली सरल एवं सरस हुनाका साथै कविताको शीर्षकले विषयलाई चुमेकाले शीर्षक सार्थक छ ।

## ३. मलाई तारा अस्ताएको मन पर्छ

यस कवितामा कविले निराशाका स्वरहरू व्यक्त गरेका छन् । कवितामा जीवनका एकपछि अर्का आशाका त्यान्द्राहरू चुँडिएपछि बाँच्नुको अर्थ क्षीण बन्दै गएकाले त्यो भन्दा त मर्न निको भन्ने भाव आएको छ । यस कवितामा मृत्युपछिको अति टीठ लाग्दो र उराठ लाग्दो परिस्थितिको चाहना गरिएका छ । जिन्दगी नै अर्थहीन बनेपछि रक्सीको नशामा, जीवनलाई वर्बादीको खाडलमा फालिदिने सामाजिक विकृतिलाई पनि देखाइएको छ । कवितामा जीवनवादी आशाहरूप्रति अझ नैराश्यता व्यक्त गर्दै यस्तो लेख्छन्-

मलाई तारा अस्ताएको मन पर्छ
विछोड पछि पीडाको अनूभूति मन पर्छ
आफ्नै मुटभित्रका अदृश्य घाउ
र त्यसभित्रको ऐया ऐया मन पर्छ ।[१५९]

प्रथम पुरुषको कथन ढाँचामा संरचित यो कविता ४१ पङक्ति पुञ्जसम्म संरचित छ । विम्ब र प्रतीकको सुन्दर प्रयोगले तथा अन्त्यानुप्रास तथा मध्यानुप्रासको सफल प्रयोगले कविताको शीर्षक सार्थक छ । यो कविता ई.स. १९९८।११।२५ मा साउदी अरवमा रहँदा रचित कविता हो ।

## ४. जिन्दगी र प्रवाह

'विरही'को यो कविता सर्वप्रम यसै ङ्ग्रहमा सङ्कलित भई प्रकाशित भएको कविता हो । आजको मान्छे जिउने आशा सकिसक्दा पनि करले एवं अरुकै आग्रहले बाँचिदिनुपर्ने भाव कवितामा आएको छ । जीवनमा विविध समस्या पहाड बनी आउँछन् । तर पनि जीवन अघि बढिरहेछ र मृत्युलाई पर्खिरहेको हुन्छ । यस्तो मानव जीवन अत्यन्तै पट्यार लाग्दो जीवन कवितामा व्यक्त भएको छ । वास्तवमा कविले यहाँ जीवनका विसङगति र निराशा प्रकट गरेका छन् ।

---

[१५९]. पूर्ववतः पृष्ठ ५५

नैराश्यताको पर्दाले छेक्दै छेक्दै

उत्साहको अवसान भए पछि

बग्नु त हो बग्नु सिवाय के छ र ?[१६०]

यसरी कवितामा मान्छे जन्मिएपछि जीवनरूपी प्रवाहमा भेलिँदै, बेरिदै, बाधा र अड्चनहरू सहदै आँशु पिएर मृत्युको बाटो पर्खेर बसेको निराशापूर्ण भाव व्यक्त भएको छ ।

जम्मा ३४ पङ्क्ति पुञ्जमा संरचित यस कवितामा गद्य लय पाइन्छ । यस कवितामा प्रयोगवादी साहित्यिक मान्यता पाइन्छ । कविताको विषयवस्तु जीवन भोगाइको क्रम र शीर्षक 'जिन्दगी र प्रभाव' बीच समीकरण भएकाले शीर्षक सार्थक छ । यस कविताको रचनाकाल उल्लेख गरिएको पाइन्न ।

## ५. अस्पष्टता

यस कवितामा छँदाखाँदै गरेको जागिर छोडेर स्थायी जागिरबाट बेतलवी विदा लिई धेरै कमाउन वैदेशिक रोजगारीका खोजीमा साउदी पुगेका कवि जीवनमा जति परिश्रम गरे पनि आर्थिक समस्याले पिरोलेको, आफ्ना परिवारँग रम्न नपाएको, मृत्यु र जीवनको दोसाँधमा उभिनु परेको प्रसङ्ग आएको छ । जिउँदो लाश बनेर बाँच्नु पर्ने विवश मानव जीवनका निराशापूर्ण भाव कवितामा व्यक्त भएको छ । स्वदेश अथवा विदेश जहाँ रहे पनि अवस्था उस्तै रहने नेपालीका विवशता एवं खोसिएका इच्छा र आकाङ्क्षालाई कविताले यसरी बोल्दछ-

"आफैं पिल्सिएर धूलो बन्दा पनि

कसैले निल्न सकेन

अनि काँडा जस्तो भएर

घाँटीमा अड्किदिएको छु

निल्न पनि अप्ठ्यारो छ

ओकल्न पनि अप्ठ्यारो छ ।"[१६१]

लामा-छोटा आयामका जम्मा २५ पङक्तिपुञ्जमा संरचित यो कविता प्रथम पुरुष कथन पद्धति ढाँचामा संरचित र गद्य लयमा संरचित छ । प्रयोगवादी जस्तो लाग्ने यस कविताको भाषाशैली केही जटिल रहेको छ तर समग्र कविताबाट मात्र कविताको भाव अभिव्यक्त हुन

---

१६०. पूर्ववतः पृष्ठ २३

१६१. पूर्ववतः पृष्ठ २८

सकछ, मर्नु न बाँच्नुको दोसाँधमा उभिएर बाँचेको जीवनको अर्थ खोजिएकाले शीर्षक र विषयवस्तु बीच समन्वय देखिनाले शीर्षक सार्थक छ । यो कविता वि.स. २०५५।१०।१९ मा रचिएको हो ।

## ६. जीर्ण अस्तित्वहरू

आफ्नै निवासमा रहँदा रचना गरिएको यो कविता प्रथम पटक यसै सङ्ग्रहमा सङ्ग्रहित भएको हो । पाँच टुक्रामा विभाजित यस कवितामा छोरो, छोरी, आमा, बुबा र म सबैको अस्तित्व दुःखद बनेको कुरालाई देखाइएको छ । सबै विविध समस्याको जालभित्र छन् । नेपाली छोराहरूले आज विदेशी युद्धमा पुरोडा बन्नु परेको छ। नेपालका छोरीहरू पनि विभिन्न दलालका फन्दामा परेर बेचिएका छन् । नेपालका आमाहरू पुरानो अन्धविश्वासले ग्रसित बनेर कुसंस्कारको भूँवरीमा फँसेका छन् । त्यसै गरी नेपालका बाबुहरू पनि विवशताको भार खप्न नसकेर बाँच्न विवश छन् भने म कसैको समस्या नबुझ्ने स्वार्थी र नीच छु भन्दै यस कवितामा आएका समग्र पात्रको अस्तित्व जीर्ण बनेको कविले देखाएका छन् । छोराको जीर्ण अस्तित्वलाई अघि सार्दै कवि लेख्छन् ।

> विदेशी अस्तित्वको तगारोमा
> युद्धको विभीषिकाबाट
> करुणाको एकमुठी भीख मागदैछ[१६२]

यो कविता असमान आयामका जम्मा १३ पङ्क्ति पुज्यहरू रहेका छन् । कविता गद्य लयमा संरचित छ । कवितामा बाह्य तथा आन्तरिक दृष्टिविन्दु प्रयोग भएको छ । कविताको भाषा शैली सरल एवं सरस छ । सम्पूर्ण पात्रका जिन्दगी जीर्ण बनेर मत्यु संघारतिर ढल्केकाले कविताको विषयवस्तुलाई शीर्षकले समेटेकाले शीर्षक सार्थक रहेको छ । यो कविता वि.स. २०५२।०४।०४ मा कविले आफ्नै निवासमा रचना गरेका छन् ।

## ७. यथार्थता

कविले साउदी अरबमा रहँदा ई. स. १९९८।०१।२५ मा रचना गरेको लामा-छोटा ३६ पङ्क्तिपुञ्जमा फैलिएको यो कवितामा कविले जीवन भोगाइका वेदनाहरू पोखेका छन् ।

---

[१६२]. पूर्ववतः पृष्ठ ४६

यस कवितामा कविले अहोरात्र परिश्रम गर्दा पनि इच्छा र आकाङ्क्षाहरू पूरा नभएका र खरानीतुल्य भएर बाँच्न बाध्य हुनु परेको टीठ लाग्दो परिस्थितिको अभिव्यक्ति दिएका छन् । आफूले जीवनमा प्रगति गर्न नसकेको र अर्काको मागेर वा खोसेर पनि प्रयोग गर्न नसकेकाले कायर जन्दगी बाँच्नु परेको तीतो यथार्थलाई कवितामा व्यक्त गरेका छन् । कविका विचारमा यस्तो वेदनै-वेदनाले भरिएको जिन्दगी बाँच्नुको कुनै अर्थ छैन भन्दै कविता मार्फत यस्तो बिचार व्यक्त गर्दछन्-

कोशेली बोक्नेहरूसँग खाजा थियो होला
माग्दा पाइएन,
कायर बनेर-खोस्न सकिएन
राग-दुख्छ
औषधी पसल बन्द छ ।[१६३]

यसरी यस कवितामा जीवनका निराशै निराशाले भरिएका भावहरू पोखिएका छन् । कविता भरि आन्तरिक जलनले पोलेको छ । कविता मुक्त लयमा संरचित छ । बिम्व र प्रतीकको प्रयोग सबल छ । मानिसका जिउने आशा सङ्कट ग्रस्त बन्दै गएका छन् । यस कविताको विषयवस्तुको शीर्षकसँग घनिष्ट सम्बन्ध रहेकाले शीर्षक सार्थक रहेको छ ।

## ८. समय

यो कविता लामा-छोटा आयामका २७ पङ्क्तिसम्म विस्तारित भएको छ । कविले वर्तमान समयमा देखिएका विकृतिपूर्ण कुरालाई प्रस्तुत गरेका छन् ।

यसमा कविले समयलाई अत्यन्तै उराठ लाग्दो र टीठलाग्दो भएको विचार पोखेका छन् । कविले समयलाई विकृति र विसङ्गतिमा डुबेको आँशु र वेदनामा फँसेको, निराशा, चिन्ता र हारैहारको अड्डा जमेको, फुङ्ग उडेको देखाउँदै विभिन्न किसिमका प्रतीकको प्रयोग गरी पुष्टि गरिएको छ । कविले समयलाई गर्भाधानको आकाङ्क्षामा भयातुर कुमारी, बलात्कारले कलङ्कित बाबु, प्रसव बेदनाले छट्पटाएकी आमा, बेश्यालयबाट फर्केकी मैया, भाषणपछि चिसिएको मञ्च, छुट्टी भइसकेको कार्यालय आदिको अनुहारसँग दाज्दै कवि लेख्छन्-

भाषण पछि चिसिएको

[१६३]. पूर्ववतः पृष्ठ ४६

मञ्चको अनुहार हो यो
जो नेताका अभिमानी भाषणहरूले
घाउ भएको छ ,
छुट्टी भैसकेको कार्यालयको अनुहार हो यो
जो छिप्पिएको रात जस्ता
पूर्ण सन्नाटामा छ ।[१६४]

यसरी कविले समयलाई अभिमान नै अभिमानले थुप्राको रूपमा व्यक्त गरेका छन् । गद्य लयमा संरचित यस कवितामा अधिकांश पङ्क्तिहरूमा अन्त्यानुप्रास योजना रहेको छ । कविता भरि समयलाई विभिन्न प्रतीकसँग दाँजिएकाले शीर्षक सार्थक छ । यस कविताको रचनाकाल वि.स. २०५२।०५।१० रहेको देखिन्छ ।

## ९. म देश दुखेर बाँचेको छु

यो कविता 'विरही' ले २०५५।५।३० मा साउदी अरबको बसाइमा लेखेका छन् । कवितामा असमान आयाम भएका जम्मा ३६ पङ्क्तिपुञ्जहरू रहेका छन् ।

यस कवितामा कविले विज्ञानको उन्नतिले मानव सभ्यतामा आएको सङ्कटपूर्ण अवस्थाको चित्रण गरेका छन् । कविका विचारमा विज्ञानले मान्छेलाई घमण्डी र दानव बनाएको छ । मान्छे अर्काको अस्तित्व मेट्न सधैं तल्लीन देखिन्छ । विज्ञानले आज एक अर्को देश बीच अविश्वासको खाडल बढाएको छ । हरेक राष्ट्रले युद्धको खेल रचेका छन् । जाति, धर्म, रङ, राजनीतिक विचार धारा आदिका नाममा शाक्तिशालीले निर्धा राष्ट्रमाथि धावा बोलिरहेका छन् । जसले गर्दा मानव सभ्यता नै खतरामा परेको छ । विश्व शान्तिका लागि स्थापित संयुक्त राष्ट्र संघले पनि केही गर्दा नसकेकोमा कविको गुनासो छ । त्यही गुनासो कवितामा यसरी पोखिन्छ-

"सुरक्षा परिषद्को फाइल भित्र
शान्ति निस्सासिएपछि
स्थिरता पोको बोकेर
राष्ट्र संघको पेटीमा निदाएपछि
म देश खुट्टो खुम्च्याएर बाँचेको छु

१६४. पूर्ववत्: पृष्ठ -४० ।

म देश पेट सुकाएर बाँचेको छु

म देश चित्त दुखाएर बाँचेको छु ।"[१६५]

यस कविताले विश्वको परिवेशमा देखिएका होडबाजी तानातान, तँछाडमछाड र यद्धैयुद्धले कमजोर राष्ट्रहरूलाई मरणासन्न बनाएको विचार कवितामा आएको छ । यस्तै विषयवस्तुले भरिएको यो कवितामा विज्ञानको अत्याचारबाट त्रसित कविले आफ्नै देश दुःखेको अनुभूति गरेकाले शीर्षक सार्थक छ ।

## १०.म मृत्यु ओढेर निदाउँछु

'विरही'ले साउदी अरबमा रहँदा ई.स. १९९८।१२।९ मा रचना गरेको यस कवितामा जम्मा ३७ पङ्क्तिहरू रहेका छन् । यो कविताले 'विरही' भित्रका निराशावादी भावहरूलाई पोखेको छ ।

यस कवितामा कविले असफलता, अभाव, पीडा र वेदनाले आक्रान्त भएपछि मान्छे रक्सीको शरणमा पुग्छ र त्यसले मानिसलाई मृत्युको मुखसम्म पुऱ्याउन सक्ने यथार्थतालाई कविताले जीवन्त रूपमा उतारेको छ । दुःख, चोट र वेदनाका घाउलाई रक्सीले सिञ्चन गर्दा मान्छे पशुत्वमा परिणत हुन्छ एवम् अतीतलाई यथार्थमा व्यक्त गर्दै वर्तमानलाई शून्य बनाउँदै जीवनलीला समाप्त पार्छ भन्ने कुरालाई कविले यसरी भन्दछन्-

'म अबोध मान्छे

रक्सीमा चुर्लुम्म डुबाएर

कलेजो फत्कँदै जान्छ पाक्दै जान्छ

जिन्दगी भत्कँदै जान्छ, थाक्दै जान्छ

सायद म मातेको हुन्छु

विगत खोस्रँदै खोस्रँदै

गहिरो पार्छु

वर्तमान खर्लप्प निलेर

म जनावरमा अनुवाद भएर

शान्ति लिन्छु ।"[१६६]

---

[१६५]. पूर्ववतः पृष्ठ -१५।

रक्सीले मानिसको जीवन लिन्छ, परिवार विचल्लीमा पार्छ भन्ने कुरालाई गद्य लयमा व्यक्त गरेको यो कविताले प्रथम पुरुष कथन ढाँचा समेटेको छ । कवितालाई गद्य लयमा रचना गरिएको छ । कविताका मूल कथ्य विषयका बीच समन्वय रहनाले शीर्षक सार्थक छ ।

## ११. आफू भित्र हराउँदा

यस कवितामा निराशाले भरिएका कुण्ठाहरू चुलिएका छन् । कवितामा जीवनमा अत्यन्तै दु:खद परिस्थितिबाट गुज्रिनु परेकोमा कवि दु:खी छन् । मान्छे भएर पृथ्वीमा जन्मिएपछि केही गर्नु पर्दथ्यो तर चिन्ता, पीडा र अभावको ज्वालामा पिल्सिएर जीवन बितिरहेको बिचार कविले पोखेका छन् । जीवनमा कहिल्यै पनि सुखको दिन नआएको तथा वेखुशीनै जीवन बिचेकोप्रति कवि चिन्तित छन् । सधैं नदीले झैं परिश्रम गर्दा पनि भोक, रोग र अशिक्षाको रापमा जीवन बितेको कारुणिक चित्र कवितामा उतारिएको छ । यस्तै कथा व्यथालाई कविले यसरी व्यक्त गरेका छन्-

न हाँस्न सकियो कैले ओठ यी चकमन्न छन्
न बाँच्न सकियो कैले चोट यी लमतन्न छन्
न पूजा अर्चनाबाट निष्कलङ्क, भयो मन
सँधै सन्ताप बोकेर बित्यो सम्पूर्ण जीवन[१६७]

यसरी जीवनमा असफलता मात्र हात लागेपछि कविका गीतका माध्यमबाट वेदना र निराशाका आँसु वर्षेका छन् । यो कविता अनुष्टुप छन्दमा ७ श्लोकका २८ पङ्क्तिपुञ्जमा फैलिएको छ । कविताको शीर्षकले विषयवस्तुलाई समेटेकाले कविताको शीर्षक सार्थक छ । यो कविता वि.स. २०५२।०४।२५ मा रचना भएको देखिन्छ ।

## १२. उ खरानी बाँचिदिएको छ

यो कविता कविले वैदेशिक रोजगारका क्रममा साउदी अरबमा पुग्दा ई.स. १९९८/१०/२८ मा रचना गरेका हुन् । यस कवितामा आजको मान्छेले भोगेको कारुणिक र निराशाजनक परिस्थितिको चित्रण गरेका छन् । मान्छेको जीवन भार भएको छ । जतातत‌ैबाट कमजोर बनेको मान्छेसँग केवल अइया-अइयाको चित्कार मात्र बाँकी छ । उसले जीवनमा

[१६६]. पूर्ववत्: पृष्ठ -५७ ।
[१६७]. पूर्ववत्: पृष्ठ -७७ ।

केही गरुँ भन्ने सम्भावनाका ढोकाहरू बन्द भएर जीवन जटिल अवस्थामा पुगेको कुरा देखाउँदै शरीर मृत अवस्थामा पुगेर खोक्रो बनेको कुरालाई कवि यसरी

'अब रुनु छैन आँशु नभए पछि

अब दुःख्दैन मुटु नभएपछि'[१६८]

कविता लामा-छोटा आयमका गरी २७ पङ्क्ति पुञ्जसम्म विस्तारित छ । अन्य कविताको तुलनामा यस कविताको भाषाशैली केही सरल एवम् सुबोध्य छ । कवितामा बिम्व र प्रतीक प्रयोगले सफल छ । आजको यान्त्रिक मानवले भोगेको जटिल परिस्थिति र उसको निख्रदै गएको अस्तित्व जस्ता विषयवस्तुलाई कविताले समेटेकाले शीर्षक सार्थक छ ।

## १३. म पनि अब

यस कवितामा कविले निराशापूर्ण भावना व्यक्त गरेका छन् । कविताको विषयवस्तु अनुसार मानव जीवन खोक्रो छ । हृदय शून्य छ । हाँसो र सन्तोषका दिनहरू टाढा भएका छन् । बाँच्ने आशाा नभएपनि बाँच्नै पर्ने पट्यार लाग्दो र टीठलाग्दो परिस्थितिको चित्रण कवितामा भएको छ । न्याउली झैं विरह र बेदनाका आँशु पिएर बाँच्नु बाहेक अन्य विकल्प नरहेको भाव कवितामा यसरी व्यक्त भएको छ ।

पीर छैन पीर बोलौं भने

शून्य छ हृदय खोलौं भने

अलिकति मुस्कानको ठाउँ भएको भए हाँसि दिन्थें ।[१६९]

यसरी मानिसले विवेक, ममता हराएको हिंस्रक पशु झैं समाजमा जिउँदो लाश बनेर जीवन बिताइ रहेको कुरालाई कविताले देखाएको छ । जम्मा २२ पङ्क्तिपुञ्जमा संरचित यो कवितामा प्रथम पुरुष कथन पद्धति ढाँचा र आन्तरिक दृष्टिविन्दु पाइन्छ । यो एउटा गद्य कविता हो । अपूर्ण विराम चिन्ह शीर्षकमा रहेकोले यस कवितामा कविका अनन्त भावहरू छन भन्ने भान हुन्छ । कवितामा आत्मपरक अनुभूति पाइन्छ । शीर्षक सार्थक छ । यस कविताको रचना वि.स. २०५२।०३।२५ मा भएको देखिन्छ ।

---

[१६८]. पूर्ववत्: पृष्ठ -५२ ।

[१६९]. पूर्ववत्: पृष्ठ -३९ ।

## (च) राष्ट्रप्रेमले भरिएका कविताहरू

'विरही'को 'विकृति र मान्छे' कविता सङ्ग्रह भित्रका कतिपय कविताहरूमा राष्ट्रप्रेमका भावले भरिएका कविताहरू पनि पाइन्छन् । त्यस्ता कवितामा उनका 'मेरो देश', 'नेपाल आमा', 'कसैले नलेखेको कविता' जस्ता कविता सजीव बनेर आएका छन् ।

## १. मेरो देश

यस कवितामा कविले नेपाललाई विश्वकै सबैभन्दा सुन्दर बगैंचाको रूपमा उल्लेख गरेका छन् । नेपाललाई विश्वमा चिनाउने पहाड, पर्वत, सगरमाथा, लाली गुराँस, पहरा-छहरा, रमणीय वन जङ्गल आदि कुराले नेपाललाई चिनाएको साथै, बुद्ध, भानु, लक्ष्मी, लेखनाथ र मोतीराम भट्ट जस्ता कवि जन्मिएको यो देश विश्वमै चर्चित भएको कविले उल्लेख गरेका छन् । कविले नेपाललाई बहुजाति, बहुभाषिक एवम् बहुसांस्कृतिक देशका रूपमा पनि चिनाएका छन् र नेपाललाई एकताको फूलबारीका रूपमा लिएका छन् कवि यसलाई स्पष्ट पार्न कवितामा लेख्छन्-

> जहाँका छोरीहरू सीता र भृकुटी बनेर हाँस्छन्
> पासाङ बनेर-
> सगरमाथाको टुप्पोमा पनि नाच्छन् ।
> छोराहरू बुद्ध बनेर चम्कन्छन्
> महर्षि जनक बनेर गम्कन्छन्
> भानु र लक्ष्मी बनेर खुल्छन्
> लेखनाथ मोती बनेर खुल्छन्
> मेरो देश,[१७०]

यस कविताको उद्देश्य नेपाल र नेपालीको महिमा गाउनु हो । कविताको भाषाशैली सरल छ । कविताको शीर्षक र विषयवस्तुका बीच समन्वय रहेकाले शीर्षक सार्थक छ । यस कविता बिम्व र प्रतीकको सुन्दर संयोजन पाइन्छ । ४४ पङ्क्ति पुञ्जमा संरचित यस कविताको रचना वि.सं. २०५२।०८।०२ मा रचिएको हो ।

[१७०]. पूर्ववत्: पृष्ठ -४४।

## २. कसैले नलेखेको कविता

यस कविताले वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलन सफल पार्ने, देश र जनताको मुक्तिका लागि दुश्मनका गोलीलाई बेवास्ता गर्दै शत्रुको गोली लागेर जीवनमा शहादत प्राप्त गर्ने सहिद बनेका परिवारमा पर्न गएको चोटप्रति यो कविता लक्षित छ । कवितामा आफ्ना भावी सन्ततिको अधिकार प्राप्तिका लागि ज्यान गुमाउने सहिदका परिवार विच्चली बनेको तर राजनीतिक पाटीका नेताले सत्ताको घृणित खेल खेलेका, नातावाद, कृपावाद, कमिशन तन्त्र फस्टाएको अवस्थामा कुनै पनि सर्जकहरूले सहिद परिवारले नसम्भिmएको अवस्थाले दीन हीन सहिद परिवारको चित्रण गर्दै यस कवितामा कविले यसरी राष्ट्रवादी भाव व्यक्त गरेका छन्-

'भोक भित्र डुबी आमा नानी पर्खेर हेर्दछिन्
छोरा छोरी भए दुःखी प्रेयसी विधवा भइन्
दिदी बैनीहरू रुन्छन्, खोज्नेछन् माइती सँधै
म लेख्छु कविता उस्कै अरु के छ र ! लेख्न खोई ?[१७१]

यो कविता ४ पाउको एक श्लोक हुने अनुष्टुप छन्दमा १५ श्लोक र ६० पङक्तिपुञ्जमा फैलिएको यो कवितामा पद्य लय पाइन्छ । प्रत्येक अनुच्छेदको अन्तिम पाउमा 'म लेख्छु कविता उसकै अरु के छ र ! लेख्नु खोइ ? भन्ने श्लोक दोहोरिएको छ । कविताको शीर्षक विषयवस्तुलाई समेट्न सफल भएकाले शीर्षक सार्थक छ । यस कविताको रचना वि.स. २०५३।०४।१५ मा भएको देखिन्छ ।

## ३. 'नेपाल आमा'

यस कवितामा कविले नेपाल आमालाई प्रकृतिसँग मानवीकरण गरेका छन् । नाना थरिका फूलहरूले रङ्गिएकी, हिमालको काखमा रमेकी, पाखा पखेरा, नदीनाला, छाँगाछहरासँग खेलेकी, आफ्नै भाषा, धर्म र संस्कृतिमा बाँचेकी, विश्वकै उच्च सभ्यताकी धनी नेपाल आमा विश्वकै नमूना भएको विचार कवितामा व्यक्त भएको छ । कवितामा नेपाल आमाले आफ्ना सन्तानहरूलाई कर्तव्य, दया, स्नेहको पाठ सिकाउने मृदु स्नेहमा र्हुकाउने, सन्तानकै उन्नति र प्रगतिमा रम्न चाहने, ममताकी खानी भएको कुरा देखाइएको छ । नेपाल आमालाई विकृति,

[१७१]. पूर्ववत्: पृष्ठ -६८।

विसङ्गति, अन्याय र अत्याचारसँग जुध्ने-अहङ्कार र घमण्डलाई शत्रु ठान्ने, बुद्ध, सीता, अमर, भक्ति र भीमसेनलाई जन्म दिएर विश्वमा सँधै चम्किरहने स्वाभिमानी आमाका रूपमा चर्चा गरिएको छ। उनी सधैं आफ्नै संस्कृतिमा रमेकी छन् भन्दै कवि यसरी व्यक्त गर्दछन्-

सोरठी मालसिरीले लेक बेंसि उठाउँछिन
समग्र देश आत्मामा नेपालित्व जुटाउँछिन्
हराभरा छ यो काख, वन, पहाड, फाँटले
सगरमाथा उभेको छ आमाकै उच्च आँटले[१७२]

यो कविता जम्मा १३ श्लोक रहेका छन् । प्रत्येक श्लोकमा ४ पाउ रहेका छन् । अनुष्टुप छन्दमा संरचितयस कवितामा कविताको प्रत्येक पाउमा अन्त्यानुप्रास योजना रहेको छ । कविताको भाषाशैली सरल सरस छ । कविताको विषयवस्तुले शीर्षक समेटेकाले शीर्षक सार्थक छ। यस कविताको रचनाकाल वि.स. २०५२।०४।३ देखिन्छ।

## ४. मुक्तकः जिन्दगीका अभिव्यक्तिहरू

यस शीर्षक अन्तर्गत कवि 'विरही' का १९ वटा मुक्तकहरू समेटिएका छन् । मुक्तकहरूमा कविले सामाजिक विकृति, विसङ्गति व्यङ्ग्य, क्रान्ति चेतना, प्रेम भावना, राजनीतिक परिपार्टीप्रति व्यङ्ग्य प्रहारका साथै आशा र निराशाका भावहरू पोखिएका छन् । कविले आफैले जीवनमा भोगेका अनुभूति मुक्तकमा आएका छन्। जिन्दगीलाई कतै चिसो हिँउ, दूध र पानीको मिसावट, रुन्चे आखाँमा लगाएको गाजल,बेलुन, सतीत्व लुटिएकी मैंया, विष, वास्ना विनाको फूल, सालै पिच्छे नदीले बगाउने पुल, रानो हराएको माहुरीको हुल, रसिदको अर्ध कट्टी, लट्टी आदि जस्ता उपमासँग दाँजेका छन्। यस मुक्तकमा जीवनका विकृति, निराशा, दुबेध्यिता, घृणा तथा क्रान्तिकारी चेतनाले भरिएका मुक्तक पनि छन् । हरेक विसङ्गतिप्रति विद्रोह गर्ने आग्रह गर्दै कवि लेख्छन्-

'रोएका अनुहारहरू देख्दा
सधैं मुस्कान छर्ने ओठ हुन मन लाग्छ
नृशंस मान्छेहरू देख्दा
मुटु भित्रको चोट हुन मन लाग्छ
साँच्चै साथी

---

[१७२]. पूर्ववत्: पृष्ठ -७२।

संसारमा न्याय सकिएको देख्दा

आफै 'बम बनेर विस्फोट हुन मन लाग्छ ।'[१७३]

यहाँ प्रस्तुत भएका मुक्तकहरूले जताबाट हेरे पनि व्यङ्ग्य नै प्रहार गरेका छन् । आधुनिक मान्यतामा मुक्तकको शीर्षक नरहेपनि यो 'जिन्दगीका अभिव्यक्तहरू' शीर्षकले विषय वस्तु चुमेकाले शीर्षक सार्थक छ । यो मुक्तक हिजो आज दैनिकमा प्रकाशित भएको छ । यसको रचना वि.स. २०५५।०४।२८ मा भएको देखिन्छ ।

[१७३]. पूर्ववत्: पृष्ठ -६३ ।

# परिच्छेदचार

## 'विरही'का खण्डकाव्य तथा कथाको अध्ययन विश्लेषण

### ४.१ खण्डकाव्य

#### ४.१.१ पृष्ठभूमि

कविता विधाको लघु रूप फुटकर र बृहत रूप महाकाव्य बीचमा रहने मझौंला कविता रूप खण्डकाव्य हो । पूर्वीय साहित्य परम्परामा महाकाव्यका सम्बन्धमा विशद चर्चा परिचर्चा भएपनि खण्डकाव्यको सैद्धान्तिक विषयमा त्यत्ति धेरै चर्चा पाइन्न । पूर्वीय साहित्य परम्परामा सर्वप्रथम ईशाको सातौं शताब्दीका आचार्य रुद्रटले महाकाव्यलाई महान् काव्य र खण्डकाव्यलाई लघुकाव्यका रूपमा चर्चा गरेका छन् ।[१७४] पाश्चात्य साहित्यमा खण्डकाव्य सम्बन्धी छुट्टै चर्चा गरिएको पाइन्छ ।

खण्डकाव्यमा एउटै चरित्र एउटै घटना, एउटै रस हुन्छ । अनुभूतिमा तीब्रता र प्रभावान्विति यसको विशेषता हो । यसमा कथानक फुटकर कवितामा भन्दा बढी र महाकाव्यमा भन्दा कम रहन्छ । महाकाव्यमा घटनाको प्रार्चुयता, चरित्र वा पात्रको बहुलता, व्यापक परिवेश, धीरोदात्त नायक आदि आउँछ तर खण्डकाव्यमा एउटै घटना, थोरै चरित्र र सानो परिवेश हुन्छ । खण्डकाव्यमा सर्ग योजना पनि केही स्वैच्छिकता रहन्छ । आठ भन्दा कम सर्ग, खण्ड वा भाग रहन्छन् । सामाजिक, सांस्कृतिक प्राकृतिक आदि बिम्बहरूलाई आत्मसात् गरी खण्डकाव्य लेख्न सकिन्छ । खण्डकाव्यमा जीवन र जगत्का तीब्र अनुभूति समेट्न सकिन्छ ।

---

[१७४]. थापा हिंमाशु: साहित्य परिचयः साझा प्रकाशनः काठमाण्डौं, तेस्रो संस्करण २०४७ पृष्ठ -५२ ।

पूर्वीय साहित्यका १८ औं शताब्दीका विद्वान् विश्वनाथले खण्डकाव्यको परिभाषा यसरी दिएका छन् 'महाकाव्यको एकदेशीय रूप नै खण्डकाव्य हो ।[१७५]नेपाली विद्वानका केही परिभाषा पनि अघि सार्न सकिन्छ-

**बालचन्द्र शर्मा:** 'कथानकबाट एक अंश लिएर लेखिएको भएपनि त्यो सम्पूर्ण नै पूरा हुन्छ ।'[१७६]

**डा. ताना शर्मा:** 'फुटकर कविता भन्दा केही बेसी र महाकाव्य भन्दा कम व्यापकता अङ्गाल्ने लामो विवरणात्मक कविता हो ।'[१७७]

यसरी माथिका विद्वानहरूको खण्डकाव्य सम्बन्धी परिभाषालाई हेर्दा खण्डकाव्यलाई यसरी चिनाउन सकिन्छ । खण्डकाव्य कविता विधाको त्यो सानो भेद हो जसमा जीवन जगत्को एक पक्षलाई प्रभावपूर्ण ढङ्गले उद्घाटन गरिएको हुन्छ ?

### ४.१.२ खण्डकाव्यकारका रुपमा 'विरही' अधिकारी

नेपाली साहित्यमा फुटकर कविता लेखेर प्रवेश गरेका 'विरही' अधिकारीका 'विसङ्गतिको क्षेप्यात्र' (२०५७), 'इन्द्रेणी' (प्रकृति काव्यः २०५७) र गरिब काव्य (२०६२) प्रकाशित भएका छन् । कविताको फुटकरदेखि उनको साहित्यिक यात्रा कविताको मझौला रूप खण्डकाव्यसम्म विस्तारित छ । आयामगत एवम् विषयवस्तुका अनुभूतिगत रूपले हेर्दा उनका खण्डकाव्य केही फितला देखिन्छन् । विभिन्न पूर्वीय विद्वान्हरूका परिभाषाको क्षेत्रमा यी खण्डकाव्य नपर्न सक्छन् तर पाश्चात्य कविता परम्परामा लामा कवितालाई खण्डकाव्यको कोटि भित्र राखिएकाले 'विरही'का यी रचनाहरू खण्डकाव्य भित्र पर्दछन् । यी प्रकाशित खण्डकाव्यले 'विरही'लाई खण्डकाव्यकारका रूपमा स्थापित गरेका छन् ।

### ४.१.३ विसङ्गतिको क्षेप्यात्र (रक्सी महात्म्य) को अध्ययन

### १. परिचय

यो खण्डकाव्य 'विरही' को वि.सं. २०५७ मा प्रकाशित हास्यव्यङ्ग्यात्मक कृतिका रूपमा नेपाली कविता क्षेत्रमा देखापरेको काव्य हो । प्रकाशनको सम्पूर्ण व्ययभार झापा

---

[१७५].पूर्ववत् ।

[१७६].पूर्ववत् ।

[१७७].रिमाल राम मणि -नेपाली कवि र काव्य साझा प्रकाशनः चर्तुथ संस्करण पृष्ठ -१८९ ।

पृथ्वीनगर निवासी खगीमाया लिम्बूले लिएकी छन् । यस पुस्तकको मुद्रणको जिम्मा सुनकोशी छापाखाना मैतीदेवी काठमाण्डौंले लिएको छ । यस काव्यको भूमिका 'विवेचना' दैनिकका सम्पादक झापाका चर्चित साहित्यकार नकुलकाजीले २१ साउन, २०५७ मा गहन समीक्षा गरी (क्षेप्यास्त्रको यो अदम्य प्रक्षेपण) गरेका छन् ।

यो काव्य वर्णिक छन्द अन्तर्गत शार्दूलविक्रीडित छन्दमा संरचित छ । पाँच अध्यायमा विभाजित यस काव्यमा जम्मा १०९ श्लोक छन् । यस काव्यको पृष्टसङ्ख्या ३२ रहेको छ ।

यस खण्डकाव्यको विषय वस्तु सामाजिक समस्याका रूपमा रहेको रक्सीको नशाले खग्रास बनेको नेपाली समाजको विकृति र विसङ्गतिलाई बनाइएको छ । काव्यकार 'विरही'ले यस खण्डकाव्यको दुई शब्द मन्तब्यमा यसो भनेका छन् 'यस पुस्तकलाई अध्ययन मनन गरी रक्सीलाई विषको रूपमा मात्र होइन मृत्युको ज्वलन्त रूपनै सम्झेर त्यागिदिनु भए म आफूलाई सफल सम्झने थिएँ ।'[१७८] यसरी यस पुस्तकको भूमिकामा नकुलकाजीले 'क्षेप्यास्त्रको यो अदम्य प्रक्षेपण' समीक्षात्मक लेखमा लेखेका छन्- "यो समाजलाई खर्लप्पै निलिरहेको तमाम विकृति र विसङ्गतिको मुहान रक्सी हो भन्ने सिद्ध गर्न पनि यो काव्य सर्वथा सफल छ ।"[१७९] यसबाट यो स्पष्ट हुन्छ कि यो व्यङ्ग्यकाव्य हो । त्यसैले यसलाई एउटा हाँस्य व्यङ्ग्यकाव्यको रूपमा स्वीकार्न सकिन्छ ।

## २. विषयवस्तु

यसको विषयवस्तुसमाजलाई अवनतिको बाटोमा हिडाउने, समाजलाई नै खर्लप्पै निलेर बसेको रक्सीलाई विषयवस्तु बनाइएको छ । जसलाई खण्डकाव्यकार 'विरही' ले भूमिकामानै स्वीकारेका छन् । यसमा विद्यार्थी, नेता, नेतृ, नारी, आमा बुबा लगायत विभिन्न तह र तप्काका मान्छेहरूका छोटा-छोटा कथाहरू प्रस्तुत भएका छन् । यहाँ कर्मचारी, नेता सबै रक्सीको मोहमा चुर्लुम्म डुबेर मस्त भएका छन् । जनताप्रति जवाफदेही कर्मचारी र नेताको यो अवस्थाले देशको स्थिति देखाउँछ । नेता तथा कर्मचारी रक्सी र रण्डीको मोहमा फसेका छन् । त्यसै गरी आफ्ना छोराछोरीको आवश्यकता र सुन्दर भविष्य भुलेर रक्सीमा

---

[१७८]. अधिकारी 'विरही' विसङ्गतिको क्षेप्यास्त्र (रक्सी महात्मय): दुई शब्दः प्रकाशित, खगीमाया लिम्बू ( २०५७) ।

[१७९]. नकुलकाजी: 'क्षेप्यास्त्रको यो अडम्य प्रक्षेपण' विवेचना दैनिकः २१ साउन २०५७ ।

लट्टिने बाबुप्रति पनि यहाँ व्यङ्ग्य छ । साथै बुबा-आमाले दुःख गरेर पढ्न पढाएका छोरा सिनेमा हल, रक्सी र केटीमा व्यस्त रहेको प्रसङ्ग पनि यसको विषयवस्तु भित्र मार्मिक रूपमा आएको छ । यहाँ देश रक्षाका जिम्मा लिएर प्रहरी अनि ड्राइभर, खलासी सबै नै रक्सीको जालो भित्र फँसेको कुरा खुलस्त गरिएको छ ।

यस खण्डकाव्य भित्र छोरा छोरीलाई वेवास्ता गर्दै, पत्नीलाई भूल्दै भट्टी पसल्नीसँग रमाउने बाबुको प्रसङ्ग पनि दुःखद रूपमा काव्यमा आएको छ । आजका २१ औं शताब्दीका युवतीहरू पनि फेसन र आधुनिकताका नाममा आफ्ना युगतर्फ ढल्केको, आफ्ना बुबा-आमा, दाजु-भाइ, कुल-कुटुम्बको इज्जतमा दाग लगाएका युवतीका चरित्रलाई, कालो मोसो दल्ने, आफन्तको इज्जत फाल्ने, आधुनिक रक्सीमा रल्लिने युवतीका चरित्रलाई पनि यस काव्यमा समेटिएको छ ।

यस काव्यमा एक सक्षम आख्यान रहेको छ । यहाँ-सानासाना कथाहरूलाई जोडेर सिङ्गो कथावस्तु समेटिएको छ । तिनै कथावस्तुले व्यङ्ग्यको भटारो हानेको छ । त्यसैले रक्सी र त्यसबाट उत्पन्न सामाजिक विसङ्गति विकृति नै यस काव्यको विषयवस्तु बनेको छ ।

## ३. पात्र

यस खण्डकाव्य भित्र कुनै पनि मुख्य सहायक, गौण पात्रहरूको चयन गरिएको छैन । रक्सी सेवन गरेर नशामा लट्टिनेहरू नै यस काव्यका पात्रहरू हुन् । यस्ता पात्रहरूमा शिक्षक, कर्मचारी, डाक्टर, ड्राइभर, आमा-बुबा, खलासी, भाँक्री-विजुवा, गुण्डा, प्रहरी, ब्राह्मण, रोगी, जनता, सरकार, जोगी, मतवाली आदि रहेका छन् । यी पात्रहरू रक्सी सेवन गर्ने बानीले सारा इज्जत, सम्पत्ति गुमाएर मरेतुल्य जीवन बाँच्दै छन् भने कोही क्षयरोग, क्यान्सर जस्ता रोगले मृत्युउन्मुख बनेका छन् । कोही पात्रहरू रक्सेको दुर्व्यवहार र अन्याय, अत्याचारमा पिल्सिएर कारुणिक जीवन बिताउन विवश छन् भने कोही जीवनलाई रक्सी भैं घोलेर पशुतुल्य जीवन बिताइरहेका छन् । रक्स्याहानै असल पात्र माथि विविध अत्याचार गर्न सफल देखिन्छ । काव्यको मङ्गलाचरणबाटै रक्सीलाई देवता मान्ने विकृतिले खाएका पात्रहरू यहाँ छन् । यस काव्यका पात्र रक्सी खग्रास नै छन् । यस काव्यका केही महत्वपूर्ण पात्रहरूको चरित्रलाई प्रस्तुत गर्ने जमर्को यहाँ गरिएको छ ।

जनताको सेवा गर्ने मन्त्रालयका जिम्मा पाएका मन्त्रीहरूको विकृत चरित्रलाई कविले यसरी चित्रण गरेका छन्-

नेता डाक्टर, मन्त्री बन्छ मुखले बोली भयो लप्पक

निस्कन्छन् मुखबाट भन्न नहुने  अश्लील शव्दाक्षर ।[१८०]

यहाँ आफ्ना इज्जतलाई नालीमा डुबाएर, रक्सीले मस्त भएर गल्ली, नाली, फोहोरका थुप्रामा रात बिताउने, आफू, आफ्नो परिवार र सन्ततिको वास्तै नगर्ने नेता, डाक्टर, अजवाफदेही बाबु, मन्त्रीलाई यसरी व्यङ्ग्य गरिएको छ-

"पियो मस्त भयो लड्यो जमिनमा निद्रात्यहीं आउँछ

छोड्यो फेरि झसङ्ग बनिदै व्यूँझेर सर्माउँछ

थर्थर काम्दछ हिँडनलाई सजिलै सक्दैन कमजोर भै

कयौं दिन बिते यसै तरहले अन्नै नखाइ कठै ।[१८१]

यस काव्यमा आफ्नी देवी समान श्रीमतीलाई भुलेर भट्टीपसल्नीको भूल भूलैयामा परेका नीच मान्छेको चरित्रलाई सशक्त ढङ्गले उतारिएको छ । गोजीको पैसा सकिएपछि, बाँकी मागेर खाने, भट्टी पसल्नीको वेश्यापनमा रम्ने, आफ्ना घर परिवारसँग घृणित वचनले बोल्ने रक्सेका चरित्रलाई यसरी छर्लङ्ग पारिएको छ :-

आउँछन् शुभचाडपर्व घरमा क्यै छैन भण्डारमा

घुम्यो मस्त भएर त्यो कुलतमा लागेर अन्जानमा

छोरा छोरी मलिन छन् हृदयकी रानी उदासिनता

पर्खिन्छिन् तर भट्टी होटलमहाँ रम्दैछ एक्लै उता ।[१८२]

काव्यमा हरेक क्षेत्रमा रक्सीरूपी कीरले समाजलाई खाएको छ । यहाँ विद्वत् वर्गदेखि सामान्य वर्ग सबै रक्सीको दुर्व्यसनीमा फसेका छन्  । रक्सीको नशामा लठ्ठ बनेपछि कविले निम्न पङ्क्तिका माध्यमबाट यसरी स्पष्ट पारेका छन् ।

साहित्यिक कवि र गायक ठूला सङ्गीतका अग्रणी

मन्त्री, शिक्षक, पत्रकार, अधिकृत, ड्राइभर खलासी पनि

देखिन्छन् जब साँझ हुन्छ उ पछि होटल अनि बारमा

---

[१८०]. अधिकारी 'विरही': विसङ्गतिको क्षेप्यात्रः पूर्ववत पृष्ठः १२ ।

[१८१]. पूर्ववत्: पृष्ठ -१२ ।

[१८२]. पूर्ववत्: पृष्ठ -१३ ।

यस्तो लाग्छ मलाई सर्वोपरि रक्सी छ संसारमा'[१८३]

आजका समाजका तरुणी, तन्नेरीहरू, आफ्नो शरीरलाई नग्न बनाएर ठूलाठूला होटलमा बसी रक्सी खानमा व्यस्त छन् । त्यस्ता नारीहरू आफ्नो धर्म संस्कृतिलाई त्यागेर अन्धाधुन्ध पाश्चात्य संस्कृतिमा रमेका छन् । रक्सीमा रन्थनिँदै वेश्यामा परिणत भएका छन् भन्दै युवा-युवतीको नग्न चरित्रलाई कवितामा निम्न पङ्क्तिले स्पष्ट पारेका छन्:-

कस्ले आँट दियो बनेर पुशझैं नाङ्गै हुने प्रेरणा
लज्जा, सर्म, घृणा, सनक्क पिउने कसले गर्‍यो योजना
कसले सत्व, सतीत्व एक पलमै प्युँने गर्‍यो हिम्मत
नारी सृष्टि मुहान दुर्व्यसनमा लागिन् गयो हुर्मत'[१८४]

समग्रमा भन्नुपर्दा युवा-युवती, प्रिया-प्रेयसी, सबै विद्यार्थी, शिक्षक, पण्डित, गुण्डा, चोर, जागिरे, दार्शनिक सबै रक्सीका कारणले सखापै भएका छन् । आजका पण्डित, पुरोहित तथा ब्राह्मणहरू समेत आफ्नो स्वधर्म छाडेर भट्टी पसल चलाउँछन् । त्यस्ता पुरोहित र पण्डितको चरित्रलाई कविताको निम्न पङ्क्तिले उदाङ्गो पारेको छ-

जलगैडा भनी खान्छ भैंसी सजिलै लाङसा अरे गारूता
टक्याट्र भन्छ  सुँगुरलाई सकियो छक्कै परे लौ मता
भुत्लेसाग भनेर माग्छ कुखुरो होटल्नीले जान्दछे
ब्राह्मण हो गुरु देव मानी अधुरो मुस्कानले हान्दछे ।'[१८५]

काव्यमा देश बनाउने मन्त्री र नेताहरू रक्सीको उन्मादले मनपरि गर्छन् । देशमा शान्ति, सुरक्षा कायम गर्न खटिएका प्रहरीहरू रक्सीका उन्मादमा परेर जथाभावी गर्छन् । अनि विद्यार्थीलाई ज्ञान दिने शिक्षक पनि रक्सीमै रमेका छन् । यस्ता कुप्रवृत्तिका चरित्रलाई कविले यी पङ्क्तिमा चित्रण गरेका छन्-

रोपेको छ गुलाब निश्चय भने फुल्दैनबुकी त्यहाँ
शिक्षा पाउँछ जो उही गुण लिने विद्यार्थीको लक्षण ।'[१८६]

---

[१८३]. पूर्ववत्: पृष्ठ -१४ ।
[१८४]. पूर्ववत्: पृष्ठ -१९ ।
[१८५]. पूर्ववत्: पृष्ठ -२६ ।
[१८६]. पूर्ववत्: पृष्ठ -२७ ।

यस काव्यका आएका समग्र पात्रहरू हाम्रा समाजका जिउँदा उदाहरण हुन् । यस काव्यभित्रका समग्र पात्रहरू सडिएका, बिग्रिएका, इज्जत प्रतिष्ठा बर्वाद भएका, घरपरिवार लथालिङ्ग भएका, छोराछोरी टुहुरा बनाएका, देश र जनताप्रति उत्तरदायित्व नभएका मानव सभ्यतालाई नै आघात पुऱ्याउन सक्ने रक्स्याहाहरू नै हुन् ।

## ४. देशकाल वातावरण

यस काव्यको देशकाल भन्नाले एउटा सीमित घेरा भित्र मात्र बाँधिएको देखिन्न । तापनि यस काव्यमा राई, लिम्बू, क्षेत्री, बाहुन आदि जातजातिको उल्लेख गरिएको हुँदा समग्र देश नेपाल र नेपाली समाज हुन सक्छ । यस्तो देखिए पनि काव्यको विषय वस्तुले रक्सीले जीर्ण बनाएको मानव समाजको यथार्थ चित्रण गरेकाले यस काव्यको देशकाल समग्र रक्सीले ओगटेको क्षेत्र हो । काव्यकार स्वयम् 'विरही'ले मन्तव्यमा दुई शब्दमा भनेका छन्- "वर्तमान विश्व वातावरणमा रक्सी एउटा भयावह रोगका रूपमा स्थापित भएको छ । जसबाट हत्या झैं झगडा बलात्कार समग्ररूपमा भन्नुपर्दा विकृति र विसङ्गतिको दह हो जस्मा सारा संसार नै चुर्लुम्म डुबेको छ ।"[१८७]

विरहीको यो काव्यले एउटा फराकिलो क्षेत्रलाई प्रभाव पारेकाले यो काव्य आञ्चलिक परिवेशमा भने छैन । यस काव्यमा आएका भट्टी पसल्नीका दृश्य, पारिवारिक झैंझगडा, देश र जनताले भोगेको व्यथा, नेताले जनताको विश्वासमा गरेको प्रतिघात, आफ्नो पारिवारिक दायित्वमा भूलेर रक्सी, रन्डी र भट्टी पसल्नीसँग रम्ने, पति वा बाबु, स्वधर्म छाड्ने पुरोहित पण्डित, विद्यार्थी पढाउने शिक्षकको भट्टी मोह आदि समग्र पक्षलाई हेर्दा यस काव्यको देशकाल नेपाली समाज नै हो । व्यापारी, शिक्षक, दीक्षक, पत्रकार, हाकिम, पियन सबै रक्सीका चपेटामा परेकाले रक्सीबाट बनेको समग्र विकृत क्षेत्र नै यसको देशकाल परिवेश हो ।

## ५. व्यङ्ग्यत्मकता

यस काव्यको मूल मर्म वा भाव व्यङ्ग्य नै हो । यस काव्यका अधिकांश श्लोकहरूले रक्सीले ल्याएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको झटारो हानेका छन् । काव्यमा कसैलाई

---

[१८७]. पूर्ववत्: 'दुई शब्द मन्तव्य'

पनि व्यङ्ग्य गर्न आइतबार पर्खिएको छैन । समाजमा चलेको यस्तो रक्स्याहा प्रवृत्तिप्रति कडा व्यङ्ग्यवाण प्रहार गर्न नै काव्यका हरफहरू सक्रिय छन् । काव्यकारले समाजका हरेक रक्सी वादीहरूको हृदयमा शब्द वाण प्रहार गरेका छन् भन्ने कुरा निम्न हरफले प्रष्ट पार्दछ-

खाने अन्न थियो-थिएन घरमा आए हुनन् पाहुना
बत्ती बल्न सक्यो-सकेन दृगको ज्योति उज्यालीकन
विद्या आर्जन गर्नलाई लडिका कापी कलम छैन कि ?
सोच्नु छैन गृहस्त्रिलाई तननै फाटेर नाङ्गो छकि ?[१८८]

यसरी पारिवारिक अवस्था नै लथालिङ्ग बनाएर रक्सीको उन्मादमा रमेका जिम्मेवार बाबु एवम् पतिप्रति यस काव्यले व्यङ्ग्य प्रहार गरेको छ ।

काव्यमा आजका नेपाली युवा युवतीहरू स्वधर्म स्वसंस्कृतिलाई बिर्सिएर रक्सीको नशासँगै पाश्चात्य संस्कृतिको अनुसरण गरिरहेका छन् । रक्सीको उन्मादले सतीत्व लुटाएर मृत्युको मुखमा पुगेका युवतीप्रति काव्यमायसरी व्यङ्ग्य गरिएको छ ।

"नारीको सब वस्त्र फाली सजिलै मातेर भैंमा लडी
घोप्टिए कति व्यघ्र कामुकहरू उसको शरीर्मा चढी
थाहा छैन नशा भनेर तनमा स्पर्शादी के-के भए ?
पश्चातापसँगै डढेर उ पछि मृत्यु वरण गर्दछे ।"[१८९]

रक्सीका कारणले कतिका घरवार विचलित भएका छन् । कति श्रीमतीको हत्या भएको छ । कति भट्टी पसल्नी रक्स्याहाका घरमा भित्रिएका छन् ? कति हत्याको अभियोगमा जेलको चिसो छिंडीमा दिन बिताइरहेका छन् । त्यस्ता विकृत मानवरूपी दानवप्रति काव्यका पङ्क्तिहरूले यसरी व्यङ्ग्य गरेका छन्-

'स्वास्नी गर्भवती थिइन् विधिसँगै चिर्नुपर्‍यो पेटमा
देखे भ्रूण रहेछ प्राण भरिदैं छोरो त्यहि घाटमा
त्यहीबाट चलान जेल उ भयो बच्चा टुहुरा भए
कस्ले सक्छ र ? भन्न यति सजिलै के के गर्‍यो रक्सीले ।'[१९०]

---

[१८८]. पूर्ववत्: पृष्ठ -१३ ।
[१८९]. पूर्ववत्: पृष्ठ -१९ ।
[१९०]. पूर्ववत्: पृष्ठ -१९ ।

काव्यमा सरकारी जागिर खाएर कर्मचारी अफिस जाँदैनन् । सरकारी साधनका सामग्रीहरू रक्सीसँग साटेर खाई उनीहरू घृणित बनेर गल्लीमा सुत्छन् । सारा मान, प्रतिष्ठा, श्री सम्पत्ति गुमाउँछन् । कर्मचारीमा रक्सीले ल्याएको विकृतिप्रति व्यङ्ग्य गर्दै कवि भन्छन्-

'यौटा बज्र प्रहार झैं हुन गयो सर्कारी रे बाइक
जाला जागिर भोलिपल्ट नलगे विन्ती गऱ्यो आखिर
हुँदै हुन्न म दिन्न बाँकी यसले तिर्दैन भन्दै छ नि
बाइक साथ चल्यो नि जागिर पनि रक्सीसँगै बन्धकि'[१९१]

काव्यले आफ्ना पुर्खाले आर्जेका सम्पूर्ण जायजेथा रित्याउने र अहिले के खाउँ र के लाउँको अवस्थामा पुगेका बोक्रे भलादमीहरूप्रति पनि कडा व्यङ्ग्य प्रहार गरेको छ रक्सीले पूरै खग्रास भएर बाँचेका त्यस्ता नीच प्रवृतिका मान्छेहरूलाई काव्यका पङ्क्तिहरूले यसरी व्यङ्ग्य गरेका छन्-

इज्जत कीर्ति थियो कुलीन विचरा ठूला थिए पूर्वज,
थियो मान समाजमा गहकिलो गर्थे सबै आदर
भेट्यो देवी कलङ्किनी, कलुषता, आराध्य भक्ति गऱ्यो
सक्यो मानवमा थिए गुण जति उनकै शरणमा पऱ्यो ।'[१९२]

यस रक्सी महात्म्य काव्य भरि कविले व्यङ्ग्य नै व्यङ्ग्यको झटारो प्रहार गरेका छन् । खण्डकाव्यको मूल भाव नै व्यङ्ग्यले भरिएकाले यस भित्र का हरेक पङ्क्ति सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्न अग्रसर छन् । यसमा शिक्षा, स्वास्थ्य, प्रशासन, गाउँ समाजजस्ता सम्पूर्ण पक्षमा रक्सीले ल्याएको विकृतिलाई व्यङ्ग्य त्रिशूलले ताकी-ताकी घोच्ने काम गरिएको छ । सम्पूर्ण काव्य नै व्यङ्ग्यको बलियो हतियार हो जसले समाजका विकृत प्रवृत्ति बोकेका मानवरूपी दानवहरूलाई चिर्थोन छाडेका छैन्न ।

---

[१९१]. पूर्ववत्: पृष्ठ -२० ।

[१९२]. पूर्ववत्: पृष्ठ -२३ ।

## ६. भावविधान

यस काव्यमा कविले रक्सीको विकृतिले सिङ्गो समाज आहात भएको कुरा देखाएका छन् । रक्सी विकृति र विसङ्गतिको भासमा लैजाने मुख्यकारक तत्व नै हो । काव्यमा यस्ता जँड्याहाप्रति व्यङ्ग्यवाण प्रहार गर्दै कविले त्यस्तो प्रवृत्तिप्रति रोष प्रकट गरेका छन् । रक्सीले गरिवका चुलादेखिसिंहदरबारको दुला-दुलासम्म विसङ्गतिको दुर्गन्ध छरेको छ । त्यसलाई सदाका लागि निर्मूल गर्ने साहस कसैको छैन । यसले त झन्झन् दूबो झैं मौलाएर समाजलाई गाँजिसकेको छ । यस्तै अवस्था रहेमा भोलि नेपाल र नेपालीको भविष्य कस्तो बन्ला भन्ने विषयमा कवि चिन्तित बनेका छन् । काव्यमा मानव जीवन प्रकृतिको सुन्दर उपहार हो । ऊ अन्य प्राणीभन्दा चेतलशील भएकाले उसले सिङ्गो समाजलाई सँधै प्रगति र उन्नतिको शिखर तर्फ डोऱ्याउनु पर्छ । विकृति र विसङ्गतिका बन्धनहरू तोडेर सुन्दर जीवनको रचना तर्फ अघि बढ्नु पर्छ भन्ने भाव कवितामा व्यक्त भएको छ । रक्सी पिएर सारा इज्जत देश र जनता, परिवार, सम्पत्तिलाई चूर्ण बनाएर अगाडि बढेमा मानवको सुन्दर सृष्टिमा कालो बादलले ढाक्छ भन्ने भावविधान यहाँ पाइन्छ ।

## ७. छन्दयोजना

कुनै पनि काव्यलाई श्रुतिमधुर एवम् गेयात्मक बनाउन छन्दको महत्वपूर्ण भूमिका रहेको हुन्छ । काव्य लयात्मक नभए त्यसले पाठकको मन जित्न सक्दैन् । छन्द काव्यको प्राण हो । हाल आएर छन्दमा खडेरी पर्न थालेको छ । छन्दोबद्ध कविताको रचना हुन छाडेको छ । छोटा गजल, मुक्तक लेखेर हृदयका अनुभूति पोख्न थालिएको छ । संसार हत्या-हिंसा एवम् आतङ्कको खाडल तिर फँस्दै गएकाले मानिसलाई कविता लेख्न र पढ्नको फुर्सद नै कहाँ छ र ? अतः यस्तो अवस्थामा कविताको मझौला रूपलाई छन्दमा उतारेर काव्य सिर्जना गर्नुलाई पनि एउटा ठूलो उपलब्धिका रूपमा लिन सकिन्छ ।

यस काव्यलाई कविले वर्णमात्रिक छन्द अर्न्तगतको शार्दूलविक्रीडित छन्दमा मङ्गलाचरण सहित जम्मा ११४ श्लोकहरूमा लेखेको छ । १९ अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुने यो छन्द भानुभक्तीय रामायाणको रचनापछि नेपाली जनजिब्रोले पचाइसकेको छ । यस्तो चर्चित छन्दलाई कविले काव्यमा प्रयोग गरेर कविले आफ्नो प्रौढताको पहिचान दिएका छन् । काव्यका सम्पूर्ण श्लोकमा छन्द प्रयोगमा सफलता नपाएपनि अधिकांश पङ्क्तिहरू सफलतापूर्वक नै आएका छन् । काव्य पढ्दा स्वतःस्फूर्त

रूपमा कविको अन्तरहृदयबाट स्वच्छन्द किसिमले सरल र सहज ढङ्गले प्रस्फुटन भएको देखिन्छ ।

नेपाली साहित्यमा भानुभक्त, लेखनाथ, महाकवि देवकोटा, सम, घिमिरेपछि पद्यमा गुन्गुनाउन सक्ने साहित्यकारको खाँचो परेका अवस्थामा कवि 'विरही' को यो प्रयास प्रशांसनीय नै रहेको छ । छन्द मिलाउने कतिपय सन्दर्भमा ह्रस्व, दीर्घका कतिपय नियम मिचिए पनि अधिकांश ठाउँमा छन्दयोजनाले सफलता नै पाएको देखिन्छ । यस कार्यमा कवि सफल नै छन् ।

## ८. अलङ्कार योजना

अलङ्कार काव्यको गहना हो । कुनै पनि महिलालाई चुरा, सिन्दुर, पोते, सिक्री इत्यादि श्रृङ्गार सामाग्रीले जति आकर्षक पार्दछ । त्यति नै काव्यमा पनि अलङ्कारले शोभा दिन्छ । विरहीको यसकाव्यमा शब्द तथा अर्थ दुवै अलङ्कारको प्रयोग पाइन्छ । शब्दलङ्कारमा अनुप्रास र अर्थालङ्कारमा उपमा रूपक जस्ता अलङ्कारहरूको सफल प्रयोग भएको छ । काव्यका अधिकांश श्लोकहरू अन्त्यानुप्रासयुक्त नै छन् । अन्त्यानुप्रासको एउटा उदाहरण यसरी राख्न सकिन्छ -

'आफैलाइ छलेर थप्पड दियो थिच्चो स्वयं माथमा
खायो जीवन, सन्तती धन सबै नाङ्गै गयो घाटमा'[१९३]

यसरी यस काव्यमा शब्दालङ्कारका साथ साथै अर्थालङ्कारको पनि प्रयोग पाइन्छ । त्यसमा उपमा र रूपक अलङ्कारको उदाहरण अघि सारिएको छ ।

**उपमा**

'सन्ध्या दीपसरि धपक्क घरमा लक्ष्मी छँदै छन् तर,
कसले आँट दियो बनेर पशु झैं नाङ्गै हुने प्रेरणा ।'[१९४]

---

[१९३]. पूर्ववत्: पृष्ठ -१८ ।
[१९४]. पूर्ववत्: पृष्ठ -२० ।

यसरी माथिका पङ्क्तिहरूमा सन्ध्याको दीप उपमानसँग घरकी श्रीमती लक्ष्मी उपमेयलाई तुलना गरिएको छ । त्यसैगरी अन्य पङ्क्तिमा पनि उपमेयलाई उपमासँग तुलना गरिएको छ ।

**रुपक**

छाडौ रक्सी पिसाब हो कुकुरको यो बाट टाढा भए

यसरी यस पङ्क्तिमा रक्सीलाई कुकुरको पिसाबसँग तुलना गरिएको छ । यहाँ उपमेय र उपमाको बीचमा आभेद सम्बन्ध देखाइएकाले रूपक अलङ्कार हुन गएको छ ।

यो काव्य प्रतीक प्रयोगका हिसाबले केही कमजोर रहेको छ तर पनि प्रतीक प्रयोग त भएकै छ । काव्यमा रक्सीलाई मानवीय समाजलाई नष्ट पार्ने संहारिणी, नरभक्षिणीको प्रतीकका रूपमा देखाइएको छ । त्यसै गरी रक्से लोग्नेकी श्रीमतीलाई लक्ष्मी सन्ध्याकी दीप जस्ती प्रतीकको रूपमा ल्याइएको छ । यस काव्यमा प्रतीक प्रयोग सुन्दर ढङ्गले भएको पाइन्छ ।

## ९. रस विधान

शास्त्रीय लक्षणका दृष्टिले खण्डकाव्यमा श्रृङ्गार, वीर र शान्त मध्ये कुनै एक रसको प्रयोग हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । यस काव्यमा वीभत्स, श्रृङ्गार, करुण, वीर, रौद्र आदि रसहरूको प्रयोग र विकास भएको पाइन्छ । तर पनि काव्यमा वीभत्सरसले अन्यको तुलनामा बढी फस्टाउने अवसर पाएको छ । काव्यमा प्रयोग भएका रस विधानलाई तल प्रस्तुत गरिएको छ ।

**वीभत्स**

कुनै पनि दुर्गन्धित वस्तुको गन्ध वा कुनै वस्तुप्रति घृणा जगाउन वीभत्स रसको प्रयोग हुन्छ । यस काव्यका सम्बन्धमा स्वयम् कविले 'दुई शब्द' मन्तव्यमा रक्सीप्रति घृणा जगाउने र त्यसको सुधारका पक्षमा थोरै भएपनि सफलता पाउने आशा गरेबाट पनि यस काव्यमा वीभत्स रसको प्रयोग अन्यका तुलनामा सबल देखिन्छ । जाँड रक्सीको सेवनले मानिसको इज्जत प्रतिष्ठामा चोट परेको छ । मानिसले थुकेका छन् । देश बिगारेर नेता घृणित बनेका छन् । त्यसै गरी होटल रेष्टुरेन्टमा युवती नग्न नृत्य नाँच्दै छन् । पण्डित,

पुरोहित स्वधर्मलाई माँस्दै भट्टी चलाउँछन । यी इत्यादि घृणाका स्रोतहरूले यस काव्यमा वीभत्स रसको निष्पति भएको छ ।

आए दर्शक नाट्ययुद्ध सुरु भो संवाद चर्को भयो
बथुक्छन् थुक्क भनेर चेतन सबै आगो बनि सल्कयो[१९५]
बाँचेका सब किट भै पृथ्वीका भारी बनेका कति
मर्छन् नाली, तलाउ, कूपहरूमा हुँदैन है सद्गती[१९६]

यसरी काव्यमा धेरै श्लोकहरू समाज रक्सी ग्रस्त मद्मा लट्ठ परेको ती रक्स्याहाप्रति सबैले छिःछिः गरेको प्रसङ्ग यहाँ पाइन्छ । यस काव्यमा करुण रसको प्रयोग पनि पाइन्छ । जसले मानव हृदयलाई क्षत्विक्षत् पारेर आँशुका बलिन्द्र धारा खस्न सक्ने अवस्थाको सिर्जना करुण रसका माध्यमबाट कविले व्यक्त गरेका छन्-

'स्वास्नी गर्भवती थिइन् विधिसँगै चिर्नुपऱ्यो पेटमा
देखे भ्रूण रहेछ प्राण भरिदै छोरो त्यहि घाटमा ।'[१९७]

**रौद्र**

यस काव्यमा रौद्र रसको पनि प्रयोग पाइन्छ । भट्टी पसल्नीले रक्स्याहा ग्राहकले पैसा नतिरी आफूसँग आइलाग्दा वाइक र लुगा राख्न दिएको धम्की अनि रक्सीको झोंकमा सौता हालेर श्रीमतीको हत्या गर्ने श्रीमानको प्रसङ्गमा रौद्र रसको अनुभूति भएको छ-

वार्तालाप भए विविध झगडा उत्तेजना बढ्नगो
मार्छु भन्दछ पस्नलाई नदिए गर्जन्छ सूरो भयो ।'[१९८]

**वीर रस**

यस काव्यमा वीर रसले भरिपूर्ण भएका पङ्क्तिहरू पनि रहेका छन् । जस्तैः

आन्दोलित बनेर जाग उठ है ! सङ्घर्ष विद्रोहको
बोक्नुपर्छ मशाल निर्मूल हुनु यै हो उपाय ठूलो
तोड्नुपर्दछ फोड्नुपर्दछ सबै भट्टी हतियारले,

---

१९५. पूर्ववत्: पृष्ठ -१२ ।
१९६. पूर्ववत्: पृष्ठ -१४ ।
१९७. पूर्ववत्: पृष्ठ -२० ।
१९८. पूर्ववत्: पृष्ठ -१३ ।

आशामात्र गरेर हेरि नवसौं गर्दैन सर्कारले[१९९]

यसरी काव्यमा भएको रस विधानलाई हेर्दा वीभत्स करुण, रौद्र, वीर, श्रृङ्गार जस्ता रसहरू परिपाक भएका छन् । यसले 'विद्रोही'मा रहेको काव्य प्रतिभालाई माथि उठाएको आभास मिल्दछ ।

## १०. भाषाशैली

भाषा शैलीले कुनै पनि रचनालाई कलात्मक र प्रभावकारी बनाउँछ । त्यसैले कुनै पनि काव्यमा भाषाशैलीको महत्वपूर्ण भूमिका रहन्छ । यस 'विसङ्गतिको क्षेप्यात्र' (रक्सी महात्म्य) काव्यको भाषाशैलीलाई नियाल्दा यहाँ नत्सम्, तदभव र आगन्तुक शब्द प्रयोग पाइन्छ । काव्यको शुरुवात मङ्गलाचरणबाट गरिएको छ । भने काव्यको शुरु र अन्त्यको सूचक संस्कृत पङक्तिहरूबाट गरिएको छ । काव्यमा कतिपय श्लोकहरू नै संस्कृतका शब्दले भरिएका छन् । काव्यमा अधिक रूपमा तत्सम शब्दकै प्रार्चुय पाइन्छ । काव्यमा 'विजी', 'डिस्टिलरी', 'ड्राइभर', 'क्यान्सर', 'डान्स' आदि आगन्तुक शब्दहरूको प्रयोग भएको छ । काव्यमा अधिक मात्रामा तद्भव शब्द र गाउँले भाषाको प्रयोग छ । जसले काव्यलाई सुरुचिपूर्ण बनाएको छ ।

काव्यको भाषा शैली निजात्मक छ । कविले उपदेशात्मक, संवादात्मक, वर्णनात्मक, व्यङ्ग्यात्मक आदि शैलीको पनि प्रयोग गरेका छन् । काव्यको भाषाशैली सरल, सरस, सुवोध्य छ । रूपक उपमा आदि अलङ्कार प्रयोगले पनि काव्यको भाषाशैलीलाई मिठास पूर्ण बनाएको छ ।

## ११. सन्देश

यस काव्यले रक्सीको सेवनबाट जन्मन सक्ने असङ्ख्य भयावह सन्देश दिएको छ । रक्सीले फोक्सो, रगत, मुटु आदिको क्यान्सर हुने, आफ्नो इज्जत प्रतिष्ठा गुम्ने, श्रीसम्पत्ति सकिने परिवारको विच्चली हुने, अल्पायुमा मर्नुपर्ने आदि सन्देश पाइन्छ । रक्सीको मोहमा

---

[१९९]. पूर्ववत्: पृष्ठ -३२ ।

फसेका नेताले देश विगार्ने शिक्षकले विद्यार्थीको भविष्य विगार्ने, ड्राइभरले अकल्पित दुर्घटना गराउने आदि सन्देश यहाँ छ ।

कवि रक्सी भट्टिपसल भत्काउन, ब्राण्ड वियर उत्पादन गर्ने कारखाना भत्काउन पनि आग्रह गर्छन् । समग्रमा भन्दा नेपाली समाजमा जरो गाडेर बसेको रक्सी र यसको प्रयोगकर्ता माथि व्यङ्ग्यको भ्रटारो हान्नु नै यस काव्यको सन्देश हो । काव्यले रक्सीको अन्त्य र सुन्दर नेपाली समाजको निर्माणको परिकल्पना नै यस काव्यको मुख्य सन्देश हो ।

## १२. शीर्षक

यस काव्यको शीर्षकलाई हेर्दा विषयवस्तुलाई समेट्न सफल देखिन्छ । शीर्षक व्यञ्जनात्मक छ । प्रकृतिको चेतनशील र सुन्दर रचना प्रकृति हो । मानिसले मनमा सदैव सुन्दर भावना सजाएमा संसार सिङ्गार्न सक्छ तर वर्तमान समयमा आएर मानिस घमण्डी स्वार्थी र विकृति-विसङ्गतिको चंपेटामा फसेको छ । त्यसैले त्यस्ता प्रवृत्तिका मान्छेप्रति व्यङ्ग्यवाण प्रहार गर्न काव्य अग्रसर छ । काव्यको शीर्षक नै 'विसङ्गतिको क्षेप्यास्त्र' राखिएको छ र समग्र काव्य नै रक्सीले समाजमा भित्र्याएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको प्रक्षेपण गर्न सिर्जित भएकाले एवम् विषयवस्तुलाई समेट्न शीर्षक सफल भएकाले विसङ्गतिको क्षेप्यास्त्र शीर्षक सार्थक रहेको छ ।

## ४.२.'विरही' अधिकारीको 'इन्द्रेणी' (प्रकृति काव्यको अध्ययन)

### ४.२.१ परिचय

'इन्द्रेणी' कवि 'विरही' अधिकारीको वि.सं. २०५७श्रावणमा प्रकाशित प्रकृतिको चित्रण गरिएको खण्डकाव्य हो । प्राकृतिक सौन्दर्यले भरिपूर्ण इन्द्रेणीलाई आलम्बन बनाएर रचना गरिएको यस कृतिमा समान आयामका पङ्क्ति भएका १२० श्लोकहरू रहेका छन् । त्यस भन्दा बाहेक कवि इन्द्रेणीबाट प्रभावित भइसकेपछि प्रतिबद्धता व्यक्त भएका जम्मा ४ गरी १२४ श्लोकमा यो काव्य सिर्जना भएको छ । काव्यमा भूमिका लेखन डा.हृषीकेश उपाध्यायले दुई शब्द मन्तव्य भूमिका लेखेका छन् भने पृष्ठ १३ मा कविले आफैंले पुस्तक सम्बन्धमा आफ्नो छोटो मन्तव्य प्रस्तुत गरिएको छ । काव्यका काव्यप्रति कविको

प्रतिवद्धताका ४ श्लोक शार्दूल विक्रीडित छन्द र अन्य १२० श्लोक मन्दा क्रान्ता छन्दमा रचना गरिएको छ ।

काव्यको विषयवस्तुको थालनीदेखि अन्त्यसम्म इन्द्रेणीको चित्रण गरिएको यस काव्यको शुरु आवरण प्राकृतिक सौंन्दर्यमा समर्पित छ । त्यसैले दुई शब्द भूमिकामा डा. हृषीकेश उपाध्यायले पनि यस काव्यलाई प्रकृति काव्य नै मानेका छन् । यही प्रकृति खण्डकाव्यका आधारमा नै यसको विश्लेषण गरिन्छ ।

### ४.२.२ विषयवस्तु

यस काव्यको विषयवस्तु प्रकृतिको सुन्दर उपहार इन्द्रेणी नै रहेको छ । यस काव्यमा प्रकृतिलाई साधनको रूपमा नभएर साध्यको रूपमा चित्रण गरिएको छ । काव्यमा विषयवस्तुको रूपमा प्रकृतिलाई आत्मपरक रूपमा चित्रण गरिएको छ । इन्द्रेणीको रङ्गीन दृश्य देखेपछि काल्पनिक संसारमा डुबेका कविले इन्द्रेणीको सारगर्भित एवम् आर्कषिक चित्रण गरेका छन् । सम्पूर्ण पृथ्वीलाई नै लठ्ठ पार्ने इन्द्रेणी कहाँबाट आउँछ अनि कता जान्छ कसैलाई थाहा नभएबाट कवि चकित बनेका छन् । पृथ्वीका प्रत्येक अङ्ग अङ्ग स्पर्श गर्ने इन्द्रेणीले पृथ्वीलाई सुन्दर बनाएको कुरा कवि व्यक्त गर्दछन् । इन्द्रेणीलाई स्वर्गका परिसँग तुलना गर्दै यसलाई कविले दैविक चित्रको नाम दिएका छन् । इन्द्रेणी सुटुक्कै क्षितिजबाट पृथ्वीमा आएपछि यहाँ पृथ्वीका समग्र प्राणी अनि मानव र कविहरू चकित बन्छन् भन्ने कविको विचार छ । यो सौन्दर्य सबैको आनन्द  प्राप्तिका लागि हो भन्ने कविको अनुभूति छ ।

इन्द्रेणी काव्यका सम्पूर्ण पङ्क्तिहरू इन्द्रेणीकै चित्रणमा व्यस्त छन् । कविले आफू इन्द्रेणीका सप्तरङ्बाट प्रभावित भएपछि भावनाका तरङ्गलाई काव्य भरि नै पोखेका छन् । हुन त मान्छेको प्रकृतिसँग नै अनन्त सम्बन्ध रहन्छ तर त्यसको रमणीयताको अनुभूति कविले गर्छ र उसले आफ्नो प्रथम सौन्दर्यतालाई कवितामा दोस्रो कलाका रूपमा पोख्छ । कवि कविताभरि प्रकृतिको अपारलीला इन्द्रेणीसँग हाँसेका, खेलेका छन् । साँच्चै भन्नु पर्दा कवि शिरोमणि लेखनाथको ऋतु विचार देखा परेपछिको  प्रकृतिलाई विषयवस्तु बनाइएको उत्कृष्ट प्राप्ति इन्द्रेणी काव्य हो । कविले विना आख्यान प्राकृतिक सौन्दर्यता कै चित्रणमा रमेर एउटा सिङ्गो कृति दिन सक्नु कविको खुबी हो । कविले हेर्दा सुन्दर देखिने, छिनमै

आउने छिनमा हराउने, स्पर्श समेत गर्न नसकिने यस्तो रहस्यपूर्ण प्राकृतिक उपहार इन्द्रेणीलाई विषयवस्तु छानेर सफल काव्यको सिर्जना गरेका छन् । जसले कवि प्रकृति चित्रणको सफल चित्रकारका रूपमा स्थापित छन् । प्रकृतिको मनोहर चित्रणमा कवि 'विरही' युगकवि सिद्धिचरण, कवि माधव घिमिरे कै समकक्षतामा पुग्न खोजेका छन् । अतः इन्द्रेणीको अनुपम चित्रण र त्यसबाट प्राप्त आनन्दको अनुभूति नै यस काव्यको विषयवस्तु हो ।

### ४.२.३ प्रकृति चित्रण

'मुटु रेटिएको कथा' विकृति र मान्छे कविता सङ्ग्रह अनि विसङ्गतिको क्षेप्यास्त्र जस्ता कृतिमा मुक्तक, फुटकर कविता एवम् कविताको मझौला रूपसम्मको यात्रा पूरा गरेका 'विरही'को प्रकृतिलाई विषयवस्तु बनाइएको खण्डकाव्य हो इन्द्रेणी प्रकृतिकाव्य, आफ्ना अघिल्ला रचनाहरूमा समाजका अन्याय, अत्याचार, विकृति एवम् विसङ्गतिका विरुद्धमा कलम चलाएका 'विरही'ले यस काव्यमा कतिले प्रंकृतिको सुन्दर चित्रण गरेर आफ्ना भावहरूलाई छुताछुल्ल पोखेका छन् । कविले इन्द्रेणी काव्यको भूमिकामा यसो लेखेका छन्- प्राकृतिक अनुपम सौन्दर्यप्रति मभित्रको मान्छे अत्यन्त आकृष्ट भएपछि काव्यात्मक प्रवाहभित्र जन्मिएको यो प्रकृतिकाव्य 'इन्द्रेणी'लाई मैले प्राकृतिक सौन्दर्यताको प्रतीकको रूपमा उभ्याएको छु ।'[२००] यसरी कवि विरहीकै आत्मस्वीकारोक्तिले पनि यो काव्यले प्रकृति चित्रणलाई नै आफ्नो मूलस्वर बनाएको छ । यस काव्यलाई जताततैबाट हेरे पनि यस काव्यमा प्रकृति चित्रण नै पाइन्छ ।

प्रकृति चित्रणमा आफूलाई समाहित गराएर संस्कृत साहित्यका महाकवि कालिदासले 'ऋतुसंहार' प्रकृति चित्रणको चर्चित काव्य हो । त्यसै गरी कवि शिरोमणि लेखनाथ पौड्यालको 'ऋतु विचार' खण्डकाव्यले पनि प्रकृतिको सुन्दर चित्रणको सेरोफेरोमा काव्य घुम्यो । त्यसै गरी 'विरही' को इन्द्रेणी काव्य पनि प्रकृतिको चित्रणमा रमेको छ । कवि वा साहित्यकारहरू प्रकृतिमा सुन्दर चित्रणमा रमाउँछन् । कविहरू सूर्योदय, सूर्यास्त, उषाकाल, सन्ध्याकाल, वसन्त ऋतु, शरदऋतु, पहरा, छहरा, कोइलीको कुहूकुहू, न्याउलीका विरही भाका, हिमालका हिँउ, पहाडका नागीहरू, तराईका रमणीय फाँटको मनमोहक वर्णन गर्नमा कवि लागि पर्दछन् ।

---

[२००].अधिकारी 'विरही': इन्द्रणी (प्रकृति काव्यः २०५७) प्रकाशित सुमना अधिकारीः मेरो भन्नुः पृष्ठ -१३ ।

यसरी हेर्दा 'विरही' भित्रका कवि भावना पनि प्रकृति रमणीयता देख्दा पग्लिएको छ र इन्द्रेणीको सुन्दरचित्रलाई शब्दमा भर्न सफल भएको छ । कवि 'विरही' को प्रकृति चित्रणको सुन्दर संयोजनलाई अझ स्पष्ट पार्दै डा. हृषीकेश उपाध्यायले 'दुई शब्द' भूमिकामा यसरी प्रस्तुत गरेका छन्- "प्रकृति चित्रणका पुजारी कवि 'विरही' को प्रकृति काव्य आफ्नो कलेवरभरि प्रकृतिसँग बोलेको छ, हाँसेको छ, प्रकृतिलाई अङ्कमाल गरेर अपूर्व आनन्दमा विभोर भएर भावातिरेकका उत्ताल तरङ्गमा पौडिनु पुगेको छ ।'[२०१]इन्द्रेणी सारा पृथ्वीकै प्राकृतिक सम्पत्ति हो तर यस काव्यमा आएको हिमाल, अमरापुरी, झरना, छाँगा, चराचुरुङ्गी, पशु, फूलका वगैंचा आदिको चित्रण हेर्दा प्रकृति चित्रण नेपाली परिवेशमै फक्रिएको पाइन्छ । कविले इन्द्रेणी पृथ्वीमा झर्दाको रमणीय दृश्यलाई यसरी प्रस्तुत गरेका छन्-

'प्रकृतिक छटा सुरम्य रङ्ग पोतेर शोभादिँदै
सातै रङ्ग समाधिमा मणिक औ रत्नतादिले बेह्रिँदै
देखे पुष्पित-कुञ्जभित्र रङको वर्षा उसैले गरि
बोकी रङ्ग थरी-थरी क्षितिजको बाटो हुँदै ओर्लिइ ।'[२०२]

यसरी कविले आफ्नो काव्यप्रति प्रतिबद्धता गरिएको पहिलो श्लोकमा प्रकृतिको रमणीय वर्णन गरेका छन् । अमरापुरकी सुन्दर परीको रूपमा इन्द्रेणीलाई प्रस्तुत गर्दै धर्तीले उसका आगमनको आशा गर्दछ भन्दै कविको भावना यसरी प्रस्फुटन भएको छ-

'सैलेन्द्री र अमरपुरको मोहनी रूप कन्या
झुल्किन्छन् रे रङ्विरङ्मा इन्द्रेणी नाम भन्ने
यौवनाताको चरम चुलीमा सुस्तरी चाल मारी
धर्ती भन्छे वर-वर अझैं आऊ प्यारी कुमारी ।'[२०३]

यस काव्यमा इन्द्रेणीको चित्रण गर्ने क्रममा कवि भावना सरलता र तरलताका साथमा बहेको छ । यहाँ कविका अनुभूतिहरू प्रकृतिका गहिराईमा पुगेर व्यक्तिएका छन् । यहाँ कविले छङ्छङ् गर्न छहराको मीठो गीतमा घोलिएर, कलकल गर्न नदीसँग डोलिएर

---

[२०१]. उपाध्याय डा. हृषीकेशः इन्द्रेणी (प्रकृतिकाव्यः २०५७) प्रकाशित सुमना अधिकारीः दुई शब्द ।

[२०२]. अधिकारी विरहीः पूर्ववत् पृष्ठ -१४ ।

[२०३]. पूर्ववत्ः पृष्ठ -१८ ।

पृथ्वीको कुनै ठाउँलाई पक्षपात नगरी धर्ती र आकाश अनि क्षितिजलाई इन्द्रेणीले चुम्बन दिन्छे भन्ने भाव यसरी पोखेका छन्-

'छङछङ गर्ने तरल छहरा गीतमा घोलिएर
कल्कल गर्ने नदनदीमहाँ छालमा डोलिएर
चुम्दै सुख्खा बगरहरूका तीरमा घुम्दछे रे
धर्तीदेखि सगर मुटुमा ओठले चुम्दछे रे ।'[२०४]

प्रकृतिको चित्रण गर्ने क्रममा कविले काडाँ माथिको फूलको शोभा, साँझमा जूनकीरीको वत्ती जस्ता प्रसङ्गलाई काव्यमा उतारेका छन् । यस प्रसङ्गले जसरी काँडामाथि रहेर पनि फूलले अरुलाई शोभा दिन्छ, जसरी साँझका बेला भएपनि जूनकीरीले बत्ती बाल्छ त्यसै गरी मान्छेले पनि दुःख कष्ट सहेर, आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर परोपकारमा लाग्नुपर्छ भन्ने भाव व्यक्त गरेको छ । यसै प्रसङ्गलाई स्पष्ट पार्न कवि लेख्छन्-

'डाँडाकाँडा झलल बनिइ फुल्दछन् फूल वाल
काँडा माथि बसिकन पनि छर्दछन् रे सुवास
जस्तै सन्ध्यावीच जूनकिरी धप्धपाइरहन्छ
त्यस्तै शोभा विपुल रङको सृजनाभित्र हुन्छ ।'[२०५]

यसरी प्रकृतिका गायक 'विरही' को इन्द्रेणी काव्य आदिदेखि अन्त्यसम्म नै इन्द्रेणीको चित्रण गर्न नै मस्त छ । प्रकृतिका अलौकिक सुन्दर छटा यस काव्यमा हार्दिक ढङ्गले उतारिएको छ । सारा पृथ्वीलाई नै रमणीय बनाउने इन्द्रेणीको चर्चा गरेर कहिल्यै नसकिने विचार कविले पोखेको छन् । इन्द्रेणीलाई केन्द्रविन्दु मानेर प्रकृतिको चित्रण गरिएको यस काव्यले नेपाली प्रकृतिको चित्रणको माध्यमद्वारा राष्ट्रको उच्च प्रशंसा गरिएको छ ।

### ४.२.४ भावविधान

कविले प्रकृति जगत्मा देखिने विविध सौन्दर्यहरूमध्ये इन्द्रेणीमा रहेको सौम्य र सुन्दर छटालाई यस काव्यमा चित्रण गरेका छन् । आजको मान्छे प्रकृतिमाथि विजय गर्न तम्सेको छ । उसले प्रकृतिको संरचनालाई भत्काएर आफ्नो अस्तित्व माथि नै प्रश्न चिन्ह

[२०४]. पूर्ववत्: पृष्ठ -१८ ।
[२०५]. पूर्ववत्: पृष्ठ -२१ ।

खडा गरेको छ । मान्छे प्राकृतिक सौन्दर्यको पान गर्नुको सट्टा विनाशमा लागेको छ । मान्छेले प्रकृति भित्रको सुन्दरता देख्न र बुझ्न सकेमा त्यहाँ स्वर्गीय आनन्दको अनुभूति गर्न सक्छ भन्ने भाव कविता काव्यमा व्यक्त भएको छ । इन्द्रेणीलाई नायकीकरण गरिएका यस काव्यमा इन्द्रणीलाई सुन्दरी अप्सरा, देवी आदिको उपमा दिइएको छ । काव्यमा मानवमा प्रकृति प्रेमको भाव जाग्न सक्ने कुरा कवितामा व्यक्त गरिएको छ । यस काव्यको भाव मानिस प्रकृतिलाई जति नै विजय गर्न तम्सिए पनि सक्दैन बरु प्रकृतिको अनुपम सौन्दर्य देखेर मुग्ध हुन्छ ।

जो सुकै मानिसले प्रकृतिमा रहेको अपार आन्नदको अनुभूतिलाई चुम्न सक्दैन् । यसका लागि कवि हृदय नै चाहिन्छ भन्ने भाव काव्य भित्र पाइन्छ । समग्रमा भन्दा प्राकृतिक सौन्दर्यको अत्यन्त कलात्मक वर्णन नै यस काव्यको मर्म हो । इन्द्रेणीलाई विषय बनाएर कविले काव्यभरि आत्मपरक ढङ्गले स्वच्छ अभिव्यक्ति पोखेका छन् । यस काव्यमा कवि पाश्चात्य साहित्यका स्वच्छन्दतावादी युगका कलरिज, वर्डस्वर्थ, सेलीसँग प्रभावित छन भने नेपाली साहित्यको स्वच्छन्दतावादी भाव धारामा बगेका छन् । प्रकृतिमा अनेक विचित्रका लीला छन् त्यसको आस्वादन गर्न नसकेमा ती ओइलिएर झर्छन् भन्दै इन्द्रेणीको सौन्दर्यप्रति नतमस्तक बनेको यो काव्यको भावविधान इन्द्रेणीकै चित्रण हो । नेपाल प्रकृतिको अनुपम भण्डार हो, सुन्दर वगैंचा हो । यसलाई विश्व समक्ष चिनाउनु पर्छ भन्ने कविको आग्रह छ ।

### ४.२.५ परिवेश

'इन्द्रेणी' काव्यमा आएको परिवेश कुनै एउटा निश्चित ठाउँलाई किटान गरेर आएको भन्न सकिदैन् । काव्यमा कुन घटनाहरूको श्रृङ्खला पनि पाउन सकिदैन् । आख्यान खासै नभएको र पात्रको उपस्थिति पनि नरहेको यस काव्यमा उल्लेख भएको स्थान हेर्दा यसको परिवेश नेपाल जस्तो लाग्छ । काव्यमा आएको हिमाल, कुहिराले ढाकेको पहाड, खोला, खोल्सा, पहरा, छहरा, वनजङ्गल, पाखापर्वत तराईका फाँट जस्ता स्थानको उल्लेखले यसको परिवेश नेपालै हो । किनकी नेपाल प्रकृतिको सुन्दर क्रीडास्थल हो । प्रकृतिका अनुपम छटाहरूले यही वास बसेरलुकामारी खेल्दै छन् । अनि प्रकृतिको सुन्दर उपहारका रूपमा रहेको इन्द्रेणीलाई अङ्कमाल गर्दै भावनाका तरङ्गहरू पोखिरहेका छन् नेपाली भूमिमा उभिएर उत्तरतिर देखिएको इन्द्रेणीलाई हिमालले सप्तरङ्गी रङ्ले सजाइएको, इन्द्रेणी

लाग्दा मयूर लगायत अन्य पक्षीहरूले मीठो धून निकाल्दै छमछम नाचेको परिवेश पाइन्छ । साथै वर्षा शुरु हुनु भन्दा अघि जहाँ-जहाँ इन्द्रेणीको सप्तरङ्गी चित्र देख्न पाइन्छ त्यही स्थान यस काव्यका परिवेश हो । वास्तवमा यस काव्यको परिवेश, नेपाली धरती र नेपाल नै हो भन्न सङ्कोच मान्नु पर्दैन ।

### ४.२.६ रस विधान

एकादेशीय विषयवस्तु भएको काव्य नै खण्डकाव्य हो । त्यसमा अनेक भाव र रसको प्रतिपादन नगरी कुनै एकै रस वा भाव केन्द्रित हुन्छ । यस काव्यमा कविले संयोग श्रृङ्गारलाई मुख्य रसको रूपमा लिएका छन् । इन्द्रेणीको चित्रण गर्ने क्रममा कतै सुन्दरी, कतै अप्सरा र कतै देवीको उपमा दिदैं काव्यको सिर्जना भएको छ । काव्यमा इन्द्रेणीलाई नायकीकण गर्दै कविले श्रृङ्गार रसको आस्वादन गराएका छन् । इन्द्रेणीरूपी नायिकासँग कविका भावनाहरू हाँसेका छन् र ओठबाट चल्बलाउदै बोलेका छन् । त्यसैले यस काव्यमा श्रृङ्गारका भाव काव्यमा उर्लन पुगको छ । केही पङ्क्तिहरूलाई यसरी देखाउन सकिन्छ-

'को हो दिव्या सुर-युवती झैं मस्कदै मस्कँदैछे
अन्भिएकी नव बधुसरीलाजले लस्कँदै छे
बोकेकी रे हृदयपटमा प्रेम सौगन्धदायी
बुट्टा भर्दै रङ्ग विरङ्गका शिल्पद्वारा सजाई'[२०६]

'लाएकी हुन कसरी उनले रङ्गको त्यो सुराग
लाएकी हुन कसरी शिरमा सिन्दूरैको सुहाग
मायालु रे जड-प्रकृतिकी प्रेमिका प्रितरूपी
बस्छन् एकै घर-सहरमा रङ्गिदै रङ्ग धुपी'[२०७]

यसरी प्रकृतिलाई आलम्बन बनाएर सिर्जना गरिएको यस काव्यमा श्रृङ्गार रसको भावभिव्यक्ति भएको छ । नायिका इन्द्रेणीमा मान्छे, पशुपक्षी, हिमाल, पाखा, चउर, वृक्ष, लता आदि सबैलाई प्रभावित पार्ने शक्ति रहेको कुरा काव्यमा आएको छ । श्रृङ्गारिक

---

[२०६]. पूर्ववत्: पृष्ठ -१७ ।

[२०७]. पूर्ववत्: पृष्ठ -१८ ।

भावधारामा कविले यस काव्यलाई सफलताका साथ आत्मपरक अभिव्यक्ति दिएका छन् । काव्यमा कविको स्वच्छन्द भाव प्रवाह तथा स्वच्छन्दतावादी गाङ्गेय प्रवाह बगेको छ ।

### ४.२.७ छन्दविधान

इन्द्रेणी काव्य कविले वर्णमात्रिक छन्दमा रचना गरेका छन् । यस काव्यको प्रतिबद्धताका रूपमा आएका ४ श्लोकहरू १ पाउमा १९ अक्षर हुने शार्दूलविक्रीडित छन्दमा उनिएका छन् । काव्यमा अन्य श्लोकहरू भने एक पाउमा १७ अक्षर रहने मन्दाक्रान्ता छन्दमा रचना गरिएका छन् । नेपाली कविताको पद्य विधाको कवितामा छन्दो वद्ध रूपमा कविता रच्ने खडेरी पेरका समयमा विरहीको पद्यप्रतिको आकर्षणले निकै महत्व राखेको पाइन्छ । कवि माधव घिमिरेद्वारा निरन्तर रूपले अगाडि बढाइरहेको पद्यात्मकतालाई 'विरही'ले पछ्याएका छन् । काव्यमा अनुभूतिका तरङ्गहरूलाई छताछुल्ल पोख्ने क्रममा प्रयोग पक्ष केही फितलो रहेको देखिन्छ । सम्पूर्ण पङ्क्तिहरूमा ह्रस्व र दीर्घको नियमलाई पालना गरिएको छैन । तापनि कविले शास्त्रीय छन्द शार्दूलविक्रीडित र मन्दा क्रान्ता छन्दमा काव्य लहरीमा उनेर काव्यलाई सुरुचिपूर्ण र साङ्गीतिक बनाएका छन् । यसरी सरल र सहजरूपमा पद्यलयमा गुनगुनाउन सक्ने कवि विरहीको साहित्य सिर्जनामा प्रौढता आएको देखिन्छ ।

### ४.२.८ अलङ्कार विधान

कविले यस काव्यलाई साङ्गीतिक र सुरुचिपूर्ण बनाउन आलङ्कारिक शिल्पगत सजावट प्रस्तुत गरेका छन् । यस काव्यमा शब्द तथा अर्थ दुवै किसिमका अलङ्कारहरू प्रयोग भएको पाइन्छ । काव्यमा मूल रूपमा अनुप्रास, उपमा, रूपक जस्ता अलङ्कारहरूको सफल प्रयोग भएको पाइन्छ । काव्यमा प्रयोग भएका अन्त्यानुप्रासको उदाहरणका रूपमा निम्न पङ्क्तिहरूलाई लिन सकिन्छ-

> "के होला त्यो पृथ्वी नभको मध्यता एक सूत्र
> बोल्ने होला रङ विरङ्की सुन्दरी दिव्य चित्र"[२०८]

[२०८]. पूर्ववत्: पृष्ठ -१५ ।

यसरी यस काव्यका सम्पूर्ण श्लोकहरूका दुई दुई पङ्क्तिका बीचमा अन्त्यानुप्रास मिलेको छ भने अन्य कतिपय ठाउँमा आद्यानुप्रास र मध्यानुप्रासको विधानसमेत गरिएको छ । काव्यमा उपमा अलङ्कार प्रयोग भएका केही उदाहरण तल प्रस्तुत गरिएका छन्-

'को हो दिव्य सुर युवती झैं मस्कँदै-मस्कँदै छे'[२०९]

"हाँस्तै आइन् नवशिशुसरी रोइनन् जन्मिदामा"[२१०]

यसरी माथिका पङ्क्तिहरूमा क्रमशः इन्द्रेणी उपमेयलाई सुर युवती र शिशु उपमासँग तुलना गरिएकाले यसलाई उपमा अलङ्कारको सफल विधान भएको मान्न सकिन्छ ।

यस काव्यमा प्रयोग भएका अर्थालङ्कार मध्ये रूपक पनि एक हो । जसले काव्यलाई मीठास तुल्याउन सहयोग पुऱ्याएको छ । रूपक अलङ्कार प्रयोग भएका काव्यका केही उदाहरण तल दिइएको छ-

"आमा हुन् रे पृथ्वी तनमा भर्दछु प्राण भन्छे
आमा हुन रे प्रकृति यिनकै गर्छु श्रृङ्गार भन्छे
आमा हुनरे जलधि भवकी कल्कलाइ रहेकी"[२११]
हासि दिन्छु अधरहरूमा भन्दछे रङ्गरानी"

यसरी यस काव्यमा शब्दालङ्कार तथा अर्थालङ्कारको सफल प्रयोग पाइन्छ । यस काव्यको यात्रासम्म आइपुग्दा कवि 'विरही'को साहित्य साधनाले प्रौढता प्राप्त गरेको अनुभूति हुन्छ । साथै यस काव्यले 'ऋतु विचार' कै उचाइ प्राप्त गर्न खोजेको झैं लाग्दछ ।

## ४.२.८ भाषा प्रयोग

'विरही'का काव्य भाषामा तत्सम, तद्भव, र आगन्तुक शब्दहरूको संयोजन रहेको पाइन्छ । कविको संस्कृतप्रतिको मोहले काव्यमा संस्कृत शब्दको अत्यधिक प्रयोग भएपनि जटिलता भने ल्याएको छैन । यस काव्यमा ग्रामीण जन जीवनका सरल, सहज, सुरुचिपूर्ण भाषा शैली पाइन्छ । भाषाले काव्य परिष्कृत बनेको छ । जसले कविको साहित्य यात्रालाई

---

[२०९]. पूर्ववत्: पृष्ठ -२३ ।
[२१०]. पूर्ववत्: पृष्ठ -२४ ।
[२११]. पूर्ववत्: पृष्ठ -२४ ।

उचाइ थपेको छ । छन्द मिलाउने क्रममा ह्स्व र दीर्घका नियमलाई केही तोडमोड भने गरेको स्वीकार्नु पर्ने हुन्छ । यो काव्यको रसपान सामान्य पाठकले पनि ग्रहण गर्न सक्ने किसिमको रहेको छ ।

### ४.२.१० विम्ब र प्रतीक विधान

यस इन्द्रेणी काव्यमा आख्यानको प्रयोग नै छैन् । इन्द्रेणीलाई नायिकीकरण गरेर सुन्दरी आमा, देवी, अप्सरा आदिको प्रतीकको रूपमा उभ्याइएको छ । 'इन्द्रेणीलाई विविध प्रतीकको माध्यमबाट प्रस्तुत गर्दै कविले काव्यलाई सहज तुल्याएका छन् । काव्यमा भएको विम्ब विधानले काव्यको शैलीका दृष्टिले अति सुन्दर बनाएको छ । काव्यमा प्राकृतिक विम्ब हिमाल, पहाड, तराई, झरना, छाँगा, खोलानाला, वृक्ष, लहरा, हिँउ, चट्टान आदि पनि उत्तिकै शशक्त बनेर आएका छन् ।

'विरही'को प्रतीक र विम्ब विधानको प्रयोग कवि माधव घिमिरे को झैं छ जस्ले 'विरही'को भविष्यलाई अगाडि बढाउन र घिमिरेको हारा हारीमा पुग्न सक्ने सम्भावनालाई सङ्केत भने गरेको देखिन्छ ।

'विरही' अधिकारीको शुद्ध प्रकृति चित्रणमा रमेको यो काव्यमा कविका अनुभूतिहरू अति सूक्ष्म ढङ्गले व्यक्त भएका छन् । काव्य भाव र शिल्प दुवै दृष्टिले सफल छ । रस, भाषा शैली, विम्ब, प्रतीक आदि जस्ता कुरालाई अध्ययन गर्दा 'विरही' अधिकारी अब सफल खण्डकाव्यकार बनेका छन् । जुन कुरा उनको इन्द्रेणी काव्यले पुष्टि गर्दछ ।

## ४.३'विरही' अधिकारीको 'गरीव' (काव्य) को अध्ययन

### ४.३.१ परिचय

गरीव काव्य कवि विरहीको वि.सं. २०६२ मङ्सीर महिनामा प्रकाशित नेपालका दीन हीन गरिब मानिसको दुरावस्था दुरुस्तै उतारिएको काव्य हो । यो काव्य शार्दूलविक्रीडित अनुष्टुप, इन्द्रब्रजा र उपेन्द्र ब्रजा छन्दहरूको सहज रूपमा कविले प्रयोग गरेका छन् । विषयवस्तुको थालनीदेखि अन्त्यसम्म नै नेपालको जीर्ण आर्थिक अवस्था तथा यस काव्यका नायक शेखरले जीवनमा भोग्नु परेका अथाह पीडा आफ्नी गुणवती प्राणप्यारी पत्नी दिप्तीको मृत्यु भएको कारुणिक घटना तथा टुहुरो छोरा प्रभातलाई अनेक कष्ट सहेर हुर्काइ सकेपछि

शेखरले उसको विवाह गरिदिने चाहना राख्दा प्रभात विदेश जानु, शेखरको मन अमिलो हुनु तर अन्त्यमा प्रभातको मृत्यु भएको खबर आउनुले यो काव्य दुःखान्त बनेको छ । यस काव्यको भूमिका खण्डमा काव्यकार 'विरही'ले 'मैले भन्नु पर्ने कुरा' शीर्षक दिएर आफ्नो सारगर्भित विचार राख्दै यसो भनेका छन्: "गरीबीले आक्रान्त बनाएर बेरोजगारी समस्या समाधानको कुनै विकल्प नभएपछि रोजगारीको लागि विदेशीन विवश देशका असङ्ख्य युवाहरूको चित्कार यो कृतिको मूलभाव हो ।"[२१२]

## ४.३.२ विषयवस्तु

'गरीव' काव्यको विषयवस्तु भन्नाले रोग भोक र अभावको शिकार बनेको नेपाली जनजीवन नै हो । त्यसै गरी मुलुकमा मौलाएको व्याप्त गरिबी र अभावका कारण निम्नवर्गीय परिवारहरूले झेल्नुपरेको विषम परिस्थिति पनि हो । यस काव्य भित्रको छोटो कथा यस्तो छ । नेपालको पहाडी, हिमाली, लेकाली स्वच्छ प्रकृतिको माझमा शेखरको झुपडी छ । कुनै किसिमको आडम्बर नजानेको स्वच्छ मन भएको, आफ्ना परिश्रमी पाखुरामा मात्र विश्वास राख्ने, षड्यन्त्र गर्न नजाने युगलाई चिनेको, सोझो, सिधा अन्यायका विरुद्ध लड्ने भिड्ने रसिलो शिष्ट बोलीबचन भएको शेखर नौ वर्षको छँदा सबै अभिभावक र आफन्तहरू पहिरोले पुरिएपछि एकलो टुहुरो भएर अर्काको डोको नाम्लो गरेर हुर्कन्छ । शेखरको बाल्यकालको आलो घाउमा मलम पट्टीलगाउन र उसको अँध्यारो झुप्रोलाई उज्यालो बनाएर सजाउन रूपवती, गुणवती दिप्ती जीवन साथी बनेर आउँछिन् । प्रेम प्रणयका केही समयपछि दिप्तीले छोरा प्रभातलाई जन्म दिन्छिन् तर अफसोच ! छोरा प्रभातलाई जन्म दिंदाको पीडा कष्टले शारीरिक रूपले शिथिल बनेकी दिप्तीको लागि शेखरको दीनहीन आर्थिक अवस्थाले उपचार गर्न सक्दैन् । फलतः दिप्ती कहिल्यै नब्यूँझने चिर निद्रामा लीन बन्छिन् । अनेक कष्ट सहेर शेखरले छोरा प्रभातलाई हुर्काउँदै जान्छ । दिप्तीले संधैका लागि छोडेर गएपछि शेखरको जीवन अँध्यारो दीपहीन बन्छ ।

शेखर गरिव भएपनि उसमा चेतना भने प्रगाढ देखिन्छ । ऊ अन्याय अत्याचार, शोषण, दमनको विरोध गर्छ । समाजमा चेतना बाँड्छ । साथै आफूसँगै हुँर्कदै गरेको छोरा प्रभातलाई पनि शान्ति जन्माउन, सन्तोषले जिउन, गरिबीबाट मुक्ति हुन्, अन्यायको अँध्यारो

[२१२]. अधिकारी विरहीः गरीव काव्यः मैले भन्नु पर्ने कुराः प्रकाशक दिलबहादुर थेवे ।

विरुद्ध लड्नु पर्ने सन्देश दिन्छ अब शेखर आफ्नो हुर्किएको छोराको विवाह गरिदिने सोच बनाउँछ तर प्रभात चाहिं विदेश गएर धन आर्जन गरी गरिबीले भत्किएको घरको जग बलियो बनाउन चाहन्छ । बाबुले लाख सम्झाउँदा पनि प्रभात घरवारी बन्धकी राखेर ऋण खोजी विदेश जान्छ र विदेशमै मृत्युलाई अङ्गाल्न पुग्छ । छोराको मृत्युको खबरले शेखरमा करुणा, वेदना र असैह्य पीडा भरिन्छ । युवाहरू विदेशिने रोगले यो देश टुहुराको देश, विधवाहरूको देश, अशक्त असहायहरूको देश बन्यो तर कसैलाई चिन्ता छैन् । यसका विरुद्ध लड्नु पर्छ भन्ने भाव सहित काव्यको अन्त्य भएको छ ।

### ४.३.३ पात्र

यो काव्य कवि 'विरही' अधिकारीको ठूलो प्राप्ति हो । झिनो आख्यान विना नै विसङ्गतिको क्षेप्यास्त्र (रक्सी महात्म्य) र इन्द्रेणी प्रकृति काव्यको सफल रचना गरेका 'विरही' ले गरिब काव्यः (२०६२) मा एउटा सशक्त खण्डकाव्यीय आख्यानलाई उभ्याएका छन् । यस काव्यमा एउटा दीनहीन पारिवारिक संरचनाका पात्रहरू रहेका छन् । यस काव्यका मुख्य पात्रका रूपमा शेखर रहेको छ भने उसकी पत्नी दिप्ती र छोरा प्रभात रहेका छन् जसको चरित्रलाई सङ्क्षिप्त रूपमा यसरी उल्लेख गर्न सकिन्छ-

**शेखरः**

गरीव काव्यको प्रमुख नायकका रूपमा शेखर आएको छ । ऊ नौ वर्षको हुँदा उसका परिवारका सबै सदस्यलाई कहाली लाग्दो पहिरोले बगाएर लैजान्छ । संयोगले ऊ मात्र बाँचेको हुन्छ । शेखर बाल्यावस्थामा नै टुहुरो भएकाले धेरै दुःख कष्ट गरेर हुर्कन्छ । अर्काको भारी बोकेर, धनीवर्गको उपहास एवम् घृणाको पात्र बनेर ऊ हुर्कन्छ । गरीब भएपनि ऊ न्यायप्रेमी पात्र हो । ऊ अन्याय, अत्याचार, शोषण, दमनको विरोध गर्छ । समाजमा उत्पीडनका मारमा रहेका गरीव, शोषितलाई चेतनाका स्वरले व्यूँझाउन चाहन्छ । उसका क्रान्तिकारी स्वरहरू यस काव्यमा अत्यन्त प्रभावोत्तेजक रूपमा आएका छन्-

बढ्दै गो असमानता समयले बोक्नै नसक्ने गरी
शाक्तिकै भरमा समस्त पिसिए निर्धा निमुखाजति
ठूलाकै सब दवदबा हुन गयो हामी करिया भयौं

बोक्नै सक्नु थिएन भारी त पनि हामी भरिया भयौं[२१३]

शेखरको उमेरसँगै ऊ दिप्ती नाम गरेको युवतीसँग प्रेम गर्दछ । उनीहरूका बीच प्रेम प्रणय भएपछि दिप्ती, गर्भवती बन्छिन् । उनीहरूका बीचमा मुना र मदनको झैं आत्मिक प्रेम रहन्छ । दुबै दुःख गरेर भएपनि बडो आत्मिक आनन्दले रमेर रहन्छन् । दिप्तीलाई प्रंसव व्यथा लाग्छ । एउटा बालकलाई उनले जन्म दिन्छिन् तर जन्म दिनसाथ साह्रै शारीरिक पीडाका कारण उनको मृत्यु हुन्छ । छोरो प्रभात जन्मदै टुहुरो बन्छ । शेखरले यो संसार अँध्यारो देख्दा बहुत दुःख गरेर छोरा हुर्काउँछ छोरा बढ्छ । शेखरले छोराको विवाह गरिदिने सोच बनाएका बेला छोरा प्रभात भने वैदेशिक रोजगारमा जाने सोच बनाउँछ । शेखरले विदेशी भूमिमा गएर रगत पसिना नबगाउने सल्लाह दिन्छ र भन्छ

"कयौ पल्टनमा मरे रगत नै परदेशमा सुम्पिए
जान्छन् कत्ति कमाउने नियतमा मर्छन नफिर्दै गए
फिर्दैछन् कति रोगी भैकन कति मर्छन् त्यही दुःखमा
जानुहन्न यसर्थ बाबु करीया बन्दै अरु देशमा ।"[२१४]

यसरी शेखर विदेशी भूमिमा गएर रगत बगाउनु हुन्न भन्ने राष्ट्रभक्त चरित्रका रूपमा यस काव्यमा देखा पर्छ तर छोरालाई जति नै सम्झाउँदा पनि उसले सम्झदैन । ऊ साहूसँग चर्को व्याजमा ऋण काढेर विदेश जान्छ । विदेश गएको केही समय नबित्दै प्रभातको मृत्यु हुन्छ । छोराको मृत्युको खबर पाएको शेखरमा करुणा, वेदना, पीडा, आक्रोश र विद्रोह भरिन्छ । शेखर भन्दछ-

"लिदैन चिन्ता किन यो समाज
बेचेर छोरो बनिदैन राज'
भत्काउ बाढी बनी यो विधान
पाइन्न छोराहरू विक्री गर्न'[२१५]

---

[२१३]. पूर्ववत्: पृष्ठ -६ ।

[२१४]. पूर्ववत्: पृष्ठ -११९ ।

[२१५]. पूर्ववत्: पृष्ठ -११९ ।

यसरी एउटा होनाहार क्रान्तिकारी पात्रका रूपमा शेखर देखिएको छ । वास्तवमा शेखर यस काव्यको कवि विरहीको मुखपात्र हो । कवि 'विरही' ले शेखरकै माध्यमबाट आफ्ना मनोइच्छाहरू पोखेका छन् । असमानताले भरिएको समाजप्रति विद्रोहको राँको बाल्न खोजेका छन् । शेखरका क्रान्तिकारी गर्जनहरू यस काव्यमा जताततै छताछुल्ल भएर आएका छन्, ऊ भन्छ-

"बाबु बन्दुकनालबाट तिमीले चित्कारिलो भावमा,
गर्जेनौ यदि युग-युग भरिनै पर्छौ यहि चालमा
तोड्नु पर्दछ फोड्नु पर्दछ सबै साङ्ला फलामे अब,
आफ्ना ति अधिकार खोजी नगरे हुँदैन है आत्मज"[२१६]

देशभक्त, सत्पात्र एवम् विद्रोही चरित्र बोकेको शेखर एउटा असल नागरिक, असल पति एवम् जिम्मेवार बाबुका रूपमा देखिएको छ । दीन हीन गरिबको पत्नी गुमाएका नेपालीहरूको प्रतिनिधि अनुकूल पात्र हो । उसकै चरित्रमा काव्यले थालनी गरी विटसमेत मारको छ ।

**दिप्तीः**

दिप्ती यस काव्यकी नायिका हो । ऊ शेखर की असल पत्नी, एउटी आर्दश नारीका रूपमा तथा प्रभातकी आमाका रूपमा देखिएकी छ । ऊ काव्यमा पहिराले आफ्ना आमा बाबुको अन्त्य गराएपछि शेखरको आलो घाउमा मलम पट्टी लगाउन र शेखरको अँध्यारो झुप्रोलाई उज्यालो बनाएर सजाउने ज्ञानी, दयालु, परिश्रमी, गुणवतीी, शिलावती बुकीफूल जस्ती दिप्ती शेखरकी जीवन सङ्गीनी बनेर आएकी छ । शेखर र दिप्तीको छोटो मिलन पछि नै प्रसव पीडा सहेर प्रभातलाई जन्म दिदैं अभाव र गरिबीका बीचमा उपचार नपाएर दिप्ती निष्प्राण हुन्छे । दिप्तीका बारेमा काव्यमा कविले यसरी प्रकाश पारेका छन्-

"दिप्ती कर्मठ, साहसी, शुशीलता ज्ञानी दयाकी घडा
प्राप्ती सोच अठोट आँट र सिली सद्गुण कि सम्पदा
ज्यूदो जाँगरकी श्रमिक श्रमको आस्था भरेकी थिइन् ।
प्यारो  यो परिवारमा मखमली बुकी बनि फूल्दथिन् ।"[२१७]

---

[२१६]. पूर्ववत्: पृष्ठ -   ।

यसरी कविले दिप्तीका जाँगर, रूप, बोलीवचन अठोट, आँट, रसिकता र उनको श्रमका बारेमा चर्चा गरेका छन् यो काव्य कारुणिक काव्य हो र यसको अन्त्य दुःखान्तमा भएको छ । काव्य पढ्दै जाँदा दिप्तीको मृत्युले पाठकका आँखा रसाउँछन् गला अवरुद्ध हुन्छ र सहानुभूतिका शब्द  बर्सछन् । काव्यका पाठकका सहानुभूति जगाउने पात्रका रूपमा दिप्तीको अन्त्य भएको छ ।

दिप्ती रोग, भोक र शोकका ज्वालामा बाँचेकी दिप्ती हुन् । आफ्ना पतिलाई आत्मिक प्रेम दिएर सुखी पार्ने पात्र हुन् । दिप्तीको मृत्युले नेपालका ग्रामीण महिलाहरूले प्रसवका बेला भोग्नु पर्ने व्यथा, छट्पटी र मृत्युलाई नै स्वीकार्नु पर्ने नारीहरूको प्रतिनिधित्व गरेको छ। दिप्ती नाम भएपनि अन्धकारमा जीवन व्यतीत गर्ने पात्र हो ।

**प्रभातः**

प्रभात यस काव्यको शेखर र दिप्तीको छोराको रूपमा आएको छ । ऊ जन्मने वित्तिकै आमाको न्यानो स्नेहबाट बञ्चित रहेका पात्र हो । उ जन्मदै टुहुरो बनेकाले पितृस्नेहबाट मात्र हुर्कन सफल भएको छ । आफ्नो बाबु शेखर अशिक्षित भए पनि चेतनाका कुरा, समाजको वस्तुस्थिति, सामाजिक उत्पीडनका बारेमा अन्यायका विरुद्ध सङ्घर्ष गरेर समाज परिवर्तन गर्ने कुरा उसले आफ्ना बाबु शेखरबाट पाएको हुन्छ । अनेक अभाव एवम् कष्ट सहेर हुर्किएको प्रभातलाई उसका बाबु शेखरले विवाह गरिदिने विचार गर्छन् तर प्रभात भने घरको जीर्ण अवस्थालाई सुधार गर्न विदेश जान चाहन्छ । उसलाई बुबाले कति सम्झाउँदा पनि सम्झदैन् । बुबाले उसलाई यही देशमा बसेर उधम गर भन्दा पनि प्रभात यहाँ केही उद्यम छैन, पढ्न पनि मन छैन । धनीको दास भएर उनीहरूको पूजा गरेर बस्नु भन्दा, रगत खर्च गरेर बस्नुभन्दा विदेश जाने दृढ विचार यसरी व्यक्त गर्दछः-

"जान्छु साथीसँग विदेश म पनि हट्ला गरिबी बरु
ज्याँदै शुल्क बढ्यो तिरेर कसरी विद्याम आर्जन गँरु
छोडे पढ्न विदेशमै मन गयो भन्दैछ बाबुसँग
भन्छन् शेखर बुद्धिहीन तिमी हौ के भन्नु मैल अब ।"[२१८]

---

[२१७]. पूर्ववतः पृष्ठ २८

[२१८]. पूर्ववत्ः पृष्ठ -१५   ।

यी माथिका पङ्क्तिबाट  प्रभातले विदेश जाने साह्रै हठ गरेको पाइन्छ । उसले बुबा शेखरको उपदेश एवम् आशीष बचनलाई पनि स्वीकार गरेको देखिंदैन् । यसरी प्रभात विदेश गएर छाड्दछ । उसले विदेश जानै पर्ने बाध्यता भनेको दीनहीन आर्थिक अवस्था र सामाजिक शोषणले खग्रास बनाएको पारिवारिक अवस्था हो । बुबाले जति सम्झाउँदा पनि प्रभात बारम्बार विदेशकै मोहमा फस्छ र भन्छः

'छोरो भन्छ म जान्छु घरमा यस्तै समस्या हुँदा
के गर्नु र यहाँ हटेन कहिल्यै यो दुःख दारिद्रयता
कयौ कष्ट उठाइ दुःखहरूमा सङ्घर्ष गर्नु भयो
बद्लिएन गरीब रङ्ग तनमा जस्ताको तस्तै रह्यों'[२१९]

'तिर्छु ऋण छिट्टै म फिर्छु, घरको राहत् जुटाइकन
आउनेछु अवश्य वर्ष दिनमै पर्दैन चिन्ता लिन
आशिर्वाद म पाउँ भन्दछ कठै आरोग्य शान्ती हुने
टाढाको मृदु स्वप्नमा छ बिचरो रोकिन्न उसको मन'[२२०]

यसरी सुनौलो सपना सजाएर विदेश गएको प्रभातका सपना कुनै जोखिम पूर्ण काम गर्दा उसको दिवङ्गत हुन्छ र उसको मानव देह कुनै हवाई जहाजबाट काठमाडौको विमान स्थलमा ल्याइन्छ । यसै अवस्थालाई चित्रण गर्दै उपप्राध्यापक चूडामणिवाशिष्ठयस काव्यको भूमिकामा लेख्छन्- "विदेशिएका छोरा छोरीहरूको चिठी खोल्न बृद्धहरूका हात थर्थराएर काँपी रहेका छन् । डाँडा माथिका घाम जस्ता भई सकेका बृद्धहरू एयरपोर्टमा आफ्ना सन्तानहरूका लाशका बाकस आएको सुन्न र हेर्न विवश छन् ।"[२२१]वास्तवमा समग्र नेपाली युवाहरूको प्रतिनिधित्व प्रभातले गरेको छ । ऊ विदेशमा देहत्याग गरेर आफ्नो बृद्ध पिता मातालाई जीवनभर आँशुको पोखरीमा डुबाउने पात्र हो । नेपालीले स्वदेश विदेश जहीं तहीं उपेक्षा र तिरस्कारको पात्र बन्नु परेको छ । नाम प्रभात भए पनि आफ्नो प्रभात छर्न नपाउँदै प्रभात अन्धकार मै विलीन भएको छ र उसको मृत्युले बुबा शेखरको आफ्नो भन्नु

---

२१९. पूर्ववत्: पृष्ठ -१९ ।

२२०. पूर्ववत्: पृष्ठ -१९ ।

२२१. अधिकारी विरहीः गरीव काव्यः भूमिका उपप्राध्यापक चूडामणि वाशिष्ठः प्रकाशकः दिलकुमार थेवे ।

यो संसारमा कोही देखिन्न । प्रभात एक जीवनवादी, आशावादी पात्रका रूपमा देखिन्छ । गाउँका सामन्तको करियाबन्नु भन्दा विदेशी भूमिमा पसिना बगाउँदा स्वाभिमान बाँच्छ भन्ने सम्झने पात्र शेखरको दुःखान्त निधनले काव्यलाई कारुणिकताको उचाइमा पुऱ्याएको छ । साथै ऊ पाठकको हृदयको पात्र बनेको छ ।

### ४.३.४ परिवेश

कवि विरहीको यस काव्यको परिवेश नेपाली समाज नै हो किन कि यो काव्य अत्यन्त समसामयिक परिवेशबाट उठेको छ । यसले वर्तमान नेपालको दुरुस्तै शब्दचित्र काव्यात्मक शैलीमा दिएको छ । अभाव र गरिवीले मुलुकलाई खर्लक्कै निलेको छ । अन्याय, अत्याचार, भ्रष्टाचार चरमचुलीमा पुगेको छ । कानूनले पनि निमुखा निर्धाहरूकै घाँटी निमोठी रहेको छ । शिक्षित-अशिक्षित कसैलाई पनि यो देशमा अवसर छैन । युवाहरूका बलिया पाखुरा र उर्वर मस्तिष्क अथाह भविष्य बोकेर विदेश पलायन भइरहेका छन् । गाउँ टुहुरा बालकहरूको रोदन र असहाय विधवा बृद्धहरूको कुण्ठा, पीडा र सुस्केराले भरिएको छ । यसरी हेर्दा यो अथाह पीडा र उत्पीडनको शिकार भइरहेको देश नेपाल र नेपाली हुन् ।

यहाँ उपचार नपाएर मर्ने दिप्ती धेरै छन् भने जायजेथा बन्धक राखेर चर्को व्याजमा ऋण काढी विदेश जाने प्रभात पनि नेपाली युवा नै हुन् अनि छोरो कमाएर आउला भन्दा भन्दै एयरपोर्टमा छोराको लाश बुझ्न विवश नेपाली बाबु शेखर हुन्। सामन्तले थात बास उठाएको, शिक्षा महङ्गो बनेको देश, अनि प्राकृतिक प्रकोपले पहिराले गाउँ नै समय समयमा बगाउने देश पनि नेपाल हो । त्यसैले यो देशको चित्रण काव्य भरि पाइनाले यो काव्यको परिवेश नेपाल र नेपाली समाज हो ।

### ४.३.५ भाव विधान

यो काव्य नेपाली समाजको अत्यन्त कारुणिक अवस्थाको चित्रण गर्न सफल छ । यहाँ रातारात धनी बन्नेहरू कम छैनन् । गरीबका श्रम र रगत चुसेर परजीवी बनेका सामन्त र त्यसकै मतियार बनेका सरकारले जताबाट पनि जनताकै ढाड सेकेका छन् । यहाँ गरिब उपचार नपाई मर्नु पर्ने तर धनीका घरमा डाक्टरको चाकरी रहने संस्कार यहाँ पाइन्छ । कोही यहाँ सम्पत्तिको डकार काडेर बसेका छन् भने कोही भोको पेट, लिएर,

आफ्नो जायजेथा बन्धक राख्दै, विदेश गएर पनि आफ्नो प्राण-पखेरु उडाउँदैछन् र शेखरका जीवनमा विपत्तिका इँटा चुलिदैं छन् भन्ने नै यस काव्यको भाव विधान हो ।

### ४.३.६ छन्दयोजना

यस गरिब काव्यमा कवि विरहीले छन्दलाई निकै राम्ररी खेलाएका छन् । यस काव्यमा शार्दूलविक्रीडित, अनुष्टुप, इन्द्रब्रजा, उपेन्द्र ब्रजा छन्दहरू यहाँ पाइन्छन् । जसको सङ्क्षिप्त चर्चा यहाँ गरिन्छ-

**शार्दूलविक्रीडित**

'चिप्लो हुन्छ मलिनतासँग सँधै बन्नु सजग चातुर
खाली हात फिराउनेछ रगतै पिएर सित्तै अझ
हेर्दा विष पनि त स्वच्छ सुकिलो देखिन्छ निर्मल तर
प्युँदा बुँद निमेष मै शरिरको अस्तित्व नै ढल्दछ'[२२२]

१९ अक्षरको एक पाउ रहने यो वर्णमात्रिक शास्त्रीय छन्द हो । भानुभक्तीय रामायणमा पनि अधिक मात्रामा यो छन्दको प्रयोग पाइन्छ ।

**अनुष्टुप**

'उठौं हामी पनि आजै जुटाइ जनभावना
सिलान्यास गरौं नौलो क्रान्तिको अवधारणा
हीन मै जिउनु भन्दा मर्नु कल्याण हुन्छ रे
कति कमजोर आत्माका पश्चातापसँगै मरे'[२२३]

१६ अक्षरको एक हरफ रहने आठौं पाउमा विश्राम हुने यो छन्द शास्त्रीय छन्द हो । नेपलीमा नाटककार बालकृष्ण समले यस छन्दको प्रयोग आफ्ना नाट्कमा अत्याधिक रूपमा गरेका छन् ।

[२२२]. पूर्ववत्: पृष्ठ -   ।
[२२३]. पूर्ववत्: पृष्ठ -   ।

**उपेन्द्रब्रजा छन्द**

"न बाँसुरीले अब फेर्छ भाका
न गीत बज्ला भनि गर्नु आशा
न खुल्छ नि शेखरको मुहार
फर्कन्न पक्कै मुटुको जुहार"[२२४]

एघार अक्षरको एक पाउ रहने छन्द उपेन्द्र ब्रजा छन्द हो । कवि 'विरही' ले यस छन्दको प्रयोग यस गरिब काव्यमा गरेका छन् ।

**इन्द्रब्रजा**

"झुल्कन्न फेरि नव दिव्य तारा
छैनन् अहो शेखरका सहारा
एक्लो विरानो बनिदैछ यात्रा
ज्वालामुखीका कण छन् प्रशस्त"[२२५]

कवि 'विरही' गरिब काव्यसम्म यात्रामा आइ पुग्दा एउटा सफल छन्दवादी कवि बनेका छन् । वर्ण विन्यासमा केही त्रुटि रहे पनि छन्द प्रयोगलाई सफलै मान्नु पर्ने हुन्छ ।

## ४.३.७ अलङ्कार योजना

कवि 'विरही'ले आफ्ना काव्य रचनामा अलङकारको समुचित प्रयोग गरेका छन् । अलङ्कार काव्यका शोभाकारक धर्म हुन् । जसले काव्यलाई मिठास बताउनुका साथै मधुर बनाउँछ । कवि 'विरही'ले यस काव्यमा शब्द अलङ्कार तथा अर्थालङ्कारको प्रयोग गरेका छन् । शब्दलङ्कारमा अनुप्रास र अर्थालङ्कारमा रूपक उपमा अलङ्कारका केही उदाहरण यहाँ अघि सारिन्छ-

**शब्दालङ्कार**

'ठूलाकै सब दवदबा हुन गयो हामी करीया भयौं

---

२२४. पूर्ववत्: पृष्ठ -२४ ।

२२५. पूर्ववत्: पृष्ठ -२४ ।

बोक्नै सक्नु थिएन भारी त पनि हामी भरिया भयौं ?'[२२६]

यी माथिका क्रान्ति चेतले भरिएका कवितामा मध्यानुप्रास र अत्यानुप्रासको सुन्दर प्रयोग पाइन्छ ।

**अर्थालङ्कार**

काव्यको अर्थलाई आन्तरिक रूप दिने अलङ्कार नै अर्थालङ्कार हुन् । यस काव्यमा प्रयोग गरिएका उपमा र उत्प्रेक्षा अलङ्कार रहेका छन्-

**उपमा अलङ्कार**

'रोक्नै सक्नु थिएन वेग चरी झैं टाढा कतै लक्षित

भन्छन् शेखर बाबु हो जननीले दिउन शुभशितता'[२२७]

यहाँ शेखरको मनमा उर्लिएको वेग आकाशमा उड्ने चरीको झैं छ भनी देखाइएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

'दिप्ती कर्मठ, साहसी, शुशिलता ज्ञानी दयाकी घडा

प्राप्ती सोच, अठोट, आँट रसिली सदगुणकी सम्पदा

यहाँ दिप्तीलाई ज्ञानी दयाकी घडा, सद्गुणकि सम्पदा, भनी वर्णन गरिएको छ । अर्थात विविध वस्तुसँग राखिएको छ । त्यसैले यो उत्प्रेक्षा अलङ्कार हो ।

## ४.३.८ रसविधान

शास्त्रीय लक्षणका आधारमा खण्डकाव्यमा श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एक रसको तुलना हुन्छ भन्ने मान्यता रहेको पाइन्छ तर यस काव्यमा कुनै पनि एक रस प्रधान भएर आएको छैन् । काव्यमा करुण र वीर रस अन्य रसको तुलनामा बढी फस्टाउने अवसर पाएको छ । काव्यमा प्रयोग गरिएको रस विधानलाई तल प्रस्तुत गरिएको छ

---

[२२६]. पूर्ववत्: पृष्ठ -६ ।

[२२७]. पूर्ववत्: पृष्ठ -१९ ।

**वीर रस**

कुनै पनि शाहसको भावना जागृत हुनु अन्याय, अत्याचार शोषण र दमनका विरुद्धमा आवाज उठाउनु, मुट्ठी कस्नु, हतियार समाउनु, दाह्रा किट्नु, शत्रु पक्षमाथि जाइलाग्नु वीर रसका सञ्चारी भाव हुन् । अन्याय अत्याचार यसका उद्दीपक विभाव हुन भने शत्रु आलम्बन विभाव हो । यसको स्थायी भाव उत्साह हो । गरिब काव्यमा आएको वीर रसको प्रयोग यसरी भएको छ-

"अब विश्रान्तीको लागि क्रान्तिको छ जरुरत
एकतासुत्रमा बाँधि उठौं जागौं सबै मत
अन्यायीहरूका छाती फोर्नु छ व्युँझ पाखुरा
पर्खिएर कहाँ हुन्छ ? मुक्ती स्वतन्त्रका कुरा ।"[२२८]

यहाँ क्रान्तिका लागि हतियार उठाउनु पर्ने र अन्यायीहरूका छाती फोर्नु पर्ने आक्रोश पोखिएको छ । यहाँ वीर रस प्रधान भावना पाइन्छ ।

**करुण रस**

प्रियजनसँगको वियोग अनिष्टको प्राप्ति, आफन्तको मृत्यु, दुःखद समाचारको श्रवण हुँदा करुण रसको उत्पत्ति हुन्छ । सम्झना गर्नु, आलाप-विलाप गर्नु-चित्कार छाड्नु, मुर्छा पर्नु यसका सञ्चारी भाव हुन् । मृत्यु भएको मानिस यसको आलम्बन विभाव हो । मृत्यु भएको वातावरण, शोकाकूल क्षण यसका उद्धीपनविभाव हुन् । गरिब काव्यको मूल रसाभाव पनि करुण नै हो किन कि यहाँ शेखरको आमा बुबाको पहिरामा पुरिएर भएको मृत्यु, दिप्तीको मृत्यु र प्रभातको विदेशमा भएको मृत्युले काव्यलाई दुःखान्त बनाएकाले यो काव्यभरि कारुणिकता छाएको छ । करुण रस प्रधान श्लोकका केही उदाहरणः-

पीडा बोध बिछट्ट भै प्रसवको रुदै र काँप्दै थिइन्
भैमा फ्यात्त खसाई बाल बिचरी निष्प्राण मै पल्टिइन
जन्मियो उ गरिबको सुकुलमा दुख्यो विझायो तन
यस माथी टुहुरो भयो दुख त्यहाँबाटै भयो सिर्जना ।[२२९]

---

२२८. पूर्ववत् पृष्ठ -१० ।

२२९. पूर्ववत् पृष्ठ -   ।

## ४.३.९ उद्देश्य

यस काव्यको उद्देश्य नेपाली समाजको जीवन्त चित्रण गर्नु हो । नेपाली समाजमा रहेका अन्याय, अत्याचार, शोषण र दमनको दुरुस्त जीवन्त तस्वीर खिचेर पाठक सामु लैजानु हो । यस काव्यमा पहिरोमा पुरिएर थात वास उठेका नेपाली प्रति राज्यले गरेको उपेक्षा हो । शेखर नौ वर्षको हुँदा नै टुहुरो बने पनि उसलाई राज्यका तर्फबाट केही सुविधा दिइएन । यसले एउटा अजवाफदेही सरकारको सङ्केत दिन्छ ।

दिप्तीले प्रसवकालमा उपचार नपाउनु र वेदनामा नै छट्पटाएर मर्नु पर्ने अवस्थाको चित्रण पनि यस काव्यको उद्देश्य हो । देशमा अन्याय अत्याचार र भ्रष्टाचारले सीमा नाघेको तथ्यको उद्घाटन गर्नु पनि यस काव्यको उद्देश्य हो । शिक्षामा व्यापारीकरण हुनु, गरिबले रोजगार नपाउनु, विद्यालयमा गरिबले पढ्नै नसक्ने अवस्थाले शिक्षा महङ्गो बन्नु आदिको पर्दाफास यस काव्यको उद्देश्य हो ।

नेपालीले साहू कहाँ जायजेथा बन्धक राखेर चर्को व्याजमा ऋृण लिएर जानुपर्ने बाध्यताको उद्घाटन गर्नु यसको उद्देश्य हो । अनि गरिबका छोराले विदेशमा पनि उपेक्षा र तिरस्कारको सामना गर्दै मर्नु पर्ने अवस्थाको चित्रण हो । छोराले विदेश गएर कमाएर ल्याउला, बूढेसकालमा सुख सन्तोष मिल्ला भन्नुको सट्टा उसको लास एयरपोर्टमा बुझ्नु पर्ने बृद्धहरूको रोदन र क्रन्दनको चित्रण नै यस काव्यको उद्देश्य हो । न्यायपूर्ण राज्य स्थापनाका लागि हतियार उठाएर क्रान्तिको आह्वान गर्नुपनि यस काव्यको उद्देश्य हो ।

## ४.३.१० भाषा शैली

भाषा शैलीले कुनै पनि रचनालाई कलात्मक र प्रभावकारी बनाउँछ । त्यसैले सिर्जनामा भाषा शैलीको महत्वपूर्ण भूमिका रहन्छ । कवि 'विरही'को गरिब काव्यको भाषा शैली सलल बगेको नदी जस्तै प्रवाहमय छ । यहाँ पनि तत्सम, तद्भव र आगन्तक शब्दको प्रयोग पाइन्छ । जस्तै करिया, आभा, विहल, शिशु जस्ता संस्कृत जन्य तथा आगन्तुक शब्दको प्रयोग पाइन्छ । यस काव्यमा कविको अभिव्यक्ति शैली निजात्मक छ । कविले विद्रोही शैलीलाई पछ्याएका छन् तर पनि काव्यमा प्रश्नात्मक, उपदेशात्मक, वर्णनात्मक आदि शैलीको प्रयोग गरेका छन् ।

### ४.३.११ विम्ब र प्रतीक

यस काव्यमा विम्ब र प्रतीकको प्रचुर प्रयोग पाइन्छ । गरिब काव्यभित्र आख्यानसँग अन्य विम्ब र प्रतीक आएका छन् । यहाँ अत्याचारी शासकको रूपमा सिंहको चर्चा छ । सोझो तर चलाख पात्रका रूपमा खरायोको चर्चा छ । खरायोको बृद्धिले झैं हामी नेपालीले पनि सिंह भैं गर्जने शासकलाई समाप्त पार्नुपर्छ भन्ने प्रतीकात्मक सङ्केत छ । त्यसै गरी राम राज्यमा पनि धोवी जस्ता पात्रको कारणले सीताले पुनः लखेटिनु परेको आख्यान छ । धोवी खराब पात्रका प्रतीकका रूपमा आएको छ । त्यसतै शेखर असहाय धेरै बाबुको प्रतीकका रूपमा, दिप्ती उपचार नपाई मृत्युका मुखमा पुग्न बाध्य हुने नेपाली नारी पात्रका प्रतीकका रूपमा र प्रभात तमाम नेपाली टुहुरो बालकका प्रतीकका रूपमा आएको छ । त्यसैले यस काव्यमा विम्ब र प्रतीकको सफल प्रयोग पाइन्छ ।

### ४.३.१२ शीर्षक

कुनै पनि सिर्जनालाई आकर्षक बनाउन शीर्षकले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शीर्षकले आकर्षक र विषयवस्तुलाई समेट्न सक्ने किसिमको हुनुपर्छ । कवि 'विरही'को गरिब काव्यको शीर्षक कुनै व्यञ्जनात्मक नभई अभिधेयात्मकनै रहेको छ । किन कि यस काव्य भरि गरिबका, विवशता, बाध्यता, आँशु, रोदन र पीडाका छट्पटीहरूलाई देखाइकाले र गरिबका जीवन कसरी दुर्घटित भएर त्रासद अवस्थामा अन्त्य हुन्छन् भन्ने कुराको चित्रण कारुणिक शब्द चित्रमा यहाँ आएकाले यस काव्यको शीर्षक र विषयवस्तु बीच सामञ्जस्यता पाइनाले शीर्षक सार्थक छ ।

## ४.४ कथाकार 'विरही' का प्रतिविम्ब बोल्छ सङ्ग्रह भित्रका कथाहरूको अध्ययन विश्लेषण

### ४.४.१. कथाको परिचय

मानव सभ्यताको प्रारम्भदेखि नै कथाको जन्म हुन गएको हो भन्ने कुरा धेरै विद्वानहरूले स्वीकार गरेका छन् । पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अति प्राचीन देखिएपनि आधुनिक साहित्यशास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य जगत्मा १९ औं शताब्दीदेखि प्रारम्भ भएको विद्वानहरूको अनुमान छ । कथाले आफ्नो स्वरूपलाई युगको सापेक्षतासँगै परिवर्तन गर्दै आइरहेको हुनाले कथालाई

निश्चित परिभाषामा राख्नु समुद्रमा एक अङ्खोरा पानी खन्याउनु जस्तै हो तापनि यहाँ पाश्चात्य तथा नेपाली साहित्यका कथाकारहरूले दिएका कथाका केही परिभाषा राख्न लागिएको छः-

पाश्चात्य कथाकार **"एडगर एलेन् पो** (१८०४-१८४९) का अनुसार कथाको परिभाषा यस्तो देखिन्छः

"कथा एउटा यस्तो आख्यान हो जो छोटो हुनाका साथै एकै बसाइमा पढ्न सकिन्छ पाठकमा एउटा मात्र प्रभाव दिन कथा लेखिन्छ । कथाको प्रभावोत्पादकतामा वाधा दिने कुराहरू यसमा निषेधित हुन्छ ।"[२३०]

कथाकार **चेखवका** अनुसार, -"कथा यस्तो गद्य लेखन हो । जो एक बसाइँमा सिद्धिनु पर्दछ ।"[२३१]

कथाकार **एच.जी. बेल्स**का अनुसार -"बीस मिनटमा पढ्न सकिने सानो र छोटो आकारको गद्य लेखन नै कथा हो ।"[२३२]

कथाकार **आर.के. लगू** -"कथा भनेको एउटा सचेत साहित्यिक प्रयास हो ।"[२३३]

नेपाली साहित्यका केही विद्वानहरूका कथागत परिभाषालाई यहाँ उल्लेख गरिएको छ- कथाकार **गुरूप्रसाद मैनाली** -"कुनै एउटा जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो, ..........कथामा द्वन्द हुनुपर्दछ ।"[२३४]

**रत्नध्वज जोशी** -"आधुनिक कथा एउटा यस्तो कला हो, जसले केही मिनेट भित्रैमा पाठकको हृदयमा चिरस्थायी प्रभाव पारिसक्दछ ।"[२३५]

---

[२३०]. आचार्य कृष्णप्रसाद, वस्नेत कृष्णबहादुर आधुनिक नेपाली उपन्यास र कथाः प्रकाशक दीक्षान्त पुस्तक भण्डारः पृष्ठ -३०३ ।

[२३१]. पूर्ववत्: पृष्ठः -३०४ ।

[२३२]. पूर्ववत्: पृष्ठः -३०४ ।

[२३३]. पूर्ववत्: पृष्ठः -३०४ ।

[२३४]. पूर्ववत्: पृष्ठः -३०४ ।

[२३५]. पूर्ववत्: पृष्ठः -३०४ ।

### ४.४.२ साहित्य शास्त्रीय दृष्टिकोणले औल्याएका कथाका तत्वहरुका बारे संक्षिप्त चर्चा तल गरिन्छ ।

### १. कथावस्तु

कथामा कथावस्तु भन्नाले कथाको योजना भन्ने बुझिन्छ । कथावस्तु विना कथाको कल्पना पनि गर्न सकिन्न । कथाकारको मानसिक योजनाले नै कथावस्तुमा खास मूल्य प्रदान गर्दछन् । कथाका साना-साना एकाइहरू जोडिएर कथावस्तुले पूर्णता प्राप्त गर्दछ ।

### २. पात्र विधान

कथामा पात्र भन्ने वित्तिकै मानवीय पात्र बुझिन्छ तर कथाकारले मानवेत्तर पात्रको पनि चयन गर्न सक्छन् । कथाकारले धनी, गरिब, उचँ, नीच, मूर्ख, सज्जन, बालक, बृद्ध, शिक्षित अशिक्षित जो पनि पात्रका रूपमा आउन सक्छन् । ती पात्र अनुकूल प्रतिकूल सत् असत् आदि हुन सक्छन् ।

### ३. कथोपकथन (संवाद)

कथाको प्राणको रूपमा संवाद रहन्छ । पात्रले आफ्ना भावना, विचार, हर्षविषाद, उल्लास, विस्मय-करुण, प्रेम ईष्या आदि मनोभावहरूलाई व्यक्त गर्ने वार्ता वा कथोपकथनलाई संवाद भनिन्छ । कथोपकथनले कथालाई अगाडि बढाउन सहयोग गर्छ । यसले पात्रका क्रियाप्रतिक्रिया जनाउँदै कथालाई गतिशील बनाउँछ । पात्रको आन्तरिक अवस्थाको परिचय दिन्छ र पात्रको बौद्धिक स्तरको परिचय दिन्छ ।

### ४. देशकाल परिस्थिति

कुनै पनि एउटा कथाकार एउटा देशकाल र परिस्थितिमा बाँधिएको हुन्छ । तसर्थ त्यसकथाकारले त्यस परिवेशको छाप पर्छ र कथामा पनि त्यो छाप पाइन्छ । नेपाली, भारतीय, वङ्गाली, रुसी, चिनियाँ जुन कथाकारले कथा लेखे पनि त्यस क्षेत्रको चित्रण पाइन्छ । त्यस कथामा तत् तत् स्थानका रीतिरिवाज, संस्कृति, मूल्यमान्यता, शासन व्यवस्था पनि रहन सक्दछन् ।

## ५. भाषा शैली

भाषा कुनै वस्तुको आवरण हो भने त्यस आवरणको प्रकार नै शैली हो । विचारलाई अभिव्यक्ति गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढाँचा तरिका र पद्धति नै शैली हो । शैली पनि दुई प्रकारका रहन्छन् । सामान्य शैली र विशिष्ट शैली कथामा रहन्छन् ।

## ६. उद्देश्य

कथाकारले आफूले अनूभूति गरेका कुरा, समाजमा गुम्सिएर रहेका छट्पटीलाई कथामा उतारेर ती समस्याबाट मुक्त हुन तथा पीडालाई कम पार्ने किसिमको उद्देश्य कथामा रहनु पर्छ । शासकको स्तूति गर्नु कथाको उद्देश्य होइन्, रमणीय फूलबारीको चित्रण पनि उद्देश्य होइन बरु गरिबका झुपडीबाट निस्किएका क्रन्दनलाई देखाउनु कथाको उद्देश्य हुनुपर्छ । यी कथाका परम्परित तत्व हुन । आधुनिक संरचनामा कथामा रूपविन्यास, रचना विधान, रीति क्षेत्र, रुचि क्षेत्र, शैलीमा पनि संवृत्त, विवृत पर्दछन् ।

## ४.४.२ कथाकार 'विरही' अधिकारीका कथाको कथागत तत्वको आधारमा विश्लेषण

एउटा पूर्ण कथा हुनका लागि कथाका आवश्यक तत्वहरू हुनु पर्दछ । जसले एउटा कथालाई पूर्णता प्रदान गर्दछ । कथाकार 'विरही' अधिकारीका प्रतिविम्ब बोल्छ, कथा सङ्ग्रहका आधारमा कथागत तत्वपूर्ण रूपले पाइन्छः-

## १. कथावस्तु

कथा वस्तु कथाको मूल मेरुदण्ड हो । कथा वस्तु विना कथा बन्न सक्दैन । कथाकार 'विरही' अधिकारीका कथामा अन्याय, अत्याचार, शोषण र दमनले पिल्सिएका गरिब मानिसका आशुँ, वेदना, व्यथा र पीडा पाइन्छ । कथाकार 'विरही'का काली भूमिगत भई, हत्यापछिको हत्या, ऊ पनि बाटो लागी, प्रतिशोधमा कथावस्तुले एउटा यथार्थपरक परिस्थितिको विश्लेषण गरेका छन् ।

## २. पात्रविधान

पात्रको उपयुक्त चयनले कथालाई उत्कर्षतातिर लैजान्छ । कथालाई गतिशील बनाउन पात्रको महत्वपूर्ण भूमिका रहन्छ । पात्र विधान अन्तर्गत कथाकार विरहीका पात्रहरू जीवन्त छन् । कान्छा दमाईकी छोरी र म कथाकी सालू, शहीदकी स्वास्नी कथाको जयबहादुर, क्रिया-प्रतिक्रियाकी कौशिला, नीलकण्ठ, काली भूमिगत भईएकी काली, तीतो अनुभव कथाको मनबहादुर, जिन्दगीको अवसानको दीपक र ज्ञानी, यथार्थताले जन्माएको छोरोको खड्गे माङदिङ आदि पात्रविधानका दृष्टिले उत्कृष्ट कथा हुन् ।

## ३. संवाद

संवादले कथामा एउटा विचारको प्रक्षेपण गर्दछ । कथाकार 'विरही' अधिकारीका कथामा पात्रहरूले गर्विला संवाद बोलेका छन् । यी संवाद शोषक, शासक र सामन्त र अत्याचारी लोग्नेप्रति लक्षित छन् ।

## ४ परिवेश

कथाकार 'विरही' अधिकारीका कथाको परिवेश नेपाली समाज हो । नेपाली समाजका आडम्बर, अन्याय अत्याचार, शहीदप्रति उपेक्षा, जनआन्दोलनको संस्मरण, जातीय असमानता र छुवाछुत विरुद्ध चर्को आवाज उठाइएका परिवेश नेपाली समाज नै हो । कथामा वर्गीय समाजको चित्रण पाइन्छ । कथाकार 'विरही'का कथामा असमान नेपाली समाजको परिवेश आएको छ ।

## ५. भाषा शैली

कथाकार 'विरही' अधिकारीका कथाका पात्रहरूले आफ्नो स्तर अनुरूपकै भाषा बोलेका छन् । अन्यायका विरुद्ध कतै सिंह झैं गर्जेका छन् भने कतै समझदारीका लागि शिष्टता पनि देखाएका छन् । कथामा तत्सम, तत्भव् र आगन्तुक शब्द प्रयोग पाइन्छ । कथा सामान्य पदक्रमिक भाषा शैलीमा रहेका छन् ।

## ६. उद्देश्य

कथाकार 'विरही' अधिकारीका कथाको उद्देश्य भनेको एउटा नेपाली समाजको जीवन्त चित्रण हो भने विविध समस्या र उत्पीडनका घेरामा रहेको समस्याग्रस्त नेपाली समाजको चित्रण गर्दै प्रगतिशील विचार अभिव्यक्त गर्दै न्यायपूर्ण समाजको सिर्जनामा जोड दिनु हो ।

## ४.४.३कथाकार 'विरही' अधिकारी र उनको कथागत प्रवृत्ति

कथाकार विरही अधिकारी नेपाली कथा साहित्यमा चलेको आधुनिक कालका एउटा स्तम्भ हुन् । त्यसमा पनि उनी प्रगतिवादी धाराका शीर्ष कथाकार हुन् । जसरी कथाकार हरिहर खनाल, कथाकार ऋषिराज वराल, कथाकार खगेन्द्र सङ्ग्रौला, कथाकार घनश्याम ढकाल, कथाकार पुण्य कार्कीले प्रगतिवादी कथाको रचनामा जोड दिए । त्यसै गरी कथाकार विरही अधिकारीले पनि अन्याय, अत्याचार शो्षण दमनको विरोध गर्दै परिवर्तनका लागि जोड दिएका छन उनी प्रगतिवादी कथाकार हुन् ।

## (क) कथाकार 'विरही' अधिकारीका कथागत प्रवृत्ति यसप्रकार रहेका छन्

१. जनआन्दोलनका संस्मरण गर्दै पञ्चायकालीन परिवेशको चित्रण-
 कथाकार 'विरही'का यस प्रवृत्तिका कथामा प्रतिविम्ब बोल्छ कथा पर्दछ ।
२. राज्यको आतङ्कको तीब्र विरोध गर्दै क्रान्ति र परिवर्तनप्रति विश्वास
 कथाकार विरहीका यस प्रवृत्तिका कथाहरूमाः काली भूमिगत भई भन्ने कथा पर्दछ ।
३. सहिदप्रति वेवास्ता गरिएकोमा रोष प्रकट गर्ने कथाकारः-
 'विरही'का यस प्रवृत्तिका कथामा 'शहीदकी स्वास्नी' कथा पर्दछ ।
४. समकालीन युगको पृष्ठभूमि तथा सन्दर्भको उद्घाटन गर्ने कथाकार
 'विरही' अधिकारीका यस प्रकृत्तिका कथाहरूमा अब कहिल्यै दुख्दैन', अनौठो मान्छे, हत्यापछिको हत्या, क्रिया-प्रतिक्रिया, तीती अनुभव, 'जिन्दगीको अवसान, घात-प्रतिघात, सलेकाका, अव्यक्त रहस्य, प्रतिशोध, दृष्टि भ्रम, ऊ पनि बाटो लागी कथाहरू पर्दछन् ।
५. जातीय असमानता र छुवाछुत विरुद्ध चर्को आवाज उठाउन कथाकार

'विरही' अधिकारीको यस प्रवृत्तिको कथामा कान्छा दमाईकी छोरी र म भन्ने कथा पर्दछ ।

६. राष्ट्रिय स्वतन्त्रताका पक्षमा दृढोक्ति र सीमा अतिक्रमणको विरोध कथाकार 'विरही' अधिकारीको यस प्रवृत्तिका कथामा 'यसरी ऐठन हुन्छ' भन्ने कथा पर्छ । अब सङ्क्षिप्त रूपमा कथाकार 'विरही'का प्रतिविम्बः बोल्छ कथा सङ्ग्रहमा सङ्कलित कथाहरूको क्रमशः चर्चा गरिन्छ ।

### ४.४.४कथाकार 'विरही' का प्रतिविम्ब बोल्छ कथा सङ्ग्रहको परिचय एवम् समीक्षा

### परिचय

कवि 'विरही' अधिकारी आफ्नो पाँचौ प्रकाशित कृतिका माध्यमबाट 'प्रतिविम्ब बोल्छ' कथा प्रकाशित गराएर कथाकार व्यक्तित्वका रूपमा स्थापित भएका छन् । कथाकार 'विरही' अधिकारीको प्रतिविम्ब बोल्छ कथा सङग्रह वि.सं. २०६२ मा प्रकाशित कृति हो ।

यस काव्यको भूमिका 'प्रतिविम्ब बोल्छ' बोलीमा लोली मिलाउँदा प्रगतिशील लेखक सङ्घ झापाका तत्कालीन उपाध्यक्ष के.पि. ढकालले लामो समीक्षा गरेका छन् । त्यसै गरी भूमिका खण्डमा मैले भन्ने पर्ने दुई कुरामा कथाकारले प्रकाशकलाई धन्यवाद दिएका छन् । प्रकाशकीयका तर्फबाट श्री सिंहदेवी पुस्तकालयले कथाकार विरहीका काव्यगत प्रवृत्तिको सार गर्भित मूल्याङ्कन गरेको छ ।

प्रतिविम्ब बोल्छ, कथामा कथाकार एउटा सशक्त प्रगतिवादी कथाकारका रूपमा उभिएका छन् । उनका यस कथासङ्ग्रहभित्र जम्मा १९ वटा कथाहरू रहेका छन् । ती सबै कथाले प्रगतिवादी स्वरै उरालेका छन् । यो कथा सङ्ग्रहको शीर्षक यही कथासङ्ग्रह भित्रको 'प्रतिविम्बः बोल्छ' कथा शीर्षकबाट राखिएको छ । यस कथा सङ्ग्रहको पृष्ठ सङ्ख्या ८२ मा संरचित छ ।

### १. कान्छा दमाईकी छोरी र म

यो कथा प्रथम पुरुषात्मक कथन ढाँचामा संरचित छ । गाउँको पण्डितको छोरो 'म' पात्रलाई कान्छा दमाईकी छोरी सालुले 'म' पात्रलाई ७/८ वर्षको उमेरमा चुम्बन गर्छे, दोहोरी खेल्छेः बारम्बार माया गर्छे तर 'म' पात्र मदेशतिर बसाइँ सर्छ । उनीहरूको भेट

८/१० वर्षपछि हुँदा म पात्र अवाफ बन्छ । जवानीको आवेशमा उसले सालुलाई चुम्बन मात्र गर्दैन । यौनिक क्रिया गर्नेसम्म सोच राख्छ । यसबाट सालुले मैले त मेरो मृत भाइ जस्तै ठानेर तिमीलाई भाइ नै ठानी माया गरेको हुँ । म तिम्री दिदी हुँ । भाइ-टीकामा टीका लाऊँला भने पछि म पात्र छक्क पर्छ र कथा अन्त्य हुन्छ ।

दुःखान्त कथावस्तु बोकेको यस कथाले जातीय तुच्छताको बन्धन तोडेर आत्मिक प्रेममा, स्वार्थहीन प्रेममा रम्ने सन्देश दिन्छ ।

## २. शहीदकी स्वास्नी

जयबहादुरकी श्रीमती शशी हो । उनीहरू जेनतेन गरेर हाँसीखुशी जीविका पार्जन गरिरहेका हुन्छन् । कथामा उनीहरू त्यति सचेत पात्रका रूपमा देखिदैनन् । वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनको चहल पहल हुन्छ । जयबहादुर पनि प्रजातन्त्रप्रतिको आस्था र विश्वासले आन्दोलनमा सहभागी बन्छ तर उसले वीरगति प्राप्त गरेर शहीद बन्छ । जयबहादुरकी पत्नी शशीलाई विकराल समस्याले पहाड झैं थिच्छन् तर क्रुर समाजले उनको कपाल मुण्डन गरिदिन्छ । सेतो कपडा फेराइ दिन्छ । प्रजातन्त्रको ढोँगी तल्लो स्तरका नेता धनवीर शशीको भरपुर यौवनमा गिद्धे दृष्टि दिंदै खाने, पिउने र लगाउने सामग्री दिन थाल्दछ । केही दिनपछि शशी गाउँबाट कता हराउँछे । गाउँ समाज कसैले पनि खोजी गर्दैन । हराएको ३/४ वर्ष पछि एउछा बच्चा लिएर पागल अवस्थामा काठमाण्डौंको एउटा गल्लीमा हिंडेको देखिन्छ । यहाँ शहीद परिवारलाई सम्मान होइन, अपमान र तिरस्कार दिइएको छ । सामन्ती एवम् पूँजीवादी राज्य व्यवस्थामा शहीद परिवारको यस्तै अवस्था रहन्छ भन्दै कथाकारले कटाक्ष प्रहार गरेका छन् ।

शहीद परिवारलाई उपेक्षा होइन् सम्मान गर्नुपर्छ भन्ने कथाको सन्देश छ ।

## ३. प्रतिविम्ब बोल्छ

कथा सङ्ग्रहको नामकरण नै यस कथा शीर्षकबाट गरिएको छ । यस पात्रमा मात्र गौण रहे पनि, अभाव, भ्रष्टाचार, निराशा, विदेशी, थिचो मिचो, चेली-बेटी बेचविखन, असुरक्षा, घिनलाग्दो फोहरी राजनीतिक वातावरण नेपालको कुरूप आर्थिक अवस्था, न्यायिक नीति तथा जीर्णअवस्थालाई अदृश्य पात्रद्वारा अभिव्यक्त भएका आवाजहरू अगाडि आएका छन् । नारा, जुलुश, चक्काजाम, घात-प्रतिघातका खेल, विश्वास-अविश्वास

आदि कथ्यमा प्रस्तुत छन् । यस कथाले अभावग्रस्त नेपाली समाजको जीर्ण अस्थिर नाङ्गो चित्र बोलेको छ । जुन चित्र दासता र निरङ्कुशताका बन्धनबाट मुक्ति चाहन्छ ।

## ४. अब कहिल्यै दुख्दैन्

यस कथाले वैदेशिक रोजगारको खोजीमा नेपाली दाजुभाइ जादाँ उनीहरूले त्यहाँ भोग्नु परेका पीडाका कारण यस कथाको पात्र 'ऊ' ले प्राण त्याग्दछ । उसको यो गति हुने कारण वैदेशिक रोजगारमा पठाउने दलाल हुन् । दलालले ऊ पात्रका सबै जायजेथा हत्याउँछन् । ऊ पात्र सबै पात्र उपेक्षित हुन्छ । छाती र मन दुःखेको छ भन्ने म पात्र नेपाली समाजले, यहाँको व्यवस्थाले, यहाँको राजनीतिले, यहाँका भ्रष्ट शासकले उसलाई विदेशी भूमिमा मर्न विवश पारेका छन् । उसको दाहसंस्कारसम्म हुँदैन । मरुभूमिमा गिद्धले उसको मासु खान्छ । मानवता माथि नै प्रश्न चिन्ह लगाउने यो कथाले एउटा कारुणिक अवस्था सिर्जना गर्छ र धेरै नेपाली यसरी मर्न विवश छन् भन्ने सन्देश दिन्छ ।

## ५. अनौठो मान्छे

यस कथाका पात्र ऊ र म हुन् । उसको मसँग एउटा धर्मशालामा भेट हुन्छ । ऊ बोल्दैन र आफ्ना कुरा पनि खोल्न चाहदैन । मानव अस्तित्वको रक्षा नचाहने अनौठो मान्छे ऊ देखिन्छ । मानवीय ममता, दया, माया नभएको, मानव अस्तित्वबाट तल झरेको त्यो डरलाग्दो मान्छे मानव हत्याका गोप्य अस्त्र  बोकेर असत्यकापछि लागेको शून्य मस्तिष्क भएको मान्छे उ ले बेला बेला म पात्रलाई संत्रास दिने काम गर्छ । ती दुई म र ऊ पात्रका मस्तिष्क फरक छन् । अनौठो मान्छे ऊ ले धेरैको ज्यान लिएको छ । ऊ कहिल्यै आत्मग्लानि देखाउँदैन यस कथाले नेपालको तरल राजनीतिक अवस्थालाई देखाउँछ र थोरै स्वैर कल्पनाको प्रयोग पाइन्छ ।

## ६. हत्या पछिको हत्या

यो कथामा एउटा लोग्नेले हदैसम्मको अत्याचार श्रीमतीलाई गर्दा असैह्य भएर लोग्नेको हत्या गर्ने श्रीमतीको चरित्र यहाँ पाइन्छ । यस कथा भित्रकी नारी पीडाले छट्पटाएकी छ । महिला माथि हुने गरेका अत्याचार मध्येको यो कथाले खराब लोग्नेलाई मृत्युदण्ड समेत दिएको छ । यस कथाले नारीले पनि एउटा हदसम्मको अत्याचार मात्र

खप्छन् । सीमा नाघेपछि अत्याचार सहदैनन् भन्ने देखाइएको छ । लोग्नेले गुण्डा लगाएर समेत पत्नीलाई बलात्कार गराउने प्रयास गर्छ । यस्ता पतित, चरित्रहीन लोग्नेको हत्या नै श्रीमतीले विकल्प देख्छे र यो उसको कर्तव्य पनि हुन जान्छ । नारी स्वतन्त्रता र अस्मिता रक्षाका लागि पतिका खुट्टा पूज्ने होइन । अस्मिता जोगाउन बञ्चरो पनि प्रहार गर्नुपर्छ भन्ने कथाले सन्देश दिएको छ ।

## ७. क्रिया-प्रतिक्रिया

यस कथामा कुपात्रमा कौशिला, नीलकण्ठ, उद्धव र दिपेश पर्दछन् । परिवार नियोजनको बन्ध्याकरण असफल भएर कहिले काँही महिलामा गर्भ रहन गयो भने "अर्काको वेसाएर पाई" भनेर असचेत महिलाहरूले नै गाउँ-टोलमा उग्र मच्चाउँछन् र पुरुषहरू पनि त्यसलाई अन्ध समर्थन दिन्छन् । अनैतिक यौन सम्बन्ध, बलात्कार, हत्या जस्ता परिवेश भित्र घट्ने घटनामा आधारित यो कथा असचेत समाज भित्रको ठूलो खुल्दुलीका रूपमा देखा परेको छ । यस कार्यमा पनि अपराध मिसिन सक्छ । यसप्रति सचेत बन्नु पर्छ भन्ने यस कथाको सन्देश हो ।

## ८. काली भूमिगत भई

यो कथा एक दलित परिवारको हो । काली सानी छँदा उसका बुबा खसेका थिए । कालीकी आमा विधवा बनिन् । कालीकी आमा पुरुषका गिद्धे दृष्टिबाट जोगिँदै आफ्नो वैधव्यतालाई बँचाउँदै कालीको पालन-पोषणमा जुट्छिन् । गाउँमा विद्यालय भएकाले कालीले पढ्न पाउँछे। विद्यार्थी जीवनमा ऊ शोषक, सामन्तको विरोध गर्न कत्ति पनि डर मान्दिन । चेतनाका स्वर बाँड्दै गाउँ र बस्तीमा पुग्छे र जनवादी गीत गाउँछे । उसले प्रवेशिका परीक्षा पास गर्छे । क्याम्पसमा पनि पढ्न भने सक्दिन । एक दिन ऊ भूमिगत हुन्छे र पार्टी सङ्गठनमा संलग्न बन्छे । आमा छोरीको सम्झनामा आलाप-विलाप गर्छे तर ऊ पनि अर्को वर्ष भूमिगत नै बन्छे । "पार्टीले आमालाई पाल्ने भयो रे" भन्ने हल्ला गाउँमा थियो । सायद यो कथा 'सशस्त्र जनयुद्ध'सँग गाँसिएको हुन सक्छ । किन कि जनयुद्ध शोषित, पीडितको आशा र भरोसाको केन्द्र बनेर आएको थियो ।

## ९. तीतो अनुभव

यस कथाको पात्र मनबहादुर विवशतावश लाहुर जाँदा, अर्काको अधिनमा विदेश जाँदा आफ्ना माता, जन्मभूमि र श्रीमतीबाट टाढिंदा उसले तीतो अनुभव गर्छ । आफ्ना शैशवकाल देखिका साथी सङ्गी, इष्ट मित्रलाई चटक्क भूलेर विदेशिँदा निश्चित रूपमा मनबहादुरको मन अमिलो भएको छ, उसले वियोगको पीडा सहनु परेको छ । तीन वर्षपछि फर्केर आउन पाउने शर्त भएपनि उसले युद्धमा जानुपर्छ र पीडा थपिन्छ । मनबहादुरलाई यस्तै भएको छ । साक्षरसम्म नभएका कारण उसले घरको खबरसम्म बुझ्न पाउँदैन् । श्रीमती शीला र आमाले उसलाई पत्र लेखेनन् । उनीहरू साक्षर थिएनन् पाँच वर्ष भएपछि घर फर्कदाँ उसले भत्किसकेको घरमात्र पायो । श्रीमती र आमा थिएनन् साहूले घर खेत कब्जा गरेका थिए । यस वियोगको कथालाई निकै मार्मिक पारेर कथाकारले पाठकलाई प्रभावित पारेका छन् । लाहुरेका पीडा र शोषक सामन्तको उत्पीडन बनेर कथाले मार्मिक जीवन्तता चुमेको छ ।

## १०. जिन्दगीको अवसान

दीपक र ज्ञानी यस कथाका नायक नायिका हुन् । यो कथा नेपाली जातिका नामले परिचित दीपकले गाउँकी सीधा-साधा चेली ज्ञानीलाई प्रेमजालमा फसाइ-फुस्ल्याई श्रीमतीको दर्जा दिई काठमाण्डौं घुमाउन लैजाने बहानामा वेश्यालयमा लगेर बेचेको घिनलाग्दो कहानी हो । कथाको विषयवस्तु अत्यन्त मार्मिक छ । छोरी चेलीको इज्जत नबुझ्ने मानव रूपी दानवले सोझा, निर्दोष चेलीबेटी बेचविखनको घृणित खेल खेलेर सगरमाथाको शिर झुकाउन बाध्य पारेका छन् । यहाँ प्रस्तुत कथाले मुलुकको पूँजीवादी व्यवस्थाको नीति अनुरूप नारीलाई भोग्या बनाउने र सन्तान उत्पादन गर्ने मेसिनका रूपमा उपयोग गर्ने संस्कारको भण्डाफोर गर्दै नारीलाई सचेत हुन सन्देश दिएको छ । यसमा नारीको जीवन नारकीय पारिएको व्यथा छिपेको छ ।

## ११. घात-प्रतिघात

यो एउटा टुहुरो बेसहारा प्राकृतिक प्रकोपबाट ठगिएको केटो रिठ्ठेको कथा हो । पहिरोले घर, जाय-जेथा, आमा-बुबा वेपत्ता पारिएको रिठ्ठे माहिला बा का शरणमा हुर्केको रिठ्ठे माहिला 'बा'को मलामी गएको बेला रिठ्ठेलाई उठीवास लगाउन खोज्ने चन्द्रमान

साहुका मतियारले आफ्नी प्राण प्यारी पत्नी 'टुकी' लाई बलात्कारीहरूले बलात्कार गरी मार्ने समाजको ऐना प्रस्तुत गरिएको कथा हो । यो कथा नेपाली समाज भित्र घट्ने तीतो सत्यमा आधारित छ

## १२. यथार्थताले जन्माएको छोरो

खड्गे भाङदिङ भोजपुरतिर बस्ने एक गाइने जातिको कलाकार हो । उसले राष्ट्रियता देश प्रेम, समाजका विकृति, विसङ्गति, वीरता, हत्या बलात्कार शोषण दमन जस्ता उत्पीडन दमन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घट्नाहरूलाई शब्दमा संयोजन गरी सङ्गीतमा समाजलाई सूचित गरी एउटा महान जातिको कथा समेटिएको छ । उसलाई दलित तथा अछुत समुदायमा यो समाजले परिभाषित गरेको छ । यही जातिको खड्गेको पीर, कथा, व्यथा, व्यवसाय, जीविका समाजले उसलाई हेर्ने दृष्टिकोण समेत कथाले विश्लेषण गरेको छ । तीन पुस्तादेखिको एउटा सारङ्गीनै उसको सम्पत्ति हो । उ नेपालका पूर्वी गाउँतिर पुगेर सारङ्गीका तारलाई रेटेर निस्कने आवाजसँगै मीठो लयमा गीत सुनाउँछ । सबै मन्त्र मुग्ध हुन्छन् । उ नेपालमा मात्र होइन् भारतका विभिन्न क्षेत्रमा गएर पनि सारङ्गीको धून सुनाउँछ । यस्तै सारङ्गीका कथा यसमा समेटिएको छ ।

## १३. सले काका

यो कथा दुर्व्यसनबाट मानिसको जीवन कसरी नारकीय हुन्छ भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । सले काका रक्सीको अम्लमा फसेपछि नोकरी गयो । इज्जत गयो । प्रतिष्ठा सकियो, भाषा, कला संस्कृति तथा आर्थिक अवस्था सकियो हुँदाहुँदै शरीर काम नलाग्ने जीर्ण भयो । राम्रो स्वभाव बानी, व्यहोरा भएका श्रीमतीहरूले छोडे । निःसन्तान भएर अन्त्यमा बढो कष्ट प्रद ढङ्गले मृत्यु शैयामा पुग्ने कुराको चेतना दिइएको यो कथा मानवले नशालु पदार्थको सेवन गर्नु हुँदैन । यसो गरेमा संसारका प्रत्येक वस्तु निरर्थक सावित हुन्छन् भन्ने सन्देश यस कथामा पाइन्छ ।

## १४. अब्यक्त रहस्य

यस कथामा रूपा सड्कमै बलात्कृत भएकी छ । बलात्कारी केटी माग्ने बहानामा बाबु लिएर घरमै आएको छ । रूपाको शरीर र दिमागमा बलात्कारको पीडाले जीवनमा

नबिर्सने चोट लागेको छ । रूपाकी आमा परलोक भइसकेकी हुनाले उसले आफ्ना पीडाका दर्दहरू ऊ बाबुलाई व्यक्त गर्न सक्दिन रूपा भित्र दन्किएको आगो झन् दन्किएको छ । रूपा सामाजिक तथा मानसिक अस्तित्वको पीडाले हृदय घाइते पारेको छ । कुमारीत्व लुटिएकाले उसले केही दण्ड दिन सक्ने सम्भावना रहेको देखिन्छ । रूपाले आफ्ना पीडा अव्यक्त अवस्थामा राख्दछिन् ।

## १५. मौन सङ्घर्ष

यो कथा जोगी फेरी लगाउने परिवारको हो । जोगी परिवारको नयाँ पिंढीमा चेतना आएपछि फेरी लाउने पेशा छाडेर अन्य पेशातिर लाग्ने कुरालाई लिएर कथावस्तु बुनको छ । रुढिवादी संस्कार र परम्परालाई त्यागेर नयाँ सोचको जन्म भएको छ । परिवर्तन आउन थालेको छ । जोगी र गाइने जातिलाई सामन्तहरूले जासुसका रूपमा प्रयोग गरेका थिए तर सामन्तीहरूले हजारौ चोला फेरिसके तर जोगी र गाइनेको अवस्था उस्तै रहेको तथ्य विश्लेषण यस कथाले गरेको छ । नयाँ र नवीन सोचका साथ बाँच्ने सुगम उपायको खोजी गर्नु प्रगति हो । यो कथा प्रगतिवादी बनेर आएको छ । जुन काम, पेशा, समाज र राजनीतिले विपन्न जातिलाई दवाउँछ, त्यसबाट मुक्त हुन खोज्नु नै कथाको उद्देश्य केन्द्रित छ ।

## १६. प्रतिशोध

यो कथा महिला पात्र पनि भयङ्कर रूप लिएर आउँन सक्छन् भन्ने सन्देश दिन सफल छ । यस कथाकी पात्र छलिमाया हुन् । लप्टन विर्ख बहादुर कार्कीका चम्चाद्वारा छलिमायाका श्रीमानको हत्या भएको छ । लप्टन कानुनी रूपमै कालगतिले छलिमायाको श्रीमान मरेको हो भन्ने मण्डले प्रवृत्तिकै भरमा दबाएको र छलिमायालाई विवश पारेको हुँदा छलिमायाले उग्ररूप धारण गरेकी छ । लप्टन विर्खबहादुर नेपालगञ्ज लजमा पुग्दा छलिमायाले उसको हत्या गर्छे र हत्या गरेको कुरा पनि स्वीकार्छे । ऊ जेल पर्छे । जेलमा उसलाई धेरै ठाउँमा सारिन्छ । ऊ दार्चुला देखि विराटनगर, नेपालगञ्जसम्म पुऱ्याइन्छ । छलिमाया जुनजुन जेलमा बस्छिन् । त्यहाँका कैदीलाई भगाएर नेपालको अन्धो तथा कमजोर लङ्गडो कानुनलाई थप्पड दिन्छे । छलिमाया एउटा सचेत, प्रतिशोधीपूर्ण पात्रका रूपमा देखा पर्छे ।

## १७. दृष्टि भ्रम

यो कथा कहिले काँही दृष्टि भ्रम भएर भूत, प्रेत, पिशाच, सेसन्तर जस्ता सवै ज्ञानिक तत्वको जन्म भएको हुन्छ । दृष्टि मन, सोच आदि भ्रान्ति भएर मान्छे गलत दिशातिर अघि बढ्छ भन्ने कुरालाई कथाले पुष्टि गरेको छ । भ्रमकापछि लाग्नु हुन्न सत्य जे छ । त्यसका बारेमा चिन्तन गर्नुपर्छ भन्ने सोच नै यसको सार रहेको छ ।

## १८. ऊ पनि बाटो लागी

यस कथामा दुई वटा यथार्थ घटना प्रष्ट छन् । हाम्रो समाजमा कुप्रवृत्ति, कुसंस्कार र कुकर्मका निमित्त होडबाजी नै छ । जूवा खेल्नु, चोरी गर्नु फट्याइँ गर्नु, रातारात चाहार्नु, जसले जसलाई जे आरोप पनि लगाउन सक्छ तर असल कर्म गर्नेलाई कसैले वास्ता गर्दैन् । यस कथाको पात्र गोवर्द्धन जेठो, गुरु नरनाथ र खपाङ्गी तीन भाइ आँपडाँडे दाइकोमा पुग्छन् । नभन्दै घर अगाडिको मतानमा तीन जना ओढ्ने ओढेर मस्त निदाइरहेका छन् । तीनै मध्ये एकलाई को रहेछ भनी हेर्दा पल्ली गाउँकी साइली बाहुनी पो रैछिन् । त्यसपछि साइली बाहुनीले यिनीहरूको उछित्टो काढिन् । भोलिपल्ट सभा बस्यो । सभामा गोवर्द्धनको बेइज्जत गरियो । छ महिनापछि साँइली बाहुनी गर्भिणी भएको हल्ला चल्यो, साँइला बाहुनले परिवार नियोजन गरेका थिए । त्यसैले तिमी यी दुई छोरा छोरी लिएर माइत बस भनी पठाए । उता माइतमै साँहिली बाहुनीले छोरा पाइन् तर साँहिला बाहुन जाँदै गएनन् । उसले त साँहिली बाहुनीसँग पारपाचुके गरेर अर्के १४ वर्षकी युवतीसँग विवाह गरेपछि साँइली बाहुनीले महिला संघमा निवेदन दिइन । साँइला बाहुनको डाक्टरी जाँच गर्दा परिवार नियोजन असफल भएको रहेछ । महिलाहरूले साँइली बाहुनीलाई घर भित्र राखे र अर्की युवतीलाई घरबाट निकालिदिए । यसरी यस कथाले महिलाको मानवीय मूल्य, मान्यतालाई स्थापित गरी बुर्जवा सामन्ती संस्कारलाई थप्पड दिएको छ । कथा प्रगतिशील छ ।

## १९. यसरी ऐठान हुन्छ

यस कथामा पहिले छोरा रमेशलाई निन्द्राको समयमा ऐठन हुन्छ । ऊ राती निदाउन छाड्छ । त्यसपछि रमेशकी आमालाई रातै पिच्छै ऐठन हुन्छ । यहाँ सबै गरिबलाई सामन्तको थिचो-मिचोले ऐठन भएको छ । वैदेशिक, थिचो-मिचो र हस्तक्षेपलेदेशलाई नै ऐठन भएको छ । खेतबारीमा लगाएको बाली-नाली साढें गोरु आएर खाइ दिनाले गरिबलाई

ऐठन भएको छ । साँढे रूपी सामन्तले बालकको हत्या गरेर ऐठन पारेको छ । समाज विधि र नियमका भरमा चलेको भए ऐठन हुने थिएन । ऐठन मुक्त समाजको निर्माणका लागि जनसङ्घर्ष गर्नु पर्ने आग्रह कथाकारले देखाएका छन् ।

समग्रमा हेर्दा यस कथाका प्रायः पात्र सचेत छन् । अन्याय र अत्याचारको अन्त्यका लागि सचेत भएर लागेका छन् तथा समाजका विसङ्गति विकृति जरैदेखि उखेल्न क्रियाशील छन अन्यायका विरुद्धमा सङ्घर्ष गर्न आग्रह गर्दछन् ।

# परिच्छेद पाँच

**५.उपसंहार**

वि.सं. २०१२ श्रावण १८ गतेका दिन धनकुटा जिल्लाको चानुवा गाउँमा एउटा पठित एवम् शिक्षित परिवारमा जन्मिएका 'विरही' अधिकारीको वि.सं. २०१८ देखि औपचारिक शिक्षारम्भ गरी अध्ययन कार्यमा लागेका हुन् । २०२६ सालदेखि झापा बसाइँ आएपछि वि.सं. २०२८ मा प्रवेशिका उत्तीर्ण गर्छन् र त्यतिमा नै उनको औपचारिक अध्ययन समापन भएको देखिन्छ ।

एउटा पण्डित परिवारमा जन्मिएका 'विरही' का सम्पूर्ण संस्कार कर्महरू हिन्दू परम्परा अनुसार नै सम्पन्न भए । वि.सं. २०२७ मा सपरिवार झापामा बसाइँ सर्न पुगेका 'विरही' को परिवारलाई दयनीय आर्थिक अवस्थाका कारण जीवनयापन गर्न धौ धौ परेको देखिन्छ । जिजीविषाको खोजीमा आसाम पुगेका 'विरही'को भारतमै कवि 'हरिभक्त कटुवाल'सँग भेट भएपछि साहित्यतर्फ आकर्षित भएका विरही वि.सं. २०३३ देखि औपचारिक साहित्यिक यात्रा शुरु गर्दछन् । वि.सं. २०३३ मा पर्शुराम दाहालकी छोरी सुमनासँग वैवाहिक जीवनमा बाँधिएका 'विरही' अहिले दुई छोरा निर्भीक, बुहारी वेदमाया, कान्छा छोरा निमार्ण र बुहारी मुना तथा जेठा छोरा निर्भीकका छोरा निश्चलका साथ रमेर बसेका छन् । वि.सं. २०३८ सालमा 'मुटु रेटिएको कथा' कविता सङ्ग्रह पहिलो पुस्तकाकार कृति प्रकाशित गरी नेपाली साहित्यको क्षेत्रमा अगाडि बढेका 'विरही'ले वि.सं. २०५७ सालमा 'विकृति र मान्छे' (कविता सङ्ग्रह) 'विसङ्गतिको क्षेप्यास्त्र' (रक्सी महात्म्य) इन्द्रेणी (प्रकृति-काव्य) जस्ता कृतिहरू, गरिब (काव्य), प्रतिविम्बः बोल्छ (कथा सङ्ग्रह) प्रकाशित गराउन सफल भएका छन् । उनका अन्य कविता सङ्ग्रह, नाटक, उपन्यास प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका केही गीत र समालोचकीय लेख रचनाहरू समेत पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् ।

'विरही' अधिकारीको व्यक्तित्व निजी व्यक्तित्व, साहित्यिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, जागिरे व्यक्तित्वका रूपमा विकसित हुँदै आएको देखिन्छ । पचपन्नौ  वसन्त पार

गरेका 'विरही' सानै उमेरदेखि मार्क्सवादी विचारबाट प्रभावित देखिन्छन् । जसका कारण उनले सामाजिक आर्थिक, धार्मिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई राम्ररी अध्ययन र मनन गरेका छन् । आफूले देखेका, भोगेका, सुनेका सरल एवम् जटिल परिस्थितिलाई आफ्नो सिर्जनाको मूल विषय रोजेका छन् । विरहीको लेखनी मूलतः सामाजिक, आर्थिक, राजनीतिक परिवेशबाट अभिप्रेरित छ । यसका साथै आफू बाँचेको प्राकृतिक वातावरण, अग्रजहरूको सम्झना, सामाजिकता, व्यङ्ग्यात्मकता, विद्रोह र आक्रोश आदि व्यक्त गरेका छन् ।

जीवनको लामो अवधि शिक्षण पेशामा बिताएका 'विरही'ले जीवनमा धेरै पटक शाशक वर्गबाट प्रताडित हुनु परेको देखिन्छ । हाल सामाजिक सङ्घ संस्था तर्फ सक्रियतापूर्वक लागेका 'विरही' वि.सं. २०५९ मा शिक्षण पेशाबाट अवकाश लिई साहित्य सिर्जनामा अहोरात्र लागि नै रहेका छन् । 'मधु मेहको रोगले ग्रसित 'विरही'ले रोग र थकाइको महशुस नगरी साहित्य सिर्जना गरिरहेका छन् । आफ्ना रचनामा अन्याय, अत्याचार, शोषण, दमन, कुरीति र अन्धपरम्पराले जकडिएको नेपाली समाजलाई परिवर्तन गर्ने अपेक्षा उनले राखेका छन् । युगीन जटिलतालाई गम्भीर रूपमा उठाउँदै आजको मान्छेले भोग्नु परेका तीतो यथार्थता तर वास्तविकतालाई प्रस्तुत गर्दै सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक विकृति र विसङ्गतिप्रति खाँडो जगाउन उनका सिर्जनाहरू शशक्त शस्त्र सावित भएका छन् ।

नेपाली समाज वर्गीय समाज हो । यहाँ शोषक वर्ग र शोषित वर्ग रहेका छन् । एकातिर लुट्ने छन् अर्कातिर लुटिने छन् । एक पक्ष मोजमस्ती र ऐस आराममा मस्त छ भने अर्को पक्ष विविध समस्याबाट पीडित छ । विश्वले आशातीत प्रगति गरिसक्दा पनि नेपाली भने गाँस-बास र कपासको समस्यामा रहेको, आधारभूत आवश्यकताबाट टाढै भएको स्थितिप्रति चिन्तित छन् । राष्ट्रिय अस्मिता लुटिएकोमा सबै एक जुट भई सङ्घर्षको आँधीबेहेरी सिर्जना गर्नु पर्ने 'विरही'को आग्रह छ ।

'विरही' निम्नवर्गको पक्षबाट बोल्ने रचनाकारका रूपमा परिचित छन् । वि.सं. २०४६ को जनआन्दोलन र त्यसबाट प्राप्त अधिकारको प्रयोग खालि सत्ताका पुजारीहरूले मात्र गरेकोमा उनी रोष प्रकट गर्दछन् । प्रजातन्त्र खालि हुने खानेका लागि मात्र आएको बिडम्बनालाई 'विरही'ले भण्डाफोर गरेका छन् । स्वदेशमा रोजगार नदिएर नेपाली श्रमशक्ति विदेशलाई बेच्ने आजका थाङ्ने नेताहरूलाई आफ्ना रचना मार्फत ताकी ताकी तीक्ष्ण एवम् तिखा व्यङ्ग्यवाणले हानेका छन् । उनका रचना शान्तिका बोक्रे राग अलापेर जनताको

शिकार गर्ने शिकारी राजनीतिज्ञहरूतिर खनिएका छन् । शुद्ध प्रकृतिको चित्रणदेखि समाजलाई आमूल परिवर्तनको दिशातर्फ डोऱ्याउन उनका रचना प्रयासरत छन् । 'विरही' आफ्ना रचना मार्फत जीवनमा जति परिश्रम गर्दा पनि हात लाग्यो शून्य रहेपछि नियतिलाई धिक्कार्न पट्टितिर लागेका छन् ।

उनमा शास्त्रीय मोहभन्दा मौलिक नेपाली समाजको राजनीतिक, धार्मिक, आर्थिक, शैक्षिक र साँस्कृतिक झलकलाई उजागर गर्दै समय सापेक्ष सुधार गर्ने चाहना प्रवल रहेको देखिन्छ । राष्ट्रिय अस्मितासँग नेपाली जन्‌जीवनलाई एकाकार गर्दै राष्ट्रप्रेमको चेतना फैलाउने उनको साहित्यिक प्रस्तुति रहेको छ ।

अन्त्यमा भन्नु पर्दा सुरुमा केही पातलो गरी कलम चलाउने 'विरही' हाल आएर कृति रचना र प्रकाशनमा निकै हतारिएका देखिन्छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्वका रूपमा अगाडि आएका 'विरही' ले साहित्यमा आफ्नो स्पष्ट पहिचान कायम गर्दै झापाली साहित्यकारको माझमा आफ्नो प्रतिष्ठानलाई कायम गर्न सफल भएका छन् । अहिले जीवनको प्रौढ अवस्थामा आइपुगेका 'विरही' समालोचकीय व्यक्तित्व भन्दा स्रष्टाकीय व्यक्तित्व रूपमा रहेका छन् । सङ्ग्रहित कृतिहरू भन्दा छरपष्ठ अवस्थामा पनि उनका कृति रचना छन् । उनका रचनाहरू सङ्ख्यात्मक एवम् गुणात्मक रूपमा निख्खर छन् । बाल्यावस्थामा नै जन्मभूमि छोड्दाको पीडा, आर्थिक, सङ्कट शिक्षण पेशाको व्यस्तता आदिलाई सम्हाल्दै समय बचाएर साहित्य सिर्जना गर्दै कोपिलाएको 'विरही' को सिर्जना जागिरको अवकाश प्राप्त जीवनपछि निरन्तर फक्रदै गएको छ । उनको जीवनमा प्रकृतिको सुन्दर काखमा रमाउँदै पुरुष प्रधान समाजमा नारीमाथि हुने खराब व्यवहारप्रति खाँडो जगाउँदै समतामूलक समाजको निर्माण गर्न उनी अग्रसर देखिन्छन् । साहित्यानुरागी 'विरही'को व्यक्तित्व ठूलो सम्पत्ति हो,**'स्वाभिमान'** स्वाभिमानलाई गुमाएर पूजा अर्चनाद्वारा प्राप्त गरिने मान-सम्मानका विरोधी कवि विरही अधिकारीको सिर्जना विकृति, विसङ्गति, पीडा, भोक, अन्याय, अत्याचार र दुराचारको धज्जी उडाउने, प्रगतिशील गतिलाई निरन्तरता दिइरहने, जीवन-जगत्‌को यथार्थ र सजीव चित्रणका साथ सामाजिक कुरीतिको निर्भीकता पूर्वक भण्डाफोर गर्ने शशक्त साहित्यकार विरही अन्य विषय भन्दा जनजीवनका भोगाइहरूलाई बढी प्राथमिकता दिन्छन् । उनका साहित्यिक व्यक्तित्वका बारेमा उनका प्रकाशित रचनाका काव्य कृतिका भूमिकामा वरिष्ठ साहित्यकारले दिनु भएका मनत्व्यले पनि 'विरही' अधिकारी नेपाली साहित्यका एउटा स्थापित व्यक्तित्व हुन् भन्ने स्पष्ट पार्दछ ।